# बौद्धजगत्का स्मरणीय व्यक्तिहरू

-तेस्रो भाग-

-लेखक-

रत्नसुन्दर शाक्य

"परियत्ति सद्धम्मपालक"

भक्तपुर

Dhamma.Digital

-प्रकाशक-

वजिरञाणी लुमन्ति प्रकाशन

बौद्ध समकृत विहार

भक्तपुर

Downloaded from http://dhamma.digital

# बौद्धजगत्का स्मरणीय व्यक्तिहरू

## –तेस्रो भाग–

–लेखक–

रत्नसुन्दर शाक्य

"परियत्तिसद्धम्मपालक"

भक्तपुर

–प्रकाशक–

वजिरञाणी लुमन्ति प्रकाशन

बौद्ध समकृत विहार

भक्तपुर

Dhamma.Digital

Downloaded from http://dhamma.digital

प्रकाशक :-
वजिरआणी लुमन्ति प्रकाशन
बोद्ध समकृत विहार
भक्तपुर-१७

(सर्वाधिकार सुरक्षित)

बुद्धसम्बत् – २५४४
नेपालसम्बत् – ११२०
विक्रमसम्बत् – २०५७
ईस्वीसम्बत् – २०००

पहिलो संस्करण - १००० प्रति

Dhamma.Digital

मूल्य रू. :- ७५।-

मुद्रक:-
विद्या प्रिन्टिङ्ग प्रेस
सुकुलढोका, भक्तपुर

Downloaded from http://dhamma.digital



अनगारिका वजिरञाणी
(वि.सं १९९१-२०५६)

Downloaded from http://dhamma.digital

## —समर्पण—

जसले देश र विदेशका बौद्धजगत्का स्मरणीय
व्यक्तिहरूको जीवन - चरित्र लेखनकार्यमा
मलाई अटूट रूपमा प्रेरणा, प्रोत्साहन र
सहयोग दिनुको साथै भूमिका समेत
( ती पुस्तकहरूको निमित्त )
लेखिदिएर आउनुभएको
छ उहाँ श्रध्देय

**भिक्षु सुदर्शन महास्थविर**

(प्रव्रजित - जनवरी, १९५० ई.)

**प्रति ।**

— रत्नसुन्दर शाक्य

Downloaded from http://dhamma.digital

# अनागारिका वजिरञाणी

भक्तपुरमा स्थविरवाद बुद्ध-धर्म प्रचार प्रसार गर्नमा प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा योगदान गर्दै आउनुभएका व्यक्तिहरूमा अनागारिका वजिरञाणी पनि एक हुनुहुन्छ ।

उहाँको जन्म भक्तपुरको खौमाबहालस्थित पिता कुलरत्न शाक्य र माता चिरीमाया शाक्यको साहिली पुत्रीको रूपमा वि. सं. १९९१ सालको पौष मसान्तका दिन भएको थियो ।

माता-पिताबाट "मायादेवी शाक्य" नामकरण भएकी उनको शिक्षा त्यसताकाको परिस्थिति अनुसार न्यून हुनु त स्वाभाविकै भयो बरु घरको काम-काजमा पोख्त भइसकेपछि १८ वर्षको उमेरमा उनको साँखूको एक शाक्य परिवारमा विवाह गरिदियो ।

तर, अफशोच ! विवाह भएको केही वर्ष मै व्यापारको सिलसिलामा कालिम्पोङ्गबाट ल्हासा (तिब्बत) जानुभएका उहाँको पतिको त्यही निधन भयो यता उहाँहरूका भएका एक नवजात पुत्रको पनि अन्नप्राशन कार्य पूरा नहुँदै बिते । यसप्रकार मायादेवी शाक्यको वैवाहिक जीवन छोटो अवधि (वि. सं. २००९-१२) मै अन्त भयो । त्यसपछि उहाँ आफ्नो पतिघर छोडी सदाको निमित माइतमा बस्न पुगिन् ।



Downloaded from http://dhamma.digital

यता माइतमा रहनुभएका उहाँको डेढ वर्षको अवधिमा आफ्नो जवान अवस्थाका दाजु बुद्धरत्न शाक्य (२८ वर्ष) को निधन भयो, नजानिदो समयको गतिमा दाजुका दुई सन्तान अनि पिता कुलरत्न शाक्य (६८ वर्ष) का साथै बहिनी सानुमाया शाक्य (१८ वर्षकी) पर्यन्तको निधनको वेदना सहनु परेको कारण कति शोकविह्वलतामा रहनुपऱ्यो होला अहिले बताउँदा र सुन्दा पनि कहाली लाग्दो छ ।

यस्तो समयमा परिवारलाई सान्त्वना दिन आउनुभएका भिक्षु विवेकानन्द (प्रव्रजित:- बि. सं. २००३) ले उपसम्पदा (फागुपूर्णिमा, २००७ साल) पश्चात् सुमंगल विहार - पाटन, शाक्यमुनि विहार - भोजपुर, धर्मोदय विहार - कालिम्पोङ्ग, जम्बूद्वीप विहार - बर्मा, श्रीघ: विहार - काठमाडौं आदि देशविदेशका विहारहरूमा वर्षावास बिताइसकेपछि २०१५ सालमा भक्तपुरको मुनिविहारमा वर्षावास बस्न आउनुभयो । त्यसैबेलादेखि भक्तपुरका अन्य उपासकोपासिकाहरू सरह मायादेवी शाक्यको परिवारसित पनि उहाँ (श्रद्धेय भन्ते) को सम्पर्क घनिष्ठ हुँदै आएको थियो । यसैबेलादेखि मायादेवी शाक्यले धर्म सम्बन्धमा अध्ययन- मननमा ध्यान दिँदै आउनुभएको थियो ।

भिक्षु विवेकानन्दले पुन बि. सं. २०१६ सालदेखि २०२७ साल सम्ममा श्रीघ: विहार - काठमाडौं, सुगतपुर विहार - त्रिशूली, प्रणीधिपूर्ण महाविहार-बलम्बू, सुमंगल विहार - पाटन, शाक्यमुनि विहार-भोजपुर, बुद्धविहार - धरान र गणमहाविहार - काठमाडौंमा वर्षावास बिताइसकेपछि बि. सं. २०२८ सालमा मायादेवी शाक्यको आमा चिरीमाया शाक्य र भाइ संघरत्न शाक्य (जन्म - बि. सं. १९९९) को



Downloaded from http://dhamma.digital

प्रार्थनामा भक्तपुरको लोकेश्वर बिहारमा वर्षावासको निमित्त आउनु- भयो ।

भिक्षु विवेकानन्द महास्थविरले भक्तपुरको लोकेश्वर विहारमा वर्षावास बस्नुभएको प्रतिफलस्वरूप २०२८ सालको कार्तिक पूर्णिमाका दिन "बौद्ध संघ भक्तपुर" को स्थापना भयो भने "बौद्ध संघ भक्तपुर" को स्थापनाबाट भक्तपुरका एक भग्नावशेष बही - कुथु बहीलाई जीर्णोद्धार गरी सो बही "बौद्ध समंकृत विहार" को नामबाट स्थविर- वादी विहारको रूपमा बौद्धगतिविधि शुरूभयो ।

भिक्षु विवेकानन्द महास्थविरको धर्मानुशासकत्वमा स्थापित "बौद्ध सघ भक्तपुर" का संस्थापकहरू (संघरत्न शाक्य, भीमराज वज्राचार्य, पूर्णचन्द्र शाक्य, सिद्धिरत्न शाक्य र धर्मसुन्दर शाक्य) मध्ये धर्मसुन्दर शाक्य भिक्षु विवेकानन्द महास्थविरको प्रेरणा, प्रोत्साहन र सहयोगबाट वि. सं. २०३२ सालको ३१ वैशाख (अक्षय तृतीया) का दिन नेपालका संघनायक भिक्षु प्रज्ञानन्द महास्थविर (वि. सं. १९५७- २०४९) को आचार्यत्वमा प्रव्रजित भई "श्रामणेर धम्मसोभन" हुनु भयो । यस्तै "बौद्ध संघ भक्तपुर" को पहिलो र दोस्रो – दुबै कार्य- समितिमा सम्मिलित मायादेवी शाक्य पनि वि. स. २०३२ सालको ६ भाद्र (सापारू) का दिन थाइलेण्डका भिक्षु धम्मधीर राजमहामुनि (हाल सोमदेच फ्रा महामङ्गलाचार्य) को आचार्यत्वमा प्रव्रजित भई "अनागारिका वजिरञाणी" हुनुभएको थियो ।

यसप्रकार ४१ वर्षको उमेरमा प्रव्रजित भएकी अनागारिका वजिरञाणीले सांसारिक दु:खलाई प्रत्यक्ष अनुभव गरिसकेकी हुनाको कारण विहारमा आउनु हुने विशेषत: उपासिकावर्गलाई सांसारिक



Downloaded from http://dhamma.digital

दु:खको बारेमा जानकारी दिई बुद्ध-धर्मको महत्ता सम्झाउनमा सक्षम रहेको कुरा उपासिका वर्गले सम्झिराखेका छन् ।

वि. सं. २०३२ चैत्र ३ गते (फागुपूर्णिमा) का दिन भिक्षु विवेकानन्द महास्थविरले अनागारिका वजिरञाणी, बुद्धरत्न शाक्य, तेखाचो र संघरत्न शाक्य, खौमाको सहयोग लिई (संस्थापक रूपमा) बौद्ध समंकुल विहारमा "दायक सभा"को स्थापना गर्नुभएको थियो । त्यसबेलादेखि दायक सभाका आजीवन सदस्यहरूको संख्या वृद्धि गर्नमा विशेषत: अनागारिका वजिरञाणीले गर्नुभएको योगदान चिरस्मरणीय रहेको छ । यस्तै अन्य चिरस्मरणीय योगदान ४ वर्ष (वि. सं. २०३८–४२) सम्म रोगावस्थमा रहनुभएका भिक्षु विवेकानन्द महास्थविर प्रति गर्नुभएको सेवालाई लिन सकिन्छ ।

अनागारिका वजिरञाणीले भारतस्थित बुद्धका संवेजनीय स्थलहरूको पनि (वि. सं. २०२० - ४५ भित्रमा) धेरै पटक यात्रा गर्नुभएको थियो । यस्तै थाइलैण्डको बैंकक र ब्याङ्कमाईमा सम्पन्न भएको १३ औं विश्व बौद्ध सम्मेलनमा पनि एक पर्यवेक्षकको रूपमा सहभागी हुनुभएको थियो जुन सम्मेलनमा एक नेपाली प्रतिनिधिको रूपमा भिक्षु विवेकानन्द महास्थविरले भाग लिनुभएको थियो । त्यस-ताका उहाँहरूले ५ महीनासम्म थाइलैण्डमा निवास गर्नुभएको थियो ।

१३ कार्तिक २०५६ का दिन विशेषत: युवा बौद्ध पुच: भक्तपुरका साथीहरूले अनागारिका वजिरञाणीलाई पनि साथ लिइ पोखराको अनदू डाँडामा पुनर्निमित "विश्व शान्ति स्तूप" को प्रतिष्ठा पूजामा सहभागी हुन गएका थियौं ।

अफसोच ! यसको ३ महीनापछि, कसैले नसोचिएकै रूपमा,



Downloaded from http://dhamma.digital

साधारण अस्वस्थताबाट नै, १८ माघ २०५६ का दिन बेलुका बुद्ध-वन्दनादि गरी शयनकक्षमा जानुभएका उहाँको रातको कुन समयमा निधन भयो त्यो आश्चर्य जनक (केही छट्पटाहटको अनुमान नभएको, पुरानो वस्त्र त्यागी नयाँ वस्त्र लगाई सीधा भई सुतिरहनुभएको) अवस्थामा अन्त भइराखेको देखि सबै आश्चर्यचकित थिए ।

१९ माघ २०५६ का दिन बिहानै उहाँको नेत्रदान पनि भयो र दिनको १. बजे उहाँको शवयात्रा प्रारम्भ भयो । शवयात्राको अवस्थामा हनुमानघाटमा अग्निसंस्कार सम्पन्न भएको ३ घण्टा पश्चात् उहाँको भौतिक देह भस्मावशेष भएको थियो ।

२२ माघ २०५६ का दिन उहाँको स्मृतिमा बौद्ध संघ भक्तपुर र दायकसभा– बोद्ध समकृत बिहारको संयुक्त आयोजनामा भिक्षु ज्ञान पूर्णिक महास्थविरको प्रमुख उपस्थितिमा प्राय: सम्पूर्ण उपासको–पासिकाहरूले उहाँको निधनमा शोकाकुल स्थितिमा रहँदं उहाँको निर्वाण कामना गरी "शोकसभा" गरेको क्षण कहिल्यै बिर्सन नसकिने स्थितिमा पुगेको कुरा सश्रद्धा पोखिराखेको छु ।

अन्तमा, एउटा कटुसत्यको कुरा– अनागारिका बजिरज्ञाणी लाई जीवनको अन्तसम्म पनि बिहारको समस्यालाई लिएर मनमा शान्ति थिएन । उहाँको सदिच्छा थियो– एक निर्विवाद्र बिहारको निर्माण गर्नु । आशा छ, उहाँको सदिच्छा (वास्तवमा भक्तपुर कै लागि) लाई भक्तपुरका सकल उपासकोपासिका, बौद्ध सघ एव कुथु-बही गुठी परिवारका सदस्यहरूले अवश्य ध्यानदिनु हुनेछ ।

– रत्नसुन्दर शाक्य



Downloaded from http://dhamma.digital

# दुई शब्द

नेपाली भाषाका पुस्तकहरूमा बौद्धजगत्‌का स्मरणीय व्यक्तित्वका पाठकहरू श्री रत्नसुन्दर शाक्यको बारेमा परिचित नै होलान् । उहाँद्वारा दुई भागमा लिखित ३० जना बौद्धजगत्‌का स्मरणीय व्यक्तिहरू पुस्तक पछिको यो तेस्रो भागमा नेपालका २, भारत र बंगलादेशका गरी ४, श्रीलंकाका ६, म्यान्मारका २, थाइल्याण्डका १ र इङ्गलैण्डका १ गरी जम्मा २० जना व्यक्तिहरूको बारेमा प्रकाश पारिएको छ । १४ जना बौद्ध भिक्षुहरू र ६ जना गृहस्थ बौद्ध महानुभावहरू गरी जम्मा २० जना बौद्धजगत्‌मा विशेष योगदान भएका व्यक्तित्वहरूको बारेमा अत्यन्त संक्षिप्त, सारयुक्त, पढ्दा-पढ्दै केही गरौं- केही गर्नुपर्दछ भन्ने उत्प्रेरणा दिने शैलीमा ती स्मरणीय व्यक्तिहरूको विश्लेषणात्मक विवरण प्रस्तुत गरिएको छ ।

प्राचीन विद्वान् आचार्य शान्तरक्षित ७० वर्ष भन्दा अधिक उमेरमा धर्मप्रचारको निमित्त कुनै कष्टको पर्वाह नगरी तिब्बत पुग्नुभएको, ल्हासाबाट दुई दिनको बाटोमा अवस्थित दक्षिणतर्फ ब्रम्हपुत्र नदीको किनारमा सर्वप्रथम बौद्ध विहारको निर्माण गर्नुभएको, भोटवासीहरूलाई भिक्षु बनाउने प्रक्रिया देखाउन नालन्दाबाट १२ जना सर्वास्तीवादी भिक्षुहरूलाई बोलाई सातजना भोटदेशीय कुलपुत्रहरूलाई



Downloaded from http://dhamma.digital

भिक्षु बनाएको, कयौं संस्कृत बौध्द ग्रन्थहरुलाई भोटियाभाषामा अनुवाद गरेको आदि चर्चा गरिनुका साथै आफूसंग रहेको विशुद्ध बौद्ध धर्म-दर्शनको तर्फबाट तिब्बत भूमिमा जडहाल्न गाह्रो भएतापनि आचार्य पद्मसंभवलाई तिब्बतमा अत्यन्त पूजनीय व्यक्तित्वका लागि प्रारम्भिक वातावरण बनाइदिइएको श्रेयलाई नकार्न सकिँदैन ।

हिक्कडुवे सुमंगल महास्थविर श्रीलंकाको त्यो व्यक्तित्व हो जसको कारणबाट बुद्ध-धर्मको विशुद्धरूपमा बौद्धिक जगत् र आध्यात्मिक जगत्मा नवचेतना फैलियो । पालीभाषामा विशिष्ट देनभएका डा. टी. डब्ल्यू. रीस डाय्विड्स, डा. पॉल ढाल्के, भिक्षु महावीर महास्थविर, आचार्य धर्मानन्द कौशाम्बी र अनागारिक धर्मपाल जस्ता विद्वान् व्यक्तिहरूलाई पालीभाषामा उत्प्रेरित गरी पालीभाषाका विद्वान् बनाउनमा हिक्कडुवे श्री सुमंगल महास्थविरको प्रमुख स्थान रहेको छ । जुनबेला ब्राम्हीलिपिको पहिचानको काम भइराखेको थियो र ब्राम्हीलिपिका साना – साना अभिलेखहरूका पछाडि दुई वटा अक्षर उस्तै – उस्तै भएको तर "दानम्" शब्दसँग सामंजस्य नभएको अवस्थामा पालीभाषामा "दानम्"को ठाउँमा 'दानं' हुने ज्ञात भएपछि ब्राम्हीलिपिको पहिचानमा एउटा साँचो नै पाएको जस्तो ऐतिहासिक घटनालाई पनि बिर्सन सकिँदैन । हिक्कडुवे श्री सुमंगल महास्थविर-बाट पालीभाषाका ज्ञानपाएका यूरोप र भारतका व्यक्तित्वहरूको र भारतका पुरातत्त्वअभिलेख अनुसन्धानकर्ताहरूको व्यक्तित्वसँग जब एकताबद्ध भयो तब बौद्ध संस्कृति र सभ्यतामा ठूलो आयामिक विस्तार भयो ।



Downloaded from http://dhamma.digital

भदन्त लेदी सयादो महास्थविर म्यानमार देशका १९ औं शताब्दीका एक विद्वान् र एक महान् विपस्सना साधक व्यक्तित्व हुनुहुन्छ। उहाँले सन् १८८० देखि पालीभाषाका दर्शन सम्बन्धी कुरा स्पष्टयाउन ७० वटा भन्दा बढी दीपनी पुस्तकहरू लेख्नुभएको छ। उहाँका दीपनी पुस्तकहरू नेपालभाषा र नेपालीभाषामा भिक्षु अनिरुद्ध महास्थविर, भिक्षु बुद्धघोष महास्थविर, सुश्री नानीमैयाँ मानन्धर र आर. बी. बन्द्यबाट अनूदित भई प्रकाशित भइसकेका छन्।

भिक्षु कृपाशरण महास्थविर वर्तमान बंगलादेशको १९ औं शताब्दीका एक स्मरणीय बौद्ध भिक्षु हुनुहुन्छ। मेरो कलिलो श्रामणेर उमेरमा नै मैले कलकत्तास्थित बौद्ध धर्माङ्कुर विहारमा संगमरमरको उहाँको मूर्ति देखेको थिए। त्यहीबेला मलाई उहाँको देन विशेषतः बरुआजातिमा चेतनाको लहर फैलाएको कुरा सुनाइएको थियो। धी शाक्यज्यूबाट लेख्नुभएको उहाँको जीवनी र देनको बारेमा पढ्दा मेरा अतीतका सम्झनाहरू पुनर्जीवित भए। भिक्षु कृपाशरण महास्थविरले त्यसबेलाका उल्लेखनीय व्यक्तित्वहरूमा भिक्षु महावीर महास्थविर, आचार्य धर्मानन्द कोशाम्बी, सतीशचन्द्र विद्याभूषण र १३ औं दलइलामा आदिसित साहचर्य गर्नुभएको र अहिलेसम्म पनि बरुआ जातिको बौद्ध-धर्मको प्रमुख केन्द्र रहिरहेको "बौद्ध धर्माङ्कुर विहार"को सम्झना ताजा रह्यो। भिक्षु कृपाशरण महास्थविरले युवा बौद्ध र महिला बौद्धहरूमा ठूलो उत्साह र उमंग ल्याइदिएको थियो भन्ने "जगज्योति" पत्रिकाको प्रकाशन गरी बौद्ध साहित्य र बंगलाभाषाको ठूलो सेवा गर्नुभएको छ। लखनउस्थित "बोधिसत्त्व विहार" उहाँको अर्को देन हो र भिक्षु बोधानन्द महास्थविर र डा. वेणीमाधव बरुआ जस्तालाई



Downloaded from http://dhamma.digital

उत्साहित र प्रेरित गर्नमा उहाँको ठूलो योगदान रहेको छ ।

प्रो. लक्ष्मी नरसूको महान् व्यक्तित्व बारेमा यसैं किताबबाट मैंले प्रथम जानकारी पाएको छु । भौतिक शास्त्र र रसायन शास्त्रका अधिकृत विद्वान्ले बुद्धधर्मको सार एवं वैज्ञानिक विश्लेषणमा विशेष देन दिनुभएको छ । अर्को कुरा डा. भीमराव अम्बेडकरको बुद्ध-धर्म ग्रहण गर्ने जुन महान् अभियान थियो त्यसको पूर्व रूप हाम्रो पं. अयोध्यादासजीको देनबाट बुझ्न सक्छौं । माथि उल्लेख गरिएका श्रीलंकाका हिक्कडुवे सुमंगल महास्थविरसित पंचशील लिई बुद्ध-धर्म ग्रहण गर्नुभएका पं. अयोध्यादासलाई साहचार्यका रूपमा प्रो. लक्ष्मी नरसूले जुन देन दिनुभएको छ त्यसलाई बिर्सन सकिंदैन र तमिलनाडू प्रदेशमा जुन बुद्ध-धर्मको प्रभाव फैलियो त्यसमा पनि पं. अयोध्यादास र प्रो. लक्ष्मी नरसूको शुभप्रेरणा देखिन्छ ।

डा. वेणीमाधव बरुआ जन्मजात बौद्ध थिए । उहाँले आफ्नो प्राचीन बौद्ध यशस्वी व्यक्तित्वलाई चरितार्थ गर्न कलकत्ता विश्व-विद्यालयबाट सर्वप्रथम पालीभाषामा एम. ए. गर्नुभयो र Indian-Buddhist Philosophy मा लन्दनबाट प्रथम विद्यावारिधी प्राप्त व्यक्तिको रूपमा बौद्ध साहित्यको लेखन र अनुवादमा ठूलो योगदान गर्नुभएको छ । विशेषत: बौद्ध इतिहास र जातकसम्बन्धी उहाँको लेखनीको देनलाई बिर्सन सकिंदैन साथै नेपालका थेरवाद बुद्ध-धर्म संस्थापनको आधारभूमि तयार गर्नुहुने श्री धर्मादित्य धर्माचार्यसँग मिलेर "Buddhist India" नामक पत्रिका सम्पादन र अन्य बौद्ध जागरणका कामहरूमा भएका सहाचार्य कार्यलाई हामीले अझ अध्ययन-अनुसन्धान गर्नुपर्ने देखिन्छ ।



Downloaded from http://dhamma.digital

भिक्षु श्रीनिवास नायक महास्थविरको बारेमा लेखिएको यस पुस्तकको विवरण पढ्न लागेको बेलामा मलाई अतीतका घटनातिर डोऱ्याइयो । म सानै श्रामणेर थिएँ, नौतनवास्थित बौद्ध विहारमा म बास बसें । त्यसबेला कुशीनगरबाट बुटवल, पाल्पा - तानसेन, पोखरा भई काठमाडौं आउने-जाने भिक्षु - अनागारिकाहरूको र गृहस्थहरूको लागि यही नौतनवास्थित बौद्ध विहार आश्रयस्थल — विश्रामस्थल र मार्गनिर्देशन गर्ने सूचनाहरू प्रदान गर्ने केन्द्र थियो । उहाँले मलाई बिहानै उठाएर "यागु" खुवाउनुभएको सम्झना आजसम्म ताजै छ । उहाँको सहयोग लिई उहाँबाट दिनुभएको मार्ग निर्देशनसँगै धेरैचोटि नौतनवादेखि लुम्बिनीसम्म पैदलयात्रा गरिसकेको छु । मेरो १४ वर्षको उमेरमा जब म गृहस्थी थिएँ उहाँले सल्लाह दिंदादिंदै पनि मार्गनिर्देशक नलिइकन सोध्दै-सोध्दै नौतनवादेखि लुम्बिनीसम्म पैदलयात्रा गर्दा बाटो बिराएर एउटा गाउँमा बास बस्नुपरेको सम्झना पनि ताजै छ । मेरो यस अनुभवबाट प्रमाणित हुन्छ कि उहाँ केही दशकसम्म लुम्बिनी यात्राका लागि मार्ग निर्देशन गर्ने, लुम्बिनी यात्रीहरूको लागि सहयोग गर्ने "कल्याणमित्र" हुनुहुन्थ्यो । यस पुस्तकका रचनाबाट उहाँले अनागारिक धर्मपालबाट निर्देशन लिई सारनाथमा गर्नुभएको सेवाको बारेमा पनि थाहा पाएँ । जब लुम्बिनीको लागि नौगढको बाटो खुल्यो उहाँले नौगढमा पनि यात्री विश्रामगृह बनाउनुभयो जसलाई "श्रीनिवास आश्रम" नामकरण गरिएको थियो । उहाँ लुम्बिनीका यात्रीहरूको लागि ३ – ४ दशकसम्म मार्ग निर्देशक र लुम्बिनीयात्रीहरूको निमित्त सहायता पुऱ्याउने व्यक्तिस्वरूपमा अमर हुनुहुन्छ ।

भिक्षु नारद महास्थविरको वर्णन नगर्ने र उहाँबाट गर्नुभएको



Downloaded from http://dhamma.digital

उपदेश नसुन्ने शायद कोही नेपाली भिक्षु – अनागारिका, बौद्ध उपास–कोपासिका होला । नारद महास्थविर सारनाथस्थित "मूलगन्धकुटी विहार'को समुद्घाटन समारोहमा भारत आउनुभई जुन अनुवादको काम गर्नुभयो र त्यो कामबाट उहाँको एक विशिष्ट व्यक्तित्वको शुभारम्भ भएको हामी देख्दछौं । त्यसंबेला देखि उहाँ ठूला – ठूला राजनीतिक व्यक्तित्व र बौद्ध हस्तिहरूसँग परिचित हुनुभयो । नेपालको थेरवाद बुद्धशासनको स्थापना र विकासमा शुरूदेखि योगदान भएका अविस्मरणीय व्यक्तित्वहरूमध्ये उहाँ पनि एक अविस्मरणीय व्यक्तित्व हो । स्वदेशबाट निष्कासित नेपाली बौद्ध भिक्षुहरूलाई नेपाल भित्र्याउने काममा उहाँको जुन योगदान छ त्यसंबाट आजसम्म थेरवादी बौद्ध परम्परा नेपालमा फैलिन सकियो । नेपाली जनतालाई भगवान् बुद्धको पवित्र अस्थिधातु, बुद्धले बोधिज्ञान प्राप्त गर्नुभएको महाबोधि, बौद्ध भिक्षु बनाउने स्थल - सीमागृहको पहिलो परिचय र महत्व बुझाउने यस महान् व्यक्तित्वलाई बौद्ध इतिहास र संस्कृतिले कहिल्यै बिर्सन सकिँदैन । उहाँकै प्रयासबाट बुद्ध-जयन्तीका दिन नेपाली जनतालाई सार्वजनिक छुट्टीको पहिलो अवसर पाइएको थियो । भिक्षु नारद महास्थविरको विद्वद व्यक्तित्व, मधुर र गम्भीर धर्मोपदेश व्यक्तित्व-बाट नेपालमात्र प्रभावित भएको होइन अपितु भारत, भियतनाम, इन्दोनेशिया तथा यूरोप र अमेरिका समेत प्रभावित भएको छ । भिक्षु नारद महास्थविरको नेपालको ६ पटकसम्मको यात्रा – विवरण यस पुस्तकमा छ । मलाई अझसम्म स्मरणीय छ, उहाँले धर्मदेशनाको क्रममा श्रीघः विहारमा नेपाली बौद्ध उपासकोपासिकहरूलाई एउटा पालीगाथाको नेपालभाषा अनुवाद आफूले एक – एक बार भन्नुभई धर्मदेशनाको



Downloaded from http://dhamma.digital

अन्त । सबैलाई कण्ठ गराउनुभएको थियो, त्यो गाथा हो—

"जन्मं जुड मखु चण्डाल, जन्मं जुड मखु ब्राम्हण !
कर्मं हे जुइ चण्डाल, कर्मं हे जुइ ब्राम्हण !!"

गुणपाल पियसेन मलालशेखर संसारभरका बौद्ध विद्वान्हरूको लागि एक विशिष्ट बौद्ध विद्वान र संसारभरका बौद्ध संघ-संस्थाहरूका लागि विश्व बौद्ध भ्रातृत्व संघका संरक्षक प्रतिष्ठापक जी. पी. मलालशेखरको रूपमा प्रख्यात छ । संस्कृत र पालीभाषाका विद्वान् श्री मलालशेखरले स्वदेश तथा विदेशका विश्वविद्यालयहरूबाट ठूला-ठूला परीक्षा दिई विशेष योग्यता प्राप्त गर्नुभयो । उहाँका अनेक रचना र कृतिहरूमध्ये Dictionary of Pali Proper Names तथा The Encyclopaedia of Buddhism का १२ भाग सबै बौद्ध विद्वान् र बौद्ध संस्कृतिका अध्ययन-अन्वेषणकर्ताहरूलाई आधारभूत प्रमाणित स्रोत भएको छ । उहाँ बौद्ध विश्वविद्यालयका Dean मात्र नभई उहाँको विशिष्ट साँस्कृतिक सम्बन्ध स्थापना गर्नमा योग्यताको कुरा राजदूत भएर निभाएको भूमिकाबाट पनि स्पष्ट हुन्छ ।

श्री देवप्रिय बलिसिन्हा भारतमा बुद्ध-धर्मका पुनरूद्धारक अनागारिक धर्मपालको खास उत्तराधिकारी व्यक्तित्व हो । उहाँको बचपनको साहस देखनुभई अनागारिक धर्मपालले उहाँलाइ ८ वर्षको उमेरदेखि स्वदेश तथा विदेशका विद्यालयहरूमा अध्ययन गराई विस्तार विस्तारै आफ्नो उत्तराधिकारी बनाउनुभएको थियो । जब मैले उहाँलाई महाबोधि सोसाइटी, कलकत्तामा ४ दशकअगाडि देखेको थिएं मैले सोचेको थिएन कि उहाँ एक सिंहली जातीय व्यक्तित्व हो । सेतो धोती लगाइकन हिँड्ने बंगाली अथवा अंग्रेजीभाषामा मधुरो बोली



Downloaded from http://dhamma.digital

बोल्ने श्री देवप्रिय वलिसिन्हाको व्यक्तित्वदेखि म साह्रै प्रभावित भएको थिए । उहाँले वाल्लजीवन अनागारिक धर्मपालबाट संस्थापित "महाबोधि सभा" को प्रधान सचिव (General Secretary) भएर भारतमा बुद्ध-धर्म प्रचार – प्रसारमा योगदान गर्नुभएको थियो । अंग्रेजी "The Mahabodhi" पत्रिका सम्पादनबाट उहाँले जुन चेतनाको लहर ल्याउनुभएको थियो त्यसलाई कसैले बिर्सन सकिँदैन । उहाँले अनाथहरूको लागि "अनाथालय" खोल्नुभई, विद्वान्हरूको लागि "महाबोधि पुस्तकालय" स्थापना गर्नुभई, भारतीय जनताका लागि हिन्दीभाषामा "धर्मदूत" मासिक पत्रिका प्रकाशन र भारतीय बौद्ध भिक्षुहरूबाट हिन्दीमा अनूदित त्रिपिटकका पुस्तकहरू छाप्नुभई जुन गुण लगाउनुभएको छ त्यसलाई कसैले उपेक्षा गर्न सकिँदैन । मेरो दृष्टिमा उहाँ सौम्य स्वभावको, गम्भीर प्रकृतिको, मधुर र अल्पभाषी, सात्विक जीवनक्रिया समिश्रित व्यक्तित्व हो । श्री देवप्रिय बलिसिन्हा सारिपुत्र–मौद्गल्यायनका अस्थिधातुसँगै नेपालमा पनि आउनुभएको थियो ।

भदन्त ऊ. सोभन महास्थविरको व्यक्तित्वबारेमा यसै किताब-बाट मैले परिचय पाएको छु । सतिपट्ठान भावनाको आचार्य ऊ. सोभन महास्थविर ठूलो ड्रम भएको विहारमा बस्नुभएको हुनाले "महासी सयादो" को रूपमा प्रसिद्ध हुनुभयो । यांगूनस्थित विपस्सना साधनास्थल र ७ लाखभन्दा बढी विपस्सनाका साधकहरूको मुटुमा विद्यमान हुनुभएका विपश्यनाचार्यको व्यक्तित्वबारेमा केही लेख्नु सजिलो कुरा होइन । छट्ठ संगायनमा जस्तो ऐतिहासिक सांघिक कर्मका प्रश्नकर्ता नै उहाँ हुनुहुन्थ्यो । उहाँ बौद्ध श्रद्धालुहरूको लागि सांसारिक दु:खबाट अलग्ग भएको पवित्र, मुक्त (अरहत्) व्यक्तित्व हो ।



Downloaded from http://dhamma.digital

"विशुद्धिमार्ग" अट्ठकथाका बर्मी अनुवादक विपस्सनाचार्य महासी सयादो नेपालसहित एशिया, यूरोपका अनेक देशका लागि आदर्श विपस्सनाचार्य धर्मव्याख्याता र अनुकरणीय श्रद्धाका व्यक्तित्व रहेका छन्। मैले आफ्नो जीवनमा धेरै पुस्तकहरूको भूमिका लेखिसकें तर भिक्षु ज्ञानपूर्णिक महास्थविरबाट अनूदित उहाँको कृति "वम्मिकसुत्त"को भूमिका लेख्नुअगाडि जब "वम्मिकसुत्त" अध्ययन गरे त्यसबेला पाएको रसानुभूति अतुल्य भएको अनुभव गरेको छु।

डा. भिक्षु वालपोल राहुल श्रीलंकाका प्रसिद्ध विद्वान् भिक्षुहरूमध्ये एक हुनुहुन्छ। मैले विभिन्न विदेशहरूको बौद्ध सम्मेलनहरूमा उहाँको भाषण सुनेको छु। अंग्रेजी भाषामा बौद्ध दर्शनसम्बन्धी प्रभावशाली व्याख्यान दिनमा उहाँको विशेष स्थान छ। उहाँले राजनीतिमा भाग लिएर जेलयात्रा पनि गर्नुभएको थियो भने भारतका राजनैतिक नेता पं. जवाहरलाल नेहरू र जयप्रकाशनारायण जस्ता राजनैतिक व्यक्तिहरूसँग पनि उहाँको सम्बन्ध छ। बौद्ध इतिहासको विद्वान् वालपोल राहुलजीले स्वदेशका विद्यालका र विश्वविद्यालयमा र विदेशका पेरिस, अमेरिकाका विश्वविद्यालयहरूमा अतिथि प्राध्यापकको रूपमा प्रभावशाली अध्यापन गर्नुभएको छ। उहाँले स्वदेशका विभिन्न विश्वविद्यालयहरूमा उपकुलपति हुनुको साथै बुद्ध–धर्म–दर्शन एवं इतिहासको बारेमा आफ्नो ६० वर्षको जीवनकालसम्म अनवरत रूपमा थुप्रै पुस्तहरू लेख्नुभएको छ।

भिक्षु पञ्ञा मेत्तेय्य श्रीलंकाका एक सिद्धहस्त शैली शिल्पभएको लेखक र अत्यन्त शीलवान् करुणावान् व्यक्तित्व हुनुहुन्छ।



Downloaded from http://dhamma.digital

उहाँको एक बौद्धकथासँगको एक कथा "अमृतमय मौन" पढ्दाखेरि म अत्यन्त प्रभावित भएको थिए। त्यसै प्रसंगमा परिचर्चा गर्दा दिवंगत भदन्त आनन्द कौशल्यायनले उहाँको बारेमा थुप्रै कुराहरू भन्नुभएको मलाई आजसम्म याद छ। विशेषत: "सिलुमिन" नामक पत्रिकामा "बाजेको पत्र" नाममा लेख्ने एक साप्ताहिक विशेष कलम यति प्रभावशाली, यति आकर्षक शैलीको रचनाक्रम थियो कि त्यसैबाट "सिलुमिन" पत्रिकाको लोकप्रियताको वृद्धि भयो। यहाँ सम्म कि उनको यो "बाजेको पत्र" रचनाक्रमबाट बच्चाहरूको Brainwash हुन्छ भन्ने भयले इशाइजनले आफ्ना छोराछोरीलाई त्यस प्रभावबाट बचाउन "सिलुमिन" पत्रिका किन्न नै बहिष्कार गरे। यस तथ्यको चित्रण यस पुस्तकको रचनामा राम्रोसँग गरिएको छ साथै उहाँको शील, करूणाबारेमा पनि स्पष्टचित्रण गरिएको छ। मैले सुनेअनुसार भिक्षु पञ्ञा मेत्तेय्य भिक्षाटनबाट जीविका गर्न चाहनुहुन्छ। भिक्षा–टनबाट फर्कन्दाखेरि उहाँले याचक देखेको खण्डमा आफूले पाएको सम्पूर्ण भिक्षा याचकको भाँडोमा खन्याइदिन्थ्यो र आफू त्यस दिन निराहारै बिताउनुहुन्थ्यो। उहाँको "अमृतमय मौन" रचनाबाट प्रभावित भई मैले दिवंगत भिक्षु मेधंकरलाई उहाँबाट लिखित अनूदित रचनाहरू सकलन गर्नका लागि भनेर दिवंगत भिक्षु मेधंकरले उहाँबाट लिखित अनूदित रचनाहरू संकलन गरी "आर्य सिद्धान्त" नामबाट नेपाल–भाषामा एउटा सानो तर प्रभावशाली कथानकको रसमयी कथाकृत्य केही दशकअगाडि छापिसकेको छ। शीलवान् करूणाचित्तको व्यक्ति भई संधैं ध्यान र सरस रचना लेखनमा व्यस्त भएको हुनाले उहाँ रोगी पनि हुनुभयो र अल्पवयस्कमा नै दिवंगत हुनुभयो।



Downloaded from http://dhamma.digital

भिक्षु एम. संघरत्न अनागारिक धर्मपालबाट भारतमा बुद्ध-धर्मको पुनरूत्थानका लागि तयार गरिएका व्यक्तिहरूमध्ये एक व्यक्तित्व हो । अनागारिक धर्मपालकै प्रबन्धमा श्रामणेर भई शिक्षा – दीक्षा प्राप्त गरी उहाँ धर्मप्रचारक र महाबोधि सभाको एक ससक्त, सक्षम भिक्षु हुनुभयो । उहाँले दीर्घकालसम्म महाबोधि सभाको संयुक्त मन्त्री भई हिन्दी भाषामा धर्मको प्रचार – प्रसार र पुस्तक, पत्र-पत्रिका प्रकाशनमा योगदान गर्नुभयो । उहाँले सारनाथपछि श्रावस्तीमा आउनु भई जेतवन - श्रावस्तीका तीर्थयात्रीहरूको लागि विश्रामगृह बनाउनुभयो । मलाई याद छ, दीर्घकालसम्म सारनाथमा रही निस्वार्थरूपले बुद्ध-धर्मको प्रचार – प्रसार र यात्रीहरूको सेवाको साथै "महाबोधि सभा" चलाउनु भएतापनि उहाँको चित्तमा आघात हुने गरी केही विवाद – विग्रह सिर्जना भयो । उहाँले सारनाथमा रहि गरिराख्नुभएको सेवाकार्य त्यागी श्रावस्तीमा आएर बस्नुभयो । श्रावस्तीमा उहाँसँग केही थिएन । उहाँको यस परिस्थितिबाट म साह्रै मर्माहित भए किनकि उहाँको निस्वार्थ सेवाबाट म परिचित छु । त्यसबेला म ऐतिहासिक बौद्धतीर्थयात्राको अध्यक्ष थिए तसर्थ नेपाली बौद्ध तीर्थयात्रीहरूसँग सहयोगका लागि आग्रह गरें । उहाँको भिक्षापात्रमा तीर्थयात्रीहरूबाट यथाश्रद्धा दान गर्नुभयो र भिक्षु एम. संघरत्नले भन्नुभयो— "म यसै श्रद्धादानबाट श्रावस्तीमा तीर्थयात्रीहरूको सेवा सुविधाको लागि विहार बनाउने छु र बुद्ध-धर्मको प्रचार–प्रसारको मेरो कार्यक्षेत्र अब श्रावस्ती मै हुनेछ ।" नभन्दै उहाँले श्रावस्तीमा एउटा विहार बनाउनुभयो र सारनाथमा जस्तै श्रावस्तीमा बस्नुभई यावत्‌जीवन तीर्थयात्रीहरूलाई सेवा - सुविधा प्रदान गर्नुभई नवदीक्षित बौद्धहरूको बीचमा धर्मप्रचार



Downloaded from http://dhamma.digital

गर्नु जानुभयो ।

थाइलैण्डको १९ औं संघराजा परमपूज्य राजगुरू सोमदेच फा ञाणसंवर महास्थविर सकलमहासंघ परिणायक – बर्माका भिक्षु ऊ. चन्द्रमणि महास्थविर, श्रीलंकाका भिक्षु नारद महास्थविर जस्तै नेपाली बौद्धजनको लागि ठूलो योगदान गर्नुहुने व्यक्तित्व हो । उहाँकै सद्भावनाबाट सर्वप्रथम नेपाली श्रामणेरहरूले थाइलैण्डमा बुद्ध-धर्म-दर्शन अध्ययनका लागि ढोका खोलियो । भिक्षु सोमदेच संघराजको ५ पटकसम्मको नेपालयात्राको यथार्थ विवरण यस पुस्तकमा भएको छ साथै उहाँको विद्वता र थाइलैण्डमा उहाँबाट भएको शासनिक कार्यको ज्ञान प्रस्तुत रचनाबाट स्पष्ट बोध हुन्छ । उहाँ अहिले ८७ वर्षको हुनुहुन्छ तर पनि दिनहुँ स्वदेश र विदेशबाट आउने श्रद्धालु भक्तजन, बौद्ध विद्वान् भिक्षु र गृहस्थहरूलाई बिहान - बिहान नियमित समयमा दर्शन दिनुहुन्छ र धर्मको उपदेश दिनुहुन्छ । समस्या भएकाहरूलाई धार्मिक तवरबाट समाधानको उपाय बताउनुहुन्छ र दु:खीहरूलाई सकेको उपकार गर्नुहुन्छ । विशेषत: नेपालसहित विभिन्न देशका रोगी भिक्षुहरूलाई चिकित्सा उपचारको लागि सहयोग गर्नुहुन्छ ।

डा. भिक्षु धर्मरत्न अनागारिक धर्मपालका उत्तराधिकारी-हरूमध्ये सबभन्दा कनिष्ठ विद्वान् उत्तराधिकारी हो । उहाँले अंग्रेजी "The Mahabodhi" पत्रिका र हिन्दीको "धर्मदूत" पत्रिकाको सम्पादक भई केही वर्ष बिताइसकेपछि नालन्दा जानुभएको थियो । नवनालन्दा पाली महाविद्यालयको संचालन र सुदृढीकरणको लागि उहाँबाट अदृश्यरूपमा जुन योगदान गर्नुभएको छ त्यो नालन्दाको धरती र हावापानीलाई ज्ञात छ । भिक्षु धर्मरत्न मौन साधक, मृदुभाषी हुनाको



Downloaded from http://dhamma.digital

साथै अरू-अरूको व्यक्तित्व निर्माणमा आफ्नो व्यक्तित्व समर्पण गर्ने व्यक्ति हुनुहुन्छ । सारिपुत्र – मौद्गल्यायनको अस्थिधातु यात्रा क्रममा उहाँ नेपाल आउनुभएको थियो। उहाँको नाउँ नदेखिने अरू – अरूको नामबाट प्रकाशित कृतिहरू के कति छन् लेखाजोखा गर्ने आधार अब हामीसँग छैन सिवाय उहाँकै नामबाट प्रकाशित त्रिपिटकमा भाषा र विषयवस्तुको दृष्टिबाट सर्वाधिक महत्वपूर्ण खुद्दकनिकायको पाली र हिन्दी अनुवाद भएको ग्रन्थ "सुत्तनिपात" र अन्य केही हिन्दी र अंग्रेजीका पुस्तकहरू ।

मणिहर्षज्योति नेपालका एक उद्योगपति र बुद्ध शासनको निमित्त योगदान गर्ने उपासकहरूमध्ये एक उल्लेखनीय व्यक्तित्व भएको सबैमा ज्ञात छ । उहाँको निधन पछि प्रकाशित "मणिहर्ष स्मृति ग्रन्थ" नेपाली पाठकहरूको सन्मुख भएको हुनाले यहाँ फेरि परिचर्चा गर्नु आवश्यक छैन र संक्षिप्त रूपमा उहाँको जीवनको सार यस पुस्तकको रचनामा संगृहित भएको छ । कलकत्तामा "धर्मोदय" पत्रिकाको सम्पादन क्रममा मैले उहाँको सान्निध्यबाट धेरै कुराहरू सिकेको छु जसमध्ये केही परिचर्चा उहाँको स्मृतिमा प्रकाशित पत्र – पत्रिका, पुस्तकहरूमा लेखिसकेको छु । अझ पनि एउटा उहाँसंगको सान्निध्यबाट पाएको प्रेरणा संघर्षमय जीवनमा एउटा ठूलो आलम्बन भएको छ । "धर्मोदय" पत्रिकाको सम्पादनकालमा मैले समय - समयमा जथाभावि गालि गरिएको र भएनभएका टिका – टिप्पणी गरिएका पत्रहरू पाउँथे । एक दिन त साह्रै नै चित्त दुख्ने गरी अशिष्ट र असभ्य भाषामा जथानाम गाली गरिएको पत्र पाउँदा साह्रै दुःखित भई साहूलाई देखाउन गए । उहाँले मेरो हातमा भएको पत्रका दुई – चार लाइन



Downloaded from http://dhamma.digital

पढ्नुभई अरू ब्यहोरा पढ्दै नपढिकन चिट्ठी टेबुलमा राख्नुभयो र भन्नुभयो— "यस्ता पत्रहरू आए भने पढ्दै नपढ्नु, पढ्नुहुन्छ भन्ने लेखेको कुरामा केही सत्य भए आफ्नो भूल सुधार्नु, नभए यस्ता अशिष्ट, असभ्य भएका, जथानाम गाली गरेको पत्र हो भन्ने च्यातेर फाल्नू, फाइलमा नराख्नु।" उहाँको यस शिक्षाबाट मैले निन्दा चर्चाबाट आफ्नो मनस्थिति नबिगार्नमा ठूलो योगदान भएको सम्झेको छु।

आचार्य भिक्षु अमृतानन्द महानायक महास्थविरको बारेमा प्रस्तुत रचनामा संक्षिप्त सार उल्लेख गरिएको छ। महानायक महास्थविरको बारेमा श्री केशरलालबाट अंग्रेजीमा लेखिएको उहाँको संक्षिप्त जीवनी, उहाँको दिवंगत पछि निस्केको आनन्दभूमिको "अमृताञ्जली" विशेषांक, श्री न्हुछेबहादुर बज्राचार्य, श्री रत्नबहादुर बज्राचार्य र श्री केशरलालज्यूको संयुक्त सम्पादकत्वमा प्रकाशित अंग्रेजी "Amritanjali - A Homage" र अमृताञ्जली भिडियो टेपका पाठक र दर्शक समस्त नेपाली श्रद्धालुहरूलाई फेरि केही लेख्नुपर्ने जस्तो लाग्दैन। यस पुस्तकका लेखकले अरूहरूको बारेमा भन्दा विस्तृत रूपमा लेख्नुभएको छ तर पनि उहाँको एक विशिष्ट स्वभावको बारेमा उल्लेख गर्न चाहन्छु– उहाँले आवश्यक भएका व्यक्तिहरूलाई यथाशक्य सहायता–सहयोग गर्नु हुन्छ र त्यो सहायता सहयोग अरूहरूको सामुन्ने कहिल्यै चर्चा गर्नुहुन्न।

भिक्षु संघरक्षित यूरोप वा लन्दनको प्रतिनिधित्व गर्ने व्यक्तित्व को रूपमा यस पुस्तकमा चर्चा गरिएको छ। १८ वर्षको तरूण उमेरमै बुद्ध-धर्मबाट परिचित भई बुद्ध-धर्ममा आस्था राखेतापनि वृटिश सेनामा सेवारत भई दिल्ली – भारत, श्रीलंका र सिंगापुर पुग्नुभएका थिए।



Downloaded from http://dhamma.digital

आफ्नो तरुण अवस्थाको बुद्ध-धर्मप्रतिको आस्था भारतमा आईपुग्दा झन वृद्धि भयो र भारतका संन्यास प्रवृतिसँग परिचित भई "धर्मप्रिय परिव्राजक" हुनुभयो र बुद्ध-धर्मको अध्ययनपछि श्रीलंकामा बुद्ध-धर्मको जीवन्त प्रवाह देख्नुभयो अर्थात् भिक्षु-संघको परम्पराबाट प्रेरणा प्राप्त गर्नुभयो। उहाँ कुशीनगरमा श्रामणेर भई सारनाथमा उपसम्पन्न हुनुभयो। मलाई याद छ, जब म पाल्पा-तानसेनमा गएको थिए त्यसबेला अंग्रेजी भाषाको माध्यमबाट पाल्पा-तानसेनमा बुद्ध-धर्मको उपदेश दिनुभएकोले त्यहाँका शिक्षित समुदाय उहाँबाट धेरै प्रभावित भएका थिए पछि उहाँ कालिम्पोङ्ग - दार्जिलिङ्ग जानुभयो र कालिम्पोङ्ग - दार्जिलिङ्गलाई आफ्नो कार्यक्षेत्र बनाउनुभई "Stepping Stones" नामक पत्रिका प्रकाशनको साथै अन्य कृतिहरू पनि रचना गर्दै जानुभयो। अहिले उहाँ आफ्नो देशमा रही बुद्ध-धर्मको तीनै यान (थेरवाद, महायान र वज्रयान) को समरूपताको प्रचार - प्रसारमा व्यस्तभएका देखिन्छन्।

डा. विद्यावती "मालविका" भारतका बौद्ध लेखिकाहरूको एकमात्र प्रतिनिधित्व गर्ने विदूषी हुनुहुन्छ। उहाँ आलंकारिक सरस भाषामा बौद्ध कथा लेखनकार्यमा सिद्धहस्त हुनुहुन्छ। उहाँको बुद्ध र बुद्ध-धर्मसम्बन्धी कविताहरू हिन्दी भाषाभाषीको लागि अत्यन्त लोकप्रिय भएको छ। उहाँको पुरातात्त्विक रचना विशेषत: मालवाको ऐतिहासिक अध्ययन अत्यन्त गहकिलो छ। उहाँले बुद्ध र बौद्ध श्रावक-श्राविकाहरूको रेखाचित्रपनि निर्माण गरेका छन्। गोरो - गहुँगोरो रंगकी विद्यावती "मालविका" सधैं बधू जस्तै शृङ्गारेर बिहारमा आउनुहुने र आफ्ना कविता सुनाउँदा श्रोताहरुलाई मन्त्रमुग्ध बनाउन



Downloaded from http://dhamma.digital

सक्ने प्रतिमाबाट म प्रत्यक्ष परिचित छु ।

वस्तुत: यस बौद्धजगत्का स्मरणीय व्यक्तिहरू तेस्रो भाग - २० जना अविस्मरणीय व्यक्तित्वको माला हो । सुनको आभूषण वा माला निर्माणकार्यमा कलात्मक विविधताको सीमा हुन्छ परन्तु विभिन्न देश र परिस्थितिमा हुर्किएका स्वदेश र अन्तर्राष्ट्रिय मानवताका लागि, धर्म र संस्कृतिका लागि अतुलनीय योगदान गर्नुभएका स्मरणीय व्यक्तिहरूको आयामिक विविधतामा सीमा हुँदैन । यस्तो असीमित आयामिक समुद्रको गहिराइमा डुबेर मोती खोजे जस्तै विविध व्यक्तित्वको खोज गर्ने र चरित्रको मोतीमाला बनाउने कार्य श्री शाक्यले गर्नुभएको छ । यो एउटा सुखद संयोगको कुरा हो, मूल (पाली) त्रिपिटकका दीघनिकाय, मज्झिम निकाय, संयुक्त निकाय, इत्तिवुत्तक र अनुपिटक ग्रन्थ मिलिन्द - प्रश्नको नेपालभाषामा अनुवाद गर्नुहुने श्री दुण्ड बहादुर वज्राचार्यले दिनभरि सुनको काम गर्ने ज्यासलमा रही बेलुका र रातिको समयमा गरी बौद्ध साहित्यको उल्लेखनीय सेवा गरे जस्तै उहाँको कान्छो भाइ सरह भई श्री रत्नसुन्दर शाक्यले पनि दिनभरि ज्यासलमा रही बेलुका र रातिमात्र स्मरणीय व्यक्तिहरूको बारेमा ३ भागमा पुस्तक लेख्नुभई उल्लेखनीय साहित्य साधना गर्नुभएको छ । यस अतिरिक्त भिक्षु धर्मालोक महास्थविर, बाबासाहेब डा. अ.बेडकर, अनागारिका धम्मावती, 'पियदसि' पं. जवाहरलाल नेहरू, महापण्डित राहुल सांकृत्यायन, भदन्त आनन्द कौशल्यायन र भिक्षु जगदीश काश्यप (भिक्खुत्रयी), भिक्षु ऊ. चन्द्रमणि महास्थविर, महान् उपन्यासकार प्रेमचन्द, बौद्ध ऋषि महाप्रज्ञा, भिक्षु ऊ. कित्तिमा महास्थविर, भिक्षु विवेकानन्द महास्थविर, श्री भुवनलाल प्रधान, धर्मरत्न



Downloaded from http://dhamma.digital

"यमि", भिक्षु निचिदात्सु फुजी, भिक्षु मेधंकर स्थविर र संघनायक भिक्षु अनिरुद्ध महास्थविरको संक्षिप्त सारगर्भितजीवन वृत्त प्रकाशित भइसकेका छन्। त्यस्तै संघमहानायक भिक्षु प्रज्ञानन्द महास्थविरको जीवनी प्रकाशन प्रतीक्षामा छ भन्ने दिवंगत संघनायक भिक्षु शाक्यानन्द महास्थविरको बारेमा लेखको रूपमा रचना प्रकाशित भइसकेको छ । मलाई विश्वास छ, श्री रत्नसुन्दर शाक्यको यस आदर्श मालाहरूलाई नेपालीभाषाप्रेमी तथा धर्म र संस्कृतिका अनुरागीहरूले स्वीकार्नु हुनेछ ।

श्रीकीर्ति विहार
कीर्तिपुर
२०५७/२/२०

– भिक्षु सुदर्शन



Dhamma.Digital

Downloaded from http://dhamma.digital

# केही शब्द

बौद्धजगत्‌का स्मरणीय व्यक्तित्वहरू - पहिलो भाग प्रकाशित भएको ८ वर्षपछि, दोस्रो भाग प्रकाशित भएको ६ वर्षपछि अहिले यस क्रमको तेस्रो भाग श्रध्देय पाठकहरूसमक्ष प्रस्तुत गर्न पाएकोमा अति हर्षित छु ।

यसका पहिलो र दोस्रो भागमा जस्तै यसमा पनि प्राचीन बौद्ध दार्शनिक, बुद्धशासनको निम्ति योगदान गर्नुहुने एक साहू एवं एक बौद्ध महिला व्यक्तित्व पनि समावेश गरी जम्मा २० जना स्वदेश एवं विदेशका बौद्ध व्यक्तित्वहरूको जीवनी यस पुस्तकमा प्रस्तुत गरेको छु । पहिलो र दोस्रो भागमा जस्तै उहाँहरूको जीवनी ज्येष्ठताको क्रमबाट नै प्रस्तुत गरेको छु ।

यी जीवनीहरू ६ वर्ष (वि. सं. २०५० - ५६)को अन्तरालमा बेलाबखतमा लेखी नेपालको पहिलो बौद्ध मासिक पत्रिका "आनन्द-भूमि" र अन्य पत्रिका ('रजत जयन्ती स्मारिका - बौद्ध संघ भक्तपुर', 'विश्वशान्ति', 'धर्मप्रदीप' एवं 'धर्मचक्षु') मा प्रकाशित भइसकेको-लाई संकलन गरी प्रस्तुत गरेको हूँ ।

मलाई यस किसिमले देश - विदेशका बौद्ध व्यक्तित्वहरूको जीवनी लेख्ने प्रेरणा सर्वप्रथम आफ्नो फोटो संकलनको रूचीपश्चात्



Downloaded from http://dhamma.digital

भारतका एक विद्वान् भिक्षु धर्मरक्षितले लेख्नुभएको "बौद्ध-विभूतियाँ" नामक पुस्तकको अध्ययन - मननपश्चात् शुरू गरेको सम्झन्छु । उहाँले सो पुस्तकको "आमुख" मा उल्लेख गर्नुभएको कुरालाई हृदयंगम गरी आफूले पनि बुद्ध-शासनको निमित्त समस्त जीवन अर्पण गर्नुभएका एशिया, यूरोप एवं अमेरिकाका विशिष्ट बौद्ध व्यक्तित्वहरूको जीवन-चरित्रलाई आफूले भ्याएसम्मको स्रोत अनुरूप प्रस्तुत गरी विशेषत: बुद्ध-धर्मप्रेमी श्रद्धावानबन्धूहरूलाई परिचित गराउने प्रयास गर्दै आएको छु ।

लोककल्याणको निमित्त समर्पित हुनुभएका यी बौद्ध व्यक्तित्व-हरूको जीवन-चरित्रको अध्ययन-मननबाट केही-केही आदर्शहरूमात्र भएपनि आफूलाई अंगिकृत गर्न सके आफ्नो जीवन फलिभूत भएको सम्झनु हुनेछ भन्ने आशामा छु ।

यस पुस्तकको भूमिकाको निमित्त यस कृतिमा समावेश भएका अधिकांश गत शताब्दीका बौद्ध व्यक्तित्वहरूसित परिचित हुनुभएका भिक्षु सुदर्शन महास्थविर समक्ष पहिलो र दोस्रो भागमा जस्तै उहाँहरूको गुणानुस्मरण गर्न अनुरोध गर्न पुगें । अफसोचको कुरा, भिक्षु सुदर्शन महास्थविर हाल आएर दुबै आँखाको कमजोर हुन आएको कारण लेख-पढ गर्न असमर्थ हुनुहुन्छ । अत: म आफैले दुई रात श्रीकीर्ति विहारमा बिताएँ । एक रात (२९ बैशाख २०५७) - सम्पूर्ण पुस्तक मलाई पढ्न लगाई उहाँले Note गर्दै जानुभयो त अन्य एक रात (२० जेष्ठ २०५७) ती Note को आधारमा भूमिका स्वरूप "दुई शब्द" उहाँले भन्दै जानुभयो-आफूले लेख्दै गरे- रातको ११ बजे सकियो ।



Downloaded from http://dhamma.digital

यस पुस्तक प्रकाशनको निमित्त आर्थिक सहयोगको शुरु पनि भिक्षु सुदर्शन महास्थविरले गरिदिनुभएको थियो । उहाँले ५ हजार र संघनायक भिक्षु अनिरुद्ध महास्थविरले ५ हजार, भिक्षु कुमार-काश्यप महास्थविरले १ हजार, भिक्षु ज्ञानपूर्णिक महास्थविरले २ हजार, भिक्षु गुणघोष महास्थविरले २ हजार र भिक्षु धम्मसोभन महास्थविरले ३ हजार सहयोग गरिदिनुभएको थियो साथै पाली ग्रन्थका दीघनि-काय, मज्झिमनिकाय, सयुक्त निकाय, मिलिन्द-प्रश्न आदिका नेपाल भाषाका अनुवादक श्री दुण्डबहादुर बज्राचार्यले पनि "संयुक्तनिकाय" १० प्रति सहयोग स्वरूप प्रदान गर्नुभएको छ ।

यस पुस्तकको प्रकाशन विशेषत: सुदर्शन महास्थविरकै सल्लाह-नुसार यस कृतिमा श्रीलंका, बर्मा र थाइलैण्डका बौद्ध व्यक्तित्वहरूको जीवनी समावेश भएको कारण ती देशहरूमा अध्ययन गरिआउनुभएका पुस्तकका व्यक्तित्वहरूका परिचित भन्तेहरूको तर्फबाट नै केही केही सहयोग लिई प्रकाशन गर्ने आशय गरे अनुरूप यो पुस्तक प्रकाशन सम्भव हुन आएको हो ।

यस पुस्तक प्रकाशनको निमित्त अनागारिका वजिरआणीले १५ सय र अनागारिका संघशीलाले १ हजार आर्थिक सहयोग पनि दिइराखनुभएको थियो । तर अफशोच ! अनागारिका वजिरआणीको १६ माघ २०३६ का दिन आकस्मिक निधन भयो । अत: आफना एक प्रशंसक अनागारिका वजिरआणीको विशेष स्मरण हुने गरी यस पुस्तक उहाँकै नामबाट प्रकाशित गर्नको निमित्त बौद्ध समंकृत विहारका उपासकहरूसित सरसल्लाह गरें जसअनुरूप अनागारिका वजि-



Downloaded from http://dhamma.digital

रत्नाणीको बचत रकमबाट १० हजार पुन प्राप्त भएबाट यस पुस्तकको प्रकाशनको नाम "वजिरत्नाणी लुमन्ति प्रकाशन" रहन आएको हो।

अन्तमा, पुस्तक प्रकाशनको निमित्त सहयोग गर्नुभएका श्रद्धेय भिक्षुगण, भाषा संशोधक प्रा. सुवर्ण शाक्य एवं "वजिरत्नाणी लुमन्ति प्रकाशन"को नामबाट पुस्तक प्रकाशन गर्न स्वीकृति दिनु भएका 'बौद्ध समंकृत विहार'का उपासकहरुप्रति पनि कृतज्ञता प्रकट गर्दछु।

थालाछें – नागपोखरी
भक्तपुर – ४
२४ जेठ २०५७

– रत्नसुन्दर शाक्य



Downloaded from http://dhamma.digital

# बौद्धजगत्‌का
# स्मरणीय व्यक्तिहरू

## - प्रथम भाग -

### व्यक्तित्व-क्रम

| | | |
|---|---|---|
| १) | आचार्य दीपङ्कर श्रीज्ञान | (सन् ६८२ - १०५४) |
| २) | जनरल अलेक्जेण्डर कनिंघम | (सन् १८१४ - १८९३) |
| ३) | फ्रेडरिक मायक्समूलर | (सन् १८२३ - १९००) |
| ४) | सर इडविन आर्नल्ड | (सन् १८३२ - १९०४) |
| ५) | कर्नल हेनरी स्टील अल्कोट | (सन १८३२ - १९०७) |
| ६) | भिक्षु महावीर महास्थविर | (सन् १८३३ - १९१९) |
| ७) | इभान पाब्लोविच मिनायेफ | (सन् १८४० - १८९०) |
| ८) | डा. टी. डब्ल्यू. रीस डायविड्स | (सन् १८४३ - १९२२) |
| ९) | मेरी ऐलिजावेथ फोस्तर | (सन् १८४४ - १९३०) |
| १०) | धर्ममान साहू | (सन् १८६१ - १९३७) |
| ११) | आचार्य सिलवेन लेवी | (सन् १८६३ - १९३५) |
| १२) | अनागारिक धर्मपाल | (सन् १८६४ - १९३३) |
| १३) | डा. पौल डाल्के | (सन् १८६५ - १९२८) |
| १४) | भु. धर्मानन्द महास्थविर | (सन् १८६६ - १९४५) |



Downloaded from http://dhamma.digital

# बौद्धजगत्का स्मरणीय व्यक्तिहरू

## - दोस्रो भाग -

### व्यक्तित्व-क्रम

| | | |
|---|---|---|
| १) | आचार्य धर्मकीर्ति | (सातौं शताब्दी) |
| २) | आचार्य थियोडर श्चेर्बात्स्की | (सन् १८६६ - १९४२) |
| ३) | भिक्षु आनन्द मेत्तेय्य | (सन् १८७२ - १९२३) |
| ४) | भिक्षु बोधानन्द महास्थविर | (सन् १८७४ - १९५२) |
| ५) | आचार्य धर्मानन्द कोशाम्बी | (सन् १८७६ - १९४७) |
| ६) | भिक्षु ञानातिलोक महास्थविर | (सन् १८७८ - १९५७) |
| ७) | भाजुरत्न साहू | (सन् १८८३ - १९५६) |
| ८) | भिक्षु ताई - शू | (सन् १८८८ - १९४७) |
| ९) | आचार्य नरेन्द्रदेव | (सन् १८८९ - १९५६) |
| १०) | क्यान्छया लामा | (सन् १८९१/९२ - १९४१) |
| ११) | मिस् आई. बी. हर्नर | (सन् १८९६ - १९८१) |
| १२) | भदन्त डी. शासनश्री महास्थविर | (सन् १८९९ - १९६६) |
| १३) | क्रिसमस हम्फ्रे | (सन् १९०१ - ८३) |
| १४) | धर्मादित्य धर्माचार्य | (सन् १९०२ - ६३) |
| १५) | फ्रान्सिस स्टोरी | (सन् १९१० - ७१) |
| १६) | डा. भिक्षु धर्मरक्षित | (सन् १९२३ - ७७) |



Downloaded from http://dhamma.digital

# बिषय - सूची


अ) दुई शब्द क, आ) केही शब्द ब

१) आचार्य शान्तरक्षित १

२) हिक्कडुवे श्री सुमंगल महास्थविर १४

३) भदन्त लेदी सयादो महास्थविर २६

४) भिक्षु कृपाशरण महास्थविर ३५

५) प्रो. लक्ष्मी नरसू ४६

६) डा. वेणीमाधव बरुआ ५४

७) भिक्षु श्रीनिवास नायक महास्थविर ६३

८) भिक्षु नारद महास्थविर ६७

९) प्रो. जी. पी. मलालशेखर ७९

१०) ब्रम्हचारी देवप्रिय वलिसिंन्हा ८८

११) भन्दत ऊ. सोभन महास्थविर १०१

१२) डा. भिक्षु वालपोल राहुल ११३

१३) भिक्षु पञ्ञा मेत्तेय्य १२०

१४) भिक्षु एम्. संघरत्न नायक महास्थविर १२९

१५) भिक्षु सोमदेव का आणसंबार महास्थविर १३५

१६) डा. भिक्षु धर्मरत्न १४६

१७) मणिहर्ष साहू १५८

१८) आचार्य भिक्षु अमृतानन्द महास्थविर १६७

१९) भिक्षु संघरक्षित महास्थविर १८४

२०) डा. विद्यावती "मालविका" १९५




Downloaded from http://dhamma.digital



आचार्य शान्तरक्षित

(सन् ६५०-७५०)

Downloaded from http://dhamma.digital

# आचार्य शान्तरक्षित

तिब्बतमा बुद्धधर्म प्रचार – प्रसार गर्नमा अग्रणी भूमिका लिआएका व्यक्तिहरुमा आचार्य शान्तरक्षितको नाम पहिलो पंक्तिमा आउँछ ।

उहाँको जन्म पूर्वीबंगाल (भारत) स्थित सहोर नामक देशको राजधानी बिक्रमपुर (हाल – भागलपुर, बिहार प्रदेश) मा लगभग सन् ६५० तिर भएको थियो । उनी त्यस देशका माण्डलिक राजवंशका एक राजकुमार थिए । तर यौबनावस्थामै उनले राजवंश (घरगृहस्थ) को दुर्गुणलाई अवगत गरी सन् ६७५ तिर नालन्दा गई त्यहाँका एक प्रमुख सर्वास्तिवादी भिक्षु ज्ञानगर्भको आचार्य एवं उपाध्यायत्वमा प्रव्रज्या एवं उपसम्पन्न भएपछि "भिक्षु शान्तरक्षित" नामकरण भएको हो ।

भिक्षु शान्तरक्षितले आचार्य ज्ञानगर्भको छत्रछायामा रही सम्पूर्ण त्रिपिटकग्रन्थको अध्ययन – मननपश्चात् बोधिसत्वमार्ग (महा–यान)को एक प्रमुख ग्रन्थ "अभिसमयालङ्कार" (रचयिता – पेशावरका प्रसिद्ध बौद्ध दार्शनिक आचार्य असंग) एवं अन्य ग्रन्थहरूको अध्ययन – मननको निमित्त अन्य एक प्रमुख आचार्य विनयसेन कहाँ पुग्नुभएको थियो । पछि यिनलाई प्रथम शताब्दीका आचार्य नागार्जुनको माध्यमिक



Downloaded from http://dhamma.digital

सिद्धान्तको बारेको पनि अध्ययन गराएका थिए । पछि भिक्षु शान्तरक्षितले आचार्य नागार्जुनकै माध्यमिक सिद्धान्तको बारेमा "मध्यमालङ्कारकारिका" नामक टीका लेखे । यसको अतिरिक्त यिनले आफ्ना गुरु ज्ञानगर्भको ग्रन्थ "सत्यद्वय विभग" को पञ्जिका, "तत्त्व-संग्रह" नामक मौलिक ग्रन्थ, आचार्य धर्मकीर्तिको "वादन्याय" ग्रन्थको टीका आदि नालन्दा (भारत) निवासका बेला रचना गरेका हुन् ।

स्मरणीय छ, भिक्षु शान्तरक्षित भारत स्थित नालन्दामा भएकै बेला चिनीया यात्री ईत्सिङ्ग भारत भ्रमण गर्न आई विशेषत: नालन्दामा कयौं वर्ष (सन् ६७१ – ९५) बसेका थिए तर पनि उनले भिक्षु शान्तरक्षित जो नालन्दामै आचार्य बनिसकेका थिए को बारेमा केही उल्लेख नगरेको कारणबारे महापण्डित राहुल सांकृत्यायन (सन् १८९३ – १९६३) ले उल्लेख गरेका छन्—

"जिससमय आचार्य शान्तरक्षित नालन्दामे थे, उसी समय चीनी भिक्षु ईत्सिङ्ग (६७१ – ९५ ई.) नालन्दामे कई वर्ष रहे । किन्तु उन्होंने अपने ग्रन्थमे शान्तरक्षितके विषयमे कुछ नहीं लिखा यद्यपि और कितने ही विद्वानों के विषयमे बहुत कुछ लिखा । इसका कारण उस समय शान्तरक्षितकी प्रतिभा की अप्रसिद्धि ही हो सकती है ।"

तर आठौं शताब्दीको शुरुदेखि आचार्य शान्तरक्षितको प्रसिद्धि बढ्दै आएको प्रमाण तिब्बतमा बुद्ध धर्मको इतिहासबाट स्पष्ट हुन्छ । सातौं शताब्दीका नामूद तिब्बती सम्राट स्रोङ्-चङ्-गम्पो (सन् ६१५ -६८८) र उहांकी साम्राज्ञी द्वय खि-चुन् (भृकुटी-नेपाली) र कोङ-जो (वेन-चेङ – चीनी) बाट तिब्बतमा बुद्धधर्मको शुभारम्भ भए त स्रोङ



Downloaded from http://dhamma.digital

– चन – गम्पोको पाँचौं उत्तराधिकारी ख्रि – स्रोङ – ल्दे – बचन (राज्यकाल, सन ७१६–८०) को पालामा तिब्बतमा बुद्धधर्म जोडदार रूपमा प्रचार – प्रसार भएको थियो । अत: ती सम्राटलाई "तिब्बतको अशोक" मानिन्छ ।

तिनै सम्राट् ख्रि – स्रोङ – ल्दे – बचन् १३ वर्षको उमेरमा राजगद्दीमा बसेका थिए । नाबालक राजा हुनाको कारण शुरूमा केही बौद्धविरोधी मन्त्रीहरूले राज्यको शक्ति एवं प्रतिष्ठा आफ्नो हातमा लिई केही प्रमुख मन्दिर वा विहारहरूबाट बुद्धमूर्ति हटाई दूर ठाउँमा गाड्न लगाएका थिए ।

तरूण सम्राट् ख्रि – स्रोङ – ल्दे – बचन्ले बिस्तारै आफ्ना पूर्वजहरूको चरित्रबारे थाहा पाउँदै गए जसबाट उहाँले आफ्ना पूर्वज-हरूद्वारा मानिएको धर्म–बुद्धधर्मप्रति श्रद्धा बढाउँदै लगे । अत: उहाँले बौद्ध – ग्रन्थहरू खोजी खोजी अध्ययन गर्दै लगे । यसैको निमित्त उहाँले एक विश्वासिलो मन्त्री बसल्-सनङ्को नेतृत्वमा एक प्रतिनिधि मण्डल चीन पठाए, यसको प्रमुख उद्देश्य तिब्बतमा बुद्धधर्म प्रचार गर्न धर्म ग्रन्थका साथ केही चिनी भिक्षुहरू पनि भित्र्याउनु थियो तर भूतप्रेत, देवदेवी आदिमा विश्वासी बोन् धर्मावलम्बी ती केही मन्त्रीहरूले त्यसको घोर विरोध गरी धर्मप्रचारक एवं धर्मग्रन्थ चीनमै फर्काउन लगाए । चलाक मन्त्री बसल् – सनङले फर्काएको बहाना गरी धर्मग्रन्थहरू एक सुरक्षित स्थानमा राख्न लगाए ।

केही समयपछि सम्राट् र मन्त्री बसल्–सनङ्ले गुप्तरूपमा आपसी सरसल्लाह गरी निर्णय गरेकि भारतबाट नै कुनै एक विद्वान्



Downloaded from http://dhamma.digital

धर्मप्रचारक र ग्रन्थहरू त्याई तिब्बतमा बुद्ध-धर्म प्रचार गराउनु वेश हुनेछ ।

उहाँहरूको यस गुप्त सरसल्लाह वा निर्णयलाई कार्यान्वयन गर्न सम्राट् खि - स्रोङ - ल्दे - बचनले मन्त्री बसल्-सनङलाई भारत प्रस्थान गर्न सजिलो हुने गरी सीमान्त प्रदेश "मङ् - युल" मा प्रशासक (प्रान्ताधिपति) बनाई पठाए ।

यसको केही समयपछि 'मङ्-युल'का त्यस नयाँ प्रान्ताधिपतिले आफ्नो लक्ष्यअनुसार भारत प्रस्थान गरिहाले । उनी पवित्र तीर्थस्थल बुद्धगया र नालन्दा पुगेपछि त्यहाँ आचार्य शान्तरक्षितको प्रसिद्धिको बारेमा सुने तर त्यसबेला आचार्य त्यहाँ थिएनन् । उनी त्यसताका नेपाल राजाका धर्मगुरूको रूपमा नेपालमा बसेका थिए । अत: प्रान्ताधिपति बसल् - सनङ पनि नेपाल पुगी आचार्यलाई भोट (तिब्बती) राजाको प्रार्थना सुनाए । आचार्य शान्तरक्षितले मन्त्री या प्रशासक बसल् - सनङ्को प्रार्थना सहर्ष स्वीकार गरी उसैको साथ 'मङ-युल' सम्म पुगे । प्रान्ताधिपति बसल्-सनङले आचार्यको निमित्त दुइवटा निवासस्थान पनि मङ्-युलमा बनाइ दिएका थिए शायद एकासी राजधानी थ्ल् - सनङ् (ल्हासा ?) मा गई धर्मप्रचार गर्न जानु उपयुक्त नसम्झेको कारण पहिलोपटक 'मङ-युल' सम्ममात्र पुगी केही समय रही नेपालमै फर्कनुभयो । त्यस अवधिभित्र नै प्रशासक बसल् - सनङ् आचार्यको एक प्रमुख शिष्य भई आचार्यकै तर्फबाट आफ्नो नाम समेत बदली 'येशे-वङ-पो' को रूपमा रहिसकेको थिए । आचार्यसित उनले सारा बोधिचित्तसम्बन्धी ज्ञान हासिल गरिसकेका थिए ।



Downloaded from http://dhamma.digital

आचार्य शान्तरक्षित नेपाल फर्केपछि येशे - बङ - पो (ज्ञानेन्द्र) पनि ल्हासा पुगेर सम्राट्लाई सारा वृत्तान्त कुरा व्यक्त गराए । साथै आचार्य शान्तरक्षितको सम्मति ( तिब्बतमा धर्मप्रचारार्थ आउने ) पनि सुनाइयो ।

सम्राट् ख्रि-स्रोङ-ल्दे-बचनले यस वार्ता गुप्तरूपमा राख्ने सल्लाह दिएकि यदि यी विरोधी मन्त्रीहरूले थाहापाए भने हामी रहने समेत मुश्किल हुनुको साथै सारा योजना विफल हुनेछ । अतः तिमी (येशे – बङ – पो) केही समयको निमित्त सुरक्षित स्थानमा बसे राम्रो होला भनी सल्लाह पनि दिए ।

सम्राट्ले विस्तारै ती दुष्ट स्वभाव भएका मन्त्रीहरूलाई प्रभावित गरी तिनीहरूकै तर्फबाट तिब्बतमा बुद्ध-धर्म फिर्याउनु पर्ने महसूस गराउन सफल हुँदै आए । आफ्ना पक्षका मन्त्रीहरूको बहुमत भइसकेपछि सम्राट्ले खुलेआम बुद्ध-धर्म प्रचार – प्रसार गर्नेबारे कुरा उठाउँदै लगे साथै आफ्ना पूर्वजहरूले स्थापना गरेको जोदो शाक्य-मुनिको मूर्ति जुन केही दुष्ट मन्त्रीहरूले वर्षौं अगाडि थ्-न सनङ्बाट हटाई मङ – युल प्रदेशको "स्क्यिद-रोङ" नामक स्थानमा पुऱ्याइएको लाई पुनः स्थापना गराउन ल्याउने आज्ञा दिए ।

यसको केही समयपछि सम्राट् ख्रि – स्रोङ – ल्दे – बचनले तिब्बतमा बुद्ध-धर्म प्रचार प्रसार गर्न कुनै एक पण्डितलाई बोलाउनु पर्ने कुरा पनि उठाए र मन्त्री बसल् – सनङ् ( येशे-बङ-पो ) लाई निमन्त्रण नेपाल पठाए । भोट सम्राट्ले नेपालका सम्राट्लाई केही उपहारहरू पनि दिइपठाए ।



Downloaded from http://dhamma.digital

येशे-वङ-पो नेपाल पुगी आचार्य शान्तरक्षित समक्ष आफ्ना सम्राट्को निमन्त्रण सुनाए । आचार्यले पनि त्यस निमन्त्रणलाई सहर्ष स्वीकार गरी उसको साथ तिब्बत प्रस्थान गरे । यसप्रकार आचार्य शान्तरक्षित सन् ७२५-२६ तिर ७५/७६ वर्षको उमेरमा तिब्बत जस्तो दुर्गम बाटोमा विना कष्ट मानी, बुढाव थाको परवाह नगरी धर्म प्रचारार्थ तिब्बतको राजधानी ल्हासासम्म पुगे ।

भोट सम्राट्ले आचार्यलाई दरबारसम्म विना रोकटोक (रक्षार्थ) पुऱ्याउन अन्य ३ जना विश्वासिलो मन्त्रीहरूलाई 'मङ-युल' पुऱ्याइराखेका थिए । अतः आचार्य शान्तरक्षित पूर्ण सुरक्षितका साथ येशे-वङ-पो र ती मन्त्रीहरूका साथ सम्राट् खि - स्राङ-ल्दे-बचन्को राजदरबारमा पुगे । आचार्य शान्तरक्षितदेखि तरूण सम्राट् खि - स्रोङ - ल्दे - बचन् निकै प्रभावित भए र कैयौं चीजबीजहरू उपहार दिए ।

स्मरणीय छ, आचार्य शान्तरक्षितले यसैबेला ४ महिनासम्म राजदरबारमै रही दश कुशल कर्म, अठारह धातु र द्वादशांग प्रतीत्य-समुत्पाद (हेतुवाद) को बारेमा संस्कृतभाषामा प्रवचन दिएका थिए । उहाँको अनुवाद बर्षों देखि तिब्बतमा रहँदै आएका एक काश्मिरी पण्डित अनन्तले गरिदिन्थे ।

आचार्य शान्तरक्षित तिब्बत पुगेको अन्डै वर्षदिनपछि तिब्बतको फङ-थङ नामक एक स्थान बाढीले बगाएर लग्यो, मर-पो-रि (लोहितगिरि) नामक स्थानमा चट्याग परेर देशमा केही रोग फैलिन आएकोलाई त्यहाँका सर्वसाधारण जनताहरूले आचार्यको धर्मव्याख्यान बाट त्यहाँका देवीदेवताहरूको प्रकोप भएको सम्झेर अतः लाचार भई



Downloaded from http://dhamma.digital

सम्राट्ले आचार्य शान्तरक्षितलाई केही समयको निमित्त नेपाल फर्कन अनुरोध गरे । आचार्यले नेपाल फर्कनुअगाडि सम्राट्समक्ष तिब्बती देवी–देवताहरूको प्रकोपलाई शान्त (दमन गर्न) पार्नमा सक्षम नालन्दाकै एक अन्य तान्त्रिक आचार्य पद्मसम्भवलाई निमन्त्रण गराउने सल्लाह दिएका थिए ।

सम्राट्ले पनि आचार्य शान्तरक्षितको सुझावलाई सहर्ष स्वीकार गरी येशे-वङ-पोकै नेतृत्वमा ५ जना व्यक्तिलाई भारत पठाए । संयोगको कुरा, आचार्य पद्मसम्भवलाई तिनीहरूले शायद नेपाल र भारतको सीमान्त प्रदेश गङ्-थङमा भेटे तर आचार्य पद्मसम्भवले बिना नेपालमा केही वर्ष रही तिब्बत आउन इन्कार गरे । यसको खास कारण पद्मसम्भव तन्त्रका ज्ञाता भएतापनि तिब्बत र त्यहाँका धार्मिक सम्प्रदायहरूको ज्ञानको कमी भएकोले उनले नेपालका तिब्बतविद्हरूबाट तत्कालीन जानकारीहरू लिन चाहेका थिए । उहाँले नेपालमै बसेर तिब्बतबारे यथेष्ट ज्ञान हासिल गरे । तिब्बतबाट नेपाल आएका बौद्धविद्वान्हरूसँग पनि उनी अटूट सम्पर्कमा रहे ।

यसप्रकार आचार्य पद्मसम्भव नेपालमा रही तिब्बतमा कस्तो किसिमले धर्म प्रचार गर्नुपर्ला भन्ने कुरातिर सोचाइ राखेको र त्यो सोचाइअनुरूप त्यसको सही रूपरेखा नेपालमै तयार पारेको तथ्यबारे इतिहासविद् भुवनलाल प्रधानले आफ्नो ग्रन्थ "नेपालमा बौद्धधर्म" मा उल्लेख गरेका छन्—

"प्राचीन बोन धर्मावलम्बी र बौद्धधर्मका आदर्शवादीहरूका बीच वैचारिक मतभेदको कारणले बराबर अन्योलमा परिरहने तिब्बती जनताका धार्मिक आवश्यकता पूरा गर्न पद्मसम्भवले आफूले पछि



Downloaded from http://dhamma.digital

तिब्बतमा लागू गर्न खोजेका बौद्धदर्शनका रूपरेखा काठमाडौंको सुप्रसिद्ध बौद्धचैत्य भएको ठाउँ बौद्धमा तयार पारेका थिए । पद्मसम्भवको यही रूपरेखा तिब्बती बौद्धधर्मको आधार बन्यो, जुन पछि 'लामाधर्म' पनि भनियो । तसर्थ ''लामाधर्म'' भनेको पद्मसम्भवले नेपालमा बसेर योजना गरेर प्राचीन बोनधर्म र वज्रयान अर्थात तान्त्रिक बौद्ध-धर्मको एउटा व्यावहारिक समन्वय हो ।''

यसप्रकार आचार्य पद्मसम्भव नेपालमा केही वर्ष रहिसकेपछि मात्र तिब्बत जानुभई आफ्नो तान्त्रिक बलले त्यहाँस्थित कयौं बुद्धधर्म विरोधी देवी–देवता, भूत–प्रेत, यक्ष–यक्षिणीलाई पराजित गरी तिनी–हरूलाई बौद्धधर्मका सहायक बन्ने प्रतिज्ञा गराएका थिए । त्यसकारण तिब्बतवासीहरू एवं नेपालका महायानी एवं वज्रयानीहरू पनि आचार्य पद्मसम्भवलाई अति श्रद्धाले मान्ने कुरालाई लिएर तीनै यान (थेरवाद, महायान र वज्रयान) का ज्ञाता महापण्डित राहुल सांकृ–त्यायन बताउँछन् —

''भोट निवासी आचार्य शान्तरक्षितको भोटमें बौद्ध–धर्मका संस्थापक मानते हुए भी उनकी स्मृतिका वैसा उत्सव नहीं करते, जैसा कि सिंहलनिवासी महेन्द्रके लिए करते हैं । कारण ढुंढनेको दूर जानेको आवश्यकता नहीं । भोटमें भगवान् बुद्धके मधुर स्वाभाविकता-पूर्ण सीधे हृदयके अन्तस्तल तक पहुँच जानेवाले सूत्रोंका उतना मान नहीं हैं, जितना भूत–प्रेत, जादू–टोनेका मन्त्रोंके । यद्यपि आचार्य शान्तरक्षित तन्त्र–ग्रन्थोंके भी लेखक हैं, तो भी वस्तुत: वे गम्भीर दार्शनिक थे । इसीलिए वे भोटवालों के जादू–टोनेकी भूखको शान्त



Downloaded from http://dhamma.digital

न कर पाये। यह काम पद्मसम्भव और दूसरोंने किया, और इसीलिए जहाँ कुछ एक बडे गुम्बाओं के अतिरिक्त महापण्डित बोधिसत्त्व (आचार्य शान्तरक्षित) की मूर्ति या तसबीर देखनेको नहीं मिल सकती, वहाँ गुरु रिम्पोछे या लोबन रिम्पोछे ( आचार्य पद्मसम्भव ) की मूर्ति या चित्र से शायद ही भोटका कोइ साधारण चित्रवाला घर भी वंचित हो।"

हो पनि, आचार्य पद्मसम्भवले आफूले मात्र भूत-प्रेत-दैत्य, धामी बोक्सीहरूको दमन गरेका होइनन् कि आफ्ना २५ जना जति शिष्यहरूलाई पनि तान्त्रिक मण्डलहरू बनाएर पूजा गर्ने विधिहरूको प्रशिक्षण दिई निपुण पारिदिएका थिए।

यस प्रकार तिब्बतमा आचार्य पद्मसम्भवले आफ्नो प्रभावबाट बौद्ध-धर्मको प्रभाव जमाइसकेपछि आचार्य शान्तरक्षित पुन: तिब्बत पुगे। तिनीहरू दुवै मिली तिब्बतमा बौद्ध-धर्म व्यापकरूपमा प्रचार-प्रसार गरे। यसको निमित्त आचार्य शान्तरक्षितले राजा ख्रि-स्रोङ्-ल्दे-बचनको सहायता लिई ल्हासाबाट दुई दिनको बाटोमा अवस्थित, दक्षिणतर्फ ब्रह्मपुत्र नदीको किनारमा "सम-ये (ब्सम्-यस्)" नामक भव्य विहार (गुम्बा) को निर्माण सन् ७२७ मा शुभारम्भ गर्नुभएको थियो। पूरा १२ वर्ष लगाई सन् ७३८ मा तयार परिएको त्यस भव्य विहार भारतको ओडन्तपुरी (विहार शरीफ) महाविहारको नमूनामा बनाइएको थियो। चार महाद्वीप (ठूल्ठूला आँगन भएको), आठ उप-महाद्वीप (स-साना आँगन भएको) को रूपमा १२ खण्ड बनाई तयार पारिएको त्यस विहारमा विहारका चारै कुनामा चारै रङ्का ठूल्ठूला ४ वटा स्तूपहरू पनि बनाइएका थिए।



Downloaded from http://dhamma.digital

यसप्रकार तिब्बतमा सर्वप्रथम बनिएको यस भव्य बिहार निर्माण भएको ४ वर्षपछि सन् ७४२ मा सम्राट ख्रि-स्रोङ-ल्दे-बचनको उत्कृष्ट इच्छाअनुरूप आचार्य शान्तरक्षितले भोटीय व्यक्ति-हरूबाट पनि धर्म प्रचार गराउने एवं भोटवासीहरूलाई भिक्षु (उपसम्पन्न) बनाउने प्रक्रिया देखाउन नालन्दा (भारत) बाट १२ जना सर्वास्तिवादी भिक्षुहरूलाई बोलाई सातजना भोट-देशीय कुल-पुत्रहरूलाई भिक्षु बनाए जसमा येशे-बङ-पो (मन्त्री बसल्-सनङ्) पनि एक थिए ।

बिहार निर्माणको कार्य एवं भोटीय भिक्षुसंघको स्थापना पछि आचार्य शान्तरक्षितले सम-ये बिहारमा रही संस्कृत बौद्धग्रन्थहरू भोटिया भाषामा अनुवाद गर्दै लगे । यस कार्यमा उहाँका कयौं शिष्य एवं लो-चवा (दुभाषिया) हरूले उहाँलाई मदत गरेका थिए । आचार्य शान्तरक्षितले अनुवाद गरेका कयौ ग्रन्थहरूमा आचार्य दिङ्नाग (सन् ३४४-४२५) द्वारा रचित 'हेतुचक्र' पनि रहेको कुरा महापण्डित राहुल सांकृत्यायनले बताएका छन् ।

यसप्रकार तिब्बतमा बौद्ध-धर्मको दृढ स्थापनार्थ अनेकौं कार्य गर्ने आचार्य शान्तरक्षित १०० वर्षको उमेरमा सन् ७५० तिर सम-ये बिहारमै दुर्घटनाद्वारा निधन हुन गएको थियो ।

उहाँको निधनपछि उहाँको शरीर (शव)लाई सम-ये बिहारको पूर्वपट्टि अवस्थित पहाडको एउटा स्तूपमा राखिएको थियो । जुन स्तूप १२०० वर्षपछि २० औं शताब्दीको शुरूमा जीर्ण-शीर्ण भई भत्किन आएको कारण आचार्यको अस्थिमय शरीर पनि यत्र-तत्र छरिन गए जसमा सुरक्षितरूपमा रहेको उहाँको कपाल (खप्पर) र



Downloaded from http://dhamma.digital

केही हाडहरू सम-ये बिहारको प्रमुख हलमा एउटा ऐनाको बाकसमा राखिराखेको दृश्य प्रत्यक्षदर्शी महान् यात्राबर राहुल सांकृत्यायनले उल्लेख गरेका छन् ।

उहाँले आफ्नो प्रथम तिब्बतयात्रा (सन् १९२९ – ३०) को दौरानमा उल्लेख गरिएको छ—

"आखिर हम 'सम्-ये' पहुँच गये। सम्-येको नालन्दाके आचार्य शान्तरक्षित ने आठवीं सदी मे उडन्तपुरी बिहारके नमूनेपर बनवाया था······ । सम-ये समतल भूमिपर बना हुआ है । चारों ओर बहार दीवारी, जिसके भीतर चारों कोनोंपर चार पक्की ईंटोंके छत्रधारी चार स्तूप हैं। बीचमे प्रधान देवालय हैं। बिहारका मुख्य दरवाजा पूर्वकी ओर है । ···

····· आचार्य (शान्तरक्षित) ७० बर्षसे अधिक उम्रमे तिब्बत गये थे और उनका देहान्त यही सम् ये मे ही हुआ । आचार्यकी मूर्तिके मुँह मे एक दाँत बचा हुआ दिखलाई देता हैं । सब से अधिक प्रभावित मैं तब हुआ, जब मैंने अपनी आखों के सामने शीशे के भीतर आचार्य शान्तरक्षितका कपाल देखा । वही कपाल, जिसके भीतर से "तत्त्व संग्रह" जैसा महान दार्शनिक ग्रन्थ निकला । मैं कुछ देर तन्मय होकर उस ओर देखता रहा । आचार्य के देहान्त होने के बाद उनके शरीरको पूरववाली पहाडी के उपर एक स्तूप मे रखा गया था । कुछ ही साल पहले जीर्ण-शीर्ण हो वह स्तूप गिर गया और आचार्यकी हड्डियाँ बिखर गई। उन्हींको लाकर लोगोंने यहाँ (प्रधान मन्दिर) रख दिया ।"



Downloaded from http://dhamma.digital

अन्तमा, अन्य एक स्मरणीय कुरा, आचार्य शान्तरक्षितले जीवनको अन्तिम समयमा भोट्सम्राट खि–स्रोङ-लदे–वचनलाई भनेका थिए कि यदि पछि तिब्बतमा धार्मिक विवाद शुरू भए तब भारत (नालन्दा) बाट मेरा शिष्य आचार्य कमलशीललाई बोलाउनु। उनी आई विवाद अन्त (शान्त) गर्नेछन्।

हो पनि, आचार्य शान्तरक्षितको समयदेखि पछि तिब्बतमा भारतीय भिक्षुहरूको प्रधानता हुँदै आएको ईर्ष्याको कारण चिनियाँ भिक्षुहरूले सिद्धान्तको बारेमा विवाद उठाए। कर्मण्यतावादी (शान्त-रक्षितका अनुयायी) र अकर्मण्यतावादी (चीनी भिक्षुहरू) का बीचमा सिद्धान्तको झगडाले उग्ररूप लिएपछि सम्राटले आचार्य कमलशीललाई भारतबाट झिकाए। आचार्य कमलशील सन् ७६२ मा नेपालमा एक वर्ष रही तिब्बत पुगे। उहाँले अकर्मण्यतावादीहरूलाई शास्त्रार्थमा पराजित गरिदिए।

देश (तिब्बत) बाट निष्काशन भइसकेका अकर्मण्यवादीहरूका प्रमुख चीनी भिक्षु ह्वशङ्ले धनको लोभ दिई चार जना चीनी कसाईहरूलाई तिब्बत पठाई आचार्य कमलशीलको हत्या गराए जसबाट शोकाकुल भई भिक्षु ज्ञानेन्द्र (येशे–वङ–पो– भूतपूर्व मन्त्री वसम् सनङ) ले मति निराहार रही प्राण त्याग गरे। सम्राट् खि–स्रोङ–ल्दे–वचनको पनि सन् ७८०–८१ तिर ६८–६९ वर्षको उमेरमा निधन भयो।

★★ 'आनन्द भूमि'

वर्ष– २२, अङ्क ५ – ७

(आश्विन – कार्तिक, २०४१)



Downloaded from http://dhamma.digital

## — सन्दर्भ —

१) तिब्बत में बौद्धधर्म — राहुल साँकृत्यायन
— किताब-महल, इलाहाबाद-१९७९ (द्वि.सं.)

२) तिब्बतमे सवा वरस — राहुल साँकृत्यायन
— शारदा मन्दिर, नई दिल्ली-वि. सं. १९९०

३) नेपालमा बौद्ध-धर्म — भुवनलाल प्रधान
— नेपाल राजकिय प्रज्ञा प्रतिष्टान— २०४५

४) Indian Buddhist Pandits — Lobsang N. Tsonawa
—Library of Tibetan works & archives 1985.



Dhamma.Digital

Downloaded from http://dhamma.digital

# हिक्कडुवे श्री सुमंगल महास्थविर

१९ औं शताब्दीमा प्रादुर्भाव हुनुभएका केही विश्व-प्रसिद्ध बौद्ध विद्वान्हरूमा श्रीलंकाका हिक्कडुवे श्री सुमंगल महास्थविरको नाम अग्रपंक्तिमा रहन आउँछ ।

उहाँको जन्म श्रीलंकाको दक्षिणी भूभाग गाल्ल (Galle) नजदिक रहेको एउटा गाउँमा सन् १८२७ मा भएको थियो । एक उच्च कुलमा जन्मनुभएका उहाँ ७ वर्षकै उमेरमा गाउँकै एक प्रमुख विहारमा श्रामणेर हुनुभएका थियो ।

बाल्यकालदेखि नै तीक्ष्ण प्रतिभाशाली उहाँ आफ्ना गुरूका प्रिय शिष्य हुनुहुन्थ्यो । पछि आएर उहाँ आफ्नो सदाचरण र विद्या-व्युत्पत्ति आदि कयौं गुणको कारण आधुनिक युगका महेन्द्र महा-स्थविर (ईशापूर्व दोस्रो सदीमा श्रीलंकामा बुद्धधर्म भित्र्याउन आएका मगध (पाटलिपुत्र) का सम्राट् अशोकका पुत्र) को भूमिका निभाउनु भएको थियो ।

सन् १८४८ तिर उपसम्पन्न हुनुभएका हिक्कडुवे श्री सुमंगलले त्यसबेलादेखि नै आफ्नो अद्भुत प्रतिभाको प्रदर्शन गर्दै आउनुभएको थियो । उहाँको दिनचर्या बिहान ४ बजेदेखि शुरू भई मध्यरातसम्म हुन्थ्यो । जसमा अधिकांश समय धर्म व्याख्यानमा बिताउनुहुन्थ्यो ।



Downloaded from http://dhamma.digital



हिक्कडुवे श्री सुमंगल महास्थविर

(सन् १८२७-१९११)

Downloaded from http://dhamma.digital

पालीभाषामा जस्तै संस्कृतभाषा एवं साहित्यमा पनि विज्ञ हुनुभएका हिक्कडुवे श्री सुमंगल ती दुई भाषाका अतिरिक्त अन्य कयौं एशियाली एवं यूरोपीय भाषाहरूमा पनि लेखपढ गर्न सक्दथे । जीवनको अन्तिम समय (८० वर्षको उमेर) सम्म पनि उहाँले रसियन भाषाको अध्ययन मनन गर्दै रहनुभएको थियो ।

सम्पूर्ण पाली त्रिपिटक एवं यसका अट्ठकथाहरूका ज्ञाता हिक्कडुवे श्री सुमंगल महास्थविरका देश एवं विदेशमा कयौं विद्वान् शिष्यहरू हुन गएबाट नै उहाँको प्रतिभा एवं विद्वत्ता झलंझ हुन आउँछ ।

उहाँका केही प्रमुख विदेशी शिष्यहरूमा सर्वप्रथम इङ्गलैण्डका पालीसाहित्यका प्रकाण्ड पण्डित डा. टी० डब्ल्यू० रीस डायुविड्स (T. W. Rhys Davids) को बारेमा केही चर्चा गर्न चाहन्छु—

सन् १८४३ मा जन्मनुभएका डा. डायुविड्सले सन् १८६४ मै इङ्गलैण्डबाट श्रीलंकामा सिविल कर्मचारीको रूपमा पुग्ने सौभाग्य पाउनुभएको थियो । उहाँ जस्तै अन्य एक भावी पालीसाहित्यको विद्वान् आर० सी० चिल्डर्स (Robort Caesur Childers) ले पनि त्यही सालमै श्रीलंकामा सिविल कर्मचारीको रूपमा आउनुभई पाली बौद्ध साहित्य अध्ययन–मनन गर्ने सौभाग्य पाउनुभएको थियो ।

स्मरणीय छ उहाँ (R. C. Childers) ले नै सर्वप्रथम इङ्गलैण्डमा पहिलो भागको रूपमा पालीभाषाको शब्दकोश (Dictionary of Pali language) तयार गर्नुभई सन् १८७२ मा प्रकाशित गर्नुभएको थियो ।



Downloaded from http://dhamma.digital

२१ वर्षको उमेरमा श्रीलंका पुग्नुभएका डा. टी० डब्ल्यू० रीस डायविड्सले ८ वर्षको आफ्नो पहिलो श्रीलंका निवासकालमै उहाँले हिक्कडुवे श्री सुमंगल महास्थविरसित घनिष्ठ सम्बन्ध राखी सम्पूर्ण पाली त्रिपिटक साहित्य अध्ययन–मनन गर्नुभएको थियो।

सन् १८७२ मा श्रीलंकाबाट इङ्गलैण्ड फर्कनुभएपछि उल्लिखित आर. सी. चिल्डर्सको "पाली–शब्दकोश" तयार गर्ने कार्यमा सहयोग दिनुभएको थियो। यस्तै भिक्टर फोसबल (Victor Fausböll) हरमन ओल्डेनबर्ग (Hermann oldenberg) जस्ता नयाँ बुद्ध धर्मप्रेमी लेखकहरूलाई पनि यथाशक्य सहयोग दिंदै जानुभएको थियो। आफूले पनि दर्जनौं पाली बुद्धधर्म सम्बन्धी मौलिक ग्रन्थहरू अंग्रेजी भाषामा लेखी विशेषत: आफ्ना देशवासीहरूलाई बुद्धधर्मको परिचय दिंदै जानुभएको थियो।

पालीभाषा एवं साहित्यको उद्धार (प्रचार–प्रसार) गर्नको निमित्त रीस् डायविड्सले सन् १८८१ मा लण्डनमै "Pali Text Society" नामक संस्था स्थापना गर्नुभएको थियो। यसैको निमित्त आफ्नो समस्त जीवन बिताउनु भई सन् १९२२ मा उहाँ यस संसारबाट प्रस्थान गर्नुभएको थियो।

सन् १८७३ मा श्रीलंकामा एक यस्तो ऐतिहासिक पर्व (बौद्धजगत्को निमित्त) सम्पन्न भयो, जुन पर्व (इसाई र बौद्धहरूको बीच शास्त्रार्थ) मा निसन्देहरूपमा बौद्धहरूको जीत भएको थियो। यस विजयको खासकारण यस शास्त्रार्थमा बौद्धहरूको तर्फबाट अगुवा हुनुभएका श्रामणेर मिगेत्तुवत्ते गुणानन्द – श्रीलंकामा इसाईधर्म प्रचार गर्नको निमित खोलिएको मिशिनरी स्कूलमा पढी सम्पूर्ण इसाई शास्त्र



Downloaded from http://dhamma.digital

अध्ययन गरिसकेको व्यक्ति थिए । उहाँ एवं उहाँको नेतृत्वमा सम्पन्न भएको त्यस शास्त्रार्थको बारेमा त्रिपिटकाचार्य महापण्डित राहुल सांकृत्यायन (सन् १८९३–१९६३) बताउनुहुन्छ —

"इसी समय (इशाईयतको प्रचार प्रसारको निमित्त जोडदार रूपमा लागिरहेको बेला) 'मोहोट्टिवत्ते गुणानन्द' नामक एक तरुण 'श्रामणेर' का पदार्पण हुआ । इन्होंने ईसाई शास्त्रोंका प्रति गम्भीर अध्ययन किया और उनमे पारंगत होने के पश्चात् ये शास्त्रार्थ के लिए मिशनरियों को ललकारने लगे । उनकी वाणी में वह ओज, शौर्य तथा प्रतिभा थी कि उसके समक्ष परवादियों के मत अग्नीन्धनकी भाँति भस्म हो गये । उन्होंने इशाई पादरियोंको खुलेआम शास्त्रार्थ के लिए ललकारा । पहले तो इन लोगोंने इस तरुण श्रामणेर की अवहेलना की, परन्तु इससे इनके उत्साह में कोइ कमी नहीं आयी और बुद्धधाम के प्रखर तेजसे देदीप्यमान तथा ईशाईयों के शास्त्र–खंडन मे पूर्ण दीक्षित गुणानन्दने 'पानदुर शास्त्रार्थ' में खुले आम जनता के बीच १८७३ ई. (अगस्त) में पादरियोंको ऐसा परास्त किया कि सम्पूर्ण सिंहल में एक बार पुन: शास्ता के आगमोंका शङ्खनाद गूंज गया तथा बौद्धोपदेश के शान्तिस्रोत के प्रवाह से लंका द्वीपकी दिशाएँ प्रशान्त हो उठीं और सर्वत्र बौद्धनिनाद की विजय वैजयन्ती फहरा गयी ।"

यसप्रकार सन् १८७३ को अगस्त महिनामा पान्दुरामा भएको शास्त्रार्थमा बौद्ध पक्षको विजय पश्चात् श्रामणेर मिगेत्तुवत्ते गुणानन्दले श्रीलंकामा झण्डै लोप गर्न लागेको पाली–शिक्षालाई पुन: जोडतोडका साथ प्रचार–प्रसार गर्न राजधानी कोलम्बोमा एक यस्तो



Downloaded from http://dhamma.digital

परिवेण (विद्यापीठ) को स्थापना गर्ने मनसाय राख्नुभयो जहाँ प्रव्रजित एवं गृहस्थ दुवै पक्षले सिंहली, पाली तथा संस्कृत शिक्षाको ज्ञान प्राप्त गर्न सकोस् । आफ्नो त्यस प्रस्ताव (मनसाय) लाई कार्यरूपमा परिणत गर्न श्रामणेर गुणानन्दले हिक्कड्डुवे श्री सुमंगल महास्थविरलाई राजधानीमा आमन्त्रण गर्नुभयो जसअनुसार हिक्कड्डुवे श्री सुमंगल महास्थविर कोलम्बो आउनुभई उहाँको इच्छाअनुरूप सन १८७४ को जून महिनामा परिवेण प्रारम्भ गर्नुभयो जुन परिवेणको नाम हिक्कड्डुवे सुमंगल महास्थविर स्वयंले "विद्योदय परिवेण" राख्नुभएको थियो । हिक्कड्डुवे श्री सुमंगल महास्थविर परिवेणको स्थापनाकालदेखि जीवन-पर्यन्त "विद्योदय परिवेण" का प्रधान नायक हुनुभएको थियो ।

उहाँको प्रतिभा एवं विद्वत्ताको बारेमा पुनः एक पटक महा-पण्डित राहुल सांकृत्यायनको शब्दमा —

"वे ( हिक्कड्डुवे सुमंगल ) एक बहुश्रुत भिक्षु थे । उन्हे अट्ठकथा – सहित सम्पूर्ण त्रिपिटक के गहन अध्ययन के साथ-साथ संस्कृतभाषा पर भी पूर्ण अधिकार एवं पाण्डित्य प्राप्त था और इन सबके वे सर्वत्र-श्रेष्ठ पण्डित थे । साथ ही प्रारम्भ हुए बौद्ध पुनरुत्थान कार्य मे भी उनका अत्यधिक योगदान था । गुणानन्दका इशाई पादरियों के साथ जो सुप्रसिद्ध शास्त्रार्थ हुआ था, उसने उनके सहायक के रूप मे वे भी सम्मिलित हुए थे ।"

यस्ता प्रतिभासम्पन्न भिक्षु हिक्कड्डुवे श्री सुमंगल महास्थविर सित परिचित हुने पहिलो सौभाग्य पाउनुभएका भारतीय व्यक्ति हुनुहुन्छ– १९ औं शताब्दीका प्रथम उत्तर भारतीय भिक्षु महावीर महास्थविर ।



Downloaded from http://dhamma.digital

सन् १८३३ मा, बिहार प्रदेशको शाहाबाद ( जगदीशपुर ) जिल्लाको रूपपुर नामक गाउँमा जन्मनुभएका उहाँ भारतका एक नामी शहीद बाबू कुँवरसिंहका भतिजा थिए उसले भारत स्वतन्त्रता (अंग्रेज शासनबाट) को निमित्त सर्वप्रथम सन् १८५७ मा भएको संग्राममा कुँवरसिंहको सहकर्मी भई अंग्रेजहरूसित युद्ध गर्नुभएको थियो ।

बाल्यकालदेखि नै शैक्षिक क्षेत्रको सट्टा कुश्तीखेलमा संलग्न हुँदै आएबाट महावीरसिंह (गृहस्थको नाम) यौवनावस्थामा आएर एक नामी पहलमान ( कुश्तीबाज ) हुनआएको थियो । आफ्नो त्यस शक्तिको प्रदर्शन उहाँले अंग्रेजहरूसितको भिडन्तमा काफी प्रयोग गर्नु भएको थियो । उहाँ लट्ठी, तलवार र भाला आदि चलाउनमा पनि त्यसिकै निपुण थिए तैपनि त्यस स्वतन्त्रता–संग्राम (सन् १८५७–५८) मा बाबू कुँवरसिंह र उनका भाइ अमरसिंह संग्राममा वीरगति हुन गएको र आफ्ना जिल्लामा अंग्रेजहरूले छापा मारिसकेको कारण महावीरसिंह आफ्नो केही पहलमान मित्रहरू साथ लिई अंग्रेजहरूको नजरबाट बची दक्षिण–भारततर्फ प्रस्थान गर्नुभएको थियो ।

उहाँहरू एक जमात भई जीविकाको निमित्त कुश्ती लडी, इनाम प्राप्त गरी खाई-पिई-बचाई अन-अन दक्षिणतर्फ बढ्दै जानुभएको थियो । इन्दौर हुँदै मद्राससम्म पुगेको बेला उहाँको मित्रमण्डलीमा सिर्फ एक मित्र बाँकी रहनगएको थियो । रामेश्वरम् पुगेको बेला उहाँको एक मित्रले पनि छोडिसकेको थियो । रामेश्वरमबाट श्रीमहावीरसिंह श्रीलंका जानुभएको थियो । त्यहाँसम्म पुग्नको निमित्त उहाँसित मद्रासमा एक मुसलमान पहलमानसित आखिरी कुश्ती लडी जितेबापत प्राप्त रकम पर्याप्त थियो । उहाँलाई कुश्तीका आयोजक एक अंग्रेज



Downloaded from http://dhamma.digital

अफिसरले हजार रुपियाँ इनाम दिएको थियो । उहाँले आफूलाई सिर्फ एक पहलमानको रूपमा मात्र परिचय दिनुभएको थियो ।

संयोगको कुरा ! उहाँले श्रीलंकामा आफ्नै जिल्ला जगदीशपुरका एक व्यापारीलाई भेट्नुभयो जसले उहाँलाई वर्षौंसम्म आश्रय दिदै रहनुभएको थियो । महावीरसिंहले आफ्नो यात्राकालअन्तर्गत नै केही ज्योतिषविद्या पनि प्राप्त गर्दै जानुभएको थियो जसबाट उहाँलाई सिंहल (श्रीलंका) का केही ज्योतिषप्रेमी भिक्षुहरूसित सम्पर्क राख्ने मौका मिल्नगएको थियो ।

पछि उहाँको सम्पर्क क्रमश: श्रीलंकाका एक ख्यातिप्राप्त भिक्षु इन्द्रासभ महास्थविरसित पनि हुन गयो जसको छत्रछायामा रही उहाँले पालीभाषाको पनि ज्ञान हासिल गर्दै जानुभयो । पालीसाहित्यको अध्ययनको साथसाथै उहाँले आफ्नो जीवन पनि सदाको निमित्त बुद्ध धर्ममा समर्पण गर्ने हेतु इन्द्रासभ महास्थविरकै आचार्यत्वमा "श्रामणेर महावीर" हुनुभयो ।

श्रामणेर महावीर डेढ – दुई दशकसम्म सिंहलमा रही बौद्ध-साहित्य अध्ययन गरिसकेपछि उपसम्पन्न हुने विचार राख्नुभयो । उपसम्पन्न हुन उहाँले बर्मा जाने मनसाय राख्नुभयो तर बर्मामा कोही परिचित व्यक्ति नहुनाको कारण उहाँले आफ्ना प्रव्रज्यागुरू इन्द्रासभ महास्थविर र "विद्योदय परिवेण" का प्रधानाचार्य हिक्कडुवे श्री सुमंगल महास्थविरको सिफारिसपत्र लिई सन् १८८४ मा बर्मा प्रस्थान गर्नुभएको थियो र त्यहाँ गएकै साल उहाँ एक प्रमुख भिक्षुको तर्फबाट उपसम्पन्न भई "भिक्षु महावीर" हुनुभयो तर त्यसबेला बर्मामा अशान्ति मच्चिरहेको कारण उहाँको उपाध्याय गुरुले शीघ्र श्रीलङ्का फर्कन आग्रह गरेका थिए ।



Downloaded from http://dhamma.digital

हो पनि, भिक्षु महावीर बर्माबाट फर्कनुभएको वर्षदिनपछि नै सन् १८८५ मा तत्कालीन बर्माको राजधानी मांडलेमा अंग्रेजहरूले अधिकार गरी बर्माका अन्तिम राजा थीबो (थिब) लाई कैदी बनाई भारतमा निर्वासित गरियो।

स्मरणीय छ, वर्तमान युगको नेपाली भिक्षु श्रामणेर एवं अनगारिकाहरूको पहिलो पुस्तामा रहनुभएका उहाँहरूको गुरुवर भिक्षु ऊ चन्द्रमणि महास्थविर (सन् १८७६ — १९७२) लाई तथागतको परिनिर्वाणस्थल कुशीनगरमा स्थायी रूपमा बसाउने भिक्षु महावीर महास्थविर नै हुनुहुन्छ।

भिक्षु महावीर महास्थविर (सन् १८३३–१९१९) पश्चात् हिक्कडुवे श्री सुमंगल महास्थविरका आश्रय लिई बुद्ध-धर्मको व्यापक प्रचार-प्रसार गर्नुभएका व्यक्ति हुनुहुन्छ— अनगारिक धर्मपाल। सन् १८६४ मा श्रीलंकाको एक सम्पन्न हेवावितरण परिवारमा जन्मनुभएका उहाँ त्यसताकाको इसाई (मिशिनरी) प्रभावअनुसार नाम "डोन डेविड" राखिएको थियो। पछि मोहित्तवत्ते गुणानन्द श्रामणेर, हिक्कडुवे सुमंगल महास्थविर, कर्नल हेनरी स्टील अल्कोट र मैडम ब्लावत्स्की (थियोसोफिकल सोसाइटीका संस्थापकहरू) को सम्पर्कबाट उहाँमा आफ्नो देशको प्राचीनधर्म एवं संस्कृतिबाट प्रभावित भई ती धर्मसंस्थापकले विचरण गर्नुभएको स्थान र बुद्धत्व प्राप्त गर्नुभएको स्थान अवलोकनार्थ सन् १८९१ को जनवरी महिनामा भारत आउनुभएको थियो। तर अफशोच ! ती महान् पुरुषले बुद्धत्व प्राप्त गर्नुभएको स्थान "बुद्धगया" को दुर्दशाबाट उहाँ निकै विचलित हुनुभयो। तसर्थ उहाँ यसको केही महिना पश्चात् श्रीलंका फर्कनुभई



Downloaded from http://dhamma.digital

कोलम्बोमा ३१ मई १८९१ का दिन हिक्कडुवे श्री सुमंगल महास्थविरको अध्यक्षतामा "Mahabodhi Soci.ty" (महाबोधि-सभा) को स्थापना गर्नुभयो यसको बर्षदिन पछिदेखि नै विशेष. बुद्धगयाकै विषय केन्द्रिय गरी "The Mahabodhi" नामक मासिक पत्रिका पनि सन् १८९२ को मई महिनादेखि प्रकाशित गर्नुभयो ।

साँच्चै नै अनगारिक धर्मपालले आफ्ना सम्पूर्ण जीवन श्रीलंकामा मात्र होइन एशिया, यूरोप र अमेरिका तीनै महादेशमा बुद्ध-धर्म प्रचार गर्नुका साथै विशेषत: तथागतको संवेजनीय स्थल बुद्धगया र सारनाथको उद्धार एवं भारतमा बुद्ध धर्मको पुनरुद्धारकको संज्ञा प्राप्त गरी उहाँ सन् १९३३ मा तथागतको धर्मचक्र प्रवर्तन स्थल सारनाथमै दिवंगत हुनुभएको थियो ।

अनगारिक धर्मपाल पश्चात् हिक्कडुवे श्री सुमंगल महास्थविरको छत्रछायामा रही सम्पूर्ण पाली-साहित्यको अध्ययन-मनन गर्ने प्रमुख यूरोपीय व्यक्ति—डा. पौल डाल्के हुनुहुन्छ । सन् १८६५ जनवरी २५ का दिन पूर्वी जर्मनमा जन्मनुभएका उहाँ आफ्नो विद्यार्थी जीवन पश्चात् उच्चशिक्षाको रूपमा होमियोप्याथिक चिकित्साशास्त्र अध्ययन गरी एक सफल चिकित्सक हुनुभएको थियो जसबाट उहाँले पर्याप्तरूपमा धन कमाउनुभयो । त्यस धनको सदुपयोग उहाँले विश्वभ्रमण गरी खर्च गर्ने हेतु सन् १८९७-९८ तिर जर्मनबाट प्रस्थान गर्नुभयो । पहिलो पटकको भ्रमण उहाँको अमेरिका, हवाइद्वीप, जापान र भारतसम्म मात्र सीमित रह्यो, कारण माताको अस्वस्थताको कारण तुरुन्तै जर्मन फर्कनुभयो ।



Downloaded from http://dhamma.digital

माताको स्वस्थतापछि उहाँले दोस्रो पटकको भ्रमण शुभारम्भ गर्नुभयो । यस पटकको भ्रमण उहाँले भारत, श्रीलंका र बर्मामा केन्द्रित गर्नुभएको थियो । यस दोस्रो पटकको यात्राकालमा उहाँको सम्पर्क श्रीलंका एवं बर्माका केही ख्यातिप्राप्त बौद्धविद्वान भिक्षुहरूसित हुन गएको फलस्वरूप उहाँले बौद्धसाहित्यमा असाधारण ज्ञान हासिल गर्नुभएको थियो । विशेषत: उहाँले "विद्योदय परिवेण" का प्रधानाचार्य हिक्कडुवे श्री सुमगल महास्थविरसित पाली एवं अन्य बौद्धसाहित्य अध्ययन गर्नुभएको थियो ।

यसैको फलस्वरूप कैयौं वर्ष श्रीलंका र बर्मामा बिताइसक्नुभएपछि उहाँले जर्मन फर्कनुभई सन् १९२४ मा बर्लिनको फ्रानहाउ (Fronhau) भन्ने स्थानमा एकबौद्धविहार निर्माण गर्नुभएको थियो त्यस विहारलाई "Das Buddhistische Haus" नामकरण गरिएको थियो जहाँ विशेषत: जर्मनवासी बुद्धधर्मावलम्बीहरू महिनाको दुई पटक जमघट भई धर्म-चर्चा गर्ने केन्द्रस्थल हुन आएको थियो ।

यस विहार देश-विदेशका बौद्ध विद्वान्हरूको आश्रयस्थल पनि थियो । यसै विहारमा भारतको सुविख्यात बौद्धविद्वान् भदन्त आनन्द कौशल्यायन (सन १९०५–८८) ले सन् १९३३ को वर्षावास बिताएर आउनु-भएको थियो त सुविख्यात महापण्डित राहुल सांकृत्यायन सन् १९३२ को डिसम्बर महिनामा दुई हप्ता जति त्यस बौद्धगृहमा रही डाल्के परिवारको आतिथ्यमा रही आउनुभएको थियो । यस्तै अन्य कैयौं धर्मप्रेमी श्रद्धालुहरू त्यस विहारमा आश्रय लिई बौद्धसाहित्य अध्ययन–मनन गर्ने सुअवसर पाउनुभएको थियो ।



Downloaded from http://dhamma.digital

डा. पाल डाल्केले आपनो त्यस बौद्धगृहमा रही सिर्फ त्यागी जीवन (अनगारिकको रूपमा) मात्र बिताउनु भएको थिएन आफूले अध्ययन मनन गरेको सम्पूर्ण पालीसाहित्यको आधारमा केही मौलिक ग्रन्थहरूको पनि पनि रचना गर्नुभएको थियो जसमा बौद्ध प्रबन्धसग्रह (Buddhist Essays – 1908), बुद्ध धर्म र विज्ञान (Buddhism and Science–1913), मानवजीवनमा मानसिक शक्तिको लागि बुद्ध-धर्म (Buddhism and its Place in the mental Life of Mankind–1927) आदि प्रमुख हुन् ।

यसलै दीघनिकाय, मज्झिमनिकाय, धम्मपद, जातक, सुत्त-पिटकको सारांश, बुद्धजीवनी आदि कैयौं पालीग्रन्थहरूलाई जर्मनभाषामा अनुवाद गरी जर्मनीहरूको बौद्धिक क्षेत्रमा प्रभाव जमाउने जस्ता आदि कैयौं पुण्यकार्य गरी २६ फरवरी १९२८ का दिन यस संसारबाट प्रस्थान गर्नुभएको थियो ।

डा. पाल डाल्के (सन् १८६५–१९२८) पश्चात् हिक्कडुवे श्री सुमंगल महास्थविरको अन्य प्रमुख विदेशी शिष्य हुनुहुन्छ– भारतका आचार्य धर्मानन्द कोसाम्बी ।

९ अक्टोबर १८७६ का दिन भारतको गोवामा जन्मनुभएका उहाँ बौद्ध–साहित्यको अध्ययन–मननको निमित्त यत्र-तत्र घुम्नुभएको थियो जसमा नेपाल पनि सामेल थियो, यहाँसम्म आएर पनि कुनै एक बौद्धभिक्षु वा विद्वान् उहाँले पाउन सक्नुभएन–यो सन् १९०२ को कुरा हो । अतः उहाँ निराश भई नेपालबाट फर्की बुद्धगया पुग्नुभएको बेला एक बौद्धभिक्षु (चन्द्रज्योति महास्थविर) को दर्शन प्राप्त भयो जसले उहाँलाई बुद्ध-धर्म अध्ययनार्थ श्रीलंका जाने सल्लाह दिनुभयो साथै



Downloaded from http://dhamma.digital

उहाँकै प्रेरणाबाट "महाबोधि सभा, कलकत्ता" को तर्फबाट उहाँ सन् १९०२ को मार्च महिनामा कोलम्बो पुग्नुभएको थियो ।

कोलम्बोको "विद्योदय परिवेण" मा प्रधानाचार्य हिक्कडुवे श्री सुमगल महास्थविरको आश्रय एवं छत्रछायामा रही उहाँले पाली– साहित्यको अध्ययन शुभारम्भ गर्नुभएको थियो । भारतमा रही संस्कृतभाषा एवं साहित्यमा पूर्ण अधिकार प्राप्त गरिसक्नुभएका उहाँले १० महिनाको अवधिमै सम्पूर्ण पालीसाहित्य ( त्रिपिटक ) अध्ययन गरिसक्नुभएको थियो । त्यसपश्चात् उहाँ हिक्कड्वे श्री सुमंगल महा– स्थविरको आचार्यत्वमा श्रामणेर हुनुभएको थियो । श्रामणेरपश्चात् केही वर्षमै बर्मामा गई उपसम्पन्न हुनुभएका उहाँले श्रीलंका र बर्मामा गरी ४-५ वर्ष प्रव्रजित जीवन बिताइसकेपछि भारतमा त्यस्तै विशुद्ध भिक्षु जीवन बिताउन अति कठिन स्थिति हुनाको कारण उहाँले आफ्ना गुरुहरूसित जनसाधारण (गृहस्थ) को रूपमा रही पालीसाहित्यको प्रचार प्रसार गर्ने अनुमति माग्नुभयो जसलाई गुरूले सहर्ष स्वीकार गरिसकेपछि सन् १९०६ को जनवरी महिनामा कलकत्ता पुग्नुभयो ।

Dhamma.Digital

उहाँ भारत आउनुभई कैयौं कलेज एव विश्वविद्यालयका प्रोफेसर एवं कुलपतिहरूसित सम्पर्क राखी ती कलेज एवं विश्वविद्या– लयहरूमा पालीभाषा एवं साहित्यको अध्ययन–अध्यापनको प्रबन्ध गर्नुको साथै आफैले पनि अध्यापन गराउनुभएको थियो जसमा प्रमुखत: कलकत्ताको नेशनल कलेज, कलकत्ता विश्वविद्यालय, पूनाको फर्गुसन कलेज, गुजरात विद्यापीठ, बम्बई विश्वविद्यालय आदि हुन् ।



Downloaded from http://dhamma.digital

आचार्य धर्मानन्द कौशाम्बी पालीसाहित्यको उद्धार (प्रचार-प्रसार) कार्य गर्नको निमित्त विशेषत: "विशुद्धिमार्ग" ग्रन्थको सम्पादन एव अनुवादको निमित्त सन् १९१० देखि १९३१ सम्मको अवधिमा ४ पटकसम्म अमेरिका (Harvard University) पुग्नुभएको थियो। यसै यात्राअवधिमा उहाँले लण्डनमा अवस्थित "Pali Text Society" लाई यथाशक्य अनुवादकार्यमा (विशेषत अभिधर्मसम्बन्धी) सहयोग गर्नुभएको थियो। उहाँ लेनिनग्राड (सेन्टपिटसवर्ग, रूस) मा आई सुप्रसिद्ध प्राच्यविद् आचार्य थियोडर श्चेर्वात्स्की (सन् १८६६-१९४२) लाई पनि उहाँद्वारा बौद्धसंस्कृतिको अध्ययनार्थ स्थापित संस्थामा विशेष सरसल्लाह एवं सहयोग गरेर आउनुभएको थियो।

आचार्य धर्मानन्द कौशाम्बीले सिर्फ पालीभाषा र साहित्यमा मात्र ध्यान दिनुभएको थिएन बुद्ध र बुद्ध-धर्मसम्बन्धी अनेकौं अन्वेषणात्मक र विचारात्मक ग्रन्थहरू पनि लेखेर जानुभएको थियो।

पाठक महोदय! माथि प्रसंगमा आइरका हिक्कडुवे श्री सुमंगल महास्थविरका शिष्यहरूमा- डा. टी. डब्ल्यू. रीस डायविड्स, भिक्षु महावीर महास्थविर, अनागारिक धर्मपाल र डा. पाल डाल्केका केही विस्तृत वर्णन सहित रहेको जीवनी यस पंक्तिका लेखकले आफ्नो पुस्तक "बौद्धजगत्का स्मरणीय व्यक्तिहरू, प्रथम भाग" मा प्रस्तुत गरिसकेको छ त आचार्य धर्मानन्द कौशाम्बीको जीवनी-दोस्रो भागमा। आचार्य धर्मानन्द कौशाम्बी (सन् १८७६ - १९४७) पश्चात् हिक्कडुवे श्री महास्थविरको सिंहली शिष्यहरूको स्मरण गर्ने हो भने उहाँका प्रमुख सिंहलीशिष्य हुनुहुन्छ- महागोडा सिरि नन्दिसार (Mahagoda Siri Nandissara)। उहाँले हिक्कडुवे सुमंगल महास्थविरको



Downloaded from http://dhamma.digital

निधनपश्चात् "विद्योदय परिवेण" का प्रधानाचार्य पद सम्हाल्नुभएको थियो साथै परिवेणको शैक्षिक व्यवस्थालाई सफलतापूर्वक निभाउनु भएको थियो । आफ्नो कार्यकालमा उहाँले अनेकौं प्रगति पनि गर्दै जानुभएको थियो जसमा अंग्रेजीलाई एक अनिवार्य विषय गर्नु पनि प्रमुख थियो । अफसोच ! उहाँको निधन सन् १९२२ मै हुन गयो । हिक्कडुवे श्री सुमंगल महास्थविरका अन्य अनगिन्ती सिंहली शिष्यहरूले श्रीलंकाको विभिन्न भू-भागमा पुगी देशभर परिवेणहरू खोल्नुभएको थियो जसबाट श्रीलंकामा संघराज शरणंकर (सन् १६९८/९९-१७६० /६१) को समयावधिपश्चात् १९ औं शताब्दीमा आएर हिक्कडुवे श्री सुमंगल महास्थविरले नै बौद्ध-शिक्षा (पालीसाहित्य) को बेजोड प्रचार प्रसार गर्न अग्रणी भूमिका खेल्नुभएको थियो ।

माथि उल्लिखित देश-विदेशका केही प्रमुख शिष्यहरूले बुद्ध-धर्म एवं पाली बौद्धसाहित्यको प्रचार प्रसारको निमित्त गर्नुभएको योगदान (गतिविधि) बाट नै उहाँहरूका गुरुवर "विद्योदय परिवेण" का प्रधानाचार्य हिक्कडुवे श्री सुमंगल महास्थविरको बेजोड प्रतिभा झल्कन हुन आउँछ । उहाँको यस्तै विशेष प्रतिभाको कारण नै थाइ-लैण्डका एक भूतपूर्व राजाले सिंहलको भ्रमण गर्नुभएको बेला उहाँको सम्मानार्थ विशेष उपहारहरूका साथ आजीवन वेतनको व्यवस्था गरि दिएको थियो । यस्तै सन् १८७५ मा इङ्गलैण्डका युवराज (Prince of Wales) जो भावी सप्तम एडवर्ड (King Edward VII) थिए श्रीलंकाको भ्रमण गर्न आउनुभएको बेलामा उहाँले पनि हिक्कडुवे सुमंगल महास्थविरलाई भेटनुभई दानादि कार्य गरेर फर्कनु भएको थियो ।



Downloaded from http://dhamma.digital

यसप्रकार सारा बौद्धजगत्मा मात्र होइन एशिया, यूरोप एवं अमेरिकाका प्राच्यविद्हरूको बीचमा पनि अविस्मरणीय व्यक्तित्वको रूपमा रहनुभएका हिक्कडुवे श्री सुमंगल महास्थविरले आजीवन "विद्योदय परिवेण"का प्रधानाचार्य, 'महाबोधि-सभा'का अध्यक्ष, रोयल एशियाटिक सोसाइटीका एक सम्मानित सदस्य, त्रिपिटकवागीश्वराचार्य आदि पदमा रहनुभई अन्तमा २० अप्रिल १९११ का दिन बिहान "विद्योदय परिवेण" मै आफ्नो इहलीला समाप्त गर्नुभयो ।

★ ★

## – सन्दर्भ –


१) The MahabodhiCentenaryVolume(1891-1991)
– Ven M. Wipulsara Maha Thera
The Mahabodhi Society of India

२) पालि साहित्यका इतिहास – महापण्डित राहुल सांकृत्यायन
– उत्तरप्रदेश शासन,
हिन्दी भवन लखनऊ–१९७३ (दो सं.)

३) बौद्धजगतका स्मरणीय व्यक्तिहरू, पहिलो भाग – रत्नसुन्दर शाक्य
– भिक्षु महानाम महास्थविर
आनन्दकुटी विहार, स्वयम्भू–२०४९

४) बौद्धजगतका स्मरणीय व्यक्तिहरू, दोस्रो भाग – रत्नसुन्दर शाक्य
– मानंदास लुमन्ति प्रकाशन
असन कमलाछी, काठमाडौं – २०५०


"आनन्द भूमि"
वर्ष–२२, अंक–३ (आषाढ २०५१)



Downloaded from http://dhamma.digital



भदन्त लेदी सयादो महास्थविर

(सन् १८४६-१९२३)

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# भदन्त लेदी सयादो महास्थविर

आधुनिक युगमा विश्वमा विशेषत: एशिया महादेशका विभिन्न देशहरूमा बुद्धधर्मको पुनरूत्थान १९ औं शताब्दीको मध्यदेखि शुरू हुँदै आएको थियो जसमा प्रमुखत: श्रीलङ्कामा श्रामणेर मिगेत्तुवत्ते गुणानन्द, भारतमा अनगारिक धर्मपाल, चीनमा भिक्षु ताइ-शू, इण्डोनेशियामा भिक्षु नारद महास्थविर, नेपालमा भिक्षु महाप्रज्ञा र प्रज्ञानन्दलाई बुद्धधर्म पुनरुत्थानको श्रेय रहेको छ त बर्मामा उक्त श्रेय भदन्त लेदी सयादो महास्थविरलाई रहेको छ ।

उहाँको जन्म सन् १८४६ को दिसम्बर महिनामा बर्माको स्वेभो जिल्लास्थित दीपेयें नगरको साईंप्यैं नामक गाउँमा भएको थियो । भावी असाधारण प्रतिभाका व्यक्तित्व हुनुभएका उहाँ जन्मनु भएको बेला एक अभूतपूर्व लक्षण प्रकट भएको थियो- त्यो हो उहाँ जन्मनुभएको घरको छानाबाट इन्द्रधनुष प्रटक हुनु । त्यस दृष्यबाट हर्षविभोर भई उहाँको माता दो च्यों र पिता ऊ थ्वताले पुत्रको नाम त्यसै अनुरूप 'माउँते खाउँ' राखिएको थियो ।

बाल्यकालमै श्रामणेर हुनुभएका उहाँ २० वर्षको उमेर (सन् १८६६)मा सलैं सयादो ऊ. पण्डिञ्चको उपाध्यायत्वमा उपसम्पन्न भई 'भिक्षु ञाण' हुनुभएको थियो । भिक्षु ञाणले बुद्धधर्मको गहनतम



Downloaded from http://dhamma.digital

अध्ययन कैयौं प्रतिष्ठित आचार्यहरूबाट पाउनुभएको थियो, पछि पुन: प्रशिक्षणको रूपमा भिक्षु ञाणले बुद्धधर्मको शिक्षा (साहित्य) माण्डलेका सुप्रसिद्ध भिक्षु साँ च्याउँ सयादोकहाँ पाउनुभएको थियो । उक्त सयादो 'मुदस्सन धज अग्गमहापण्डित अग्गमहासद्धम्मजोतिक धज सिरिपवर महाधम्मराजाधिराज गुरु' उपाधिबाट विभूषित व्यक्ति थिए ।

त्यसताका साँ च्याउँ सयादोकहाँ २ हजार विद्यार्थीहरू अध्ययनरत थिए । तिनीहरूमा भिक्षु ञाणको प्रतिभा विशेष रूपमा रहेको कुरा एकपटकको प्रश्नोत्तरको कार्यक्रमबाट नै स्पष्ट भएको थियो । त्यो हो– एकदिन आचार्य साँ च्याउँ सयादोले पारमितासम्बन्धी २० वटा प्रश्नहरू बनाई विद्यार्थीहरूको सामु हलको निमित्त राखिएको थियो । ती सम्पूर्ण विद्यार्थीहरूमध्ये सिर्फ भिक्षु ञाणबाट मात्र सन्तोषजनक उत्तर पाएको थियो अत: भिक्षु ञाणले ती प्रश्नोत्तरलाई वर्षौंसम्म सुरक्षित राखिसकेपछि उक्त विहार (साँ च्याउँ) मा १५ वटा वर्षावास पूर्ण गरिसकेपछि सो प्रश्नोत्तरलाई 'पारमी दीपनी' नामबाट प्रकाशित गरिएको थियो । यो नै उहाँको पहिलो पुस्तक थियो ।

यसप्रकार सन् १८८०-८१ मा पहिलो पुस्तक प्रस्तुत गर्न भएका भिक्षु ञाण महास्थविर शायद त्यसैताकादेखि माण्डलेस्थित 'महाज्योतिकारामविहार' मा पाली अध्यापक नियुक्त हुनुभयो । यो राजा थिबोको समयको कुरा हो । राजा थिबोले राजगद्दी सम्हालेको एकदशक नहुँदै अंग्रेजहरूसित केही अनबन (गडबड) हुन गएको कारण अंग्रेजहरूले माण्डलेमा आक्रमण गरी राजा थिबोलाई कैद गरी भारतमा निर्वासित जीवन बिताउन लगाएका थिए ।



Downloaded from http://dhamma.digital

यसप्रकार माण्डलेमा अंग्रेजहरूको अधिकार हुन गएको वर्ष दिन पछि सन् १८८७ मा भदन्त लेदी सयादो महास्थविर मोंय्वा शहरको उत्तरतर्फ जानुभएको थियो । जहाँ उहाँले एउटा बिहारको स्थापना गर्नुभयो । उक्त बिहारलाई उहाँले 'लेदी ताय्वा' नामाकरण गर्नुभएको थियो । सोही विहारमा रही उहाँले देशका बिभिन्न भूभागका विद्यार्थीहरू सम्मिलित गरेर तिनीहरूलाई बौद्ध शिक्षा प्रदान गर्नुभयो । विशेषत: तब देखि नै उहाँ लेदी सयादो नामबाट प्रसिद्ध हुँदै आएको थियो । स्मरणीय छ, उहाँले सन् १८९७ मा पालीभाषामा 'परमत्थ दीपनी' नामक पुस्तक लेख्नुभएको थियो ।

यस्ता दीपनी पुस्तकहरू उहाँले ७० वटाभन्दा बढी लेख्नुभएको थियो त कैयौं टीका, निबन्ध, चिट्ठी र कविताहरूको संग्रह पनि लेखी प्रकाशित गर्नुभएको थियो ।

हर्षको कुरा हो, उहाँको केही ग्रन्थहरू नेपालभाषा एवं नेपालीभाषामा पनि पढ्ने सुअवसर हामीलाई प्राप्त भएको छ । यसको श्रेय बर्माबाट बुद्धधर्म अध्ययन गरी फर्कनुभएका भिक्षु अनिरुद्ध महास्थविर र भिक्षु बुद्धघोष महास्थविरको अतिरिक्त नेपाल बिपश्यना केन्द्र- धम्मशृङ्गका एक सहायक आचरिया सुश्री नानीमैंया मानन्धर र श्री आर. बी. वन्द्यज्यूलाई रहेको छ । उहाँहरूले भदन्त लेदी सयादो महास्थविरको विशेषत: अभिधर्मसम्बन्धमा लेखिएको गहनतम ग्रन्थहरू जुन उहाँले योग अभ्यासको आधारबाट पनि लेखिएको थियो लाई नेपालभाषा र नेपालीभाषामा अनुवाद एवं प्रकाशन गराई हामीहरूलाई ठूलो गुण गर्नुभएको छ । उहाँहरूबाट अनुवादित ती ग्रन्थहरू निम्न छन्—

१) विपस्सना-दीपनी – भिक्षु अनिरुद्ध – प्रकाशन वर्ष बु. सं. २५२४



Downloaded from http://dhamma.digital

२) कम्मट्ठान–दीपनी – भिक्षु बुद्धघोष – प्रकाशन वर्ष बु सं. २५३४
३) मग्गङ्ग–दीपनी – सुश्री नानीमैंया मानन्धर – बु. स. २५२०
४) बोधिपक्खिय–दीपनी – सुश्री नानीमैंया मानन्धर बु. सं. २५२५
५) नियाम–दीपनी – सुश्री नानीमैंया मानन्धर– बु. सं. २५२७
६) चतुसच्च–दीपनी – सुश्री नानीमैंया मानन्धर – बु. सं. २५३१
७) पञ्च आलोक – आर. बि. वन्द्य – बु. सं. २५२९

यसप्रकार उपर्युक्त अनुवादक महानुभावहरू एवं प्रकाशकहरूको अनुकम्पाबाट नेपाली बौद्धजगत्ले पनि भदन्त लेदी सयादो महास्थविरको ग्रन्थबाट सुपरिचित हुने मौका प्राप्त भयो ।

भदन्त लेदी सयादो महास्थविरको विद्वता र उहाँको ग्रन्थहरूको प्रामाणिकता एवं महत्वबारे सन् १९५४–५६ सम्म सम्पन्न गरिएको छठु संगायनाका द्वितीय नायक हुनुभएका अग्गमहापण्डित 'अभिधज्ज महारट्ठ गुरु मासोयें सयादो'ले आफूकहाँ आएका एकजना व्यक्तिलाई 'बुद्धधर्म प्रचार गर्ने हो भने भदन्त लेदी सयादोले रचना गर्नुभएका सम्पूर्ण दीपनीहरू प्रकाशित गर' भनी बुद्धशासन काउन्सिलका तत्कालीन एक प्रमुख अफिसर ऊ ह्ला मोऊंलाई भन्न लगाएकोबाट पनि स्पष्ट हुन्छ ।

बुद्धशासन काउन्सिलले पनि मासोयें सयादोको अभिप्रायअनुसार लेदी सयादोले रचना गर्नुभएका आठ आठ पुस्तकहरूको एउटा–एउटा संग्रह गरी दीपनी संग्रह'को नामबाट किताबहरू प्रकाशित गरेका थिए । उसमा अंग्रेजी अनुवाद भएको एउटा दीपनी संग्रहको नाम हो– "*The Manuals of Buddhism*" । यस संग्रहमा प्रकाशित



Downloaded from http://dhamma.digital

दीपनीहरू निम्न हुन् —

1) विपस्सना-दीपनी,
2) पट्टानुदेश दीपनी,
3) सम्मादिट्ठी-दीपनी,
4) नियाम - दीपनी,
5) चतुसच्च-दीपनी,
6) बोधिपक्खिय-दीपनी,
7) मग्गङ्ग-दीपनी र
8) अलिं क्यान (पञ्च आलोक) ।

यसप्रकार भदन्त लेदी सयादो महास्थविरले ठूलो र सानो गरी सयौं ग्रन्थहरू लोकहितार्थ रचना गर्नुभएको थियो । उहाँले ग्रन्थ-लेखन एवं योग अभ्यासमा मात्र समय बिताउनुभएको थिएन तथागतको 'चरथ भिक्खवे चारिकं बहुजनहिताय बहुजन सुखाय' को आदेशानुरूप विशेषत: बर्माको विभिन्न भूभागहरू अन्तर्गत गाउँ-गाउँ, नगर-नगरमा पुगी तथागतको अमर सन्देश प्रचार गर्नुभएको थियो । त्यतिमात्र होइन उहाँले ठाउँ-ठाउँमा वर्षावास बिताई स्थानीय श्रद्धालुहरूलाई अभिधर्म र विनयको पनि प्रशिक्षण दिदै जानुभएको थियो साथै ध्यानकेन्द्रहरूको पनि निर्माण गर्दै जानुभएको थियो । ती ध्यानकेन्द्र (लेदी ध्यानकेन्द्र) हरूमा केही ध्यानकेन्द्रहरू अद्यावधिसम्म प्रसिद्धि पाउँदै आएका छन् ।

उपर्युक्त सम्पूर्ण कार्यहरूबाट प्रभावित भई ब्रिटिश उपनिवेश भएको बर्मा सरकारले सन् १९१५ मा उहाँलाई 'अग्गमहापण्डित' को उपाधिले विभूषित गरिएको थियो । यसको ठीक ६ वर्षपछि सन् १९२१ मा 'रंगून विश्वविद्यालय' उद्घाटनको समयमा उहाँलाई विश्वविद्यालयको कुलपतिले डी. लिट् *(Doctor of the Literature)* को उपाधि पनि प्रदान गरिएको थियो ।



Downloaded from http://dhamma.digital

अफशोच ! अग्गमहापण्डित लेदी सयादो महास्थविरले *D. Litt.* उपाधि हासिल गर्नुभएको वर्षदिन पछि उहाँको समकालीन यूरोपका पाली प्रकाण्ड पण्डित डा. टी डब्ल्यू रीस डायविड्स (सन् १८४३ – १९२२) को निधन भयो त दोश्रो वर्ष सन् १९२३ मा ७७ वर्षको उमेरमा अग्गमहापण्डित डी. लिट् भदन्त लेदी सयादो महास्थविर स्वयंले पनि आपनो जीवनयात्रा समाप्त गर्नुभयो ।

★ ★

'आनन्द भूमि'
वर्ष – २४, अङ्क – ९
(पौष २०५३)

## – सन्दर्भ –



१) विपस्सना दीपनी – भिक्षु अनिरूद्ध महास्थविर
– चन्द्रदर्शन बज्राचार्य
असन्, तछेबाहा – २०३७

२) पञ्च आलोक – आर. बि. बन्द्य
– नन्दसिद्धि गुभाजु, कयो मय्जु
मखनटोल, २०४२

३) The Manuals of Buddhism




Downloaded from http://dhamma.digital



भिक्षु कृपाशरण महास्थविर
(सन् १८६५-१९२६)

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# भिक्षु कृपाशरण महास्थविर

आधुनिक युगमा भारतमा विशेषत: बंगालमा स्थविरवाद बुद्ध-धर्म पुनरुत्थान गर्नमा अग्रज हुनुभएका व्यक्तिहरूमा अनगारिक धर्मपाल पश्चात् भिक्षु कृपाशरण महास्थविर प्रमुख हुन आउँछ ।

उहाँको जन्म २२ जून १८६५ का दिन चटगाउँको पतियास्थित उनैनपुरा नामक गाउँमा भएको थियो । उहाँका पिता आनन्दकुमार बरूआ र माता आराधनादेवी थिए । अफशोच ! बालक ९–१० वर्षको उमेरमै पिताको निधन हुन गयो । अत: माता आराधनादेवीले बडो कष्टपूर्वक बालकको पालनपोषन गर्नुभएको थियो ।

चटगाउँ – हाल बङ्गलादेशको एक प्रमुख शहर, जहाँ सदियौं देखि परम्परागत रूपमा बुद्धधर्म मानिँदै आइरहेको थियो– त्यहाँ प्राय: सम्पूर्ण बरूआजाति बौद्ध कुल हुनाको कारण बौद्ध बिहारहरू पनि धेरै हुनु स्वाभाविकै थियो । आराधनादेवीले पनि आफ्नो पुत्रलाई बिहारमा जानु, बुद्ध-वन्दना गर्नु, भिक्षुहरूको दर्शन गर्नु आदि सिकाउँदै जानुको कारण भावी भिक्षु कृपाशरण महास्थविर हुने बालकको प्राथमिक शिक्षा विहारमै हुनगएको थियो ।

बाल्यकालदेखि नै यस्तो मनोवृत्तिमा लागेको कारण माता आराधनादेवीले बालकको ईच्छानुरूप १६ वर्षको उमेरमा प्रव्रजित हुन



Downloaded from http://dhamma.digital

अनुमति दिनुभयो जसअनुसार सन् १८८१ को वैशाखपूर्णिमाका दिन सुपुत्रलाई आफ्नै गाउँको एउटा विहारमा विहारप्रमुख सुदनचन्द्र महास्थविरको आचार्यत्वमा श्रामणेर गराउन सफल हुनुभयो र ४ वर्षपश्चात् सन् १८८५ (पूरा २० वर्षको उमेर) मा चटगाउँका एक प्रतिष्ठित विद्वान् भिक्षु पूर्णचन्द्र महास्थविरको उपाध्यायत्वमा उपसम्पन्न भई "भिक्षु कृपाशरण" हुनुभयो ।

सन् १८८६ मा आफ्ना गुरुवर पूर्णचन्द्र महास्थविरले विशेषतः उत्तर र विहार प्रदेशमा अवस्थित तथागतको संवेजनीय स्थलहरूको अवलोकन गर्न आउनुभएको बेला भिक्षु कृपाशरण पनि साथ आउनुभएको थियो । बुद्धगया र अन्य बौद्ध तीर्थस्थलहरूको अवलोकनपश्चात भिक्षु कृपाशरणले धर्मको प्रचार–प्रसार बेजोडरूपमा गर्ने मनसाय लिनुभयो ।

संयोगको कुरा, भिक्षु कृपाशरणले धर्मको प्रचार-प्रसार बेजोड रूपमा गर्ने मनसाय लिई कलकत्तामा रहँदै आउनुभएको बेला १९ औं शताब्दीका प्रथम उत्तरभारतीय भिक्षु महावीर जो श्रीलङ्कामा श्रामणेर भई अध्ययन मननपश्चात् बर्मामा जानुभई सन् १८८४ मा उपसम्पन्न हुनुभएको थियो सित भेटघाट हुनआएको थियो । त्यसताका (सन् १८८५ – ८६) भिक्षु महावीर बर्मामा प्रशान्त भइरहेको कारण कलकत्ता फर्कनुभएको थियो ।

भिक्षु महावीर (सन् १८३३-१९१९)ले यस नवयुवक भिक्षुमा रहेको उत्साहलाइ निकै प्रेरणा एवं प्रोत्साहन दिनुभयो जसको निमित्त उहाँ आफैले पनि धनसंग्रह गरिदिनुभएको थियो ।



Downloaded from http://dhamma.digital

यसरी भिक्षु कृपाशरणले एक योग्य गुरु प्राप्त गर्नुभयो, जसको फलस्वरूप उहाँहरू दुवैजना मिली केही रकम जम्मा हुनासाथ भिक्षु कृपाशरणले ५ अक्टोबर १८९२ (आश्विनपूर्णिमा – प्रवारण) का दिन कलकत्तामा "बौद्ध धर्माङ्कुर सभा" (The Bengal Buddhist Association) को स्थापना गर्नुभयो। भिक्षु कृपाशरण महास्थविरकै अध्यक्षतामा गठित "बौद्ध धर्माङ्कुर सभा" का प्रथम सचिव सुरेन्द्रलाल मुत्सुद्दी र सहसचिव गुलावसिंह चौधरी नियुक्त हुनुभएको थियो।

सभा स्थापना गरिसकेपछि भिक्षु कृपाशरण महास्थविरले सन् १९०० मा आफ्ना केही उपासकोपासिकाहरू र अन्य केही दाताहरूको सहयोगबाट रू ४५००/– मा कलकत्ताको ललित मोहनदास लेनमा अवस्थित ५ कट्ठाको एउटा जग्गा किन्नुभएको थियो। पछि आएर भिक्षु कृपाशरण महास्थविरकै आग्रहमा ललित मोहनदास लेनलाई "Buddhist Temple Street" नामकरण गराइयो। पछि त्यस मार्ग (Street) मा 'धर्माङ्कुर विहार" निर्माण भइसकेपछि पुन: त्यहाँको स्थिति सुधार हुँदै आयो र एउटा पार्कको पनि निर्माण भयो जसलाई "नालन्दा पार्क" नामकरण गर्ने भिक्षु कृपाशरणको प्रस्तावलाई "कलकत्ता सुधार समिति" ले पास गर्‍यो। त्यसताका यस समितिका अध्यक्ष हुनुहुन्थ्यो – एम्. टी. इमर्सन (M. T. Emerson)

"बौद्ध धर्माङ्कुरविहार" बनाउन जग्गा प्राप्त गरिसकेपछि भिक्षु कृपाशरण विहार निर्माणार्थ चन्दा संकलन गर्न भारतका विभिन्न प्रदेशहरूमा पुग्नुभयो जसअनुसार काश्मीर, शिमला, सिक्किम र भूटानमा पनि पुग्नुभई उहाँले चन्दा संकलनको साथै विहार निर्माणको कार्य पनि शुरू गर्दै जानुभयो।



Downloaded from http://dhamma.digital

सन् १९०१ मा निर्माणकार्य शुरू गरेको त्यस विहार सन् १९०३ मा भूईं तल्ला पूर्णरूपमा तयार भइसकेपछि चटगाउँकै एक दाता रमणी बरुआको तर्फबाट संगमरमर (Marble) को एउटा बुद्ध-मूर्ति पनि प्राप्त गरिसकेपछि आषाढपूर्णिमा (जुलाई महिना) का दिन विहारको समुद्घाटन कार्य सम्पन्न भएको थियो। त्यस दिन भिक्षु कृपाशरण स्थविरको आचार्यत्वमा एक शिष्य (उपासक) प्रव्रजित हुनुभएको थियो। भिक्षु कृपाशरणको तर्फबाट सर्वप्रथम प्रव्रजित हुने मौका पाउनुभएका ती शिष्य हुन् – समण्ण पुण्णानन्द।

यस नवनिर्मित "बौद्ध धर्माङ्कुरविहार" मा ३१ दिसम्बर १९०५ का दिन तिब्बतका सम्माननीय ताशी लामाको भव्य स्वागतकार्य पनि सम्पन्न गरेको थियो।

स्मरणीय छ, त्यसै वर्ष (सन् १९०५) मा इङ्गलैण्डका Prince of wales (अष्टम एडवर्ड) ले भारत आगमन गर्नुभएको थियो। उहाँलाई बंगाल सरकारको तर्फबाट गर्न लागेको स्वागत आयोजनामा बौद्ध धर्माङ्कुर सभाका अध्यक्ष भिक्षु कृपाशरण महास्थविर र उपाध्यक्ष भिक्षु गुणालङ्कार महास्थविर (सन १८७४–१९१६) लाई निमन्त्रित गरी आशीर्वाद दिन लगाइएका थिए। त्यस्तै सन् १९११ मा दिल्लीमा सम्पन्न भएको तत्कालीन बादशाहको राज्याभिषेकको शुभ–कार्यमा पनि उहाँहरू दुबैलाई निमन्त्रित गरिएको थियो।

सन् १९१० मा तिब्बतका १३ औं दलाई लामाले भारत आगमन गर्नुभएको थियो। उहाँले कलकत्तास्थित "बौद्ध धर्माङ्कुर सभा" को अवलोकन गर्नुभएको थियो। यसै वर्षमा भिक्षु कृपाशरण महास्थविरले केही विद्यार्थी युवकहरू सम्मिलित गराई एक "युवा बौद्ध



Downloaded from http://dhamma.digital

संघ" स्थापना गर्नुभएको थियो । यस्तै सन् १९१८ मा भिक्षु कृपाशरण महास्थविरले केही शिक्षित महिलाहरू सम्मिलित गरि एक "बौद्ध महिला समिति" स्थापना गराउनुभएको थियो । भिक्षु कृपाशरण महास्थविरले "बौद्ध महिला समिति" स्थापना गराउनुका प्रमुख लक्ष्य नारीजगत्का कयौं समस्याहरू समाजलाई अवबोध गराउनुथियो ।

यसप्रकार भिक्षु कृपाशरण महास्थविरले "बौद्ध धर्माङ्कुर सभा" को स्थापना गरी धार्मिक जगत्मा मात्र होइन, सामाजिक र शैक्षिक जगत्मा पनि विशेष योगदान गरी आफू एवं आफ्नो संस्थालाई विशेषत: बंगाल प्रदेशमा ख्याति कमाउन सफल हुनुभएको थियो ।

आफूमा कुनै किसिमको शैक्षिक योग्यता नरहेतापनि उहाँले उपर्युक्त क्षेत्रमा निकै योगदान गर्नुभएको थियो । उहाँले कयौं स्कूलहरूको प्रबन्ध (स्थापना) गर्नुभएको थियो त चटगाउँका कयौं हाइस्कूलहरूलाई कलकत्ता विश्वविद्यालयबाट मान्यता प्राप्त गराइदिनुभएको थियो ।

भारतका कयौं प्रतिष्ठित महानुभावहरूले भिक्षु कृपाशरण एवं उहाँको सभालाई हरतरहले मद्दत गर्दै आउनुभएको थियो, उहाँहरूमा विशेषत: उत्तरभारतीय भिक्षु महावीर महास्थविर, पालिसाहित्यका प्रकाण्ड पण्डित आचार्य धर्मानन्द कौशाम्बी, महामहोपाध्याय सतीशचन्द्र विद्याभूषण, पण्डित हरिनाथ डे, सुप्रसिद्ध कवि चारूचन्द्र बसु, "Indian Mirror" नामक पत्रिकाका सम्पादक नरेन्द्रनाथ सेन आदि प्रमुख थिए ।

"बौद्ध धर्माङ्कुर सभा" लाई अगाडि बढाउनमा टेवा दिनु- भएका भिक्षु कृपाशरण महास्थविरका शिष्यहरूमा भिक्षु गुणालङ्कार,



Downloaded from http://dhamma.digital

सवणानन्द, भिक्षु कालीकुमार, भिक्षु आनन्दस्वामी, वेणीमाधव बरुआ, सुरेन्द्रनाथ चक्रवर्ती आदि प्रमुख थिए ।

सन् १९०८ मा "बौद्ध धर्माङ्कुर सभा" को एक शाखा लखनऊमा स्थापना गरिएको थियो । यस शाखालाई १० कट्टाको एउटा जग्गा उत्तर प्रदेश सरकारले भिक्षु कृपाशरणसमक्ष प्रदान गऱ्यो । त्यस जग्गामा विहार निर्माणार्थ भिक्षु कृपाशरण लखनऊदेखि बर्माको आक्याबसम्म पुग्नुभई चन्दा संकलन गर्न जानुभएको थियो । यसैको फलस्वरूप केही महिनापश्चात् १७ जनवरी १९०९ का दिन जग्गाको विहार निर्माण कार्य शुरू गरेको थियो । त्यस विहारलाई "बोधिसत्व विहार" नामकरण गरिएको थियो । यस विहार लखनऊको लाटूसरोड (हाल गोमती बुद्धमार्ग) मा अवस्थित थियो । यस विहारको निमित्त अराकन (बर्मा) का बौद्धहरु सम्मिलित भई एउटा भव्य बुद्ध-मूर्ति भिक्षु कृपाशरण महास्थविरलाई प्रदान गरेको थियो ।

शुरूमा भिक्षु कपिलकुमारको रेखदेखमा निर्मित त्यस बोधिसत्व-विहारमा सन् १९१५-१६ देखि भिक्षु कृपाशरण महास्थविरकै अन्य शिष्य भिक्षु बोधानन्द रहँदै आउनुभएको थियो ।

स्मरणीय छ, भिक्षु बोधानन्द ४ अक्टोबर १९१४ का दिन कलकत्ताको धर्माङ्कुरविहारमै भिक्षु कृपाशरण महास्थविरको आचार्य एवं उपाध्यायत्वमा प्रव्रज्या एवं उपसम्पदा प्राप्त गर्नुभएको थियो ।

अन्य स्मरणीय कुरा, भिक्षु कृपाशरण महास्थविर लाटूस रोड स्थित त्यस "बोधिसत्व विहार"मा रहँदै आउनुभएको बेला सन् १९१६ को मध्यतिर "बौद्ध धर्माङ्कुर सभा" का शताब्दीकालीन (सन् १८९२–



Downloaded from http://dhamma.digital

१९६२) विशिष्ट बौद्ध विद्वान् महापण्डित राहुल सांकृत्यायन (सन् १८९३–१९६३) ले पहिलो पटक बुद्धधर्मको परिचय भिक्षु बोधानन्द महास्थविरको तर्फबाट नै पाउनुभएको थियो।

भिक्षु कृपाशरण महास्थविरले लखनऊमा मात्र "बौद्ध धर्माङ्कुर सभा"को शाखा खोल्नुभएको थिएन सिमला - हिमाञ्चल प्रदेश, दिब्रुगढ –आसाम, दार्जिलिङ्ग – पश्चिम बंगाल र जमशेदपुर –विहार प्रदेशमा पनि बौद्ध धर्माङ्कुर सभाको शाखा खोल्नुभएको थियो।

भिक्षु कृपाशरण महास्थविरले सन् १९०८ देखि "जगज्ज्योति" नामक बंगाली पत्रिकाको पनि शुभारम्भ गर्नुभएको थियो। भिक्षु गुणालङ्कार महास्थविर र श्रमण पुण्णानन्दको सम्पादकत्वमा प्रकाशित यस पत्रिकाको प्रधान सम्पादक भिक्षु गुणालङ्कार रहनुभएको थियो। सन् १९१६ मा उहाँको निधन पश्चात सन् १९१७ देखि १९२० सम्म भिक्षु कृपाशरण महास्थविरको एक गृहस्थ शिष्य डा० वेणीमाधव बरुआ (सन् १८८८–१९४८) यस पत्रिकाको प्रधान सम्पादक रहनुभएको थियो।

सन् १९११ मा भिक्षु कृपाशरण महास्थविर–महाबोधि सभा (स्थापना – ३१ मई १८९१ ई.) को संस्थापक अनगारिक धर्मपाल (सन् १८६४–१९३३) का विशेष निमन्त्रणामा श्रीलङ्काको यात्रा गर्न कोलम्बो पुग्नुभएको थियो। कोलम्बोमा उहाँको भव्य स्वागतको आयोजना विद्योदय परिवेणमा गरिएको थियो। त्यस परिवेणका संघनायक हिक्कडुवे सुमंगल महास्थविर एवं अन्य विशिष्ट बौद्ध विद्वान्हरूसित उहाँको घनिष्ठ सम्पर्क हुन गएको फलस्वरूप भिक्षु कृपाशरण महास्थविर भारत फर्कनासाथ श्रीलंकाको बौद्ध संस्कृतिबाट प्रभावित भई आफ्नो धर्म-प्रचारको कार्यमा पुनः तीव्रता ल्याउन कोशिश गर्नुभएको थियो।



Downloaded from http://dhamma.digital

एक - डेढ महीनाको श्रीलङ्का भ्रमणकालमा भिक्षु कृपाशरण महास्थविरले बौद्ध गतिविधिहरूमा मात्र समाविष्ट हुनुभएको थिएन श्रीलङ्काका ऐतिहासिक बौद्ध तीर्थस्थलहरूको पनि परिभ्रमण गर्नुभएको थियो जसमा प्रमुखत: अनुराधापुर, कैण्डी, र मिहिन्तले आदि थिए ।

सन् १९१५ मा अनगारिक धर्मपाललाई चटगाउँका बौद्धहरूले आमन्त्रण गरेका थिए । त्यसबेला भिक्षु कृपाशरण महास्थविर चटगाउँमै थिए । अतः उहाँले अनगारिक धर्मपालको चटगाउँको निवासकालमा पूर्ण साथ दिनुभएको थियो । अनगारिक धर्मपाललाई चट्गाउँका प्रमुख बौद्ध केन्द्रहरू अवलोकन गराउन भिक्षु कृपाशरण महास्थविर स्वयम् आउनुभएको फलस्वरूप उहाँहरूको एक आपसको सम्बन्ध निकै प्रगाढ हुन गएको थियो ।

३१ अक्टोबर १९१५ का दिन "बौद्ध धर्माङ्कुर सभा" का सदस्यहरूको इच्छानुरूप बौद्ध धर्माङ्कुरविहारको हातामित्र भिक्षु कृपाशरण महास्थविरको एक मूर्ति प्रतिस्थापना गरेको थियो जून मूर्ति एक इटालियन मूर्तिकारले बनाएको थियो त्यस मूर्तिको मुनि धातुको पातामा भिक्षु कृपाशरण महास्थविरको जीवनी र उहाँका गतिविधिहरू कुँदिएको थियो । यस मूर्ति प्रतिस्थापना समारोहको सभापतित्व कलकत्ता कोर्टका प्रधान न्यायाधीश एवं कलकत्ता विश्वविद्यालयका उपकुलपति सर आशुतोष मुखर्जी (सन् १८६४–१९२४ ) रहनुभएको थियो भने प्रमुख अतिथिको रूपमा अनगारिक धर्मपाललाई निम्त्याइएको थियो । त्यस समारोहमा विशेष अतिथिको रूपमा डा. क्षितीशचन्द्र विद्याभूषण र ढाका (हाल बंगलादेशको राजधानी) का जीवेन्द्रनाथ चौधरी पनि उपस्थित हुनुभएको थियो ।



Downloaded from http://dhamma.digital

यसै वर्ष (सन् १९१५) को ६ डिसम्बरका दिन "बौद्ध धर्माङ्कुरसभा" सन् १८६० को विधानानुसार दर्ता (Register) पनि गरिएको थियो।

भिक्षु कृपाशरण महास्थविरको जीवनकालमा उहाँको अथक प्रयासले "बौद्ध धर्माङ्कुरसभा" बाट गरिएका कार्यहरूमा बंगाली "जगज्ज्योति" पत्रिकाको प्रकाशन, गुणालङ्कार पुस्तकालयको स्थापना– सन् १९०९, कृपाशरण निःशुल्क पाठशाला सन् –१९१२; मजदूरहरूको निमित्त स्कूल – सन् १९१३ को अतिरिक्त सन् १९२४ को अन्तमा सम्पन्न भिक्षु सीमाभवनको स्थापना – २५ नोभेम्बरका दिन र अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन (६–१४ डिसम्बर १९२४) प्रमुख थिए। यस सम्मेलन कलकत्ताको नालन्दा पार्क (Nalanda Spuare) मा सम्पन्न गरिएको थियो। विशेषतः देश विदेशका संघनायक भिक्षुहरू सम्मिलित भई सम्पन्न गरेको त्यस सम्मेलनको अध्यक्षता अराकन (बर्मा) को भिक्षु ऊ. चन्द्रमाला महास्थविर र ऊ. जतिल महास्थविरले गर्नु भएको थियो।

बृद्धावस्था (५८/५९ वर्ष) को उमेरमा सम्मेलनका प्रायः सम्पूर्ण कार्यभार आफूले सम्हाल्नुको साथै सम्मेलन सम्पन्नार्थ चन्दा एकट्ठा गर्न विभिन्न ठाउँमा जानुभएको कारण पहिले नै केही दुर्बल भइसकेको भिक्षु कृपाशरणको शरीर सम्मेलनपश्चात् झन दुर्बल भई रोगीशय्यामा रहन बाध्य भयो।

रोगीशय्यामा रहनुभएको डेढ वर्षपश्चात् भिक्षु कृपाशरण महास्थविरले आफ्नो ६१ वर्षको जीवनकाल ३० अप्रिल १९२६ का दिन कलकत्ताको "धर्माङ्कुर विहार" मै समाप्त गरेर जानुभयो।



Downloaded from http://dhamma.digital

अन्तमा, उहाँको शोकसमाचार "The Mahabodhi" पत्रिकाको शब्दमा–

"It is with the deepest sorrow that we have to record the death of the most Reverend Kripasaran mahasthavir the founder and president of the Bengal Buddhist Association. For a number of months he was in a very poor state of health and on Friday the 30th April he passed away peacefully at the Dharmankur vihar surrounded by his pupil and admirers. In his death the Buddhist of Bengal have lost one of their saintliests Bhikshu and an indefatigable worker in the cause of Buddhist revival in Bengal. We offer our sincere condolence to the Buddists of Cnittagong in their great loss."

(April–May, 1926)

अर्थात–

यो अति नै दु:खको कुरा छ कि हाम्रो बंगाली बौद्ध संघका अध्यक्ष एवं संस्थापक कृपाशरण महास्थविरको निधनको समाचार उल्लेख गर्नुपऱ्यो। कयौं महीना अगाडिदेखि अस्वस्थरूपमा रहनुभएका उहाँ ३० अप्रिल शुक्रबारका दिन धर्माङ्कुरविहारमा शिष्यहरू र प्रशंसकहरूको अगाडि निधन हुनुभयो। उहाँको निधनले विशेषत: बंगाली बौद्धहरूको निमित्त अपूरणीय क्षति हुन गयो कारण उहाँ बंगालमा बुद्ध-



Downloaded from http://dhamma.digital

धर्मका प्रमुख पुनरुद्धारक थिए जो एक सच्चा बौद्ध भिक्षु एवं अश्रान्त (सदा जागरूक रहिरहने) व्यक्ति थिए। ह्रामी उहाँको निधनमा विशेषत चटगाउँका बौद्धहरूप्रति हुन गएको ठूलो क्षतिमा गहिरो खेद (समवेदना) प्रटक गर्दछौं।

(अप्रिल–मई, १९२६)

★ ★

'आनन्द भूमि'
वर्ष– २१, अंक – १०, ११
(माघ, फागुण २०५०)

## – सन्दर्भ –


१) बौद्ध–विभूतियाँ – भिक्षु धर्मरक्षित
– मनोरञ्जन पुस्तकालय, बनारस १९५४

२) Hundred years of the Bauddha Dharmankur Sabha (1892–1992)
– **Bauddha Dharmankur Sabha**
**Buddhist Temple Streel, Calcutta**




Downloaded from http://dhamma.digital

# प्रो. लक्ष्मी नरसू

१९ औं शताब्दीका भारतका केहि प्रतिष्ठित बौद्ध विद्वान्-हरूमा प्रो. लक्ष्मी नरसू पनि एक प्रमुख थिए ।

उहाँको जन्म दक्षिण भारतको तमिलनाडू प्रदेशमा १९ औं शताब्दीको उत्तरार्द्ध (सन् १८७०–८०) मा भएको थियो । उहाँले बाल्यकालदेखि नै अध्ययनमा विशेष रूचि राख्नुभएको थियो ।

शुरूमा सामान्य शिक्षक हुनुभएका उहाँले मद्रासको क्रिश्चियन कलेजबाट भौतिक शास्त्रमा स्नातक गरिसकेपछि सन् १८९७ सम्मको अवधिमा सहायक आचार्य बनिसकेका थिए ।

सन् १८९८-९९ तिर शायद क्रिश्चियन कलेजकै भौतिक शास्त्रका स्थायी आचार्य प्रो. मोफट्ट छुट्टीमा जानुभएको कारण उहाँको स्थानमा भौतिक शास्त्रमात्र होइन रसायन शास्त्रका पनि प्रोफेसर लक्ष्मी नरसूलाई नै नियुक्त गरियो । उहाँ यी दुवै विषयका आचार्य (प्रोफेसर) मात्र होइन परीक्षक समेत नियुक्त हुनुभएको थियो ।

प्रो. लक्ष्मी नरसूले एक शिक्षा-शास्त्रीको रूपमा तुरून्त व्यापक मान्यता प्राप्त गर्नुभयो जसको फलस्वरूप उहाँ तमिलनाडूको "पच्चैय्या महाविद्यालय" को प्राचार्य पदमा समेत नियुक्त हुनुभयो ।



Downloaded from http://dhamma.digital

आफ्ना विद्यार्थीहरूमा उहाँ अति नै लोकप्रिय थिए । आफ्ना विद्यार्थीहरूलाई उहाँले बरोबर बुद्ध र बौद्ध-धर्मको विषयमा व्याख्यान पनि दिन्थे ।

पाठक महोदय ! त्यसताका (१९ औं शताब्दीको अन्तिम दशकतिर) दक्षिण भारतमा विशेषत: तमिलनाडूमा बुद्ध-धर्मको साथै शताब्दियौंदेखि बहिस्कृतरूपमा रहँदै आएका दलित जातिलाई उद्धार गर्न पण्डित अयोध्यादास नामक एक व्यक्ति प्रादुर्भाव हुनुभएको थियो जसले विशेषरूपमा सन् १८९२ देखि आफ्नो पूर्वजहरूको धर्म (बुद्ध-धर्म) र हिन्दू ब्राह्मणहरूद्वारा दलित हुनपुगेका दलितजनहरूको सेवा कार्यमा लाग्दै आउनुभएको थियो । अत: उहाँको नाम तिनीहरूले बडो प्रेम तथा श्रद्धाले लिने गर्दथे मानो एक सन्त महात्मा नै थिए ।

श्रद्धेय पण्डित अयोध्यादास सन् १९०३ मा श्रीलङ्का जानुभई केलनियास्थित विद्यालंकार परिवेणका प्रधानाचार्य हिक्कडुवे श्री सुमङ्गल महास्थविर (सन् १८२७-१९११) सित त्रिशरण सहित पञ्चशील ग्रहण गरी "बौद्ध" घोषित हुनुभएको थियो ।

उहाँ आफ्नो उद्देश्य र संकल्पमा दृढता प्राप्त गरी सन् १९०३ मै मद्रास फर्केका थिए । उहाँले बुद्ध-धर्ममा दिलचस्पी भएका तमाम जनताहरूलाई एकत्रित पारी "दक्षिण-भारत शाक्य-बौद्ध सभा" नामक एक संस्था स्थापना गर्नुभयो । यस सभाले नियमित साप्ताहिक व्याख्यान एवं तामिल साप्ताहिक पत्र पनि प्रकाशन गरी विशेषत: दक्षिण-भारतमा बुद्ध-धर्म एवं- दलित वर्गको उत्थानको निमित्त अनेकौं कार्य गरेको थियो ।



Downloaded from http://dhamma.digital

पण्डित अयोध्यादासले यी सब कार्य गर्नसक्नुका खास कारण शुरुदेखि उहाँलाई प्रो. लक्ष्मी नरसू र सिगारावेलु नामक एक वकिलले निरन्तर (विशेषरूपमा) सहयोग गर्दै आएबाट हुन आएको हो।

स्मरणीय छ, २० औं शताब्दीको पहिलो दशक (सन् १९०१-१०) भित्रमा मद्रासमा "महाबोधि सभा"को शाखा स्थापना भइसकेको थियो। यस शाखाको प्रमुख प्रो. लक्ष्मी नरसू रहनु भएको थियो त सचिव सिगारावेलु थिए।

यसप्रकार भारतको दक्षिणीभूभाग तमिलनाडूमा "दक्षिण भारत शाक्य बौद्ध-सभा" (पछि दक्षिण-भारत बौद्ध-धर्म सभा- South Buddhist Association) र महाबोधि शाखाको तर्फबाट बुद्ध-धर्मको व्यापक प्रचार-प्रसार हुँदै आएको थियो।

तर अफशोच ! ५ मई १९१४ का दिन पण्डित अयोध्यादासको निधन हुनगएबाट "दक्षिण-भारत बौद्ध-धर्म सभा"को तेज केही मात्रामा घट्न गएको थियो यद्यपि उहाँको स्थानमा प्रो. लक्ष्मी नरसू रहनुभएको थियो।

पण्डित अयोध्यादासले आफ्नो जीवनकालमा गर्नभएको अन्य एक महत्वपूर्ण कार्य हो- सन् १९१० मा भारत सरकारको तर्फबाट बौद्धहरूको अलग्ग जनगणना गराउनु जसअनुसार त्यसताका मद्रास (तमिलनाडू) मा १८,००० बौद्ध थिए यस्तै बौद्ध जनगणना प्रो. लक्ष्मी नरसूको विशेष प्रयत्नमा सन् १९३१ मा पनि गराएको थियो।

उपर्युक्त महानुभावहरू एवं विशेषत: प्रो. लक्ष्मी नरसूको व्यक्तित्वबारेमा आचार्य धर्मानन्द कौशाम्बी (सन् १८७६ - १९४७) उल्लेख गर्नुहुन्छ-



Downloaded from http://dhamma.digital

"मद्रास शहरमें उस समय 'महाबोधि' नाम की एक बौद्ध संस्था थी। उस संस्था के अध्यक्ष प्रोफेसर लक्ष्मी नरसू व सचिव सिङ्गारावेलू थे।.........

मद्रास में परिहार (पाराया) अतिशूद्र जाति के बहुत से लोगों ने बौद्धधर्म स्वीकार कर लिया था। इन नव बौद्धों के नेता पण्डित अयोधीदास थे।.........

इन लोगों (दक्षिण भारत बौद्धधर्म सभा र महाबोधि सभाका सदस्यहरू) ने रायपेट मे एक घर किराये से लिया और उसमे मेरे लिये बौद्ध आश्रमकी स्थापनाकी। उस समयमें इस बौद्धाश्रम पर प्रत्येक रविवार के दिन बौद्धधर्म पर प्रवचन व व्याख्यान हुआ करते थे। मैं उस प्रवचन के समय एकाध पालि सुत्त कहा करता था व उसका तामिल भाषा मे अनुवाद श्री सिंगारावेलू किया करते थे। कभी-कभी प्रोफ़ेसर पी. लक्ष्मी नरसू भी व्याख्यान दिया करते थे। आप कभी-कभी बाहर से भी वक्ताओं को बुलाया करते थे।.........

उस दौरान यदि कुछ सुखका अनुभव हुआ हो तो प्रोफेसर नरसू के साथ सहवास का। प्रोफ़ेसर नरसू प्रत्येक शुक्रबारको सायं के समय बौद्ध आश्रम मे आते थे। आप महाविद्यालय के वाचनालय से कुछ पुस्तक मेरे वाचन के लिए लाते थे। किसी विषयका तुलनात्मक अध्ययन किसप्रकार करना चाहिए, यह मैंने पहली बार प्रोफेसर नरसू से सीखा। इसके सिवाय उनका बर्ताव बहुत ही अच्छा व किसी भी प्रकारका व्यसन (बुरी आदत) नहीं था। वे एक अत्यन्त खुले दिल के व्यक्ति है। अन्दर से एक और बाहर से कुछ और, इसप्रकार के



Downloaded from http://dhamma.digital

व्यवहार पर उनसे नाराजी थी। मद्रास राज्य मे समाजसुधारकों में उनकी गणना होती है। इस प्रकारके पुरूष के प्रति किसी को भी आदर देने की इच्छा होगी।"

यस्ता चरित्र हुनुभएका प्रो. लक्ष्मी नरसूले सन् १९०७ मा एक यस्तो ग्रन्थ लेखी प्रकाशित गर्नुभयो जुन ग्रन्थको कारणबाट उहाँको नाम सारा बौद्धजगत्मा व्याप्त भयो। उहाँको आशयअनुरूप त्यस ग्रन्थले यूरोप र अमेरिकासम्मका श्रद्धालुहरूलाई बुद्ध र बुद्ध-धर्मको विशेष मान्यताहरूलाई आधुनिक ढङ्गबाट विश्लेषण गरी बोध गराउन सफल भएको थियो।

प्रत्येक पाठकलाई मानसिक स्तरमा बुद्ध-धर्मको अमित छाप दिन सक्ने प्रो. लक्ष्मी नरसूको त्यस अंग्रेजी ग्रन्थको नाम हो—

**"The Essence of Buddhism"**

सन् १९११-१२ मा दोस्रो संस्करण प्रकाशित भइसकेको यस ग्रन्थको हेतुद्वारा कयौं व्यक्ति एवं संघसंस्थाहरूलाई समेत प्रभावित गरेको कुरा स्वयम् प्रो. लक्ष्मी नरसूले आफ्नो दोस्रो संस्करणको भूमिकामा उल्लेख गर्नुभएको छ, यथा-

"Since the publication of the first edition many events have happened which prove the growing interest of all thougtful men in Buddhism. Of these I need not only with the unearthing of the relics of the Buddha near Peshawar, the celebration of the Vaishak festival by non Buddhists, the Progress made by the Bengal



Downloaded from http://dhamma.digital

Buddhist Association, the establishment of the Buddhist society of Great Britain and Ireland, the Publication of the 'Jagajyoti' (Light of the world) in Bengali and the 'Buddhist Review' in English It would be arrogant to suppose that my book has had any direct influence in bringing about these events, but it is no small consolation to learn from some as these connected with these movements that my book has had a Persuasive influence on them."

अर्थ –

"ग्रन्थ प्रकाशनको पहिलो संस्करणपछि यस्ता केही गतिविधिहरू देखिन आएका छन् जसबाट यो प्रमाणित भएको छ– सम्पूर्ण विचारशील मानवहरू बुद्धधर्मतर्फ आकर्षित भइरहेका छन् जसमध्ये म केही उल्लेख गर्न चाहन्छु, जस्तो पेशावरको नजिक उत्खननमा बुद्धको अस्थिधातु प्राप्तिप्रति मानिसहरूले देखाइएको दिलचस्पी, अबौद्धहरूले पनि वैशाख-पूर्णिमाको उत्सव मनाउनु, बंगाल बुद्धिष्ट एशोसियन (स्थापना – सन् १८९२)ले गरेको प्रगति, बुद्धिष्ट सोसाइटी अफ ग्रेटब्रिटेन एण्ड आयर्लैण्डको स्थापना (सन् १९०७), 'जगज्ज्योति' नामक बंगालीपत्रिकाको प्रकाशन (सन् १९०८), 'बुद्धिष्ट रिभ्यू' नामक अंग्रेजी पत्रिकाको प्रकाशन (सन् १९०८ ?)। यो त मेरो अहङ्कार नै मान्नुपर्छ कि यदि मैले यी गतिविधिहरूमा मेरो ग्रन्थको प्रकाशनको प्रभावबाट भएको सम्झेमा तर यो कम सन्तोषप्रद कुरा होइन कि यी घटनाहरूसित सम्बन्धित व्यक्ति-



Downloaded from http://dhamma.digital

हरूकै तर्फबाट यो जानकारी हुन आउनु कि मेरो यस पुस्तकबाट तिनीहरूलाई प्रेरणात्मक प्रभाव परेको थियो ।"

यद्यपि यस ग्रन्थको दोस्रो संस्करण मद्रासको श्रीनिवास वरदचारी एण्ड कम्पनी (Srinivasa Varadachari & Co.) को तर्फबाट भएको थियो तर यस कम्पनीलाई प्रकाशन गर्न प्रायः सम्पूर्ण आर्थिक भार "महाबोधि सभा"का महान्‌दाता श्रीमती मेरी ऐलिजाबेथ फोस्टर (सन् १८४४–१९३०) - जो होनलुलु/(हवाइद्वीप) का थिए ले वहन गरेकी थिए ।

प्रो. लक्ष्मी नरसूले ग्रन्थलेखन कार्यमात्र गर्नभएको थिएन महाबोधि शाखा एवं दक्षिण-भारत बौद्धधर्म सभाका मित्रहरूको सहायता लिई सन् १९१७ देखि 'दक्षिण–भारतीय बौद्ध सम्मेलन' पनि सम्पन्न गर्दै आएको थियो ।

तर, अफशोच ! सन् १९३१ मा चौथो सम्मेलन सम्पन्न भएको ३ वर्षपश्चात् १४ जुलाई १९३४ का दिन प्रो. लक्ष्मी नरसूको देहावसान भयो । उहाँको निधनपश्चात् धार्मिक आन्दोलनको गति त्यति तेज भएन यसको अन्य मुख्यकारण श्रीलंका तथा बर्माका सहधर्मीहरूको तर्फबाट प्राप्त हुने सहयोगको पनि अभाव हुनगएको थियो ।

तैपनि प्रो. लक्ष्मी नरसूको निधनको केही वर्षपछि बर्माका एक सुप्रसिद्ध भिक्षु ऊ. थित्तिल जो "धम्माचरिय" उपाधिबाट विभूषित व्यक्ति थिए केही वर्ष "दक्षिण–भारत बौद्ध-धर्म सभा" का सभापति भई केही प्रचारगर्नुभएको थियो तर उहाँ पनि अध्ययनार्थ इङ्गलैण्ड (England) जानुभयो । यसबाट पुनः मद्रासमा धर्मप्रचारको कार्य रोकिन गयो ।



Downloaded from http://dhamma.digital

हर्षको कुरा हो, मद्रासमा अविच्छिन्नरूपमा बुद्ध-धर्मको प्रचार प्रसार हुन नसकेतापनि प्रो. लक्ष्मी नरसूको 'The Essence of Buddhism' ले त निकै प्रचार प्रसार गरेको थियो । स्वयम् भारतका संविधान निर्माता बाबासाहेब डा अम्बेडकर (सन् १८९१–१९५६) ले यस पुस्तकको तेस्रो संस्करण थैकर एण्ड कम्पनी लि. बम्बईबाट सन् १९४८ मा प्रकाशित गराइयो ।

थप हर्षको कुरा हो– यस ग्रन्थको बढी लोकप्रियताको कारण डा० भदन्त आनन्द कौशल्यायन (सन १९०५–८८) ले आफ्नो जीवनको अन्तिम वर्षमा समेत थकावटको केही परवाह नगरी यस ग्रन्थको हिन्दी अनुवाद पूर्ण गरी 'सिद्धार्थ गौतम शिक्षण व संस्कृति समिति,' नागपुरका तर्फबाट प्रकाशन समेत गराउन सफल हुनुभएको थियो ।

★ ★

'आनन्द भूमि'
वर्ष – २३, अंक – २
(जेठ, २०५२)

– सन्दर्भ –

१) धर्मदूत – वर्ष–५, अंक–११
(अप्रिल् १९४०)

२) बौद्ध-धर्मका सार (The Essence of Buddhism)
मूल लेखक – प्रो. लक्ष्मी नरसू
हिन्दी अनुवादक– भदन्त आनन्द कौशल्यायन
– सिद्धार्थ गौतम शिक्षण व संस्कृति समिति
मनसारी, नागपुर, महाराष्ट्र प्रदेश – १९८९



Downloaded from http://dhamma.digital

# डा. वेणीमाधव बरूआ

२० औं शताब्दीमा भारतमा प्रादुर्भाव हुनुभएका केही बौद्ध विद्वान्हरूमा डा. वेणीमाधव बरूआ (Dr. B. M. Barua) पनि एक प्रमुख थिए।

उहाँको जन्म ३१ डिसम्बर १८८८ का दिन चटगाउँ (हाल बंगलादेश) को एक बौद्ध परिवारमा भएको थियो। उहाँ पिता राजचन्द्र तालुकदार र माता धनेश्वरीका सुपुत्र थिए। बाल्यावस्था मै उहाँले आफ्नो पारिवारिक थर "तालुकदार" छाडी त्यसताका चटगाउँमा प्रचलित बौद्ध थर "बरूआ" ग्रहण गरेको थियो।

आफ्नो प्रारम्भिक शिक्षा आफ्नै गाउँ महामुनि पबरतल्ली, चटगाउँमा समाप्त गर्नुभएका वेणीमाधव बरूआले सन् १९०२ मा चटगाउँको एक माध्यमिक स्कूलमा भर्ना भई सन् १९०८ मा मैट्रिक शिक्षा (स्कूली शिक्षा) उत्तीर्ण गर्नुभएको थियो।

यस अवधिभित्रमा वेणीमाधव बरूआको सम्पर्क त्यसताका चटगाउँका सुप्रसिद्ध अग्गमहापण्डित धम्मवंश महास्थविरसित घनिष्ठ भइसकेको थियो जसले चटगाउँको सुप्रसिद्ध माध्यमिक स्कूल (Chittagong Collegiate School) र चटगाउँ कलेजमा पालीका अध्यापक (सन् १९०४ र १९०५) भई अध्यापन कार्य गर्दै आइसकेका थिए।



Downloaded from http://dhamma.digital



डा. बेणीमाधव बरूआ
(सन् १८८८-१९४८)

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

वेणीमाधव बरुआ मेट्रिक शिक्षा उत्तीर्ण गरे पश्चात सन् १९०८ मैं कलकत्तामा आउनुभयो र कलकत्तास्थित स्कटीश चर्च कलेज (Scottish Church College) मा दुई वर्ष अध्ययन गर्नुभयो। उहाँले आफ्नो प्रमुख विषय पाली लिनुभएको थियो। यही विषयमा उहाँले आफ्नो अध्ययन Presidency College मा गर्नुभएको थियो। तर उहाँले यस विषयमा आफ्नो बी. ए. परीक्षा अन्तमा कृष्णनाथ कलेज (Krishnanath College), बहरामपुरबाट सन् १९११ मा पूर्ण गर्नुभएको थियो जुन परीक्षा कलकत्ता विश्वविद्यालय अन्तर्गत नै थियो। यस्तै वेणीमाधव बरुआले आफ्नो एम. ए. को परीक्षा पनि पाली विषय मैं कलकत्ता विश्वविद्यालयबाट सन् १९१३ मा प्रथम श्रेणीमा उत्तीर्ण गर्नुभएको थियो।

यसप्रकार पालीभाषा एवं साहित्यमा बेजोड सफलता प्राप्त गर्दै जानुभएको फलस्वरूप उहाँलाई पुन यस विषयमा गहनतम अध्ययन गराउन सरकारको तर्फबाट छात्रवृति प्रदान गराई इङ्गलैण्डमा अध्ययन गर्ने सुअवसर प्राप्त भयो। यसको निमित्त उहाँलाई बंगालमा बुद्ध-धर्मका पुनरुद्धारक हुनुभएका भिक्षु कृपाशरण महास्थविर (सन् १८६५-१९२६) र कलकत्ता विश्वविद्यालयका उपकुलपति सर आसुतोष मुकर्जी (सन् १८६४-१९२४) ले विशेष सहयोग गर्नुभएको थियो।

यहाँहरू द्वयको विशेष अनुकम्पाबाट सन् १९१४ मैं इङ्गलैण्ड जानुभएका वेणीमाधव बरुआले लन्दन विश्वविद्यालयमा आफ्नो अध्ययन जारी गर्दै लगे। उहाँलाई लन्दनमा पनि त्यहाँका सुप्रसिद्ध पाली विद्वान् दम्पति रीस् डाय्विड्सले विशेष सहयोग दिएका थिए। वेणीमाधव



Downloaded from http://dhamma.digital

बरूआले लन्दनमा आफ्नो शोधग्रन्थ "Indian Philosophy-Its origin and growth from the vedas to the Buddha" तयार गर्नुभएको थियो। यस शोधग्रन्थ तयार गर्नको निमित पनि रीस डायविडस दम्पतिले विशेष (बहुमुल्य) सुझाव एवं समालोचनाको ढंगबाट वेणीमाधव बरूआलाई बताउनुभएको थियो। सन् १९१७ मा लन्दन विश्वविद्यालयले वेणीमाधव बरूआलाई सो शोध-ग्रन्थको तर्फबाट "डी. लिट्" उपाधि प्रदान गरियो। साँच्चैनै डा. वेणीमाधव बरूआनै पहिलो एशियाली व्यक्ति थिए जसले लन्दन विश्वविद्यालयबाट "डी. लिट्" उपाधि प्राप्त गरे।

यसरी वेणीमाधव बरूआले लन्दन विश्वविद्यालयबाट सन् १९१७ मा "डाक्टरेट" उपाधि प्राप्त गरे। सो वर्ष मै उहाँ यूरोपबाट फर्कनुभयो र कलकत्ता विश्वविद्यालयमा २१ डिसम्बर १९१७ का दिन देखि पाली अध्यापकको रूपमा नियुक्त पनि हुनुभयो। यसको अतिरिक्त (पाली अध्यापक) उहाँले अन्य प्रमुख कार्यमा पनि हात राख्नुभयो, सो थियो-

सन् १९०८ को आषाढ पूर्णिमाको दिनदेखि शुभारम्भ भएको "बौद्ध धर्माङ्कुर सभा" को मासिक पत्रिका "जगज्योति" - जुन सन् १९१६ मा त्यसको प्रधान सम्पादक हुनुभएका भिक्षु गुणालङ्कार महा-स्थविर (सन् १८७४-१९१६) को निधन पश्चात झण्डै बन्द हुनलागेको सो पत्रिका सन् १९१७ मा डा. वेणीमाधव बरूआ लन्दनबाट फर्कनासाथ पत्रिकाको प्रमुख सम्पादकको पद बहन गरेकाथिए।

सन् १९१७-२० सम्मको उनको प्रमुख सम्पादनकालमा उनले "जगज्योति" पत्रिकालाई निकै स्तरीय तुल्याए। उनी आफैले पनि



Downloaded from http://dhamma.digital

कर्यो अनुसन्धानात्मक रचनाहरू लेखी पत्रिकामा निरन्तररूपमा प्रकाशित गर्दै लगेका थिए जसमा केही प्रमुख रचनाहरू निम्न हुन् — बुद्धधर्मको ऐतिहासिक वर्णन (The historical accounts of Buddhism), शाक्य, लिच्छवी र वज्जीहरूको विनाशको कहानी (The stories of destruction of the Sakyas the Lichbavis and the Vajjis), गुप्तकालीन 'त्रिपुरा' को हिन्दू-धर्म र बुद्ध धर्मको अवस्था (The conditions of Hinduism and Buddhism of Tripura during the Guptas), बुद्ध-धर्ममा पुनर्जन्म (Rebirth in Buddhism – प्रो. अलेक्जेण्डर डेविड नीलको लेख – बंगाली अनुवाद), बंगाली बौद्ध समुदाय (The Bengalic Buddhist community), पश्चिममा बौद्धहरू (Buddhists in the west) आदि प्रमुख हुन्।

यसको अतिरिक्त डा. वेणीमाधव बरूआको प्रधान सम्पादकत्वकालमा केही जातकहरू पनि बंगालीभाषामा 'जगज्योति' पत्रिकामा निरन्तररूपमा प्रकाशित भएको थियो। सम्पूर्ण जातक बंगालीभाषामा अनुवाद भई प्रकाशित(हिन्दी भाषामा भन्दा पहिले) हुनुअगाडि प्रकाशित भएका ती केही जातकहरू निम्न हुन् – महासीलव जातक (नं. ५१), पंचायुद्ध जातक (नं. ५५), महास्वप्न जातक (नं. ७७), संकल्प जातक (नं. २५१), धर्मध्वज जातक (नं. ३८४) र चतुद्वार जातक (नं. ४३९) आदि। स्मरणीय छ, यी जातकहरूका साथै सम्पूर्ण पालीजातकहरू बंगालीमा अनुवाद गरी ६ खण्डमा प्रकाशित गराउनमा सफल भएका संस्कृत एवं पालीसाहित्यका विद्वान् हुन्– ईशानचन्द्र घोष।



Downloaded from http://dhamma.digital

भारतमा सर्वप्रथम पाली-भाषामा एम ए. गरेका सतीशचन्द्र विद्याभूषण – जो कलकत्ता विश्वविद्यालयका पालीका पहिलो अध्यापक थिए को निधनपश्चात् १ जून १९२५ देखि डा बेणीमाधव बरुआ नै कलकत्ता विश्वविद्यालयका पाली-प्रोफेसर एवं पालीविभागाध्यक्षको रूपमा नियुक्त भएका थिए। डा. बरुआ कलकत्ता विश्वविद्यालयमा सिर्फ पालीभाषा एवं साहित्यका मात्र प्रोफेसर थिएनन् उहाँ एक प्रमुख भारतविद् हुनाको कारण भारतका प्राचीन इतिहास, कला, संस्कृति आदि विषयमा पनि पूर्ण योग्यताका साथ पढाउँथे।

डा. बेणीमाधव बरुआको अन्य एक उल्लेखनीय कार्य "नालन्दा विद्याभवन"को स्थापना एवं सम्बर्द्धनलाई लिन सकिन्छ, यद्यपि यस विद्याभवन "बौद्धधर्माङ्कुर सभा" द्वारा स्थापना भएको थियो तापनि पाली एवं अन्य बौद्धशास्त्रहरूको अध्ययन अध्यापन गराउने हेतुले स्थापित यस विद्याभवनको आवश्यकता एवं पूर्ति डा. बरुआको विशेष प्रयत्नबाट मात्र सम्भव भएको थियो, अतः उहाँलाई यस अध्ययन संस्थान (An Institute of pali and Buddhology) को पहिलो सभापति नियुक्त गरिएको थियो, यस्तै पहिलो सचिव भूपेन्द्रनाथ मुत्सुद्दिलाई नियुक्त गरिएको थियो।

२० जून १९३५ का दिन शुभारम्भ गरिएको त्यस विद्याभवन शुरूमा कलकत्ताको धर्माङ्कुर विहार बाट नै भएको थियो। पछि विहारकै कम्पाउण्डभित्र बनिएको आर्यविहारमा सारियो। स्मरणीय छ, "आर्यविहार"– सेठ जुगलकिशोर बिडला (सन् १८८३–१९३७) ले आफ्नो पिता राजा बलदेवदास बिडलाको स्मृतिमा निर्माण गरिदिइएको थियो। ११ डिसम्बर १९३७ का दिन डा. सर्वपल्ली राधाकृष्णको



Downloaded from http://dhamma.digital

हातबाट सम्पन्न गरिएको उद्घाटन समारोहमा कलकत्ताविश्वविद्यालयका तत्कालीन उपकुलपति डा. श्यामाप्रसाद मुखर्जीको सभापतित्वमा भव्य-रूपमा त्यस समारोह सम्पन्न गरिएको थियो ।

शायद त्यस समारोहमा नेपालका एक बौद्धविद्वान् धर्मादित्य धर्माचार्य (सन् १९०१–७३) पनि सहभागी हुनुभएको थियो कारण उनी सन् १९२१ देखि सन् १९३५–३६ सम्म कलकत्तामा रही पाली–साहित्य एवं अन्य बौद्धसाहित्यको मात्र अध्ययन–अध्यापन गरेका थिएनन् बुद्धधर्मको प्रचार-प्रसारार्थ विभिन्न भाषामा पत्र-पत्रिकाहरू सम्पादन एवं प्रकाशन गरिनु, विभिन्न सभा–सम्मेलनहरूमा सहभागी भई साँच्चिकै धर्मदूतको उत्तरदायित्व वहन गरेका व्यक्ति थिए ।

धर्मादित्य धर्माचार्यले सम्पादन गरी प्रकाशित गरेका पत्रिका–हरूमा "बौद्ध भारत" पनि एक प्रमुख थियो । यस पत्रिका हिन्दी र बंगाली दुवै भाषामा प्रकाशित गरिएको थियो । यसै सन्दर्भअनुरूप धर्मादित्य धर्माचार्यले डा. वेणीमाधव बरूआलाई साथ लिई दुवैको सम्पादकत्वमा अंग्रेजीमा "The Buddhist India" नामक पत्रिका पनि त्रैमासिकरूपमा २ वर्षसम्म अतूटरूपमा प्रकाशित गरेका थिए ।

यी सम्पूर्ण कार्यहरू (पत्र-पत्रिका प्रकाशन, सभा–सम्मेलनको आयोजना, विभिन्न सभा–सम्मेलनहरूमा सहभागी, बुद्ध-धर्मको अन्तर्राष्ट्रिय क्रियाकलापमा सहयोगअनुरूप बोधगया मन्दिर बौद्धहरूको हातमा ल्याउनको निमित्त गरेको आन्दोलनमा सहभागी, अग्रश्रावकहरूको अस्थिधातु लण्डनबाट भारत फर्काउनमा महाबोधि सभालाई टेवा, सारनाथमा निर्मित मूलगन्धकुटी विहार निर्माणमा टेवा आदि) धर्मादित्य धर्माचार्यले सन् १९३५ अगाडि नै सुसम्पन्न गरिसकेको थियो । अतः



Downloaded from http://dhamma.digital

स्पष्ट छ, धर्मादित्य धर्माचार्यको सम्बन्ध डा. वेणीमाधव बरूआसित घनिष्ठ थियो ।

यसैकारण होला, सन् १९३५ अगाडि जापानमा सम्पन्न भएको विश्व बौद्ध सम्मेलनमा धर्मादित्य धर्माचार्यले आफूलाई सेक्रेटरी हुन ३०० यानका साथ आएको निमन्त्रण नै डा. वेणीमाधव बरूआलाई खुशासाथ सुम्पियो । धर्मादित्य धर्माचार्य जापान जान नपाउनुको खास-कारण नेपालको राणासरकारबाट फेरि नेपाल आउनु नपर्ने भए गएपनि हुन्छ भन्ने खालको जबाफबाट आफ्नो सट्टा डा. बरूआलाई पठाएका थिए ।

सन् १९३५-३६ पश्चात् धर्मादित्य धर्माचार्य नेपाल भित्रिए त डा. वेणीमाधव बरूआ आफ्नै विश्वविद्यालयको काममा व्यस्त थिए तर अफशोच ! उहाँको व्यस्तता यसको एक दशकसम्म मात्र रह्यो २४ मार्च १९४८ का दिन बिहान डा. वेणीमाधव बरूआको आकस्मिक निधन भयो ।

डा वेणीमाधव बरूआको निधनले "बौद्धधर्माङ्कुर सभाले आफ्नो एक ज्योति गुमाएको थियो त "महाबोधि सभा"ले आफ्नो एक विशेष सल्लाहकार गुमायो । यस्तै कलकत्तास्थित इरान सोसाइटीले आफ्ना एक संस्थापक सदस्य एवं उपाध्यक्ष गुमायो त बंगीय साहित्य परिषद्ले आफ्नो एक कार्यकारिणी सदस्य गुमायो ।

यस्तै - यस्तै देशविदेशका अन्य केही संघ-संस्थाहरूले पनि डा वेणीमाधव बरूआको निधनबाट धेरै चीज गुमायो । बौद्धजगत्ले त एक उज्ज्वल तारा नै गुमायो । उपर्युक्त विभिन्न संघ, संस्था, विश्व-विद्यालयका प्राय: सम्पूर्ण हितैषीहरू मिली उहाँको निधनको ४



Downloaded from http://dhamma.digital

दशकपश्चात् ३१ डिसम्बर १९८८ का दिन कलकत्ताको इण्डियन म्युजियमस्थित "आशुतोष सभाभवन"मा डा. बरुआको जन्मशतवार्षिक समारोह मनाइएको थियो । यसै अवसरमा बंगलादेशका संघराज भिक्षु शीलालंकार महास्थविरले भगवान् बुद्धको पवित्र अस्थिधातु पनि जनसमक्ष प्रदर्शन गराएका थिए ।

★ ★

## — डा० वेणीमाधव बरूआका कृतिहरू —

1. A History of Pre-Buddhistic Indian Philosophy
2. Gaya and Buddha – Gaya, Vol. 1
3. Gaya and Buddha – Gaya, Vol. 2
4. Ceylon Lectures
5. The Ajivikas
6. Prolegomena to a History of Buddhist Philo.
7. Barhut Inscriptions
8. Barhut
9. Inscriptions of Asoka, Part – I
10. Inscriptions of Asoka, Part – II
11. Asoka and his Inscriptions
12. Old Brahmi Inscriptions in the Udayagiri and Khandagiri Caves
13. Philosophy of Progress
14. Studies in Buddhism



Downloaded from http://dhamma.digital

15. प्राकृत धम्मपद

16. मध्यम निकाय (पाली – बंगाली अनुवाद)

17. बौद्ध परिणय पद्धति

18 लोकनीति (पाली – बंगाली अनुवाद)

19. गृही–विनय (पाली – बंगाली अनुवाद)

20 सतिपट्ठान (पाली – बंगाली अनुवाद)

21. ब्रम्हचारी कुलदानन्द

22. मणि–रत्नमाला (संस्कृत – बंगाली अनुवाद)

23. बौद्ध ग्रन्थकोष

## – सन्दर्भ –


१) Hundred years of the Bouddha Dharmankur Sabha (1892–1992)

– Bouddha Dharmankur Sabha
(The Bengal Buddhist Association)
Buddhist Temple Street, Calcutta

२) क्षीगु साहित्य – चित्तधर 'हृदय'

– नेपालभाषा परिषद्

३) Centenary Volume 'The Mahabodhi Journal' (1892–1992)

– Mahabodhi Society of India



'आनन्द भूमि'
वर्ष – २२, अंक ८-९
(पौष, २०५१)




Downloaded from http://dhamma.digital



भिक्षु श्रीनिवास नायक महास्थविर
(सन् १८९४-१९६८)

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# भिक्षु श्रीनिवास नायक महास्थविर

आधुनिक युगमा भारतमा स्थविरवाद बुद्धधर्म पुनरुत्थान गर्नमा विशेष मद्दत गर्नभएका केही विदेशी भिक्षुहरूमा श्रीनिवास नायक महास्थविर पनि एक प्रमुख हुनुहुन्छ ।

उहाँको जन्म ७ सितम्बर १८६४ का दिन श्रीलंकाको दक्षिणी भूभाग गाल्ल प्रदेशस्थित कुम्बलवेल्ल नामक गाउँको एक सम्पन्न परि– वारमा भएको थियो । बाल्यावस्थादेखि नै बुद्धधर्ममा प्रवेश (प्रव्रजित) हुनुभएका उहाँ सन् १९२२ मै 'महाबोधिसभा' का संस्थापक अनगारिक धर्मपाल (सन् १८६४–१९३३) को विशेष आग्रहमा भारत आउनु भएको थियो ।

भिक्षु श्रीनिवास भारत पुग्नुभई सर्वप्रथम कलकत्ताको धर्मराजिक विहार (उद्घाटन – २० नवम्बर १९२०) मा रहनुभएको थियो । त्यसपश्चात् उहाँलाई सारनाथ (ऋषिपतन मृगदावन–तथागतको धर्मचक्रप्रवर्तनस्थल) को विशेष हेरचाह गर्न अनागारिक धर्मपालले त्यहाँस्थित महाबोधिसभाकेन्द्रका सचिव नियुक्त गर्नुभएको थियो ।

भिक्षु श्रीनिवास सन् १९ ९–३० मा सारनाथमा रही त्यहाँको हेरचाह गर्दै रहनुभएको कुरा नेपालका (आधुनिक युगका) प्रथम स्थविरवादी भिक्षु महाप्रज्ञा (वि. सं. १९५८–२०३५) ले पनि उल्लेख



Downloaded from http://dhamma.digital

गर्नुभएको छ । भिक्षु महाप्रज्ञा (त्यसताका श्रामणेर) पनि त्यस बेला एक वर्ष जति सारनाथमा उहाँसँग रहनुभएको थियो ।

सारनाथमा एक-डेढ दशक रहिसकेपछि भिक्षु श्रीनिवास लुम्बिनी जाने यात्रुहरूको सहायतार्थ नौतनवामा एक विश्रामशालाको निर्माण गरी त्यहाँ रहनुभएको थियो त्यसबेला जोकोही पनि लुम्बिनी जाने यात्रुहरू नौतनवा भई जानुपर्दथ्यो । अत: उहाँले विश्रामशालाको नाम नै "लुम्बिनीविश्रामशाला" राख्नुभएको थियो ।

स्मरणीय छ, सन् १९४४ को जुलाई ३० (१५ श्रावण २००१ साल) का दिन नेपालमा जुद्धशम्शेरको सरकारले ८ जना स्थविरवादी भिक्षु एवं श्रामणेरहरूलाई देश निर्वासन गरेको बेला भिक्षु श्रीनिवास नौतनवामा हुनुहुन्थ्यो । त्यसबेला उहाँका साथ भिक्षु महानाम 'कोविद' (वि. सं. १९७४–२०५२) पनि त्यहाँ हुनुहुन्थ्यो निष्कासित गरिएका ८ जना भिक्षु एवं श्रामणेरहरूमा श्रामणेर अग्गधम्म (पछि गृहस्थ हुनुभयो) नौतनवामा उहाँको 'लुम्बिनी विश्रामशाला' मा पुग्नुभएको थियो ।

यसरी भिक्षु श्रीनिवास नेपाली भिक्षुहरूका पनि आश्रयदाता हुनुहुन्थ्यो । उहाँले नेपालमा पनि कयौं पटक यात्रा गर्नुभएको थियो । अतः उहाँ नेपाली भिक्षु अनगारिका एवं पुराना उपासकोपासिकाहरूका चिरपरिचित व्यक्ति हुनुहुन्थ्यो ।

सन् १९५६ मा २५०० औं बुद्ध–जयन्तीको शुभ–अवसरमा लुम्बिनी जाने यात्रुहरूको निमित्त भारतको उत्तरप्रदेश अवस्थित बस्तीबाट नौगढ हुँदै लुम्बिनी पुग्ने बाटो तयार हुनआएको कारण भिक्षु



Downloaded from http://dhamma.digital

श्रीनिवासले नौतनवाको उपयोगिता त्यति रहेको नदेखेपछि केही वर्षपछि त्यस धर्मशालाभवन बिक्री गरी नौगढमै अन्य धर्मशाला एवं विहार तयार गर्नुभएको थियो ।

यसरी यात्रुहरूको सुख सुबिधाको निमित्त केही मात्रामा भएपनि आफूले सकेजति योगदान गर्दै रहनु उहाँको विशेषता नै थियो ।

उहाँले नौगढमा मात्र होइन, श्रावस्ती (तथागतले २५ वटा वर्षावास बिताउनुभएको ठाउँ) जाने यात्रुहरूका सुविधाको निमित्त बलरामपुरको रेलवे स्टेशनअगाडि पनि एउटा भवन निर्माण गर्नुभएको थियो ।

यसरी सारनाथदेखि प्रारम्भ गर्दै आउनुभएको उहाँको धर्मकार्य भारतका विभिन्न "महाबोधिसभा" का केन्द्रहरूमा पनि सस्मरणस्वरूप रहेको कुरा जानिफकारहरू बताउँदछन् ।

यद्यपि पछि आएर वृद्धावस्थाको कारण उहाँले चाहेअनुरूप धर्मकार्य गर्न सक्नुभएन तर पनि अनगारिक धर्मपालको लक्ष्यलाई अगाडि बढाउनमा उहाँमा काफी लगन एवं श्रद्धा रहेको कुरा हामी उहाँका विभिन्न निर्माण कार्य (क्रियाकलाप) हरूबाट थाहापाउनसक्छौं ।

भिक्षु श्रीनिवास महास्थविरले यात्राको क्रममा भारतका विभिन्न प्रदेश एवं ऐतिहासिक स्थलहरूको अतिरिक्त बर्मा, सिक्किम र भूटान आदि देशहरूमा पनि पुग्नुभएको थियो । बर्मामा उहाँ विशेषत: छट्ठ संगायना (सन् १९५४–५६ मा सम्पन्न) मा सम्मिलित हुन पुग्नु–भएको थियो ।

आफ्नो पवित्र उद्देश्य अनुरूप भारतमा बुद्धधर्म प्रचारार्थ अनेक कार्य गर्नुभएका भिक्षु श्रीनिवास महास्थविर केही अस्वस्थ हुनासाथ



Downloaded from http://dhamma.digital

६ अक्टोबर १९६८ का दिन वाराणसीको "रामकृष्ण मिशन सेवाश्रम"मा भर्ना हुनुभयो । ११ अक्टोबर १९६८ का दिन डाक्टरहरूले उहाँको पत्थरको शल्यचिकित्सा गरेका थिए जसअनुसार १३ अक्टोबरसम्ममा उहाँ ठीक हुनुभयो तर अचानक १४ अक्टोबर १९६८ का दिन बिहान देखि उहाँको स्थिति बिग्रन गई सारा प्रयत्न बावजूद पनि उहाँलाई बचाउन डाक्टरहरू असमर्थ भए र बिहान ७ ५५ बजे उहाँको देहावसान भयो ।

★ ★


वर्ष – २१, अंक – २
(जेष्ठ, २०५०)

## – सन्दर्भ –

१) 'धर्मदूत' मासिक पत्रिका
– महाबोधि सभा, सारनाथ
वर्ष – ३३, अंक ४–६
(अगस्त – अक्टोबर, १९६८)



Downloaded from http://dhamma.digital



भिक्षु नारद महास्थविर

(सन् १८९८-१९८३)

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# भिक्षु नारद महास्थविर

२० औं शताब्दीमा, विश्वमा बुद्धधर्म व्यापकरूपमा प्रचार प्रसार गर्नमा अग्रणी भूमिका निभाएका व्यक्तिहरुमा भिक्षु नारद महास्थविर पनि एक प्रमुख थिए ।

उहांको जन्म श्रीलंकाको कोटहेनास्थित एक मध्यमवर्गीय परिवारमा १४ जुलाई १८९८ का दिन भएको थियो । उहांका पिता कलोनिस पेरेरा र माता पबिलिनाडे सिल्वा थिए । मातापिताको तर्फबाट बालकको नाम "सुमनपाल" राखियो ।

सुमनपालले आफ्नो प्रारम्भिक शिक्षा कोटहेनाकै एक क्रिश्चियन स्कूल (Society for promoting christain knowledge) मा पाउनुभयो । यस्तै यसपछिको शिक्षा पनि कोटहेनाकै सेन्ट बेनेदिक्ट्स कलेज (St. Benedict's College) मा पाउनुभयो । यसैको फलस्वरूप उहांमा बाइबल (इशाई धर्म ग्रन्थ) एवं इशाई धर्मसम्बन्धी अन्य कैयौं कुराहरू अवगत भइसकेको थियो । उहांका एक प्रशिक्षक श्रध्देय जेम्स (Rev. Brother Jemes) ले त युवा सुमनपाललाई यहाँसम्म विश्वास गरेका थिए कि एकचोटि उहांले बडो गम्भीर पूर्वक रोमन कैथोलिकको "फादर' हुन आग्रह गरेको थियो । बौद्धजगत्को लागि सौभाग्यको कुरा कि सुमनपालले आफ्ना पूर्वजहरूको धर्मलाई छोड्नु



Downloaded from http://dhamma.digital

भएन । यसमा विशेष टेवा उहाँको काकाबाट गरियो जो एक श्रद्धालु बौद्धमात्र थिएन बुद्धधर्मसम्बन्धी अति विज्ञ व्यक्ति पनि थिए ।

युवक सुमनपालले अंग्रेजीशिक्षाको अतिरिक्त संस्कृतशिक्षामा पनि दिलचस्पी राख्दै जानुभयो । यसको निमित्त उहाँले श्रद्धेय पालित महास्थविर जो वजिरारामाधिपति वजिरञाण महानायक स्थविरका एक गुरुभाई थिए सित सम्पर्क राख्दै जानुभयो । सुमनपालले संस्कृत शिक्षामात्र होइन कोटहेनाको परमानन्द विहारमा चल्दै आएको रविवारीय स्कूल (Sunday School) मा पनि सम्मिलित भई बुद्धधर्मसम्बन्धी शिक्षा पाउँदै जानुभयो । यही रविवारीय स्कूलको प्रेरणाबाट नै उहाँले १८ वर्षको उमेरमा सन् १९१६ को १४ जुलाई (जन्मभएको दिन) कै दिन "श्रामणेर नारद" हुनुभएको थियो ।

युवक सुमनपाल श्रामणेर नारद भएको दुई वर्षपछि नै सन् १९१८ मा विनयाचार्य वेरगमपित सिरि रेवत महाथेरको उपाध्यायत्वमा उपसम्पन्न भई "भिक्षु नारद" हुनुभयो । उहाँको कम्मवाचाचार्य पेलेन वजिरञाण महानायक थेर हुनुभएको थियो त अभिधर्मको शिक्षा पनि उहाँको साथै अरंगल सिरिधम्म महाथेरसित लिनुभएको थियो । अभिधर्मको साथै उहाँले अन्य प्राचीन भाषाहरू (Oriental Languages) को पनि अध्ययन गर्नुभएको थियो ।

उपसम्पदापछि भिक्षु नारदले Ceylon University College मा भर्ना हुनुभई नीतिशास्त्र, तर्कशास्त्र एवं दर्शन शास्त्रको पनि अध्ययन गर्नुभई भावी धर्म प्रचारक हुनको लागि नियमित टेवा पाउनुभयो । उहाँलाई विश्वविद्यालयमा अध्ययन गर्नको निमित्त आर्थिक सहयोग दिनुहुने महानुभावहरूमा प्रो. सुरियगोडा सुमंगल, डा. जे ई.



Downloaded from http://dhamma.digital

पी. चन्द्रसेन र डा. कसेस ए. पेरेरा (पछि भिक्षु काश्यप) प्रमुख हुनुहुन्छ । अत यहाँहरूप्रति भिक्षु नारद चिर ऋणी हुनुभएको थियो ।

भिक्षु नारद सन १९२१ देखि डा. कसेस पेरेराद्वारा संस्थापित "Servants of the Buddha" नामक संस्थामा सम्मिलित भई उहाँलाई काफी मद्दत गर्दै आउनुभएको थियो । यस संस्थाको प्रमुख लक्ष्य विशेषत: युवा भिक्षुहरूलाई धर्मप्रचारको निमित्त तालिम दिनु, प्रत्येक शनिवार बुद्धधर्मसम्बन्धी छलफल गरी सुयोग्य धर्मप्रचारकहरू वृद्धि गर्नु थियो ।

सन् १९३१ मा भिक्षु नारद स्थविरको जीवनमा एक नयाँ मोड शुभारम्भ भयो । उहाँलाई श्रीलंकाबाट सर्वप्रथम बाहिर आउने सुअवसर प्राप्त भयो, हेतु थियो - श्रीलंकाका सुप्रसिद्ध धर्मदूत अनगारिक धर्मपाल जो त्यसबेला श्रामणेर (३१ जुलाई १९३१ का दिन) भइसकेका थिए ले सारनाथमा आफूले निर्माण गरिएको "मूलगन्धकुटी विहार" को समुद्घाटन समारोह । सो समारोह ११-१३ नवम्बर १९३१ सम्म सम्पन्न भएको थियो ।

यस समारोह विद्योदय परिवेण, श्रीलंकाका प्रधानाचार्य भिक्षु के. रतनसारनायक स्थविरको सभापतित्वमा सम्पन्न गरिएको थियो । देश-विदेशका हजारौं महानुभावहरूको उपस्थितिमा समुद्घाटन भएको यस समारोहमा भिक्षु नारद, रतनसार नायक स्थविरको अनुवादकको रूपमा आउनुभएको थियो । यसैबेला भिक्षु नारदले सर्वप्रथम भारतका भावी प्रधानमन्त्री पण्डित जवाहरलाल नेहरूसित भेटघाट गर्ने सुअवसर पाउनुभयो । यस समारोहमा नेहरूको अतिरिक्त अन्य कैयौं राजनैतिक



Downloaded from http://dhamma.digital

एवं धार्मिक नेताहरूसित पनि सम्पर्क राख्नपाएको फलस्वरूप भिक्षु नारद स्थविरलाई धर्मदूत कार्य संचालन गर्दै जाने सुअवसर प्राप्त भयो जसअनुसार भिक्षु नारदले सर्वप्रथम भियतनाम र इन्डोनेशियामा धर्मदूत कार्य शुभारम्भ गर्नुभयो। यी दुवै देशमा उहाँले सन् १९३४ को आसपासदेखि निरन्तर दुई तीन वर्षको फरक गरी यात्रा गर्दै बुद्धको शान्तिसन्देश पुऱ्याउँदै आउनुभएको थियो। यसै क्रममा उहाँ दक्षिण-पूर्व एशियाका अन्य मुलुकहरूमा पनि बुद्धको शान्तिसन्देश पुऱ्याउनमा सफल हुनुभएको थियो जस्मा लाओस, कम्बोडिया, सिंगापुर, हङकङ्ग, पेनाङ्ग, मलेशिया आदि प्रमुख थिए। यी देशहरूमा उहाँले धर्मव्याख्यानमात्र होइन बुद्धको शारीरिक धातु पुऱ्याई प्राय: प्रत्येक राष्ट्रहरूमा चैत्य निर्माण पनि गराउँदै आउनुभएका थियो। यसका साथै प्रत्येक राष्ट्रहरूमा महाबोधि वृक्षको शाखा (बिरुवा) हरू पनि पुऱ्याउदै आएका थिए यी राष्ट्रहरूमा भिक्षु नारद स्थविरले बुद्धको अस्थिधातु, बोधिवृक्षको बिरुवामात्र होइन प्राय: उपर्युक्त सम्पूर्ण देशहरूमा भिक्षु सीमागृह (उपोसथागार) पनि निर्माण गर्दै आउनुभएको थियो।

उहाँको यस प्रकार (बुद्धको शारीरिक धातु पुऱ्याउने एवं, बोधिवृक्षको शाखा पुऱ्याउने, सीमागृह निर्माण गर्ने आदि)को धर्मप्रचारको क्रममा नेपाल पनि समावेश भएको थियो। उहाँले नेपालमा यी कार्यहरू कहिले गरे र कतिपटक नेपालयात्रा गरे यसको संक्षिप्त विवरण यहाँ प्रस्तुत गर्न चाहन्छु :-

१) **पहिलो नेपालयात्रा**.- नेपालमा सन् १९४४ को जुलाई ३० (१५ श्रावण, २००१ साल) का दिन श्री ३ जुद्ध शेरको सरकारले ८ जना स्थविरवादी भिक्षु एवं श्रामणेरहरूलाई देश निष्कासन



Downloaded from http://dhamma.digital

गरिएको थियो। वर्षावासकालको अवधिमै निष्कासित गरिएका ती भिक्षु एवं श्रामणेरहरूले वर्षावासकाल जसो तसो यताउता गरी बिताइसकेपछि प्राय: उहाँहरू सन् १९४४ को नवम्बर महिना (कार्तिक २००१ साल)मा मूलगन्धकुटी विहार सारनाथको १३ औं वार्षिकोत्सवमा सम्मिलित हुन आई पुग्नुभएको थियो । त्यसबेला भिक्षु अमृतानन्द (बि. सं. १९७५–२०४७) सारनाथमा केही महिनाअगाडि देखि रहँदै थिए । नेपालमा भिक्षु एवं श्रामणेर-हरूलाई निष्कासन गरिएको बेला उहाँ सारनाथमा हुनाको कारण उहाँ निष्कासित भिक्षुहरूमा समावेश भएका थिएनन् ।

निष्कासित भिक्षु – श्रामणेरहरू सारनाथ आइपुगेपछि उहाँहरू एवं त्यहाँस्थित अन्य देश-विदेशका ज्येष्ठ भिक्षुहरूसित पनि सरसल्लाह गरी नेपालमा बुद्धधर्म पुनरूत्थानको निमित्त सन् १८९४–९५ देखि स्थायी रूपमा भारतको कुशीनगरमा रही धर्म प्रचार गर्दै आउनुभएका बर्मी भिक्षु ऊ. चन्द्रमणि महास्थविर (सन् १८७६–१९७२) को अध्यक्षतामा "धर्मोदय सभा" को स्थापना भएको थियो । यस सभाको उपाध्यक्षपदमा भदन्त आनन्द कौश–ल्यायन (सन् १९०५–८८) रहनुभएको थियो त सचिव–भिक्षु अमृतानन्द हुनुभएको थियो । उपसचिव भिक्षु महानाम (बि. सं. १९७४-२०५२)हुनुभएको थियो त कोषाध्यक्षपद साहू मणिहर्षज्योति कंसाकार (बि. सं. १९७४–२०४९) ले लिनुभएको थियो । अन्य सदस्यहरूमा भिक्षु ऊ. कित्तिमा महास्थविर (सन् १९०३–८७), भिक्षु महाप्रज्ञा स्थविर (बि. सं. १९५८–२०३५), भिक्षु धर्मालोक स्थविर (बि. सं. १९४७–२०२४) र भिक्षु सुबोधानन्द (जन्म–



Downloaded from http://dhamma.digital

वि. सं. १९७३) थिए।

यस सभा स्थापनापछि सर्वप्रथम यसको प्रमुख कार्यको रूपमा नेपालबाट भिक्षुहरू निष्कासित गरेको बारेमा भारत लगायत श्रीलङ्का, बर्मा, थाइलैण्ड आदि थेरवादी बौद्धदेशहरूका संघसंस्थाहरूमा अपीलको निमित्त पत्र पठाए। श्रीलंकामा "धर्मोदय सभा" का सचिव भिक्षु अमृतानन्द स्वयं जानुभई त्यससम्बन्धमा त्यहाँका प्रमुख भिक्षुहरूसित सरसल्लाह गर्नुभएको थियो। यसैको फलस्वरूप त्यसबखत श्रीलंकामा तत्कालीन नेपालको राणासरकारको विरोधमा भिक्षु नारद महास्थविरको अध्यक्षतामा एक बृहद् बौद्धसभा भएको थियो। यसको लगत्तै भिक्षु अमृतानन्दले नारद महास्थविरको नेतृत्वमा एक शिष्टमण्डल नेपाल आइदिनको निमित्त अनुरोध गरे तर त्यससम्बन्धी यहाँबाट लेखापढी हुँदा श्री ३ जुद्ध शम्शेरको सरकारले "नेपाल आउन सक्छ तर कुनै धर्मदेशना गर्न पाइनेछैन" भन्ने प्रत्युत्तर आएको कारण भिक्षु नारद महास्थविर नेपाल आउन चाहनुभएन। पछि भिक्षु अमृतानन्दले अनेक प्रकारले सम्झाई बुझाई, वीरपुस्तकालय पनि हेर्ने सुझाव दिई भिक्षु नारद महास्थविरको नेतृत्वमा आफूसहित ५ जनाको एक शिष्टमण्डल सन् १९४६ को अप्रिल १७,५ वैशाख, २००३ साल)का दिन नेपाल ल्याउन सफल हुनुभयो। ५ जनाको शिष्टमण्डलमा अन्य ३ जना थिए - भिक्षु पियदस्सि, डा. रत्नसूर्य र प्रा. आर्यपाल।

त्यसबेलासम्ममा नेपालमा श्री ३ पद्मशम्शेर (राज्यकाल-सन् १९४५-४८) को सरकार भइसकेको थियो यद्यपि श्री ३ जुद्ध शम्शेर १४ मंसिर २००२ का दिनदेखि राजर्षि भई रिडीमा रहँदै



Downloaded from http://dhamma.digital

थिए । तसर्थ नारद महास्थविरको नेतृत्वमा नेपाल आएको शिष्टमण्डलले श्री ३ पद्मशम्शेरलाई भेट गर्न जाँदा निष्कासित भिक्षुहरूलाई फर्काउने प्रसंग भिक्षु अमृतानन्दले उठाउनुभएको बेला आफू भरखर प्रधानमन्त्री भएको, जुद्धशम्शेर स्वयम् जीवित रहनाको कारण निष्कासित भिक्षुहरूमा बृद्ध हुनुभएका भिक्षु धर्मालोक स्थविर एकजनालाई मात्र नेपाल फर्कने प्रमांगी दिनुभएको थियो । पछि क्रमश अन्य भिक्षुहरू पनि काठमाडौं फर्के ।

भिक्षु नारद महास्थविरले आपनो पहिलो नेपालयात्रामा नेपालबासीहरूको निमित्त उपहारस्वरूप बुद्धको एक अस्थिधातु लिएर आउनुभएको थियो जुन अस्थिधातु उहाँले श्री ३ पद्म शम्शेरको हातमा सुम्पिने निश्चय गर्नुभएको थियो । श्री ३ पद्म शम्शेरले त्यस अस्थिधातु आनन्दकुटी विहारको भूमिभागमै चैत्य बनाई प्रतिष्ठित गर्न हुकुम दिनुभयो जसअनुसार त्यसै वर्ष (बु. सं. २४९० - वि. सं. २००३ - सन् १९४६) को बैशाखपूर्णिमाको दिन श्रीलंकाबाट आउनुभएका शिष्टमण्डलको सन्मुखमै चैत्यको शिलान्यास कार्य सम्पन्न भएको थियो ।

२) **दोस्रो नेपालयात्रा:-** वि. सं. २००३ सालको बैशाखपूर्णिमाको दिन शिलान्यास भएको आनन्दकुटी विहारस्थित "श्रीलङ्काराम चैत्य" दुई वर्षपश्चात्मात्र पूर्ण तयार भएको थियो सो चैत्यको प्रतिष्ठा (समुद्घाटन) को निमित्त भिक्षु नारद महास्थविरलाई निमन्त्रण दिइएको थियो । अत उहाँ दोस्रो नेपालयात्राको रूपमा २९ अप्रिल १९४८ का दिन श्रीलंकाबाट भारत आगमन गर्नुभयो । कलकत्तामा केही दिन रही नारद महास्थविर ५ मई १९४८ का दिन



Downloaded from http://dhamma.digital

भिक्षु अनिरुद्धका साथ नेपाल आगमन गर्नुभएको थियो। २४९२ औं बुद्धजयन्तीको शुभअवसरमा भिक्षु नारद महास्थविरको प्रमुख आतिथ्यमा श्रीलङ्काचैत्यको प्रतिस्था कार्य सम्पन्न गरे। सिर्फ यस पुण्यकार्यको निमित्त नेपाल आउनुभएका उहाँ श्रद्धावान् दाताहरूको आग्रहमा एक महिना बढी रहनुभएको थियो जसको विवरण उहाँले नेपालबाट फर्कनासाथ श्रीलङ्काको एक प्रमुख साप्ताहिक पत्रिका "सिलुमिण" मा प्रकाशित गरिएको थियो। तो विवरण लेखलाई भिक्षु अनिरुद्धले नेपालभाषामा अनुवाद गरी "धर्मोदय" पत्रिकामा प्रकाशित गरिएको थियो, शीर्षक थियो– "नेपालदेशे बौद्ध कृत्य"। "धर्मोदय" मासिक पत्रिका वर्ष – २, अंक–१ (नवम्बर १९४८) मा प्रकाशित त्यस लेखमा विशेषत: निम्न कुराहरू उल्लेख गरिएको स्मरणीय छ–नयाँ प्रधानमन्त्री (३० अप्रिल १९४८ देखि) श्री ३ मोहनशम्शेरसित भेटघाट गरेको, यटखाबाहालमा उहाँ (भिक्षु नारद महास्थविर) को सम्मानमा भव्य नागरिक अभिनन्दन समारोह भएको, श्री ३ बाट वैशाखपूर्णिमाको दिन बौद्ध कर्मचारी-हरूलाई बिदाको घोषणा गरेको आदि प्रमुख थिए। यस दोस्रो यात्राकालमा नारद महास्थविरले आनन्दकुटी बिहारमा बोधिवृक्षको बिरुवा रोप्नुको साथै सीमागृहको पनि स्थापना गरेका थिए।

३) तेस्रो नेपालयात्रा:- भिक्षु नारद महास्थविरको तेस्रो नेपालयात्रा (२४९४ औं) वैशाखमहोत्सवको निमित्त थियो। २३ अप्रिल १९५० का दिन नेपाल आउनुभएका उहाँ ३ हप्ताजति रहनुभई धर्मोपदेशकार्य गर्नुभएको थियो। यसै यात्राकालमा उहाँ बनेपामा सम्पन्न भएको महापरित्राणपाठमा पनि सम्मिलित हुनुभएको थियो।



Downloaded from http://dhamma.digital

४) **चौथो नेपालयात्रा:-** भिक्षु नारद महास्थविरको चौथो नेपालयात्रा सन् १९६१ को मार्च महिनामा भएको थियो । उहाँ ३१ मार्च १९६१ (१९ चैत्र २०१७) का दिन भाजुरत्न साहू (वि. सं. १९४०–२०१३) को पुण्यस्मृतिमा उहाँको परिवारले कान्तिपुरको न:घलस्थित श्रीघ:विहारमा सम्पन्न गर्न लागेको महापरित्राणपाटमा निमन्त्रित भई आउनुभएको थियो ।

५) **पाँचौं नेपालयात्रा:-** भिक्षु नारद महास्थविरको पाँचौं नेपालयात्रा वि. सं. २०२३ सालको जेठ महिनामा सम्पन्न भयो । त्यसताका उहाँ भिक्षु अमृतानन्द महास्थविरको विशेष निमन्त्रणामा आउनुभएको थियो । भिक्षु अमृतानन्द महास्थविरले आफू प्रव्रजित (सन् १९३६) भएको ३० वर्ष र उपसम्पन्न (सन् १९४०) भएको २५ वर्ष पूरा भएको उपलक्ष्यमा आनन्दकुटी विहारमा महापरित्राणपाठको आयोजना गर्नुभएको थियो । यसै महापरित्राणमा सम्मिलित हुन भिक्षु नारद महास्थविर पाँचो पटकको रूपमा नेपाल आउनुभयो ।

६) **छैठौं नेपालयात्रा -** भिक्षु नारद महास्थविरको छैठौं एवं अन्तिम नेपालयात्रा २०३६ साल (सन् १९७९ - लुम्बिनीवर्ष) को आश्विन-कार्तिक महिनामा भयो । उहाँ आश्विन मसान्तका दिन काठमाण्डौ आइपुग्नुभएको थियो । करीब ३ हप्ताको नेपालनिवासकालमा उहाँले आनन्दकुटी विहार, सुमंगल विहार, मणिमण्डप विहार, ध्यानकुटी विहार एवं त्रिभुवन विश्वविद्यालयको नेपाल स्टडीज सेन्टरमा पनि जानुभई बुद्धधर्मसम्बन्धी प्रवचन दिनुभएको थियो ।



Downloaded from http://dhamma.digital

यस पंक्तिका लेखकले उहाँको प्रथम एवं अन्तिम दर्शन आनन्दकुटी विहारमै १० कार्तिक २०३६ का दिन गर्ने सौभाग्य पाएको थियो । स्मरणीय छ, भिक्षु नारद महास्थविरले आनन्दकुटी विहारमा ७ देखि १८ कार्तिकसम्म "प्रतीत्यसमुत्पाद" विषयमा धर्मदेशना गर्नुभएको थियो । उहाँ ८ नवम्बर १९७९ का दिन शाही नेपाल वायुसेवा निगमको यति विमानबाट श्रीलङ्का फर्कनुभयो ।

यसप्रकार भिक्षु नारद महास्थविरले एशियाका अधिकांश मुलुकहरूमध्ये तथागतको जन्मस्थल रहेको नेपालमा पनि बुद्धधर्म पुनरुत्थान गर्ने कार्यमा सहयोग दिने सौभाग्य पाउनुभएको थियो । एशियामा मात्र होइन यूरोप, अमेरिका एवं अफ्रिकाका देशहरूमा पनि उहाँले बुद्धको सन्देश पुऱ्याउनुभएको थियो । इङ्गलैण्डको केन्सिङ्गटनस्थित "लण्डन बौद्ध विहार" को समुद्घाटन कार्यमा उहाँ पूर्ण सम्मिलित हुनुको साथै त्यस विहारमा पहिलो आवासिय भिक्षु उहाँनै रहनुभएको थियो । आफ्नो लन्दन निवासकालमा भिक्षु नारद महास्थविरले इङ्गलैण्डवासीहरूलाई बुद्धको शान्तिसन्देश मैत्री र करुणा, श्रद्धा र प्रज्ञाले परिपूर्ण रहेको कुरा निरन्तर धर्मव्याख्यानमा अवबोध गराउँदै जानुभएको थियो ।

भिक्षु नारद महास्थविरले इङ्गलैण्डमा जस्तै अमेरिकामा पनि आफ्नो प्रभाव जमाउन सफल हुनुभएको थियो । संयुक्तराज्य अमेरिका (United States of America) मा धर्मदूतकार्य गर्दै रहनुभएको बेला एकपटक उहाँले वाशिङ्गटन डी. सी. स्थित "वासिङ्गटन स्मारक" अगाडि उपस्थित अपार जनसमूहलाई बुद्ध र उहाँको धर्म-दर्शनसम्बन्धी व्याख्यान दिनुभएको थियो । शायद



Downloaded from http://dhamma.digital

यसैको फलस्वरूप वासिङ्गटन डी सी. मा स्थविरवादी बौद्ध विहारको निर्माण भयो।

यसप्रकार भिक्षु नारद महास्थविरले देश देशान्तर घुमी मौखिक रूपबाट मात्र धर्मप्रचार गर्नुभएको थिएन आफ्नो कलमबाट पनि त्यतिकै रूपमा प्रचार प्रसार गर्नुभएको थियो। उहाँले देश विदेशका कयौं पत्र-पत्रिकाहरूमा पनि रचना लेखी पठाउँने गर्नु हुन्थ्यो।

## – उहाँका केही अंग्रेजी कृतिहरू –

1. Buddhism in a Nutshell
2. Dhammapada
3. The Buddha and His teachings
4. A manual of Abhidhamma Vol I – III
5. Parents and children
6. Buddhism
7. Heritage of Vietnam
8. Brahma Vihar
9. Facts of life
10. Meaning of life etc.

यसप्रकार अविच्छिन्नरूपमा लिखित एवं मौखिकरूपमा स्वदेश एवं विदेशमा ६ दशक भन्दाबढी समयसम्म घुमफिर गरी बुद्ध-धर्म प्रचार-प्रसार गर्नुभएका नारद महास्थविर ८ अक्टोबर



Downloaded from http://dhamma.digital

१९८३ का दिन ८५ वर्षको उमेरमा आपनो जीवन कार्यपूरा गरी यस संसारबाट प्रस्थान गर्नुभयो । उहाँको शवयात्रा एवं अन्त्येष्टी-क्रिया राजकीय सम्मानका साथ कोलम्बोमा सम्पन्न गरिएको थियो जसको खबर हामीलाई नेपालको ज्येष्ठ दैनिक पत्रिका "गोरखापत्र" बाट पनि दिएको थियो ।

★ ★

'आनन्द भूमि'
वर्ष – २३, अंक – १०
(माघ, २०५२)

## – सन्दर्भ –


१) लुमेके बहुपि – भिक्षु सुदर्शन व दबलकाजी तुलाधर
– कयो मय्जु तुलाधर
मोटाहिटी, यें – १११०

२) भिक्षु नारद महास्थविर – ईश्वरमान सिंह
'आनन्दभूमि' – वर्ष – ७, अंक ९
(पौष, २०३६)

३) Narada Felicitation Volume- Piyadassi Thera
–Buddhist Publication Society
Kandy, Sri Lanka – 1979




Downloaded from http://dhamma.digital

प्रो. जी. पी. मलालशेखर

(सन् १८९९-१९७३)

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# प्रो. जी. पी. मलालशेखर

२० औं शताब्दीका केही विश्वप्रसिद्ध बौद्ध विद्वान्हरूमा प्रो. जी. पी. मलालशेखर पनि एक अद्वितीय व्यक्ति हुनुहुन्छ । उहाँको जन्म ८ नवम्बर १८९९ का दिन श्रीलंकाको पानादुरास्थित मलामुलाम्स भन्ने स्थानमा भएको थियो । उहाँको पिता एम. एस. पीरिस र माता डी. सी. के. जयवर्धनेको तर्फबाट बालकको नाम जर्ज पीरिस (George Pieres) राखिएको थियो । बालक जर्ज पीरिसले आफ्नो प्रारम्भिक र माध्यमिक शिक्षा सन् १९०६–१७ भित्रमा पान्दुराको St. John's College मा पाउनुभयो । यही सेन्ट जोन्स कलेजमा उहाँले आफ्नो पिताको प्रेरणाबाट अंग्रेजी र फ्रेन्च भाषाको पनि अध्ययन गर्नुभएको थियो । युवावस्था नहुँदै उहाँले पाश्चात्य ढंगको आफ्नो नाम बदली जी. पी. को रूपमा गुणपाल पियसेन राखिएको थियो । उहाँको पिता एम. एस. पीरिस एक आयुर्वेदिक चिकित्सक मात्र थिएन संस्कृत, पाली र सिंहलीभाषाका विद्वान् पनि थिए । अत: उहाँले गुणपाल पियसेनलाई पनि एक महान् प्राच्यविद् बनाउने हेतु पूर्वीय र पश्चिमीभाषाको अध्ययन गराउन लगाएको थियो । पिताले पुत्रलाई एक चिकित्सक पनि गराउने हेतु केही कोशिश गरेको थियो तर शुरूदेखि संस्कृत एवं पालीभाषामा दिलचस्पी बढा-



Downloaded from http://dhamma.digital

उँदै लगेको एवं शैक्षिक क्षेत्रमा विशेष अभिरुचि राखेबापत जर्ज पीरिस (गुणपाल पियसेन) भावी एक चिकित्सक नभई एक ख्यातिप्राप्त प्रोफेसर हुन पुग्यो ।

सन् १९१७ मा मेडिकल कलेजमा भर्ना हुनुभएका जी पी. मलालशेखरले सन् १९१९ मा लन्डन विश्वविद्यालयको तर्फबाट बी.ए. उत्तीर्ण हुनुभएको थियो । बी. ए. उत्तीर्ण हुनासाथ उहाँ (जर्ज पीरिस) केही समयको निमित्त आफ्नो जन्मस्थान मलामुलामा जानुभएको थियो जहाँ उहाँले सर्वप्रथम ग्रामीण गरिब जनताहरूको निमित्त एक बौद्ध स्कूलको स्थापना गर्नुभएको थियो । यस स्कूलमा उहाँले संस्कृत, पाली र सिंहल आदि भाषाको पनि अध्यापनको व्यवस्था गर्नुभएको थियो ।

वर्षदिन जति आफ्नो जन्मस्थान मलामुलामा बिताइसकेपछि उहाँ कोलम्बो फर्कनुभयो र आफ्नो योग्यताअनुरूप आनन्द महाविद्यालय (कलेज) मा सहायक अध्यापक नियुक्त हुनुभयो । दुई वर्षको अध्यापन कार्यपछि उहाँले सन् १९२३ मा उच्च शिक्षाको निमित्त लन्डनमा अध्ययन गर्न जाने सुअवसर प्राप्त गर्नुभयो ।

पूरा दुई वर्षको लन्डन निवासकालभित्रै उहाँले एम. ए. र पी. एच. डी. उपाधि हासिल गरेका थिए । यस भन्दा पहिले लन्डन निवासकालमा गुणपाल पियसेन मलालशेखरले पालीसाहित्यका प्रकाण्ड पण्डित मिसेज करोलीनफोली रीस डाय्‌विड्स (सन् १८५८–१९४२) को छत्रछायामा रहने अवसर पनि पाएको थियो । जसको बारेमा उहाँले आफ्नो पी. एच. डी. को निमित्त तयार पारिएको शोधग्रन्थ "The Pali Literature of Ceylon" को भूमिकामा उल्लेख गर्नुभएको छ —



Downloaded from http://dhamma.digital

"I have no words sufficient to convey my heartfelt gratitude to my Acariya, Mrs. Rhys Davids, but for whom this work would never have seen the light of day. The two years I spent in London as her "antevasika" have been one of the happiest periods of my life, and I am in debted to her."

अर्थात–

"मेरी हृदयदेखिकी चिरपरिचित श्रीमती आचारिया मिसेज् रीस डाय्विड्स, जसले मेरो कार्य (शोधग्रन्थ) दिनमा देखिने असमर्थ स्थितिमा पुगिसकेका थिए को गुण प्रकट गर्ने त्यस्तो कुनै उचित शब्द नै थिएन। मेरो दुई वर्षको लन्डन बसाइमा उनी अन्तेवासीका भइदिएकी थिइन्। यो मेरो जीवनको एक प्रमुख आनन्ददायी समय थियो र म उनीप्रति सदा ऋणी हुनेछु।"

डा. जी. पी. मलालशेखर लन्डनबाट फर्कनुभई केही समय नालन्दा कलेजको प्रिन्सिपल हुनुभएको थियो। यसको केही महीनापछि नै सन् १९२७ मा उहाँ Ceylon University College को प्रोफेसर नियुक्त हुनुभयो। उहाँको अध्यापनको विषय सिंहली, पाली र संस्कृत साहित्य थियो।

सन् १९३५ मा उहाँलाई लन्डन विश्वविद्यालयले D. Litt. को उपाधि प्रदान गरेको थियो। यस उपाधि उहाँलाई "Dictionary of Pali Proper Names" नामक दुई खण्ड भएको विशाल ग्रन्थ लेखेबापत प्रदान गरेको थियो। यस ग्रन्थको



Downloaded from http://dhamma.digital

पहिलो संस्करण सन् १९३७ मा सम्पन्न गरिएको थियो। यस ग्रन्थको समर्पण पनि उहाँले तीनै पाली पण्डित मिसेज रीस डायबिड्सलाई नै गर्नुभएको थियो। शब्द यस प्रकारका छन —

"TO MY TEACHER AND FOR MORE THAN TEACHER CAROLINE A.F. RHYS DAVIDS IN REVERENT AFFECTION AND INTENSE GRATITUDE"

सन् १९४२ मा Ceylon University College-University of Ceylon को रूपमा परिणत भएपछि उहाँको कार्यभार पनि बढ्यो, उहाँलाई प्राच्य विभागको प्रमुख पद (Dean-The Faculty of Oriental Studies) प्रदान गऱ्यो। यस पदमा पनि उहाँ पूरा १५ वर्ष रहनुभएको थियो। यसप्रकार उहाँले पूरा ३ दशक (सन् १९२७-५७) सम्म विश्वविद्यालयमा अध्यापन कार्य गर्नुभएको थियो।

यस अवधिभित्रमा नै उहाँले २५ मई १९५० का दिन श्रीलंकाको कोलम्बोमा एक यस्तो वृहद् बौद्ध समुदायको भेला आयोजना गरिएको थियो जुन भेलामा बुद्धधर्मका तीनै निकाय (महायान, वज्रयान एवं थेरवाद) मा समर्पित २७ राष्ट्रका प्रतिनिधिहरू सम्मिलित भएका थिए। यस अन्तर्राष्ट्रिय बौद्ध भेलाको प्रमुख लक्ष्य विश्वमा विशेषत. दोस्रो विश्वयुद्ध (सन् १९३९-४५) को परिणाम (विभत्स नरसंहार) बाट त्रसित शान्तिप्रेमी विश्वभरका बौद्ध समुदायहरूको बीच एकआपसमा सरसल्लाह गरी एक अन्तर्राष्ट्रिय संस्था (संगठन) निर्माण गरी विश्वमा बुद्धको शान्तिसन्देश व्यापक-रूपमा प्रचार प्रसार गर्नु थियो। लक्ष्यअनुरूप २५ मई १९५० को त्यस



Downloaded from http://dhamma.digital

भेलाले एक संगठन तयार गरियो। संस्थाको नाम "The World Fellowship of Buddhists" राखियो अर्थात "विश्व बौद्ध भ्रातृत्व संघ"। यसको कार्यान्वयन स्वरूप त्यसैबेला अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन शुरू गरियो यसैलाई "विश्व बौद्ध भ्रातृत्व संघको"– "पहिलो विश्व बौद्ध सम्मेलन" कहलाइयो। यस सम्मेलन २५ मई देखिनै शुरू भएको मानियो जुन ६ जूनसम्म सम्पन्न भएको थियो। यस सम्मेलनमा नेपालको तर्फबाट भिक्षु अमृतानन्द महास्थविर (वि. सं. १९७५-२०४७) र साहू मणिहर्ष ज्योति कंसाकार (वि. सं. १९७४–२०४९) ले प्रतिनिधित्व गरेका थिए।

शुरूमा यस संस्थाले दुई - दुई वर्षको फरक गरी विश्व बौद्ध सम्मेलन सम्पन्न गर्दै आएको थियो जसअनुसार पहिलो श्रीलंकामा भयो त दोस्रो जापानमा। तेस्रो बर्मामा सम्पन्न गरियो त चौथो बुद्धको आफ्नै मातृभूमि नेपालमा सम्पन्न गर्ने मौका 'धर्मोदय सभा' लाई प्राप्त भयो जुन सभाको स्थापना नेपालमा बुद्धधर्म प्रचार प्रसारार्थ हेतु सारनाथमा ३१ अक्टोबर १९४४ (कार्तिक पूर्णिमा, बु. सं. २४८८) का दिन भएको थियो। यस सभाले "विश्व बौद्ध भ्रातृत्व संघ" को चौथो विश्व बौद्ध सम्मेलन १५ – २१ नवम्बर १९५६ सम्म सम्पन्न गर्ने अवसर प्राप्त गऱ्यो। यस चतुर्थ विश्व बौद्ध सम्मेलनमा उद्घोषक स्वयम् संघका संस्थापक अध्यक्ष प्रो. डा. जी. पी. मलालशेखर नै हुनुभएको थियो। भारतका संविधान निर्माता डा. भीमराव अम्बेडकर (सन् १८९१ – १९५६) लगायत विश्वका कयौं ख्यातिप्राप्त बौद्ध विद्वान् एवं नेताहरू यस सम्मेलनमा उपस्थिति भएबाट यस सम्मेलन भव्यरूपमा सफल भएको स्वत: अनुमान गर्न सकिन्छ।



Downloaded from http://dhamma.digital

यसको ठीक वर्षदिन पछि सन् १९५७ मा डा. जी. पी. मलालशेखरको जीवनमा देश सेवा गर्ने मोड बदलियो, उहाँलाई श्रीलंका सरकारले ४ वर्ष (सन् १९५७-६१) को निमित्त रूसलगायत चेकोस्लाभाकिया, पोल्याण्ड, रूमानियाका राजदूतको रूपमा नियुक्त गरियो। पछि क्रमशः क्यानाडा (सन् १९६१-६३) र ब्रिटेनको (सन् १९६३-६७) पनि राजदूत गरी पठाएको थियो।

विश्वमा शान्ति कामनार्थ अन्तर्राष्ट्रिय बौद्ध संगठन निर्माणका अगुवाई हुनुभएका डा. मलालशेखर जब राजदूतकार्यमा नियुक्त हुनुभयो तब उहाँलाई कुशल राजनीतिज्ञको रूपमा मात्र परिचित गराउने मौका मिलेको थिएन बुद्ध शासनिक कार्यमा पनि थप योगदान गर्ने सुअवसर प्राप्त भएको थियो। उहाँले देश विदेशका कैयौ उच्चपदस्थ अधिकारीहरूलाई यस धर्मबारे परिचित गराई शासनिक कार्यमा पनि सरिक गराउनुभएको थियो।

उहाँ ब्रिटेन (इङ्गलैण्ड) मा राजदूतको रूपमा रहनुभएको बेलामै उहाँकै विशेष प्रयासमा सर्वप्रथम बुद्धको पवित्र अस्थिधातु एशियाबाहिर पुऱ्याइयो। श्रीलंकाको मिहिंतलेस्थित त्यस अस्थिधातु तत्कालीन श्रीलंकाको प्रधानमन्त्री श्रीमती बन्दार नायिकाकै हातबाट १३ अक्टोबर १९६४ का दिन लन्डन पुऱ्याइएको थियो। श्रीलंकाका बौद्धहरूको तर्फबाट ब्रिटेनका बौद्धहरूलाई प्रदान गरेको त्यस पवित्र उपहार लन्डनमा स्तूप निर्माणको निमित्त लगेको थियो। त्यसबेला उक्त अस्थिधातु लन्डनको चिसविक (Chiswick) स्थित बौद्ध विहारमा प्रतिष्ठित गराइएको थियो।



Downloaded from http://dhamma.digital

लन्डनको कार्यकालप्रवधि (सन् १९६३–६७) भित्रमा उहाँले Buddhist Society of London एवं Pali Text Society मा पनि सरिक भई कैयौं साहित्यिक कार्य एवं व्याख्यान दनि दिदै जानुभएको थियो । उहाँ विभिन्न देशका राजदूतको रूपमा रहनुभएतापनि विभिन्न अन्तर्राष्ट्रिय संघ संस्थाहरूको कार्यभार पनि सम्पन्न गर्दै सन् १९५० देखि १९५८ सम्म "The World Fellowship of Buddhists" का संस्थापक अध्यक्षको कार्यभार वहन गर्नुभएको थियो त श्रीलंका स्थित All Ceylon Buddhist Congress (A.C.B.C.) को स्थापनाकाल (सन् १९१९) देखिका हितैषीको हैसियतमा अटूटरूपमा सरसल्लाह दिदै आएका थिए । उहाँ यस संस्थामा सन् १९३७-३९ सम्म दुई वर्ष उपाध्यक्ष पदमा रहनुभएको थियो त सन् १९३९ देखि १९५७ सम्म १८ वर्ष अध्यक्षपदमा रही बेजोड भूमिका निभाउनुभएको थियो । यसै A.C.B.C. को अध्यक्ष पदमा रहनुभएको परिणामस्वरूप नै उहाँले W. F. B. (विश्व बौद्ध भ्रातृत्व संघ) को स्थापना गर्न सफल हुनुभयो । यसै पदमा उहाँ पुनः सन् १९६८ देखि जीवनपर्यन्त रहनुभएको थियो । यसको अतिरिक्त उहाँ अन्य अन्तर्राष्ट्रिय संगठन U.N.O, UNESCO, R.A.S. (Royal Asiatic Society) आदिमा पनि सम्मिलित भई श्रीलंकाको प्रतिनिधित्व एवं बुद्धधर्मको पनि प्रतिनिधित्व गरी विभिन्न सभा सम्मेलनहरूमा भाग लिदै आएको थियो ।

जीवनको अन्ततिर सन् १९६७ देखि सन् १९७१ सम्म उहाँलाई श्रीलंका सरकारले आफ्नो देशको शिक्षा विभागका प्रमुख पद दिई शैक्षिक क्षेत्रमा उहाँको देनलाई अविस्मरणीय गराउने मौका



Downloaded from http://dhamma.digital

प्रदान गरेको थियो । शैक्षिक क्षेत्रमा उहाँको कार्यकालको अवधिलाई "स्वर्णकाल" समेत मानिएको छ ।

बुद्धधर्मको क्षेत्रमा पनि उहाँको योगदान कहिल्यै बिर्सन नसकिने (अविस्मरणीय) स्थितिमा रहेको छ । बुद्धको मध्यममार्गलाई व्यापक प्रचार प्रसार उहाँले एकतर्फीले मात्र गर्नुभएको थिएन आफ्नो जीवनको तृतीयांश भाग यस धर्मको प्रचारार्थ उहाँ विश्वका कैयौं मुलुकहरूमा पुग्नुभई व्याख्यान दिदै आउनुभएको थियो । पाली, संस्कृत, सिंहली, प्राकृत, हिन्दी, ल्याटिन, ग्रीक, अंग्रेजी, फ्रेन्च, रसियन र जर्मन आदि कैयौं भाषाका ज्ञाता प्रो. डा मलालशेखरले विशेषत: पाली र अंग्रेजीभाषामा अत्यधिक कार्य गर्नुभएको थियो । उहाँले पाली ग्रन्थहरूको सम्पादन कार्यमा "पाली टेक्स्ट सोसाइटी"लाई मात्र मदत गर्नुभएको थिएन पाली ग्रन्थका अनेकौं टीकाहरूको अनुवाद एवं प्रकाशनमा पनि यथेष्ट योगदान दिनुभएको थियो । यसको अतिरिक्त बुद्धधर्मको परिचय दिन स-साना पुस्तकहरू पनि लेख्नुभएको थियो त कैयौं राष्ट्रिय एवं अन्तर्राष्ट्रिय पत्र-पत्रिकाहरूमा पनि उहाँका सयौं अनुसन्धानात्मक लेखहरू छापिएका थिए ।

सन् १९५५ देखि उहाँले बौद्ध विश्वकोष (The Ency-clopaedia of Buddhism) को निर्माणमा प्रधान सम्पादक भई अटूट रूपमा कार्य गर्दै आउनुभएको थियो र उहाँले अंग्रेजीमा यसको १२ भागमात्र प्रकासित गर्न पाउनुभयो ।

अफशोच ! २३ अप्रिल १९७३ का दिन रातको ८.४५ बजे उहाँले केही दिनको बिमारीबाट श्रीलंकाको एक प्राइभेट नर्सिङ्ग होममा सदाको निमित्त आफ्नो शरीर त्याग्नुभयो । यसको ठीक ३ दिनपछि



Downloaded from http://dhamma.digital

२६ अप्रिल १९७३ वृहस्पतिबारका दिन दिनको ३. बजे उहाँको शवयात्रा प्रारम्भ भयो र अग्नि संस्कारकार्य सम्पन्न गरियो ।

★ ★

– रजतजयन्ती स्मारिका –
बौद्ध संघ भक्तपुर
बु.सं. २५४०

## – सन्दर्भ –

१) विश्व बौद्ध भ्रातृत्व संघ – एक परिचय
– स्वस्तिरत्न शाक्य
धर्मोदय सभा, २५३०

२) Buddha – Marga – Vesak Annual
2526–1982

३) Tribute to Malalasekera – Nemsiri
– Mr. Mrs. C. P. Jaya......
Colombo–6



Downloaded from http://dhamma.digital

# ब्रम्हचारी देवप्रिय बलिसिन्हा

भारतमा बुद्धधर्मको पुनरुद्धारकार्यमा 'महाबोधि सभा' का संस्थापक अनागारिक धर्मपाल (सन् १८६४–१९३३) लाई विशेष मद्दत दिने व्यक्तिहरूमा ब्रम्हचारी देवप्रिय बलिसिन्हा एक प्रमुख व्यक्ति हुनुहुन्छ ।

उहाँको जन्म १० फरवरी १९०४ का दिन श्रीलङ्का सबरगमुग्रा प्रान्तअन्तर्गत अपलतोहुव नामक गाउँमा भएको थियो । बाल्यावस्थामै माता-पिताको निधन हुनाको कारण उहाँ बाज्येको आश्रयमा रहेका थिए । केही वर्षको समयमै उहाँलाई बाज्ये जो त्यस गाउँका मुखिया एवं एक सम्पन्न व्यक्ति थिए ले नजदिकको पिददेनिय स्कूलमा भर्ना गरिदिए ।

यसै स्कूलमा अध्ययन गर्दैरहेको बेला (सन् १९१२) एक दिन देवप्रियले आफ्नो घर र स्कूलको बीचमा अवस्थित उड्‌गम विहारमा अनागारिक धर्मपालको धर्मव्याख्यान सुन्ने मौका पाएको थियो । व्याख्यानको अन्तमा अनागारिक धर्मपालले उपस्थित स-साना विद्यार्थी-हरूलाई सम्बोधन गर्दै भनेका थिए– "विद्यार्थीहरू हो ! तिमीहरूमध्ये जो कोही तथागतको धर्मस्थल जम्बुद्वीप (भारत) मा भावी धर्मप्रचारक हुने चाहना छ त्यसले हात उटाऊ ।"



Downloaded from http://dhamma.digital



ब्रम्हचारी देवप्रिय वलिसिन्हा

(सन् १९०४-६८)

Downloaded from http://dhamma.digital

केही क्षणको शान्त वातावरणपछि ८ वर्षका बालक देवप्रियले हात उठाए । अनागारिक धर्मपालले उहाँसित केही प्रश्नहरू गरे जमको उत्तर सुनी अनागारिक धर्मपालले बालकको विलक्षण बुद्धिबाट प्रभावित भई बालकको बाज्येसित पनि सहर्ष अनुमति लिई देवप्रियलाई कोलम्बो ल्याई धर्मपालले आफ्नी माता श्रीमती मल्लिका हेवावितारण (सन् १८४६–१९३६) को छत्रछायामा अध्ययन गराउन जिम्मा दिए ।

श्रीमती मल्लिका हेवावितारणले देवप्रियलाई बडो प्रेमपूर्वक लालनपालनका साथ अध्ययन गराए । सन् १९१७ को फरवरी महीनामा श्रीमती मल्लिका हेवावितारण भारतमा बोद्धतीर्थस्थलको यात्रा गर्न आउनुभएको वेला देवप्रियलाई साथ ल्याइन् र कलकत्तामा अनागारिक धर्मपालको जिम्मामा दिई आफू श्रीलङ्का फर्किन् ।

अनागारिक धर्मपालले देवप्रियलाई आफ्ना घनिष्ठ मित्र कवि-वर रवीन्द्रनाथ टैगोर (सन् १८६१–१९४१) को 'शान्ति निकेतन'मा भर्ना गरिदिए । 'शान्ति निकेतन' त्यसताका भारतीय संस्कृतिको अध्ययन मनन गर्ने एक प्रमुख केन्द्रको रूपमा रहेको थियो । देवप्रिय वलिसिन्हाले त्यहाँ सिर्फ एक वर्षमात्र अध्ययन गर्नुभएको थियो त्यस अवधिभित्रमा उहाँले केही भारतीय भाषाहरूका साथ भारतीय संस्कृति-को बारेमा पनि पूरा परिचय पाउने अवसर प्राप्त गर्नुभएको थियो ।

शान्ति निकेतनबाट फर्कनुभई देवप्रियले कलकत्ताको मित्रा शिक्षण संस्था *(Mitra Institution)* बाट मैट्रिक पास गर्नुभएको थियो । उहाँ ५० जना सहपाठीहरूमा प्रथम हुनाको कारण अनागारिक धर्मपाल बहुत खुशी हुनुभयो । मैट्रिकपछि देवप्रियले कलकत्ताकै



Downloaded from http://dhamma.digital

प्रेसीडेन्सी कलेज (Presidency College) मा अध्ययन गरी सन् १९२५ मा बी. ए. पनि उत्तीर्ण गर्नुभयो ।

देवप्रियले मैट्रिक पास भएदेखि नै अनागारिक धर्मपाललाई सभाको कार्यमा सहयोग दिदैं आउनुभएको थियो । सन् १९२२ मा अनागारिक धर्मपालले प्रथम विश्वयुद्धअन्तर्गत ५ वर्षको कलकत्तामा नजरबन्दी काल बिताइसकेपछि प्रायः महाबोधि सभाको सम्पूर्ण कार्यभार देवप्रिय बलिसिन्हालाई सुम्पी श्रीलङ्का जानुभएको थियो । देवप्रियले पनि बडो उत्तरदायीपूर्वक सभाको कार्य वहन गर्दै जानुभयो ।

२९ अप्रिल १९३३ का दिन भिक्षु देवमित्र धर्मपाल (अनागारिक धर्मपालको उपसम्पदा पश्चातको नाम) को निधनपश्चात् त देवप्रियको कार्यभार झन् बढ्यो । वास्तवमा यसभन्दा अघि नै अनागारिक धर्मपालले आफ्ना प्रमुख शिष्य देवप्रियलाई लङ्का एवं भारतस्थित महाबोधि सभाका आजीवन प्रधानमन्त्री नियुक्त गरिसकेको थियो ।

हो पनि, देवप्रिय बलिसिन्हाले सन् १९२१ मा मैट्रिक पास गर्नुअगाडि सन् १९२० मा कलकत्तामा महाबोधि सभाको प्रमुख कार्यालयको रूपमा रहेको "धर्मराजिक विहार" को उद्घाटनको बेलादेखि नै सक्रियता देखाउँदै आउनुभएको थियो ।

यसपछि क्रमशः देवप्रिय बलिसिन्हाले सन १९२२ मा बुद्धगयाको प्रश्न (मन्दिर – बौद्धहरूको हुनुपर्ने) लाई लिएर गया कांग्रेसमा भाग लिनु, यसै विषयमा सन् १९२६ मा बुद्धगयाको महन्तले दोहऱ्याइएको बुद्धगया मन्दिरको मुद्दामा प्रमुख भूमिका निभाउनु, सन् १९२७ देखि निर्माण कार्य शुरू भएको सारनाथको मूलगन्धकुटी



Downloaded from http://dhamma.digital

बिहारको रेखदेख (निर्माणकार्यमा), सन् १९२५ मा अनागारिक धर्मपालले लण्डनमा ब्रिटिश महाबोधि सभा स्थापना (२७ सितम्बर १९२५ का दिन) पश्चात् पहिलो पटक पठाएको धर्मप्रचारक मण्डलको व्यवस्थापक भई लण्डनमा २ वर्ष बिताउनु, अंग्रेजी "The Mahabodhi" पत्रिकाको सम्पादक हुनु आदि अनागारिक धर्मपालको जीवनकालमा उहाँ (देवप्रिय) ले गरेका प्रमुख कार्यहरू हुन् ।

धर्मपालको निधनपछि महाबोधि सभाका आजीवन प्रधानमन्त्री देवप्रिय बलिसिन्हाका कार्यभार बढी हुनु स्वाभाविकै थियो । देवप्रिय बलिसिन्हाको कार्यभार विशेषत: सन् १९३१ को नवम्बर महीनामा सारनाथको "मूलगन्धकुटी बिहार"को उद्घाटनपश्चात् देखि झन् विस्तृत हुँदै आएको थियो । कारण भारतमा यस बिहारको उद्घाटनले बुद्धधर्मको पुनरूद्धार कार्यमा नयाँ अध्याय थपिएको वा दोस्रो चरण शुभारम्भ भएको मान्न सकिन्छ । देश-विदेशका हजारौं (अन्दाजी १५,००० जति) महानुभावहरूको उपस्थितिमा सम्पन्नभएको त्यस समारोहमा देश-विदेशका कैयौं प्रतिस्थित व्यक्तिहरूमा पं. जवाहरलाल नेहरू, रामानन्द चटर्जी, भिक्षु निश्चिदात्सु फुमिई, डा. एस, एन. दास गुप्ता आदि प्रमुख थिए ।

यस मूलगन्धकुटी बिहारको उद्घाटनको केही महीनापछि सन् १९३२ मा भिक्षु देवमित्र धर्मपालले आफ्ना शिष्य देवप्रिय बलिसिन्हालाई सभाका कार्य एवं आफ्ना मित्र जोन के. सिल्भासित भेटघाट गउरान अष्ट्रेलिया पठाएको थियो ।

अनागारिक धर्मपालको निधन भएको केही वर्षपछिको अवधिमै विशेषत: देवप्रिय बलिसिन्हाकै प्रयत्नमा नै सारनाथमा हिन्दी मिडिल



Downloaded from http://dhamma.digital

स्कूल, महाबोधि हाइस्कूल, महाबोधि औषधालय आदि खोली सारनाथवासी ग्रामीण जनताहरूलाई सेवा गर्नुभएको थियो । यी विभिन्न कार्यहरूको निमित्त आवश्यक भवनहरू पनि उहाँले अनेकौं श्रद्धालुहरूसित सम्पर्क राखी तयार गर्दै जानुभएको थियो ।

देवप्रिय बलिसिन्हाले सन् १८९२ को वैशाख पूर्णिमा देखि शुभारम्भ भएको अंग्रेजी "The Mahabodhi" पत्रिकाको सम्पादनकार्य सन् १९२४-२५ देखि शुरूगर्नुभएको थियो ।

सन् १९३५ को मई महिना (वैशाखपूर्णिमा, बु सं. २४७९) देखि देवप्रिय बलिसिन्हाले महाबोधि सभा, सारनाथको तर्फबाट 'धर्मदूत' नामक हिन्दी मासिक पत्रिका शुभारम्भ गर्नभयो जुन अद्यावधिसम्म पनि प्रकाशित हुँदै आएको छ ।

पत्र-पत्रिका प्रकाशनको अतिरिक्त देवप्रियले महाबोधि सभा, सारनाथबाट हिन्दी, बंगाली, अग्रेजी, नेवारी, उर्दू, तेलगू, तामिल, सिंहल आदि अनेकौं भाषामा लेखिएको, अनुवाद गरिएको कैयौं बुद्धधर्मसम्बन्धी पुस्तकहरू पनि प्रकाशित गर्दै आउनुभएको थियो । महापण्डित राहुल सांकृत्यायन (सन् १८९३-१९६३) को बुद्धचर्या, विनयपिटक, दीघनिकाय, मज्झिमनिकाय आदि मौलिक एवं पालीबाट हिन्दी अनूदित ग्रन्थहरूको प्रकाशन पनि देश-विदेशका श्रद्धालुहरूको सहयोग लिई महाबोधि सभा, सारनाथबाट प्रकाशन गरिदिएको थियो जसमा मज्झिमनिकायको पहिलो सस्करण सन् १९३३ मा र दोस्रो संस्करण पनि सन् १९६४ मा यस सभाले नै गरिदिएको थियो । यस्तै विनयपिटकको पहिलो संस्करण सन् १९३५ मा र दीघनिकायको पहिलो संस्करण सन् १९३७ मा सम्पन्न गरिएको थियो ।



Downloaded from http://dhamma.digital

सन् १९३१ मा त्रिपिटकाचार्य भिक्षु राहुल सांकृत्यायनको मौलिक ग्रन्थ "बुद्धचर्या" को पहिलो संस्करण प्रकाशन उहाँका गृहस्थ मित्रवर श्री धूपनाथ र बाबू शिवप्रसाद गुप्तले गरिदिएको थियो त दोस्रो संस्करण देवप्रिय वलिसिन्हाले सन् १९५२ (बु. सं. २४९५) मा महाबोधि सभा, सारनाथबाट गरिदियो । यस्तै राहुल सांकृत्यायनको तर्फबाट "धम्मपद"को मूल पाली, संस्कृत छाया तथा हिन्दी अनुवाद गराउनमा पनि देवप्रिय एवं पण्डित बनारसीदास चतुर्वेदी सफल हुनुभएको थियो यस ग्रन्थको प्रकाशन सन् १९३३ मा नै भएको थियो ।

सन् १९४१ मा "महाबोधि सभा" को स्वर्णजयन्ती बडो भव्यरूपमा मनाउने योजना देवप्रिय वलिसिन्हाले तयार गरेको थियो जसको निमित्त उहाँ त्यस सम्बन्धित अनेकौं कार्यहरूमा लागिरहेको थिए तर अफशोच ! दोस्रो विश्वयुद्धको दौरानमा ब्रिटिश सरकारले उहाँको सम्पर्क विशेषत: जापानी बौद्धनेताहरूसित रहेको निहुँ राखी गिरफ्तार गरे । उहाँलाई डा. कालिदास नागका साथ २१ दिनसम्म लालबजार बन्दीगृहमा राखी यद्यपि छोडीदिए तर उहाँको गिरफ्तार हुनासाथ स्वर्ण–जयन्तीको कार्य सबै अस्त–व्यस्त भइसकेको थियो । देवप्रिय जेलबाट मुक्त भएपनि आफ्नो निवासस्थानबाट बिना सरकारी अनुमति ५ माइलभन्दा बढीको दूरीमा जान नपाउने गरी नजरबन्द गरिदिए ।

यसको खबर उहाँको सिंहली मित्र राजा हेवावितारणले थाहा पाउनासाथ देवप्रियलाई हेर्न आए । राजा हेवावितारणले ब्रिटिश सरकारसित अनुमति लिई महाबोधि सभाको सम्पूर्ण कार्यभार भिक्षु जिनरत्न नायक महास्थविर (सन् १९१३-८३) लाई जिम्मा दिन



Downloaded from http://dhamma.digital

लगाई देवप्रियलाई श्रीलङ्का लगे कारण यसबेलासम्ममा देवप्रिय बिमारी भइसकेको थियो । देवप्रिय बलिसिन्हा युद्धकालको अवधि (सन् १९४५) भन्दा पनि बढी समयसम्म श्रीलङ्कामा रही श्रीलङ्काको महा-बोधि सभालाई समुन्नत गर्नेतर्फ लागे । उहाँले कोलम्बोमा महाबोधि सभाको प्रधान कार्यालय भवन तयार गर्न लगाए ।

६–७ वर्षको सिहल निवासकालमा देवप्रियले महाबोधि सभाको आजीवन सदस्यहरूको शुभारम्भ पनि गरे । यसै अवधिभित्र उहाँले "Buddhist Shrines in India" नामक एक अंग्रेजी पुस्तक पनि लेख्नुभएको थियो जुन पुस्तक भारतमा बौद्धतीर्थयात्रा गर्नेहरूको निमित्त अति उपयोगी थियो ।

उहाँ श्रीलङ्कामा रहनुभएको अवधिमै तथागतका अग्रश्रावक सारिपुत्र र महामौद्गल्यायनको पवित्र अस्थिधातु इङ्गलैण्डबाट स्वदेश (भारत) फर्काउने हेतु सर्वप्रथम १४ मार्च १९४७ का दिन कोलम्बो पुऱ्याउन देवप्रिय बलिसिन्हा सफल हुनुभएको थियो । वास्तवमा ती अस्थिधातु सन् १९३८ मै स्वदेश फर्काउन देवप्रिय बलिसिन्हाले अथक प्रयास गर्नुभएको थियो । त्यस धातु लण्डनबाट सिहल वा भारत ल्याउन खोजेको मात्र थियो सन् १९३९ देखि दोस्रो विश्वयुद्ध शुरू हुनाको कारण सम्पूर्ण तयारीको कार्य रोक्न बाध्य भएको थियो ।

२० फरवरी १९४७ का दिन लण्डनको केन्सिङ्गटन म्यूजियममा झण्डै एक शताब्दी (सन् १८५१ देखि) सम्म अवस्थित रहेको त्यस धातु भारत सरकार र महाबोधि सभाको तर्फबाट श्रीलङ्काबाट लण्डन जानुभएका महाबोधि सभाका संस्थापक अनागारिक धर्मपालका एक प्रमुख सम्बन्धित दया हेवाबितारणले ग्रहण गर्नुभएको थियो ।



Downloaded from http://dhamma.digital

बुद्धका अग्रश्रावक सारिपुत्र र महामोद्गल्यायनका त्यस पवित्र अस्थिधातु ११ महीनासम्म श्रीलङ्कामा राखी प्रायः सम्पूर्ण श्रद्धावान् सिंहलवासीहरूलाई धातु दर्शन गर्ने सौभाग्य दिएको थियो ।

१३ जनवरी १९४८ का दिन त्यस पवित्र अस्थिधातुका साथ महाबोधि सभाका आजीवन प्रधानमन्त्री ब्रम्हचारी देवप्रिय बलिसिन्हा झण्डै ८ वर्षपछि भारत आगमन गर्नुभयो । उहाँ अस्थिधातुका साथ भारतका विभिन्न भूभागहरू एवं तिब्बत, बर्मा, नेपाल आदि देशहरूमा यात्रा गर्नुभएको थियो ।

स्मरणीय छ, तथागतका अग्रश्रावक सारिपुत्र र महामोद्-गल्यायन महास्थविरहरूको त्यस अस्थिधातु ६ नवम्बर १९५१ अर्थात २० कार्तिक २००८ का दिन काठमाडौं पुऱ्याइएको थियो । दिनको २. बजे अस्थिधातु रहेको हवाइजहाज हवाइमैदानमा ओर्लेपछि धातुका साथ क्रमशः महाबोधि सभाका प्रतिनिधिहरू एवं अन्य अतिथिगणहरू देखा पर्न थाले । महाबोधि सभाका प्रतिनिधि प्रमुख भिक्षु शीलभद्र महास्थविरको हातबाट अस्थिधातु रहेको सुवर्णमय चैत्य नेपालको "सारिपुत्र– मोद्गल्यायन पवित्र धातु स्वागत समिति" का अध्यक्ष श्री ५ त्रिभुवन वीर विक्रम शाहदेव (वि. सं. १९६३–२०११) ले बडो श्रद्धाका साथ आफ्नो हातमा लिइबक्सेको थियो । त्यस पवित्र धातुलाई उचितस्थानमा राखी धातुको स्वागत सलामी ३१ तोपका साथ गरिएको थियो । त्यसपश्चात् त्यस धातुलाई सुसज्जित मोटरमा राखी अभूतपूर्व यात्राका साथ साढे तीनघण्टा बिताई नारा-यणहिटी राजदरबारमा पुऱ्याइएको थियो, जहाँ त्यस धातुलाई दुई रात राखिएको थियो ।



Downloaded from http://dhamma.digital

८ नवम्बर १९५१ का दिन महाबोधि सभाका प्रधानमन्त्री ब्रम्हचारी देवप्रिय बलिसिन्हाको तर्फबाट श्री ५ एवं श्री ५ बडामहारानीले पवित्र धातुको दर्शन गरिबक्सेको थियो । त्यसपछि मात्र पवित्र धातु सार्वजनिक रूपमा प्रदर्शन वा दर्शन गराउन काठमाडौंको टुँडिखेलमा निर्मित कलापूर्ण रूपमा बनाइएको विशाल मण्डपमा ल्याइएको थियो । काठमाडौंको टुँडिखेलमा पवित्र धातुको स्वागत समारोहपछि २३ कार्तिकदेखि एक हप्तासम्म पवित्र धातु आनन्दकुटी विहारमा श्रद्धालुहरूको दर्शनार्थ राखिएको थियो । त्यसपछि तीन दिन (१–३ मंसिर २००८) पाटनमा श्रद्धालुहरूको दर्शनार्थ नागबहालमा राखिएको थियो त ४–५ मंसिर दुई दिन भक्तपुरको तौमढी टोलमा स्थानीय वासीहरूलाई दर्शनार्थ राखिएको थियो ।

५ मंसिर २००८ कै दिन दिनको १ बजेतिर पवित्र अस्थिधातु बनेपा पुऱ्याइयो । बनेपामा केही घण्टा श्रद्धालुहरूको दर्शनार्थ राखिसकेपछि बेलुकी पवित्र धातु धर्मोदय सभाको शाखा कार्यालय श्रीघः विहार, कान्तिपुर ल्याइयो ।

६ मंसिर २००८ को दिन पुनः एकपटक कान्तिपुरवासीहरूलाई धातु दर्शनार्थ एकदिन राखी ७ मंसिरका दिन मध्याह्न २. बजे पवित्र अस्थिधातुचैत्य गौरचण हवाइअड्डामा श्री ५ त्रिभुवनले महाबोधि सभाका उपसभापति डा. माधोराम साफटको हातमा जिम्मा दिइबक्स्यो ।

धातुका आगमनको दिनमा जस्तै धातु बिदाइको दिनमा पनि सम्पूर्ण नेपालीहरूलाई नेपाल सरकारले सार्वजनिक छुट्टी (बिदा) दिइएको थियो ।



Downloaded from http://dhamma.digital



अग्रश्रावक-अस्थिधातु बिदाइको दिन (२२ नवम्बर १९५१)मा गौचरण-हवाई अड्डामा खिचिएको फोटो
श्री ५ त्रिभुवन (बीचमा) का साथ नेपालका भिक्षु महासंघ र अन्य आगन्तुक विदेशी भिक्षुहरू

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

यसप्रकार ब्रम्हचारी देवप्रिय बलिसिन्हा धातु समूहका अन्य महानुभावहरू (दया हेवावितारण, भिक्षु धर्मरत्न एम. ए., ग्रीसका राजकुमार प्रीन्स पेटर आदि) का साथ १६/१७ दिनको नेपाल बसाइ-पछि भारत फर्कनुभयो।

धातुका साथ नेपाल भ्रमण गर्नुभएको दुई-अढाई वर्षपछि सन् १९५४ मा देवप्रिय बलिसिन्हालाई पुनः एकपटक जापान भ्रमण गर्ने सुअवसर प्राप्त भयो। पहिलो अवसर सन् १९३४ मा टोकियोमा सम्पन्न भएको युवा बौद्ध सम्मेलनमा महाबोधि सभाको प्रतिनिधि भएर जानुभएको थियो त यसपटक शायद व्यक्तिगत रूपमै जापानको "निप्पोनजान म्योहोजी" नामक संस्थाको तर्फबाट टोकियो एवं अन्य जापानको प्रमुख शहरहरूमा हुन लागेको विश्वशान्ति सम्मेलनमा सह-भागी हुन निमन्त्रित हुनुभएको थियो।

८ अप्रिल १९५४ का दिन "निप्पोनजान म्योहोजी" का संस्थापक भिक्षु निनिदात्सु फुजिई (सन् १८८५-१९८५) द्वारा निर्मित पहिलो विश्वशान्ति स्तूप, जुन जापानको क्युशु टापुको कुमामोटो स्थित हनओकायामामा बनाइएको थियो को उद्घाटनको अवसरमा 'अखिल विश्वशान्ति सम्मेलन' पनि सम्पन्न गरेको थियो। सो सम्मेलनको समा-प्तिपछि ब्रम्हचारी देवप्रिय बलिसिन्हा ६ महिनासम्म जापानमा निवास गरी जापानका विभिन्न विश्वविद्यालयहरूमा जानुभई व्याख्यान दिनु-भएको थियो साथै कैयो जापानी पत्रिकाहरूमा लेख पनि दिनुभएको थियो।

जापान निवासको अवधिमै २९ अप्रिल १९५४ का दिन देवप्रिय बलिसिन्हाले देवमित्र धर्मपालको २२ औं स्मृति दिवस जापानमै



Downloaded from http://dhamma.digital

मनाएको थियो । यसको निमित्त उहाँलाई धर्मपालका जापानी मित्र चिगाकू तानाकाका नाति शाइचिरो तानाकाले साथ दिएको थियो । उहाँहरूको कोकुचिकाइ (Kokuchikai) नामक एक संस्था थियो जसको संस्थापक धर्मपालका मित्र चिगाकुनै थिए । यसै संस्थाको तर्फबाट सम्पन्न भएको धर्मपाल स्मृति दिवसलाई रेडियो र टी. भी. मा पनि प्रसारण गरिएको थियो ।

यसप्रकार जापानमा केही उद्देश्यपूर्ण कार्यहरू गरी देवप्रिय बलिसिन्हा भारत फर्कनुभयो । भारत फर्कनुभएको डेढ-दुई वर्षपछि उहाँले भारतमा पनि एक यस्तो समारोहमा सम्मिलित भई सक्रिय सहयोग गर्नुभयो जुन आधुनिक युगको बुद्धधर्मको इतिहासमा अति-चिरस्मरणीय समारोह थियो, त्यो हो- भारतका संविधान निर्माता, दलित वर्गका नेता बाबासाहेब डा. भीम राव अम्बेडकर (सन् १८९१-१९५६) आफ्ना ५ लाख अनुयायीहरूका साथ भिक्षु चन्द्रमणि महास्थविरसमक्ष पञ्चशील ग्रहण गरी बुद्धधर्ममा दीक्षित हुनु । यस ऐतिहासिक समारोह – १४ अक्टोबर १९५६, विजयादशमीका दिन महाराष्ट्रको नागपुरमा सम्पन्न भएको थियो ।

यसको दुईवर्षपछि सन् १९५८ मा ब्रम्हचारी देवप्रिय बलिसिन्हा दक्षिणपूर्व एशियाको केही थेरवादी बौद्ध देश थाइलैण्ड, कम्बोडिया र लाओसको निमन्त्रणामा जानुभई २/३ महिना बिताउनुभएको थियो । यी देशका राष्ट्र प्रमुखहरूसित भेटघाट गर्नुका साथै विभिन्न बौद्ध संघ संस्थाहरूमा सम्मिलित भई उहाँले बुद्धधर्म एवं महाबोधि सभाका गतिविधिहरूको बारेमा व्याख्यान दिँदै जानुभएको थियो ।



Downloaded from http://dhamma.digital

ब्रम्हचारी देवप्रिय बलिसिन्हाले यसप्रकार १५/१६ वर्षको उमेरदेखि महाबोधि सभाको निमित्त अर्थात बुद्धधर्मको प्रचार प्रसारको निमित्त आजीवन ब्रम्हचारी भई पूरा ६० वर्ष बिताइसक्नुभएको थियो। तर पनि उहाँले आफ्नो कार्यभारमा तत्परता देखाईनै रहेका-थिए। ६० वर्षको उमेरमा, सन् १९६४ मा उहाँले महाबोधि सभाको तर्फबाट दुइवटा भव्य कार्यक्रम सम्पन्न गरेका थिए, ती हुन्– अनागारिक धर्मपालको शतवार्षिक समारोह र विश्व बौद्ध भ्रातृत्व संघको सातौं विश्व बौद्ध सम्मेलन। शतवार्षिक समारोह – सेप्टेम्बर महिनामा भएको थियो त विश्व बौद्ध सम्मेलन – २९ नवम्बर देखि ४ दिसम्बर १९६४ सम्म सम्पन्न गरेको थियो।

अफसोच! यसको ठीक वर्षदिनपछि १८ दिसम्बर १९६५ का दिन पहिलोपल्ट देवप्रिय बलिसिन्हालाई पक्षाघात (Paralysis) को रोगले आक्रमण गऱ्यो, अढाइ वर्षसम्म कलकत्ता र कोलम्बोको अस्पताल एवं नर्सिङ्गहोममा उपचार गरे बावजूद पनि निको हुन सकेन। आखिर ३ अगष्ट १९६८ का दिन देवप्रिय बलिसिन्हाले आफ्नो ६४ वर्षको जीवनकाल कोलम्बोको एक अस्पतालमा अन्त गर्नुभयो।

उहाँको निधनपछि उहाँको शवलाई कोलम्बोस्थित महाबोधि सभाको प्रधान कार्यालयमा दुई दिन श्रद्धालुहरूको दर्शनार्थ राखियो। ५ अगष्ट १९६८ का दिन सम्पन्न भएको उहाँको शवयात्रामा सरकारी उच्च अधिकारीहरू एवं कैयौं महानायक महास्थविरहरू पनि सम्मिलित भएका थिए।

★★



Downloaded from http://dhamma.digital

# – सन्दर्भ –


१) बौद्ध विभूतियाँ – भिक्षु धर्मरक्षित
– मनोरञ्जन पुस्तकालय
वाराणसी – १९५४

२) "The Mahabodhi" – Vol 76, No. 8, 9
(Aug. Sep. – 1968)

३) The Mahabodhi – Centenary Volume
(1891–1991)
– The Mahabodhi Society
of India


"आनन्दभूमि"
वर्ष – २४, अंक – ३, ४
(आषाढ, श्रावण–२०५३)

Dhamma.Digital



Downloaded from http://dhamma.digital




भदन्त ऊ. सोभन महास्थविर
(सन् १९०४-८२)

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# भदन्त ऊ. सोभन महास्थविर

२० औं शताब्दीमा बुद्धधर्मको व्यापक प्रचार-प्रसार गर्ने महानुभावहरूमा विपस्सना भावनाका सुप्रसिद्ध ध्यानगुरु महोपकारक अग्गमहापण्डित भदन्त ऊ. सोभन महास्थविर (महासी सयादो) पनि एक प्रमुख हुनुहुन्छ ।

विपस्सना भावनान्तर्गत विशेषतः सतिपट्ठान भावनालाई विश्वमा बेजोडरूपमा प्रचार-प्रसार गर्नुभएका उहाँ २९ जुलाई १९०४ का दिन पिता ऊ. कान था (U. Kan Htaw) र माता डा स्वे ओक (Daw Rhwe Oak) का माहिली पुत्रको रूपमा जन्मेकाथिए । उहाँको परिवार बर्माको उत्तरी भूभाग स्वेबो (Shwebo) को सेखुन (Seikkhun) नामक गाउँमा भएको थियो जुन गाउँ स्वेबो नगरबाट ७ माइल पश्चिममा अवस्थित थियो ।

६ वर्षको उमेरमा गाउँकै एक विहारमा विद्याध्ययन शुरू गर्नुभएका उहाँले १२ वर्षको उमेरमा प्रव्रजित भई 'श्रामणेर सोभन' हुनुभएको थियो । २६ नवम्बर १९२३ का दिन २० वर्षको उमेरमै उपसम्पन्न भई 'भिक्षु सोभन' हुनुभएको थियो ।

भिक्षु सोभन उपसम्पन्न हुनुभएको ४ वर्षपछि बुद्धधर्मसम्बन्धी विस्तृत अध्ययनार्थ माण्डले प्रस्थान गर्नुभएको थियो जहाँ उहाँले कैयौं



Downloaded from http://dhamma.digital

प्रतिष्ठित बौद्धभिक्षुहरूको तर्फबाट शिक्षा हासिल गर्दै जानुभएको थियो । उहाँ माण्डलेबाट पुन: बौद्धग्रन्थहरूको अध्ययनार्थ मोलमिन जानुभयो– यो उहाँको उपसम्पदाको पाँचौं वर्षको कुरा हो ।

भिक्षु ऊ. सोभन उपसम्पदाको आठौं वर्ष (सन् १९३१) मा मोलमिनबाट बुद्धधर्मको आध्यात्मिकपक्ष ध्यान–भावनातर्फ पनि लाग्ने आशयले एक मित्रका साथ अन्यत्र जानुभयो । उहाँहरूले थातोन भन्ने (मोलमिनबाट उत्तरी भाग) ठाउँमा भदन्त ऊ नारद नामक एक सुप्रसिद्ध ध्यानगुरूसित सम्पर्क राख्नुभयो । उहाँको छत्रछायामा रही भिक्षु ऊ. सोभनले उहाँको विशेष पद्धतिअनुरूप सतिपट्ठानभावनामा विशेष प्रगति गर्दै जानुभयो । फलस्वरूप केही वर्षको अवधिमै उहाँले ध्यान–भावनाका आचार्य पद प्राप्त गर्नुभयो ।

यद्यपि उहाँले आफ्नै तर्फबाट ध्यानशिविर सन् १९३८ देखि मात्र शुरूगर्नुभएको थियो । उहाँले सबभन्दा पहिले शुरू गर्नुभएको ध्यानशिविर सिर्फ ३ जनाको थियो – त्यो पनि आफ्नै जन्मस्थान सेँखुनमा र सहभागी आफ्नै नातेदार भाइहरू थिए । त्यसपश्चात् एकैचोटि त्यही गाउँका ५० जना व्यक्तिहरू विपस्सनाका साधक हुन आए ।

भिक्षु ऊ. सोभनले आफ्नो तर्फबाट ध्यानशिविर संचालन गर्न तत्सम्बन्धी पूरा ५/६ वर्ष मोलमिनस्थित "ताङ्ग–वँङ्ग–गाले–तँक–क्वाङ्ग" नामक विहारमा रही प्रशस्त बौद्धग्रन्थहरू अध्ययन गरिसकेका थिए । अत: उहाँ ग्रन्थधुर बनिसकेका थिए, पछि उहाँ विपस्सना-धुरमा पनि पारंगत भए ।

मोलमिनको उपर्युक्त विहारबाट थातोनमा आएको वर्षदिन



Downloaded from http://dhamma.digital

नहुँदै मोलमिनस्थित उक्त बिहारका गुरुवरको निकै अस्वस्थताको खबर आएको कारण उहाँ तुरुन्तै मोलमिन फर्के । उहाँ मोलमिन पुग्नुभएको ७ दिनबाद नै गुरुवरले आफ्नो देहलीला समाप्त गरेको थियो । त्यसताका दोस्रो विश्वयुद्धबाट केही असर नपरेका ठाउँहरूमा सँखुन गाउँ पनि एक थियो ।

उक्त गुरुवरका शिष्यहरूमा भिक्षु ऊ. सोभन नै प्रमुख शिष्य एवं जेष्ठ पनि हुनाको कारण उक्त विहारका सम्पूर्ण अभिभारा उहाँलाई नै सुम्पे ।

भिक्षु ऊ. सोभनले सतिपट्ठान ध्यान–भावनाको प्रचार-प्रसार गर्दै जानुको साथै देशले पाली सम्बन्धी लिएको परीक्षामा पनि समावेश भए र उत्तीर्ण हुनासाथ सन् १९४१ मा उहाँलाई ''सासनधज सिरि पावर धम्माचारिय'' नामक उपाधि प्रदान गरे ।

त्यसताका बर्मामा पनि दोस्रो विश्वयुद्धको प्रभाव अनुरूप जापानी सेनाको आक्रमणको चोट सहनुपरेको थियो । त्यहाँ पनि बमवारीका साथ आक्रमणको कारण गृहस्थहरू मात्र होइन असंख्य भिक्षु समुदायहरूलाई पनि सुरक्षार्थ आ–आफ्नो विहार छोडेर अन्यत्र जानुपरेको थियो । त्यही क्रममा भिक्षु ऊ. सोभन पनि मोलमिनस्थित ''ताङ्–वँङ्–गाले–तँक–क्याङ्'' विहार छोडी आफ्नै जन्मस्थान सँखुनमा जानुभएको थियो । सँखुनवासीहरूको निमित्त यो सुवर्ण अवसर थियो कि आफ्नै जन्मस्थानका ध्यानाचार्यबाट सतिपट्ठान विपस्सना ध्यानलाई निरन्तर अभ्यास गर्दै जान पाइयो ।

भिक्षु ऊ. सोभन सँखुन गाउँको ''महासी क्याङ्'' नामक विहारमा रहनुभएको थियो । बर्मीजहरूको अर्थ अनुसार पनि 'महा'



Downloaded from http://dhamma.digital

को अर्थ ठूलो र 'सी' को अर्थ 'ड्रम' (बजाउने) थियो। अर्थात् ठूलो ड्रम भएको विहार– सो विहारको नामबाट भिक्षु ऊ सोभनको नाम पछि "महासी सयादो" को रूपमा नै बढी प्रचार-प्रसार हुँदै आयो।

त्यसै युद्धताका (सन् १९३९ – ४५) भित्रमा भदन्त महासी सयादोले सतिपट्ठान विपस्सनाको निमित्त अतिउपयुक्त "The Method of Vipassana Meditation" नामक एक विशाल ग्रन्थ सिर्फ ७ महिनाको अवधिमा लेख्नुभएको थियो। पूरा ९५० पेज भएको सोग्रन्थ दुई खण्ड गरी प्रकाशित गरिएको थियो।

यसप्रकार भदन्त महासी सयादोको ध्यान पद्धति र उहाँको "The Method of Vipassana Meditation" कृतिबाट उहाँको ख्याति चारैतिर फैलियो। त्यसताका बर्माका एक सुप्रसिद्ध कुशल राजनीतिज्ञ सर ऊ. थ्वीन पनि उहाँदेखि निकै प्रभावित थिए, उहाँ बुद्धधर्मका अनन्य भक्त पनि थिए ले महासी सयादोलाई रंगूनमा आमन्त्रण गरी विपस्सना ध्यान एवं तत्सम्बन्धी उपदेश एवं निर्देशन दिन लगाउने विचार गरे।

यस धर्मकार्य सम्पन्न गर्नको निमित्त सर ऊ. थ्वीनले रगूनमा "बुद्ध शासनानुगृह समिति" नामक संस्था १३ नवम्बर १९४७ का दिन स्थापना गरे। बुद्धधर्मको परियत्ति र प्रतिपत्ति शासन (क्षेत्र) जोडदार रूपमा प्रचार र पालन गराउन सर ऊ थ्वीनले विशेषतः प्रतिपत्तिलाई नै बढी जोड दिने हेतु एक ध्यानकेन्द्र स्थापनार्थ ६ सितम्बर १९४८ का दिन ५ विघा जमीन पनि सोको निमित्त प्रदान गरिएको थियो। सो टाउँ – कोकिने, रंगून मा "सासना यइता" (बुद्धशासनध्यानाश्रम) नामक ध्यानकेन्द्र पनि स्थापना गरिहाले। जहाँ



Downloaded from http://dhamma.digital

हालसम्ममा २० विघा जमीन ओगती ध्यानकेन्द्रको निमित्त आवश्यक भवनहरू तयार भइसकेका छन् ।

भदन्त महासी सयादोलाई रंगूनमा आमन्त्रण गरी विपश्यना आधार पद्धतिलाई निर्देशन गराउनमा सर ऊ. थ्वीनको मात्र लक्ष्य थिएन तत्कालीन बर्माका प्रधानमन्त्री ऊ. नु. को पनि पूर्ण सहमति थियो ।

भदन्त महासी सयादोले रंगूनको "शासना यइता" मा सर्वप्रथम ४ डिसम्बर १९४९ का दिन २५ जना साधकहरू सम्मिलित गराई सतिपट्ठान ध्यानशिविर संचालन शुभारम्भ गर्नुभएको थियो । उहाँ रंगून आउनु भई ध्यानशिविर शुरू गर्नुभएको केही वर्षपछि नै बर्माभरिमा सतिपट्ठान ध्यानकेन्द्रहरू स्थापना हुँदै गए । यो क्रम बर्मामा मात्र होइन बर्मा नजदिक रहेको थेरवादी राष्ट्र श्रीलङ्का र थाइलैण्डमा पनि स्थापना हुँदै गए ।

सन् १९७२ मा सतिपट्ठान ध्यान भावनाका साधकहरू ७ लाख भन्दा बढी भइसकेको थियो । एशियाको अतिरिक्त यूरोपका अधिकांश मुलुकहरूमा पनि उहाँको ध्यान पद्धतिको प्रचार हुँदै गएको थियो ।

भदन्त ऊ. सोभन "शासना यइता" मा आउनु भएको केही वर्षपछि नै सन् १९५२ (बर्मी सम्वत् – १३१३) मा बर्मासरकारले उहाँलाइ "अग्गमहापण्डित" को उपाधि प्रदान गरेको थियो । उहाँले "अग्गमहापण्डित" उपाधि हासिल गर्नुभएको दुई वर्षपछि नै रंगूनको महापासान गुफामा ऐतिहासिक छट्ठ संगायना उहाँकै प्रधानतामा शुरू भएको थियो सो संगायना १७ मई १९५४ (बैशाख पूर्णिमा; २४९८ बु. सं.) का दिन उद्घाटन गरिएको थियो ।



Downloaded from http://dhamma.digital

बु. सं. २४९८ को वैशाखपूर्णिमाका दिनदेखि शुरू भई पूरा दुई वर्ष बिताई ४ वटा सन्निपात पूर्ण गरी (बु सं. २५०० सम्ममा) समापन गरिएको त्यस संगायनामा प्रमुख भूमिका भदन्त महासी सयादो र त्रिपिटकाचार्य भदन्त विचित्तसाराभिवंशले निभाएका थिए अर्थात यस छट्ठ संगीतिका प्रश्नकर्ता महासी सयादो र उत्तरकर्ता विचित्तसाराभिवंश महास्थविर थिए । उहाँहरू दुवैमा पनि विशेषत: अग्गमहापण्डित भदन्त महासी सयादोको देन प्रमुख थियो । उहाँ 'छट्ठ संगीतिका पुच्छक' मात्र थिएन संगीति पश्चात्का तमाम त्रिपिटक ग्रन्थ एवं यसका अट्ठकथाहरूको प्रमुख विशुद्धकको रूपमा संरक्षण र सम्बर्द्धनमा पनि उहाँ प्रमुख रहनुभएको थियो ।

छट्ठ संगायना सम्पन्न गर्न वा तयारीको निम्ति उहाँले सिर्फ बर्माका विभिन्न क्षेत्रहरूमा मात्र चारिका गर्नुभएको थिएन बर्माको अतिरिक्त श्रीलङ्का, थाइलैण्ड, कम्बोडिया, भियतनामसम्म पनि जानुभई स्थानीय प्रमुख थेरवादी आचार्यहरूसित सरसल्लाहका साथ निम्तो पनि दिइ आउनुभएको थियो ।

सन् १९५६ मा छट्ठ संगायना सम्पन्न भएपश्चात् संगायनाताका (सन् १९५५ मा) जापानबाट बर्मा आउनुभएका १२ जना जापानी भिक्षु-हरूको विशेष अनुरोधमा भदन्त महासी सयादोले जापानमा स्थविरवाद बुद्धधर्म प्रचार-प्रसारार्थ सन् १९५७ मा बुद्धशासन काउन्सिल, बर्माको तर्फबाट ९-१० जना प्रमुख भिक्षुहरू सम्मिलित भई एक जमात धर्मदूत मण्डल जापान गएको थियो जसमा अग्गमहापण्डित महासी सयादो प्रमुख थिए । धर्मदूत मण्डलले जापानको टोकियो, ओसाका, क्योटो, नारा आदि प्रमुख नगरहरूमा पुगी जापानी जनताहरूलाई यस धर्ममा प्रभावित पारी फर्केको थियो ।



Downloaded from http://dhamma.digital

भदन्त महासी सयादोले जापान भ्रमणपश्चात् एक यस्तो ग्रन्थको सम्पादन एव अनुवाद कार्यमा लाग्नु भयो जुन ग्रन्थ स्थविर-वादी बौद्ध जगत्मा अति महत्वपूर्ण थियो त्यो हो– ४ औं शताब्दीका आचार्य बुद्धघोषको "विशुद्धि मार्ग" ग्रन्थ। दुई खण्डमा विभाजित यस ग्रन्थको रोमनलिपिमा सम्पादन कार्य हार्वर्ड विश्वविद्यालय (Harward University) का एक प्रोफेसर हेनरी क्लार्क वारेन (Henry Clarke Warren) ले योजना गरेको थियो। उहाँको आशयअनुरूप त्यो कार्य उहाँको जीवनकाल (निधन-सन् १८९९) मा पूर्ण हुन सकेन त्यो कार्य भारतकै एक पाली प्रोफेसर आचार्य धर्मानन्द कोशाम्बी (सन् १८७६–१९४७) ले चार पटकको अमेरिका गमन–पश्चात् मात्र पूर्णभएको थियो। सन् १९२७ मा सम्पादनकार्य पूर्ण भएको त्यस ग्रन्थ अनुवादसहित सन् १९५० मा मात्र प्रकाशनमा आएको थियो। यसैको बर्मी अनुवाद भदन्त महासी सयादोले गर्नुभएको थियो।

यसप्रकार महासी सयादोले विश्वभरमा सतिपट्ठानभावनाको प्रचार–प्रसारको साथै यसको निमित्त निर्देशनको रूपमा रहेका ग्रन्थ-हरूको पनि रचना एवं प्रकाशन गर्दै जानुभएको थियो।

सतिपट्ठानभावनाको प्रचार–प्रसारकै दौरानमा सन् १९५७ तिर सिंहली सरकारको निमन्त्रणामा भदन्त महासी सयादोले आफ्नै एक प्रमुख शिष्य जो कम्मस्थानाचार्य थिए आचार्य भदन्त सुजातको नेतृत्वमा ३ जनाको एक ध्यानगुरूसमूह श्रीलङ्कामा पठाउनुभएको थियो। उहाँहरूको तर्फबाट कोलम्बोमा एक दायिका Mrs. Nis-sanka को तर्फबाट ध्यानकेन्द्र तयार भएपश्चात् सन् १९५९ मा भदन्त महासी सयादो उक्त ध्यानकेन्द्र "यमुना" को अवलोकन गर्न



Downloaded from http://dhamma.digital

पुग्नुभएको थियो । उहाँको आगमनपश्चात् श्रीलङ्कामा पुन: साधकहरुको वृद्धि भयो । उहाँ एवं उहाँको भ्रमण दल केही दिनको निमित्त मात्र श्रीलङ्का पुग्नुभएको थियो । उहाँहरूको प्रमुख लक्ष्य तथागतका संवेजनीय स्थलहरूको अवलोकनार्थ भारत जानु थियो । तसर्थ उहाँहरू केही दिनपश्चात् नै कलकत्ता पुग्नुभयो । कलकत्ताबाट बुद्धगया पुग्नुभएका उहाँहरूले सेनानी ग्रामको साथै नैरञ्जना नदीको पनि अवलोकन गरी राजगृह प्रस्थान गरेको थियो । राजगृहबाट नालन्दा विश्वविद्यालयको प्राचीन अवशेषको दृश्यावलोकन गर्दा सारनाथ पुगे । सारनाथबाट कुशीनगर, लुम्बिनी, श्रावस्ती, लखनऊ, आग्रा हुँदै दिल्ली पुग्नुभयो । त्यसको भोलिपल्टै परराष्ट्र मन्त्रालयमा उहाँको भेटवार्ता भारतका प्रधानमन्त्री पं. जवाहरलाल नेहरूसित भएको थियो । यस्तै सोही दिन राष्ट्रपति डा. राजेन्द्रप्रसादले पनि विनम्रतापूर्वक उहाँसित भेटवार्ता गर्न आउनुभएको थियो । त्यसदिनको बेलुका बर्मीदूतावासमा "विपस्सना ध्यान" सम्बन्धी व्याख्यानको कार्यक्रम राखेको थियो त त्यसको भोलिपल्ट उपराष्ट्रपति डा. सर्वपल्ली राधाकृष्णसित भेटवार्ता गर्नुभएको थियो । यसप्रकार नयाँ दिल्लीमा केही दिनको बसाइमा भदन्त महासी सयादोले पूर्ण समय तालिका बनाई बिताउनुभएको थियो ।

नयाँ दिल्लीबाट उहाँहरु साँची, अजन्ता गुफाको अवलोकन पश्चात् बम्बई पुग्नुभयो । बम्बईमा "महाबोधि सभा" को तर्फबाट विपस्सनासम्बन्धी एक व्याख्यान कार्यको आयोजना गरिएको थियो । बम्बईबाट मद्रास पुगी प्राचीन थेरवादी आचार्यहरूमा बुद्धघोष, धर्मपाल र अनिरुद्धहरूले निवास गरेर जानुभएको कान्चीपुरम् जुन मद्रासबाट



Downloaded from http://dhamma.digital

४५ माइलमा अवस्थित थियो को पनि अवलोकनार्थ जानुभएको थियो । त्यसपछि मद्रासबाट उहाँहरू वायुयानबाट श्रीलङ्का जानुभयो– यो सन् १९५९ को कुरा हो ।

भदन्त महासी सयादोले सन् १९७९ र १९८० मा गरी दुइपटक धर्मप्रचारको दौरानमा एशिया र यूरोपको भ्रमण गर्नुभएको थियो । त्यसपश्चात् उहाँले नेपाल र भारतको भ्रमण सन् १९८१ मा सम्पन्न गर्नुभएको थियो । नेपालमा उहाँ लुम्बिनी विकास समितिको विशेष निमन्त्रणामा अन्य २ जना कर्मस्थानाचार्य एवं ५ जना उपासिका-हरू साथलिई नेपालको यात्रा गर्न आउनुभएको थियो । उहाँको सम्मानमा आनन्दकुटी बिहारगुठी, आनन्दकुटी दायकसभा र स्वयम्भू ज्ञानमाला भजनमण्डलको संयुक्त आयोजनामा आनन्दकुटी विहारमा भव्यरूपमा स्वागत समारोह गरिएको थियो । त्यस्तै उक्त दिन (१३ फागुन २०३७) मै धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी र धर्मकीर्ति बिहारको उपासको-पासिकाहरूको संयुक्त आयोजनामा धर्मकीर्ति बिहारमा पनि स्वागत समारोह गरिएको थियो सो क्रम बनेपाको ध्यानकुटी विहार, गण-महाबिहार, पाटनको शाक्यसिंहबिहार र सुमंगलबिहारको साथै नागबहालमा पनि स्थानीय जनताहरूद्वारा भव्यरूपमा स्वागतसमारोह सम्पन्न गरिएको थियो ।

स्मरणीय छ, भदन्त महासी सयादोको आज्ञानुसार उहाँको भाषान्तर गर्न बेलायतमा बुद्धधर्म प्रचारार्थ गइरहनुभएका नेपाली भिक्षु ज्ञानपूर्णिक उहाँको साथै काठमाडौं आउनुभई उहाँको कार्यक्रम (धर्मयात्रा) सकिएपछि पुनः बहीं फर्कनुभएको थियो ।



Downloaded from http://dhamma.digital

हर्षको कुरा हो– अग्गमहापण्डित भदन्त महासी सयादोका केही प्रमुख ग्रन्थहरूको अनुवाद नेपालभाषामा भिक्षु ज्ञानपूर्णिक "धम्माचरिय" ले गरी श्रद्धालु दाताहरूबाट प्रकाशित पनि भइसकेका छन्। ती पुस्तकहरूमा विश्व–धर्म प्रचार देशना (बु सं. २५२४–२५) वम्मिक सुत्त (बु.सं. २५२८), संक्षिप्त भावनाविधि (बु सं. २५२६), महास्मृतिप्रस्थानसूत्र पालीशब्दार्थ, अभिप्राय: (बु. सं. २५३२), तथागतया अमूल्य उपदेश (बु. स. २५३३), महान् सल्लेख सूत्रोपदेश (बु. सं. २५३४–३५) अहिलेसम्ममा प्रकाशित पुस्तकहरू हुन्।

भदन्त महासी सयादोका ग्रन्थहरू नेपालभाषामा अनुवादकको रूपमा रहनुभएका भिक्षु ज्ञानपूर्णिकको दक्षतालाई लिएर "वम्मिक–सुत्त" को भूमिकाको दौरानमा भिक्षु सुदर्शन महास्थविर भन्नुहुन्छ–

"विपस्सना विधि थुइकाबीगु कथंया 'वम्मिक सुत्त' देशनाया थुगु सफू भाषान्तर जूसां ब्वनेबलय् यइपुसे च्वं, थूलिसे सिचसे च्वं। बर्मीभाषाया भाषारस दुने च्वंगु धर्मरस नेपालभाषाय् मतंक हे थयाच्वंगु दु थें पत्या· तया छायधा:सा छखें बर्मीभाषा व नेपालभाषाया स्वापू दु– मेखें अनुवादक निगू भाषाय् नं दक्षता दुह्म। थुलिजक मखु, अनुवादक जुयाबिज्याःह्म भन्ते वसपोल परमपूज्य महासी सयादोया सान्निध्यय् च्वयाबिज्याये धुंकूह्म लिसें त:गूर्मछि विपस्सनासम्बन्धी व्याख्यानया भाषानुवादक नं जुयाबिज्याये धुंकूह्म जुया: थ्व गम्भीर रसया सफू रस दयेक हे अनुवाद जुयाच्वगु जुल।"

यसप्रकार बर्माका सुप्रसिद्ध ध्यानगुरू भदन्त महासी सयादोका कृतिहरू बर्मामै अध्ययन सम्पन्न गरी "धम्माचरिय" उपाधि हासिल गरेर आउनुभएका भिक्षु ज्ञानपूर्णिक महास्थविरको अनुकम्पाबाट



Downloaded from http://dhamma.digital

विशेषत: हामी नेपालभाषा–भाषीहरू प्रति लाभान्वित भएका छौं ।

भदन्त महासी सयादोको कृति अध्ययन मनन गर्नमा र उहाँद्वारा प्रचार–प्रसार भएको सतिपट्ठान ध्यान भावनाका साधकहरू वृद्धि गर्नमा बु. सं. २५२४ मा उहाँले गर्नुभएको नेपाल यात्राबाट पनि बढी टेवा मिल्न गएको आभास भएको छ । उहाँको दर्शनले प्रत्येक श्रद्धालुहरू प्रति प्रसन्न थिए कारण बर्माका भिक्षु महासंघले उहाँलाई क्लेशमुक्त (अर्हत्) व्यक्तिको रूपमा स्वीकारेका छन् । यसबारे त्यसताका उहाँसित बौद्धतीर्थयात्रा सम्पन्न गर्नुभएका भिक्षु अश्वघोष महास्थविरले पनि उल्लेख गर्नुभएको छ–

"महासी सयादोनाप लुम्बिनी, कुशीनगर, श्रावस्ती, सारनाथ, बोधगया, राजगृह, नालन्दा दर्शन याये खंगु अहोभाग्य सम्झय् जुया । वसपोलयाके छुं प्रकारया क्लेश पिज्वो धँगु मखना । अल्छि धँगु छपति हे मखना । थ गु दिनचर्या ध्यानभावना व चंक्रमण ज्वीगु भावना आदि ज्या नियमितरूप जुयाच्वं । वसपोलया पाखें मेपिन्त ज्या मछिनीगु थमज्वीमा धइथें न्ह्याबलें सावधान व सजग जू । धात्थें ध्यान बल्लाःह्म खः धइगु मतिइ वन । वसपोलनापया थुगु यात्रा जिगु लागी छगू ज्ञानयात्रा जूवन, थ्व जिगु लागी सन्तोषया खँ खः ।"

अफशोच ! दोस्रो पटक उहाँको दर्शन गर्ने सौभाग्य हामीलाई प्राप्त भएन । उहाँ नेपाल र भारत यात्रा समाप्त गरी बर्मा फर्कनुभएको डेढवर्षपछि नै १४ अगस्ट १९८२ का दिन एक्कासी हृदयघातबाट उहाँले सदाको निमित्त यस संसारलाई त्याग्नुभयो । उहाँको शवलाई हप्ता दिनसम्म श्रद्धालुहरूको दर्शनार्थ राखिसकेपछि २० अगस्त १९८२ का



Downloaded from http://dhamma.digital

दिन "सासना-यइता" स्थित उहाँको आवासस्थल (विहार) बाट उहाँको शवयात्रा प्रारम्भ गरियो, शायद उहाँको आसंयअनुरुप उहाँको दाहसंस्कार सर्वसाधारण रूपमा क्यान्डा सेमेट्री (Kyandaw Cemetery) मा सम्पन्न गरियो।

★ ★

## – सन्दर्भ –

१) Thoughts on the Dhamma– Ven Mahasi Sayadaw
– Buddhist Publication Society
Kandy, Sri Lanka – 1983

२) Biography of Mahasi Sayadaw

३) महासी सयादोका नेपालभाषामा अनूदित विभिन्न ग्रन्थहरू

४) महासी सयादोनाप तीर्थयात्रा – भिक्षु अश्वघोष महास्थविर
– 'धर्मोदय' दँ – ७, ल्या ५१/५२
(वि स. २०४० – ई.सं. १९८३)

'आनन्द भूमि'
वर्ष – २४, अक १०–११
(माघ – फागुण, २०५३)



Dhamma.Digital

Downloaded from http://dhamma.digital



डा. भिक्षु वालपोल राहुल
(सन् १९०७-९७)

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# "डा. भिक्षु वालपोल राहुल"

आधुनिक युगमा एशिया, युरोप एवं अमेरिकामा समेत ख्यातिप्राप्त गर्नुभएका केही विशिष्ट बौद्ध विद्वानहरूमा डा० भिक्षु वालपोल राहुल पनि एक हुनुहुन्छ ।

श्रीलङ्काको दक्षिणी भूभागस्थित Galle जिल्लाको 'वालपोल' नामक गाउँमा ९ मई १९०७ का दिन जन्मनुभएका वालपोल राहुलले आफ्नो प्रारम्भिक शिक्षा गाउँकै एक साधारण स्कूलमा हासिल गर्नुभई १३–१४ बर्षको उमेरमा माता–पिताको प्रोत्साहन पाएर प्रव्रजित हुनुभएको थियो । श्रामणेर वालपोल राहुलले केही वर्षभित्रमा नै सिंहली, पाली, संस्कृत एवं बुद्धशासनको इतिहास बारेमा पूर्णज्ञान हासिल गर्नुभएको थियो । धर्म अध्ययनको साथ साथै मैट्रिक शिक्षा प्राइभेट रूपमा दिई पास गर्नुभएको थियो । सन् १९३६ मा उहाँ Ceylon University College बाट Undergraduate हुनुभएको थियो ।

यसप्रकार भिक्षु वालपोल राहुल आधुनिक युगको पहिलो बौद्ध भिक्षु थिए, जसले विद्यार्थीको रूपमा विश्वविद्यालयमा प्रवेश पाएका थिए । उहाँको अध्ययनकार्यमा विशेषत: दुइजना व्यक्तिहरूले ठूलो मद्दत गरेका थिए । उहाँहरू हुनुहुन्छ– Dr. E. F. C. Ludowyk



Downloaded from http://dhamma.digital

र Mr. S. Thangarajha । उहाँहरू न त सिंहली नै थिए न त बौद्ध नै । Dr. Ludowyk सिलोन विश्वविद्यालयका अंग्रेजीभाषा एवं साहित्यका प्रोफेसर थिए त Mr. S. Thangarajha सेन्ट जोसेफ कलेज, कोलम्बोका गणित र विज्ञानका प्रोफेसर थिए ।

भिक्षु वालपोल राहुल सन् १९३० को शुरूदेखि नै एक कुशल धर्मोपदेशक हुँदै आउनुभएको थियो । बुद्धधर्मसम्बन्धी आफ्नो विचारधारा प्रचार–प्रसार गर्न उहाँले "सत्योदय" नामक पत्रिका, पर्चा आदि छापी नि:शुल्क वितरण गर्नुभएको थियो । उहाँको विचारधाराबाट तत्कालीन बुद्धिजीवी सिंहलीहरू निकै प्रभावित भएका थिए । "बहुजन हिताय, बहुजन सुखाय, लोकानुकम्पाय" भन्ने बुद्धवचनअनुरूप विशेषत: युवा भिक्षुहरूलाई आ–आफ्नो शक्ति र सामर्थ्य अनुसार समाज एवं देशको लागि योगदान गर्न आह्वान गर्नुभएको थियो । यसैको सिलसिलामा घोषणापत्रको रूपमा एउटा पुस्तक पनि रचना गर्नुभएको थियो जसको नाम थियो– "भिक्षुवगे उरूमये" । सन् १९४६ मा प्रकाशित यस पुस्तकको उपादेयता केवल युवा भिक्षुहरूको लागि मात्र नभई, युवा मजदूर एवं तमाम राजनैतिक कार्यकर्ताहरूको लागि पनि थियो । यस पुस्तकको महत्वलाई बुझी सन् १९४७ मा अंग्रेजीभाषामा अनुवाद गरी "The Heritage of The Bhikkhu" नामबाट न्यूयोर्कबाट प्रकाशन गरिएको थियो ।

आफु भिक्षुजीवन व्यतित गरिरहेको भएतापनि उहाँको नजर केवल धार्मिक क्रियाकलापमा मात्र सिमित भएर बस्न सकेन । पराधीन श्रीलंकालाई स्वाधीन गर्नेतर्फ पनि उहाँको ध्यान केन्द्रित भयो । अत: उहाँले सिंहलीहरूको सामाजिक र आर्थिक अवस्था सुधर्न राजनीतिमा



Downloaded from http://dhamma.digital

भाग लिनुभयो । यसैको सिलसिलामा केही दिन कोलम्बोकोजेलमा पनि रहनुभएको थियो । यसै क्रममा सन् १९४७ मा नयाँ दिल्लीमा Inter Asian Ralations Conference सम्पन्न भएको थियो । त्यस सम्मेलनमा भिक्षु वालपोल राहुलले पनि भाग लिनुभएको थियो । सोही सम्मेलनमा उहाँको सम्पर्क भारतका केही प्रमुख राजनीतिज्ञ-हरूसित भएको थियो । उहाँहरू हुनुहुन्छ–

१) प. जवाहरलाल नेहरू
२) डा. राजेन्द्रप्रसाद
३) डा. सर्वपल्ली राधाकृष्ण
४) जयप्रकाश नारायण
५) आचार्य नरेन्द्रदेव र
६) डा अम्बेडकर ।

राजनीतिमा लाग्नुभन्दा पहिले सन् १९४१ मैं उहाँले पहिलो डिग्री "इन्डो-आर्य" विषयमा लण्डन विश्वविद्यालयबाट प्राप्त गर्नु-भएको थियो । यसको फलस्वरूप उहाँलाई पी. एच. डी. को शोधकार्य गर्न श्रीलंकासरकारले छात्रवृत्ति प्रदान गरी कलकत्ता विश्वविद्यालयमा पठाएको थियो तर शोधकार्य पूरा हुन नपाउँदै बर्मामा जापानी अधि-कार कायम हुन आएको कारण त्यसको असर भारतमा पनि पर्न आयो । फलस्वरूप कलकत्ता छाडी स्वदेश फर्कन बाध्य भयो । अन्तर्राष्ट्रिय ख्यातिप्राप्त बौद्ध विद्वान् प्रो. जी. पी. मलालसेखरको सरसल्लाहमा "श्रीलंकामा बुद्धधर्मको इतिहास" विषयक शोधग्रन्थ तयार गरी श्रीलंकासरकारको तर्फबाट सन् १९५० मा भिक्षु वालपोल राहुलले पी. एच. डी. उपाधि प्राप्त गर्नुभएको थियो ।



Downloaded from http://dhamma.digital

भिक्षु वालपोल राहुल कलकत्ताबाट फर्कनुभएदेखि नै केलनियास्थित विद्यालंकार परिवेणका एक वरिष्ठ शिक्षक नियुक्त हुनुका साथै कलेजको शैक्षिक सचिव र नियन्त्रक निकायका महासचिव पद पनि धारण गर्नुभएको थियो। सन् १९५० मा उहाँलाई फ्रान्स सरकारको "Post– Doctoral Research Fellowship" ले विशेषतः महायान बुद्धधर्मका बौद्ध दार्शनिक असंगको बारेमा शोधकार्य गर्न आमन्त्रण गर्‍यो र उहाँ पेरिस पुग्नुभयो।

पेरिस निवासकालमा उहाँले आचार्य असंग (चौथो शताब्दी) को एक प्रमुख ग्रन्थ "अभिधर्म समुच्चय" (जुन संस्कृतमा थिए) लाई फ्रेन्चभाषामा अनुवाद गर्नुभएको थियो। सोही दौरानमा युरोपमा कैयौं प्राच्यविद् (Orientalist) हरू एवं बौद्ध शास्त्रज्ञहरूसित पनि परिचित हुने मौका पाएको थियो। सन् १९५८ मा पेरिसमा भएको UNESCO को महासम्मेलनमा श्रीलंकाको एक प्रतिनिधिको रूपमा उहाँले पनि भाग लिनुभएको थियो। यसै अवसरमा उहाँले तत्कालीन पेरिसको Papal Nuncio (जो पछि Pope John 23rd हुनु भएको थियो) Angelo Roncalli र अन्य उच्च श्रेणीका पादरीहरू, ऐकेडेमिक क्रिश्चियनहरूको साथै कैयौं विशिष्ट क्रिश्चियनहरूसित उहाँको घनिष्ठ सम्बन्ध स्थापना भएको थियो। डा. वालपोल राहुलको प्रतिभाबाट प्रभावित भई उहाँलाई पेरिसस्थित भेटिकन राजदुतावासमा एक सम्मानको आयोजना गरिएको थियो। त्यस समारोहमा उहाँलाई "बिना सीमा एवं राष्ट्रियताको साँच्चैको धर्मदूत" को संज्ञा दिइएको थियो।



Downloaded from http://dhamma.digital

पेरिस निवासकालपछि उहाँको बसाइ USA को North Western University हुन आउँछ । सन् १९६४ मा त्यस विश्वविद्यालयका धर्मविभागका अध्यक्ष एडमण्ड एफ. पेरीको प्रस्तावमा डा. वालपोल राहुललाई त्यहाँ स्थापना भएको नयाँ प्रोफेसरको पद Bishop Brashare (जुन इतिहास र विभिन्न धर्मको अध्ययन र अध्यापनको लागि व्यवस्था गरिएको थियो) को लागि आमन्त्रण गरियो । आश्चर्यको कुरा यो हो कि विशेषत: क्रिश्चियन पादरीहरूको निमित्त सृजना गरेको त्यस पदमा सर्वप्रथम एक बौद्ध भिक्षु त्यस पदमा रहन पाइयो । यसरी डा. वालपोल राहुल पश्चिमी जगत्मा प्रोफेसर पद ग्रहण गर्ने पहिलो बौद्ध भिक्षु हुनुहुन्छ । त्यसबेलादेखि उहाँ भिजिटिङ्ग प्रोफेसरको रूपमा १० वर्षसम्म रहनुभएको थियो ।

यस लामो अवधिभित्रमा डा. राहुलको एडमण्ड एफ. पेरीसित यति घनिष्ठ सम्बन्ध स्थापित भैसकेको थियो कि डा. राहुलले उहाँलाई "परमा ज्ञाति" सम्झनुभएको थियो । आफ्नो एक प्रमुख ग्रन्थ "Zen and the Jaming of the Bull" मा उहाँलाई समर्पण गर्दै उल्लेख गर्नुभएको थियो– "विश्वसनीय व्यक्तिहरू नै साँच्चिकै नातेदारहरू हुन् ।" यसरी अन्तर्धर्मीय (Inter – Religious) भएर पनि एक आपसमा घनिष्ठ मित्र बन्न सकिन्छ भन्ने ज्वलन्त प्रमाण उहाँहरूले दिनुभएको छ । एडमण्ड एफ. पेरीले पनि एक क्रिश्चियन र एक बौद्ध एक आपसमा कसरी "कल्याणमित्र" भएर रहन सकिन्छ भन्ने बारेमा एक लेख समेत लेख्नुभएको छ । त्यो हो– "Can Buddhists Christians live together as Kalyana–Mitta ?"



Downloaded from http://dhamma.digital

सन् १९६५ मा श्रीलंकाका बौद्ध भिक्षुहरूको एक प्रमुख संस्था– "श्री कल्याणी सामग्री संघ" सभाले उहाँलाई "त्रिपिटक–वागीश्वराचार्य" नामक सर्वोच्च उपाधि प्रदान गरिएको थियो । सन् १९६६ मा श्रीलंकासरकारले कोलम्बो स्थित विद्योदय विश्वविद्यालयको उपकुलपति पदमा नियुक्त गरेको थियो । सन् १९७७ मा आएर उहाँलाई USA को पेन्सीलभानिया स्वार्थमोर स्थित Swarthmore College को भिजिटिङ्ग प्रोफेसरको पदमा नियुक्त गरेको थियो ।

सन् १९७८ मा श्रीलंका विश्वविद्यालयले डा. राहुललाई D. Litt को उपाधि प्रदान गरेको थियो । सोही वर्षमा भारतको नवनालन्दा महाविहारले पनि D. Litt (विद्यावारिधी) को उपाधि प्रदान गरेको थियो । पुन: त्यही उपाधि क्यालिफोर्नियाको लाँसएञ्जेल विश्वविद्यालयको प्राच्यविभागले पनि सोही वर्ष प्रदान गऱ्यो । उक्त विश्वविद्यालयले सन् १९७९ मा डा. राहुललाई मानव विज्ञान (Anthropology) को एक प्रतिष्ठित भिजिटिङ्ग प्रोफेसरको रूपमा आमन्त्रण गरेको थियो । सन् १९८० मा उहाँलाई श्रीलंकाको केलनिया विश्वविद्यालयले पनि L. L. D. को उपाधि प्रदान गरेको थियो ।

यसरी डा. भिक्षु वालपोल राहुलले यस शताब्दी (२० औं) को पाँचौं दशकदेखि पूर्व र पश्चिमको निकै यात्रा गर्नुभएको थियो । यूरोपका थुप्रै विश्वविद्यालयहरूमा अध्यापनको साथ साथै थुप्रै सेमिनार र गोष्ठीहरूको आयोजना पनि गर्दै आउनुभएको थियो ।

सन् १९८० पश्चात् उहाँ केलनिया विश्वविद्यालयको कुलपति हुनुको साथै श्रीलंकाको "परमधम्म बुद्धिष्ट इन्स्टिच्यूत" को अध्यक्ष



Downloaded from http://dhamma.digital

पनि नियुक्त भई धर्म र राष्ट्रको उत्थानमा टेवा दिदैं आउनुभएको थियो । डा. भिक्षु वालपोल राहुल अति वृद्ध हुँदैं गएको कारण श्रीलंका सरकारले उचित सम्मानका साथ उहाँको सेवा पनि गर्दै आएको थियो । तर पनि उहाँको जीवन ९० वर्षको मात्र भयो– १९ सेप्तेम्बर १९९७ का दिन उहाँले आफ्नो जीवन परित्याग गर्नुभयो ।

अन्तमा उहाँको एउटा सन्देश–

"While encouraging material Progress, Buddhism always lays great stress on the development of the moral and spiritual character for a happy, peace-ful and Contented society."

अर्थात–

"यद्यपि भौतिक प्रगति बढाउने प्रोत्साहन दिएपनि बुद्ध-धर्मले सदा सुखी, शान्तिपूर्ण र सन्तुष्ट समाजको निमित्त नैतिक र अध्यात्मिक चरित्र विकास गर्नमा ठूलो जोड दिइएको छ ।"

★ ★

## – सन्दर्भ –


१) शान्तिका मार्ग – सर्व धर्म मिलन

२) What the Buddha Taught – Walpola Rahula.

३) Buddhist Studies in honour or Walpola Rahula


"विश्व–शान्ति"

वर्ष – ३, अंक – ३

(बु.सं. २५३७)



Downloaded from http://dhamma.digital

# भिक्षु पञ्ञा मेत्तेय्य

बुद्धशासनको इतिहासमा विभिन्न विशेषतासम्पन्न भिक्षुहरूको कथा, कहानी एवं घटना पर्याप्तरूपमा हामी त्रिपिटक – साहित्यमा पढ्न पाउँछौं । त्यस किसिमका विशेषतासम्पन्न भिक्षुहरू उहिले मात्र होइन अहिले पनि रहेको कुरा भिक्षुहरूको जीवनी अध्ययनबाट थाहा-पाउन सकिन्छ । यस्तै एक अद्भूत प्रतिभावान भिक्षु हुनुहुन्छ– भिक्षु पञ्ञा मेत्तेय्य ।

उहाँको जन्म सन् १९१० मा श्रीलंकाको दक्षिणी भूभागस्थित पम्बुरन नामक गाउँमा भएको थियो । उहाँको बाल्यकालको नाम चार्ल्स अभयगुणरत्न थियो । उहाँको विद्याध्ययन "सेन्ट थोमस विद्यालय" बाट शुरूभएको थियो । बाल्यकालदेखि नै उहाँ पढ्नमा तेज थिए । सेन्ट थोमस विद्यालयमा "डेन हैम" नामक एक ठूलो पारितोषिकको व्यवस्था रहेको थियो जुन उहाँले प्राप्त गरेका थिए । चार्ल्स अभयगुण-रत्नले आफ्नो अध्ययन जारी गर्दै एम. एस. सी. सम्म पास गरेका थिए ।

त्यसैताकाको एक लेखमा उहाँले यसै जन्ममा लेखक बनेर विश्वको कल्याण गर्नमा समर्थवान् हुने भन्ने इच्छा प्रकट गरेका थिए ।

साँच्चै नै उहाँले २० वर्षको उमेरमा, श्रीलंकाको एक साप्ताहिक "सिलुमिण" को निमित्त एक सहायक सम्पादकको आव–



Downloaded from http://dhamma.digital

पर्यकताको विज्ञापन देखेका थिए जसअनुसार उहाँ "सिलुमिण" साप्ताहिक कार्यालयमा गएर त्यहाँ एउटा पद ओगटी त्यसमा सफल भएका थिए। यसरी चार्ल्स अभयगुणरत्न सन् १९३० को फरवरी महीनादेखि "सिलुमिण" साप्ताहिकका सहायक सम्पादक रहेका थिए। उहाँबाट "सिलुमिण" साप्ताहिक कार्यालयका सबै अधिकारीहरू प्रभावित भएका थिए।

उहाँले सहायक सम्पादकको कार्य सिर्फ तलबको लागि गरेका थिएनन्। उहाँको लोककल्याण नै प्रमुख ध्येय थियो। उहाँमा आफ्नो मातृभाषा - सिंहली र अंग्रेजीमा पनि समान ज्ञान थियो।

त्यसै बीच उहाँको सम्पर्क श्रीलंकाका एक प्रतिष्ठित एवं प्रतिभाशाली विद्वान् भिक्षु पेलेने वजिरञाण महास्थविर (आचार्य भिक्षु अमृतानन्द महास्थविरका उपाध्याय गुरु) सँग भयो। आफ्नो कार्यालयबाट छुट्टी पाउनासाथ बराबर चार्ल्स अभयगुणरत्न उहाँ कहाँ गएर धर्मसम्बन्धी चर्चा गर्दै रहन्थे। पेलेने वजिरञाण महास्थविरबाट पाएको शिक्षाको लाभ उहाँले जीवनपर्यन्त उपयोग गरेका थिए, त्यसै शिक्षाबाट उहाँको जीवनको लक्ष्य नै बदलेको थियो।

एक सहायक सम्पादक – एक प्रतिष्ठित बौद्ध विद्वान्‌सित सम्पर्क हुनाको फलस्वरूप चार्ल्स अभयगुणरत्नले "सिलुमिण" मा एक यस्तो स्तम्भ शुरू गरे जुन स्तम्भलाई श्रीलंकाका बालकहरूदेखि लिएर ठूल्ठूला धर्मोपदेशकहरू समेत पढ्नमा लालायित हुन्थे।

यस स्तम्भबारे बौद्धजगत्‌मा ख्यातिप्राप्त एक भारतीय बौद्ध-विद्वान् भदन्त आनन्द कौशल्यायन (सन् १९०५–८८) अनुसार–



Downloaded from http://dhamma.digital

"सिहलद्वीपके एक प्रसिद्ध साप्ताहिक अखबार "सिलुमिण" मे प्रति सप्ताह "सियागेल्यूम" (दादाकी चिठ्ठी) छपती थी। रङ्ग-ढङ्ग ऐसा होता था कि जैसे कोइ बडा-बूढा अपने पोतों-परपोतोंको सम्बोधन करके लिख रहा हो। भाषा ऐसी की लाख प्रयत्न करने पर भी नक्कल न की जा सके।"

त्यस "सीयागे ल्यूम" स्तम्भबाट "सिलुमिण" पत्रिकाको ख्याति दिन-प्रति-दिन बढ्दै गएको थियो तर एक तर्फबाट यस स्तम्भका कारण "सिलुमिण" साप्ताहिक पत्रिका किन्ने ग्राहकहरू केही मात्रामा घट्न गएको पनि थियो कारण भदन्त आनन्द कौशल्यापन नै बताउनु हुन्छ-

"दादा" के अपने बच्चोंको दिये गये वे अमृत भरे उपदेश पत्र के ईशाई ग्राहकोंको खटकने लगे वे अपने बच्चोंको "सिलुमिण" पढ्ने से रोकते कारण उसमें "सीयागे ल्यूम" छपती है। कई लोगोंने अपने बच्चोंको उस लेखमालाके प्रभाव से बचाये रखने के लिए अखबारको खरीदना ही छोड दिया। "दादा" की उन चिठीयों में एक भी शब्द किसी व्यक्ति या धर्म के खिलाफ नहीं रहता था। जो वाणी रहती थी-वह कल्याणी। तब भी सम्प्रदायविशेष के लोग उससे डरते थे। किसी की लेखनी के जोरदार होनेका इससे बडा प्रमाण क्या होगा?

चार्ल्स अभयगुणरत्नको अन्तिम "सीयागे ल्यूम" सन् १९३४ को पहिलो जुलाईका दिन प्रकाशित भएको थियो। त्यस अन्तिम चिठ्ठीमा उहाँले संसारलाई छोडी जनताका कल्याणका निमित्त विचरण गर्ने महिमालाई जोड दिएका थिए। साप्ताहिक पत्रिकाद्वारा उहाँले दिएको अन्तिम सन्देश यही थियो।



Downloaded from http://dhamma.digital

यसै बीच उहाँले पूज्य पेलेने वजिरञाण महास्थविरको तर्फबाट प्रव्रजित हुने चाहना गरेका थिए तर विशेषकारणवश सफल हुन सकेनन् तैपनि उहाँले उत्साहलाई छोडेनन् ।

श्रीलंकाको अन्य एक सुप्रसिद्ध एवं सर्वश्रेष्ठ दैनिक पत्रिका थियो- "दिनमिण" । बुद्ध-जयन्तीको अवसरमा "विशेषाङ्क" प्रकाशि गर्नु अन्य पत्रिकाहरूको सरह यसको पनि विशेषता थियो । यस पत्रिकाले एक पटकको "बुद्धजयन्ती विशेषाङ्क" सम्पादन गर्ने सम्पूर्ण भार चार्ल्स अभयगुणरत्नलाई दिएको थियो । उहाँले "बुद्धजयन्ती विशेषाङ्क" यति राम्रोसित प्रकाशित गरे कि कैयौं विशिष्ट व्यक्तिहरूले "दिनमिण" दैनिकलाई बधाई-सन्देश पठाएका थिए ।

"दिन मण" दैनिकका अधिकारीहरू चाहन्थे कि चार्ल्स अभयगुणरत्न त्यस दैनिकको प्रधान-सम्पादक होउन् तर अभयगुणरत्नले स्वीकार गरेनन् । उहाँ त आफूसँग रहेको अधिकांश रकम आफ्नो एक मित्रको तर्फबाट घर पठाई केही रकममात्र लिई उत्तर - भारतमा अवस्थित बौद्धतीर्थस्थलहरूको परिभ्रमण गर्न श्रीलंका छोडी धनुषकोटीबाट रामेश्वरम् पुगे ।

त्यसबेलासम्ममा उहाँसँग रकम सिद्धिसकेको थियो । बाकी रहेका दुई सेन्ट पनि एक याचकलाई दिइदिएका थिए । आफूले धोती–कुर्ता (गेरुवावस्त्र) लगाई आफ्नो कोट, पतलून, टोपी, बूट सबै याचकहरूलाई दिँदै गरे ।

अब उहाँ पूर्णब्रह्मचारी (संन्यासी) को रूपमा रहेर हातमा एउटा भिक्षापात्र लिई भारतको उत्तर–प्रदेश तर्फ आए । भिक्षाटनमा भिक्षा कहिले प्राप्त हुने, कहिले नहुने गर्दै ३०० माइल पैदलयात्रा गर्दै



Downloaded from http://dhamma.digital

उहाँ उत्तर-भारत पुगे । सारनाथ (तथागतको धर्मचक्र प्रवर्तनस्थल) मा ३ दिन रही उहाँ कलकत्ता पुगे ।

यस अवधिभित्रमा उहाँले पत्रबाटै मातापितासित प्रव्रजित हुने अनुमति लिइसकेका थिए । अत उहाँले प्रव्रजित हुने चाहना लिई बर्मातर्फ प्रस्थान गरे ।

चटगाउँ हुँदै बर्मा पुगी उहाँले प्रव्रज्या एवं उपसम्पदा प्राप्त गरेका थिए । उपसम्पदापश्चात् उहाँको नाम "मञ्ञा मेत्तेय्य" राखिएको थियो, तैपनि उहाँ "भिक्षु मेत्तेय्य" नामबाट नै सुप्रसिद्ध भए ।

स्मरणीय छ, चार्ल्स अभयगुणरत्न ब्रह्मचारीको भेषमा चटगाउँ हुँदै अराकन पुगेको बेला एक विहारमा उहाँको भेट आधुनिक युगका नेपालका प्रथम स्थविरवादी भिक्षु महाप्रज्ञासित भएको थियो । उहाँहरूमा एक आपसमा सम्पर्क भइसकेपछि दुबैजना सरसल्लाह गरी स्थानीय जंगलमा गई ध्यानाभ्यासमा लागेका थिए । यसबाट मनमा केही सन्तोष भइसकेपछि मात्र भिक्षु महाप्रज्ञाको उपस्थितिमै चार्ल्स अभयगुणरत्न तत्कालीन त्यहाँका संघराज ऊ. सुन्दर महास्थविरको विहारमा श्रामणेर एवं उपसम्पन्न भएका थिए ।

केही महिनासम्म भिक्षु महाप्रज्ञाको सत्संगमा रहनाको फलस्वरूप भिक्षु मेत्तेय्यमा पनि भिक्षु महाप्रज्ञाको जस्तै अधिष्ठानकार्यमा निपुणता रहन गएको कुरा स्वयं भिक्षु महाप्रज्ञा नै बताउनु हुन्छ–

"मेत्तेय्य (भिक्षु) छह्म शीलयात थःगु प्राण स्वया नं प्याग याना: पालन याइह्म जुल । अधिष्ठान साब हे बल्ला । लंका देशय् "भिक्षु मेत्तेय्य" नामं प्रसिद्ध जुयाबन । मेत्तेय्यं अर्हन्त ज्वीगु प्रार्थना



Downloaded from http://dhamma.digital

मयासे लंकाय् त्रिनिकाय (श्यामनिकाय, रामञ्ञनिकाय व अमरपुर निकाय) यागु कलंक मितय्याना: सिर्फ छगू हे जक बुद्धनिकाय स्थापना याये फयेमा, अनंलि आश्रवक्षय याना: निर्वाण-पद प्राप्त याना: जन्ममरणयागु चक्रं मुक्त ज्वी फयेमा धैगु मेत्तेय्यया आशिका खः ।"

पछि उहाँहरू दुवैजना अराकन एवं अक्याबबाट चटगाउँ आएका थिए । चटगाउँमा रहँदै जाँदा उहाँहरू दुवैजनालाई औलो ज्वर (Maleria) हुन गएको कारण उपचारार्थ दुवैजना कलकत्ता पुगेका थिए । कलकत्तामा, भिक्षु प्रज्ञाप्रज्ञाले मेत्तेय्यलाई त्यहाँस्थित धर्मराजिकविहार (महाबोधि सोसाइटी) मा रहने बन्दोवस्त गरी आफू एक मित्र (लालबहादुर रंजितकार) को घरमा रहन जानुभएको थियो ।

भिक्षु मेत्तेय्य कलकत्ताको महाबोधि सोसाइटीमा रहँदै आएको कुरा त्यसताका (सन् १८३५-३६) सारनाथमा रहनुभएका भदन्त आनन्द कौशल्यायनले थाहा पाउनासाथ उहाँलाई पनि सारनाथमै रहने बन्दोबस्त गर्न "महाबोधिसभा" का प्रधानमंत्री देवप्रिय बलिसिंन्हा (सन् १६०४-६८) लाई अनुरोध गर्नुभएको थियो जसअनुसार देवप्रियले भिक्षु मेत्तेय्यलाई सारनाथ पुऱ्याउनुभएको थियो ।

भिक्षु मेत्तेय्य सारनाथमा ४ महिना बसेका थिए । त्यसअवधिभित्रमा उहाँको स्वभावबाट कैयौं व्यक्तिहरू प्रभावित भएका थिए । तीमध्ये भिक्षु धर्मालोक (शायद भारतीय) पनि थिए ।

उहाँ भन्नुहुन्छ-

"जो कोई भी भिक्षु मेत्तेय्य के सम्पर्क में आते, उनके स्वभाव को देखते और समय पाकर बातचीत करते, वे बिना प्रभावित



Downloaded from http://dhamma.digital

हुए न रहते। उनके (भिक्षु मेत्तेय्य) मुँह से निकलनेवाली हरएक बात और उनकेद्वारा दिये जानेवाले हर एक कार्य से यह भली भाँति जान पडता था कि वे किस प्रकार के व्यक्ति थे। यदि ऐसे भिक्षु इस युग मे है, जो भगवान् बुद्धके-सच्चे अनुयायी कहे जा सकते हैं तो भिक्षु मेत्तेय्य निसन्देह उनमें से एक थे। वे थे मैत्री के प्रतिमूर्ति और वे थे ऐसे असाधारण पुरूषों में एक जिनका मन अतीव परिशुद्ध होता है। उनकी अनेक रचनाओं में यह बात स्पष्टरूप से अंकित है। यदि कोई उनको समझना चाहते हैं तो उन्हें उनकी कृतियोंको अवश्य पढना चाहिये।

यदि छपी हुई बातोंको पढने मात्र से उनका परिचय हुआ होता तो इन पंक्तियों को लिखने के लिए शायद ही प्रोत्साहन मिलता।"

खुशीको कुरा हो- भिक्षु मेत्तेय्यका लेखहरूको संकलन नेपालका भिक्षु मेधंकर (वि. सं. १९७९-२०४४) ले श्रामणेर कालमै गर्नुभई "आर्य-सिद्धान्त" को रूपमा उहाँका १२ वटा लेखहरूको अनुवाद- सकलन गर्नुभएको थियो। नेपालभाषामा अनूदित त्यस पुस्तक बु. सं. २५०२ मा अनागारिका धर्मचारी (वि सं. १९५५-२०३४) को तर्फबाट प्रकाशित भएको थियो। यस पुस्तकको अनुवाद एवं प्रकाशनको प्रेरक "श्रामणेर सुदर्शन" हुनुभएको थियो।

भिक्षु मेत्तेय्य भारतमा रही "महाबोधि सभा" का प्रत्येक धार्मिक कार्यहरूमा यथासक्य योगदान दिँदै रहन चाहन्थे तर अफशोच! उहाँको स्वास्थ्यले साथ नदिएको कारण श्रीलका फर्के। उहाँ पूर्ण स्वस्थ भइसकेपछि पुन: भारत आई बुद्ध-धर्मको प्रचार प्रसार गर्ने तीव्र अभिलाषा राख्दै थिए। तर......



Downloaded from http://dhamma.digital

४ फरवरी १९५० का दिन श्रीलंकाले आफ्नो स्वतन्त्रता दिवस मनाउँदै थिए, त्यस दिन भिक्षु मेत्तेय्यको एक परिचित मित्र उहाँलाई भेट्न आउनुभएको थियो। जो कोही पनि उहाँलाई भेट्न आउने बेलामा उहाँले प्रसंगवश केही न केही धर्मोपदेश दिने उहाँको स्वभाव (गुण) नै थियो। तसर्थ त्यस दिन उहाँलाई भेट्न आएका मित्रलाई मित्रताको बारेमा उपदेश दिँदै थिए– सारिपुत्र र मौद्गल्यायन (बुद्धका अग्रश्रावक) का मित्रता कस्तो थियो र कसरी उहाँहरू बाल्य-कालदेखि एक आपसमा मित्रता बढाउँदै भगवान् बुद्धका दुई प्रधान शिष्य हुनुभयो, परिनिर्वाणपश्चात् पनि उहाँहरूको अस्थिधातु कसरी एक साथ रहे आदि आशयको उपदेश उहाँ त्यस दिन दिँदै थिए। मित्रलाई यस्तो पनि भनेका थिए कि श्रद्धा र मैत्री आदि गुणधर्मको वृद्धि गरी जनसेवा गर्नमा सदा तत्पर रहनुपर्छ।

यी शब्दहरू नै भिक्षु मेत्तेय्यको अन्तिम उपदेश थियो किनकि यसको केही समयपछि नै उहाँको रोगले भीषण रूप लियो र उहाँ बेहोश भए। ३ दिनपश्चात् बेहोशी अवस्थामै ७ फरवरी १९५० का दिन भिक्षु मेत्तेय्यले आफ्नो जीवन परित्याग गरे।

★ ★



Dhamma.Digital
Downloaded from http://dhamma.digital

# — सन्दर्भ —

१) जों न मूल सर्का – भदन्त आनन्द कौशल्यायन

— हिन्दुस्तानी पब्लिकेशन, इलाहाबाद – १९४८

२) साहित्यसुता, कर्मस्थानाचार्य व बौद्ध ऋषि महप्रज्ञाया आत्मकथा–

सम्पादन – दरशा नेवा: मि

— सकलोपासकोपासिका

ऋषिआश्रम, दिल्लीबजार

काठमाडौं – ११०३

३) आर्य-सिद्धान्त – मूललेखक ⇒ भिक्षु मैत्तेय्य

अनुवादक (नेपालभाषा) – श्रामणेर मेधंकर

— अनागारिका धर्मचारी

उपासिकाराम, चिन्दोल – बु. सं. २५०२

४) "धर्मदूत", वर्ष – १४, अंक – १२

मार्च, १९५०)

वर्ष – २१, अंक – ३

(आषाढ, २०५०)



Downloaded from http://dhamma.digital



भिक्षु एम. संघरत्न नायक महास्थविर

(सन् १९११-८५)

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# भिक्षु एम्. संघरत्न नायक महास्थविर

भारतमा स्थविरवाद बुद्ध-धर्म प्रचार-प्रसार गर्नमा विशेष योगदान दिनुभएका केही विदेशी भिक्षुहरूमा भिक्षु एम. संघरत्न नायक महास्थविर पनि एक प्रमुख हुनुहुन्छ ।

उहाँको जन्म १६ सितम्बर १९११ का दिन श्रीलङ्काको दक्षिणी भूभाग गाल्ल (Galle) स्थित मेटिवल नामक गाउँमा भएको थियो । १३ वर्षको उमेरमा, सन् १९२४ मा जी. पियरतन नायक स्थविरको आचार्यत्वमा श्रामणेर हुनुभएका उहाँ सन् १९२५ मै कोलम्बो पुग्नुभएको थियो ।

सन् १९२५ मा "महाबोधि सभा" का संस्थापक अनागारिक धर्मपाल (सन् १८६४ – १९३३) ले केण्डी (Kandy) मा बुद्ध-धर्म प्रचार-प्रसारार्थ "फोस्टर श्रामणेर विद्यालय" को स्थापना गर्नुभएको थियो । यसैमा सरिक गराउन अनागारिक धर्मपालले श्रामणेर संघरत्नलाई कोलम्बो ल्याउनुभएको थियो । अनागारिक धर्मपालले यस फोस्टर श्रामणेर विद्यालय (Foster Buddhist Seminary) मा प्रशिक्षण दिलाउन १० जना श्रामणेरहरू जम्मा गर्नुभएको थियो । यी श्रामणेरहरूबाट पछि भारतमा बुद्ध-धर्म प्रचार-प्रसार गराउने उहाँको प्रमुख ध्येय थियो । अतः ती श्रामणेरहरूलाई उहाँले केण्डीमा



Downloaded from http://dhamma.digital

केही वर्ष अध्ययन – अध्यापन गराइसकेपछि भारतीय भाषाबाट नै प्रशिक्षण प्राप्त गराउन बङ्गालस्थित "शान्तिनिकेतन" मा ल्याउनु भएको थियो ।

अनागारिक धर्मपालले ती श्रामणेरहरूका साथ भदन्त डो. शासनश्री महास्थविर (सन् १८९९–१९६६) लाई पनि श्रामणेरहरूका आचार्यको रूपमा नियुक्त गरी भारत सरुवा गरिएको थियो ।

स्मरणीय छ, अनागारिक धर्मपाल र "शान्ति निकेतन" महाविद्यालयका संस्थापक विश्वकवि रवीन्द्रनाथ टैगोर (सन् १८६१–१९४१) का बीच सन् १८९६–९७ देखि घनिष्ठ मित्रता हुँदै आएको थियो ।

शान्तिनिकेतनमा डेढ वर्ष जति अध्ययन गराइरुकेपछि ती श्रामणेरहरूलाई धर्मपालले सारनाथ पुऱ्याउनुभयो । त्यसबेलासम्ममा सारनाथमा निर्मित "मूलगन्धकुटी विहार" एवं ती श्रामणेरहरूको निमित्त एक "अन्तर्राष्ट्रिय बौद्ध संस्थान" पनि पूर्णरूपमा तयार भइसकेको थियो ।

त्यसबेला ती श्रामणेरहरूलाई जसमा जेष्ठ संघरत्न नै थिए, शिक्षा दिनेहरूमा डो. शासनश्री महास्थविर, एच. धम्मालोक नायक महास्थविर र यूरोप (जर्मन) का अनागारिक गोविन्द प्रमुख थिए । अनागारिक गोविन्दले ती श्रामणेरहरूलाई विशेषत: पश्चिमी दर्शन सम्बन्धी अध्ययन गराउँथे ।

यसरी श्रामणेर एम्. संघरत्न अन्य श्रामणेरहरू धर्मज्योति, धर्मालोक, धर्मानन्द र धर्मरत्न आदिका साथ सारनाथको त्यस शिक्षण–संस्थामा केही वर्ष अध्ययन गरिसकेपछि श्रीलङ्का फर्कनुभएको थियो ।



Downloaded from http://dhamma.digital

त्यस अवधिभित्रमा भिक्षु देवमित्र धर्मपाल (अनागारिक धर्मपालको उपसम्पदा पश्चात्को नाम) को निधन २९ अप्रिल १९३३ का दिन हुन गएको कारण श्रामणेर संघरत्नलाई सारनाथकेन्द्रको अध्यक्ष नियुक्त गरिसकेको थियो ।

श्रामणेर एम. संघरत्नको श्रीलङ्का (स्वदेश) गमन सिर्फ उपसम्पदाको निमित्त थियो । सन् १९३५-३६ तिर उपसम्पन्न भइसकेपछि उहाँ भारत फर्कनुभयो र वर्षदिनपछि नै उहाँ सन् १९३७ मा भारतीय महाबोधि सभाको सहायकमन्त्री नियुक्त हुनुभयो । यसको केही वर्षपछि उहाँ महाबोधि सभाको संयुक्त मन्त्रीको रूपमा पनि नियुक्त हुनुभयो ।

यसबेला (सन् १९३४) देखि सन् १९६७ सम्ममा उहाँ सारनाथकेन्द्रको अध्यक्ष, महाबोधि सभाका सहायक एवं संयुक्त मन्त्री, ट्रष्टि, महाबोधि विद्यापरिषद्का संयुक्त सचिव, महाबोधि सभा— सारनाथका प्रबन्धक आदि पदमा रही सभाको निरन्तर प्रगति गर्दै रहनुभएको थियो ।

यसै अवधिभित्र (सन् १९३४-६७) मा उहाँले केही ऐतिहासिक यात्रा, सभा एवं सम्मेलनहरूमा पनि भाग लिनुभएको थियो, जसमा प्रमुख निम्न हुन्–

१) सन् १८५१ मा पुरातत्ववेत्ता जनरल अलेक्जेण्डर कनिंघम र उहाँको मित्र केप्टन एफ. सी. मेसीले साँचीको एक स्तूपभित्र बुद्धको अग्रश्रावक सारिपुत्र र महामौद्गल्यायन महास्थविरको अस्थिधातु पत्तालगाउनुभएको थियो । त्यसबेलादेखि त्यस धातु लण्डनको "केन्सिङ्टन म्यूजियम" मा झण्डै एक शताब्दी (सन् १९४७ को शुरू) सम्म



Downloaded from http://dhamma.digital

राखिएको थियो। त्यस अस्थिधातु बल्ल "महाबोधि सभा" को अथक प्रयत्नबाट स्वदेश (भारत) फर्काउन पाइएको थियो। स्वदेश गमन पश्चात् त्यस पवित्र धातु विभिन्न देशहरूमा जस्तै– सिक्किम, तिब्बत, बर्मा र कम्बोडियामा पनि प्रदर्शन गरिएको थियो र यस यात्रामा भिक्षु एम. संघरत्न स्थविर साथमै हुनुहुन्थ्यो।

२) बुद्धका अग्रश्रावकका धातुले देश र विदेशका कैयौं स्थान-हरूमा पुगी स्थानीय श्रद्धावानहरूलाई दर्शन गराइसकेपछि अन्तमा त्यस पवित्र धातु साँचीमा नवनिर्मित "चेतियगिरी विहार" मा प्रति-ष्ठित गराएको थियो। त्यस विहार ३० नवम्बर १९५२ का दिन तत्कालीन भारतका प्रधानमन्त्री पं. जवाहारलाल नेहरू (सन् १८८९–१९६४) ले समुद्घाटन गर्नुभएको थियो। त्यस समुद्घाटन कार्यक्रम सम्पन्न गराउन भिक्षु एम्. संघरत्नले पनि विशेष योगदान दिनुभएको थियो।

३) १४ अक्टोबर १९५६ का दिन भारतका संविधान निर्माता बाबासाहेब डा. भीमराव अम्बेडकर (सन् १८९१–१९५६) ले नागपुरमा आफ्ना ५ लाख अनुयायीहरूका साथ भिक्षु ऊ चन्द्रमणि महास्थविर (सन् १८७६–१९७२) समक्ष त्रिशरण सहित पञ्चशील ग्रहण गरी "बौद्ध" घोषित हुनुभएको थियो। त्यस ऐतिहासिक समारोहमा भिक्षु एम. संघरत्न "महाबोधि सभा" को संयुक्त सचिवको हैसियतमा उपस्थित हुनुभएको थियो।

४) सन् १९६४ मा अनु–अस्त्रको विरोधमा जापानमा विश्व-शान्ति सम्मेलन सम्पन्न भएको थियो। त्यस सम्मेलनमा भारतीय प्रति-निधिको रूपमा एम्. संघरत्न महास्थविर नै सहभागी हुनुभएको थियो।



Downloaded from http://dhamma.digital

यसरी देश-विदेशमा सम्पन्न कैयौं सभा, सम्मेलनहरूमा भागलिँदै सद्धर्म प्रचार-प्रसारमा टेवा दिँदै आउनुभएका भिक्षु एम. संघरत्न महास्थविरले सन् १९६७ मा महाबोधि सभाको संयुक्त सचिव पदबाट अवकाश (Retirement) लिनुभएको थियो।

महाबोधि सभाको कार्यभारबाट मुक्त भएको केही महीना पश्चात् उहाँ बुद्धविहार, लखनऊका अध्यक्ष भिक्षु भ. प्रज्ञानन्द (प्रव्रजित – सन् १९४२ मा) को आग्रहमा लखनऊ जानुभएको थियो। त्यसैताका (सन् १९६८) एक दिन उहाँ पहिलोपल्ट श्रावस्ती (सहेत-महेत) को प्राचीन जेतवन महाविहारको भग्नावशेष हेर्न जानुभएको थियो। उहाँले त्यस पवित्र स्थलमा यात्रुहरूलाई विश्रामको निमित्त एउटा छाप्रोसम्म पनि नरहेको कारण उहाँले दृढ निश्चय गर्नुभयो कि त्यहाँ एउटा बौद्ध विहार र विश्रामगृह (धर्मशाला) अवश्य निर्माण गर्नेछु। उहाँले सन् १९६९ को शुरुदेखि त्यस कार्यमा लाग्नुभयो जसको निमित्त उहाँ श्रीलङ्कासम्म जानुभई कोलम्बोमा "जेतवन सम्बर्द्धन समिति" स्थापना गर्नुको साथै श्रीलङ्कासरकारबाट पनि आर्थिक सहयोग प्राप्त गरी त्यसैवर्ष (सन् १९६९) मा निर्माण कार्य शुभारम्भ गर्नुभएको थियो। त्यसकारण श्रावस्तीमा आउनुहुने देश-विदेशका यात्रुहरूलाई उहाँद्वारा निर्मित "श्रीलङ्कारामय विहार" र उहाँ स्वयम् पनि आकर्षणको विषय (केन्द्र) रहन गएको थियो।

यस पंक्तिका लेखक पनि सन् १९८४ को जुलाई (श्रावण, २०४१) महिनामा सर्वप्रथम श्रावस्तीको दर्शन गर्न जाँदा श्रावस्तीको प्राचीन जेतवन महाविहारको अतिरिक्त भिक्षु एम. संघरत्नको दर्शन गर्न पाउने पनि उच्च अभिलाषा राखेको थियो तर अफशोच !



Downloaded from http://dhamma.digital

त्यसबेला नै उहाँ अस्वस्थ हुनाको कारण लखनऊको अस्पतालमा उपचारार्थ जानुभएको थियो । त्यहाँ उहाँको सहोदर भिक्षुहरू ऊ. धर्मरत्न र के. चन्द्ररत्नको दर्शन गरेर फर्केको थिएँ ।

श्रावस्तीबाट फर्केको ६, ७ महिना नबित्दै भिक्षु एम. संघरत्न नायक महास्थविरको निधनको खबर "आनन्दभूमि" बौद्ध मासिक पत्रिका (वर्ष-१२, अङ्क-१०) मा यसरी पढ्न बाध्य भएँ-

"भारतय् बुद्ध-धर्मया पुनर्जागरण इलंनिसें ज्या यानाबिज्या:म्ह श्रीलङ्कायाम्ह भिक्षु एम्. संघरत्न महास्थविर नं परलोक जुल । वस्पोलं त:दंमछि सारनाथय् च्वना: महाबोधि सोसाइटी (सभा) या ज्या यानाबिज्या:गु ख: । अनंलिपा वस्पोलं श्रावस्ती बिज्याना: बौद्ध विहार व धर्मशाला दयेकाबिज्यात वस्पोलयात वस्पोलया हे इच्छाकथं श्रावस्ती विहारय् "दाहसंस्कार" या:गु जुल ।"

## – सन्दर्भ –


१) The Maha Bodhi Centenary Volume
(1891 – 1991)
– Ven M. Wipulasara Maha Thera
The Maha Bodhi Society of India
Bankim Chatterjee Steet, Calcutta

२) महामानव बुद्ध – महापण्डित राहुल सांकृत्यायन
(कृतज्ञता के दो शब्द)
– बुद्ध विहार, लखनऊ – १९७८

३) आनन्दभूमि, वर्ष-१२, अंक-१०
(माघ, २०४१)


'धर्मप्रदीप'
वि. सं. – २०५१



Downloaded from http://dhamma.digital



सोमदेच फ्रा ञाणसंवर महास्थविर

(जन्म:- सन् १९१३)

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# भिक्षु सोमदेच् फा ञाणसंवर महास्थविर

नेपालमा स्थविरवाद बुद्धधर्मको आधुनिक इतिहासमा नेपाली भिक्षुसमुदायलाई बुद्धधर्मको अध्ययन गराउन छात्रवृत्ति प्रदान गरेका केही बौद्ध राष्ट्रहरुमा श्रीलङ्का र बर्मापश्चात् थाइलैण्ड प्रमुख हुन आउँछ ।

थाइलैण्डदेशमा नेपालीभिक्षुहरूलाई आगमन गराई अध्ययन गराउने सुअवसर प्रदान गर्नुभएका प्रमुख व्यक्ति हुनुहुन्छ– भिक्षु सोमदेच् फा ञाणसंवर महास्थविर ।

उहाँको जन्म ३ अक्टोबर १९१३ का थाइलैण्डको सीमान्तप्रदेश कन्चनपुरी (बैङ्ककबाट १३० कि. मी. उत्तरपश्चिममा अवस्थित) मा भएको थियो । माता–पिताको तर्फबाट उहाँले आफ्नो नाम "चारोन गजवत" (Charoen Gajawat) पाउनुभएको थियो ।

उहाँले आफ्नो प्रारम्भिक शिक्षा ८ वर्षको उमेरदेखि मात्र शुरूगर्नुभएको थियो । आफ्नो बाल्यकालमा उहाँको विशेष खेल नै भिक्षुको चीवर लाएर भिक्षु जस्तै भएर पात्र धारण गरी पालीगाथा गुनगुनाउँदै भिक्षाटन गर्नु थियो साथै धर्मदेशना गरी खेल्न पनि मन पराउनुहुन्थ्यो ।



Downloaded from http://dhamma.digital

यस्तो प्रवृत्ति भएका उहाँले आफ्नै घर नजदिक रहेको "वाट देवसंघाराम"को स्कूलमा ५ कक्षासम्म उत्तीर्ण गरिसकेपछि सोही विहारको विहाराधिपति फ्रा कु अदुलसमणकिट्को आचार्यत्वमा १४ वर्षको उमेरमा श्रामणेर हुनुभयो । वर्षदिनको श्रामणेर जीवन 'वाट देवसंघाराम'मा बिताई उहाँले पालीभाषाको उच्च शिक्षाको निमित्त कन्चनपुरीबाट ७८ किलोमिटर पूर्वमा अवस्थित "नाखोन पाथोम"मा जानुभयो । नाखोन पाथोमको "वाट सनेह"मा पूरा दुई वर्ष अध्ययन गरिसकेपछि पुन: उहाँ पालीभाषा र बुद्धधर्मको गहनतम अध्ययन गर्नको निमित्त श्रामणेरकालमै बैङ्ककस्थित "वाट बोवरनिवेश"मा पुग्नुभयो ।

वाट बोवरनिवेशमा अध्ययन शुरू गरेको केही वर्षपछि एकपटक उहाँ आफ्नो जन्मस्थानमा अवस्थित 'वाट देवसंघाराम'मा जानुभयो । त्यसबेला उहाँ पूरा २० वर्षको हुनुभएको थियो । अत: उहाँ देवसंघारामकै विहाराधिपतिको उपाध्यायत्वमा उपसम्पन्न हुनुभयो । यो सन् १९३३ (बु. सं. २४७६) को कुरा हो ।

उहाँले आफ्नो पहिलो वर्षावास "वाट देवसंघाराम" मै बिताउनुभएको थियो । वर्षावास समाप्तिपश्चात् उहाँ "वाट बोवरनिवेश"मै जानुभयो अहाँ पुन: एकपटक त्यहाँको "धम्मयुत्ति निकाय" अन्तर्गत त्यहाँको विहाराधिपति तेह्रौं राजगुरू एवं वाट बोवरनिवेश विहारका चौथो विहाराधिपति सोमदेच् फा संघराज छाओ-कोम-लङ्ग वजिरञाणवंशको उपाध्यायत्वमा उपसम्पन्न हुनुभएको थियो । उहाँको पहिलो उपसम्पदा (वाट देवसंघाराममा) महानिकायअन्तर्गत थियो ।

उहाँ आफ्नो विशिष्ट क्षमताको कारण चाडै नै राजगण पदमा पुग्नुभयो । सन् १९४७ मा (३४ वर्षको उमेरमा) उहाँ "फ्रा



Downloaded from http://dhamma.digital

सोभङ्गना फार्न" हुनुभयो । उहाँको पदोन्नति क्रमशः बढ्दै गयो र सन् १९५६ (बु. स. २४९९) मा ४३ वर्षको उमेरमा चौथो पटकको पदोन्नतिको रूपमा "फ्रा धम्मवराबोर्न" हुनुभयो । यस मङ्गलमय कार्य (फ्रा धम्मवराबोर्न पद प्रदान) वर्तमान थाईनरेश भूमिबल अदुल्या–देवको प्रव्रज्या एवं उपसम्पदा (२२ अक्टोबर–५ नवम्बर १९५६)को समयमा प्रदान गरिएको थियो । उहाँ (फ्रा धम्मवराबोर्न) लाई थाई–नरेशको राजकीय उपसम्पदाको समयमा राजभिक्षुको संरक्षक एवं अनुशासक गुरुको रूपमा पनि नियुक्त गरिएको थियो– यो उहाँको जीवनको एक प्रमुख घटना थियो ।

उहाँ "फ्रा धम्मवराबोर्न" हुनुभएको ५ वर्षपछि सन् १९६१ (४८ वर्षको उमेर) मा पुनः "फ्रा शासनासोफोन" पदमा पुग्नुभयो जुन पद सोमदेव् पदका ७ जना उच्च सदस्यहरूमा एक थिए । यस पदमा उहाँ पूरा एक दशकसम्म रहनुभएको थियो ।

यस समयावधि (सन् १९६१–७१) भित्रमा उहाँले पहिलोपटक नेपालको यात्रा ११–१४ डिसम्बर १९७० मा सम्पन्न गर्नुभएको थियो । विशेषतः उहाँको यस नेपालयात्रा- नेपालको बौद्धपरिस्थिति अध्ययन गर्न सरकारी स्तरबाट नै भएको थियो । सिर्फ ४ दिनको मात्र यात्रा भएपनि उहाँको यस पहिलो नेपालयात्राबाट नेपाल र थाइलैण्डका बीच बुद्धशासनिक कार्यमा नेपाललाई थाइलैण्डबाट शासनिक सेवाको शुभारम्भ गर्ने सुअवसर प्राप्त हुन आएको थियो । कुरा स्पष्ट पारौं–

४ दिनको नेपालयात्रामा आउनुभएका उहाँलाई नेपालका आचार्य भिक्षु अमृतानन्द महास्थविर (वि.सं. १९७५–२०४७)ले यात्रा सकुशल एवं सफल गरिदिनुभएको थियो । यात्राको अन्तमा वा थाइलैण्ड



Downloaded from http://dhamma.digital

फर्कनुअगाडि का शासनसोभनले भिक्षु अमृतानन्द महास्थविरलाई सोध्नुभयो– "नेपालमा बुद्धधर्म प्रचार-प्रसारको निमित्त आयुष्मान्‌लाई थाइलैण्डको तर्फबाट कस्तो किसिमको सहयोगको अपेक्षा गरेको छ ।"

प्रत्युत्तरको रूपमा भिक्षु अमृतानन्द महास्थविरले भन्नुभएको थियो– "नेपाली भिक्षुहरू बर्मा र श्रीलङ्काबाट अध्ययन गरिआएका छन्, कोही अध्ययनरत छन् तर थाइलैण्डबाट अहिलेसम्म कोही पढेर आएका र पढिरहेका छैनन् । त्यसैले नेपाली भिक्षु - श्रामणेरहरूलाई थाइलैण्डमा पालीभाषा एवं अन्य बौद्धसाहित्यको अध्ययन गराउन हजुरको सहयोग माग्दछु ।"

सन् १९६१ देखि वाट बोवरनिवेसका छैटौं विहाराधिपति एवं बैङ्ककस्थित "धम्मयुत्तिक निकाय"का मुख्य प्रशासक हुनुभएका उहाँले भिक्षु अमृतानन्द महास्थविरको सहयोगको मागलाई सहर्ष स्वीकार गर्नुभयो । यसैको फलस्वरूप सर्वप्रथम उहाँले भिक्षु अमृतानन्द मार्फत् थाइलैण्डमा बुद्धधर्म अध्ययन गराउन बैङ्कको "महामकुट राजविद्यालय" को तर्फबाट दुइवटा छात्रवृत्ति प्राप्त पत्र पठाउनुभयो ।

यसप्रकार थाइलैण्डमा बुद्धधर्म अध्ययन गर्न जाने अवसर नेपाली भिक्षु श्रामणेरहरूलाई प्राप्त भयो । यसको पहिलो अवसर श्रामणेर सुशोभन (प्रव्रजित– २० मई १९७०) ले पाउनुभयो । उहाँ त्यसताका श्रामणेरभेषमै पब्लिक कमर्स कलेज, घण्टाघरमा बी. कम. पढ्दै हुनु-हुन्थ्यो । अतः योग्यताको कदर गरी अखिल नेपाल भिक्षुमहासंघको निर्णयबाट नै उहाँ थाइलैण्डबाट प्राप्त छात्रवृत्तिमा उमेदवार नियुक्त हुनुभयो । उहाँ बुद्धधर्म अध्ययनार्थ पहिलो व्यक्तिको रूपमा थाइलैण्ड पुग्नुभयो– यो सन् १९७१ को कुरा हो ।



Downloaded from http://dhamma.digital

श्रामणेर सुशोभन थाइलैण्ड पुग्नुभएको वर्षदिन पछि नै फ्रा शासनसोभनको उपाध्यायत्वमा वाट बोवरनिवेसमा उपसम्पन्न भई 'भिक्षु सुशोभन" हुनुभएको थियो । उहाँका साथ अन्य एक नेपाली श्रामणेर अगनन्द (प्रव्रजित-सन् १९६६) पनि उक्त दिन (५ जुलाई १९७२) मै उपसम्पन्न भई "भिक्षु सुनन्द" हुनुभएको थियो । दुबैको उपाध्याय फ्रा शासनशोभन नै हुनुभएको थियो ।

उहाँहरू दुबैजना उपसम्पन्न हुनुभएको केही महीनापछि सन् १९७२ (बु. सं. २५१५) मै फ्रा शासनशोभनलाई "सोमदेच् फ्रा ञाणसंवर" शुभनामकरण गरिएको थियो । यस उपाधि थाइलैण्डमा गत १५० वर्षअगाडि राजा रामद्वितीयको पालामा मात्र कुनै एक विशिष्ट भिक्षुलाई प्रदान गरिएको थियो । यो उहाँको जीवनको सर्वोत्तम गौरवका कुरा हो ।

उहाँ सोमदेच फ्रा ञाणसंवर हुनुभएको ८ वर्षपछि सन् १९८० को दिसम्बर महीनामा दोस्रोपटक नेपालको यात्रा गर्न आउनुभयो । उहाँ यसबेला भारतमा सम्पन्नभएको "भगवद्गीता" सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिँदै फर्कनुभएको थियो । यसबेला पनि उहाँको यात्रा सिर्फ ३ दिन (१९-२१ दिसम्बर १९८०) को थियो ।

उहाँको पहिलो र दोस्रो नेपालयात्राको अवधि (सन् १९७०-८०) भित्रमा कयौं नेपाली श्रामणेरहरू थाइलैण्डका विभिन्न विहारहरूमा रही विशेषत: बैङ्ककको महामकुट महाविद्यालय र महाचुला महाविद्यालयमा पालीभाषा, अन्य बौद्धसाहित्य एवं अनेकादि दर्शनको अध्ययनरत भइसकेका थिए । ती श्रामणेरहरूमा श्रामणेर सुशोभन र



Downloaded from http://dhamma.digital

अगानन्दपश्चात् क्रमश: श्रामणेर उपगुप्त (धम्मपाल–प्रव्रजित सन् १९७१), श्रामणेर सुमेध (प्रव्रजित – सन १९७१), श्रामणेर सुगन्ध (प्रव्रजित-सन् १९७४), श्रामणेर धम्मशोभन (प्रव्रजित-सन् १९७५), श्रामणेर विपस्सी (प्रव्रजित-सन् १९७५) आदि थिए । पछि यो क्रम बढ्दै गएको फलस्वरूप वाट बोवरनिवेश, वाट साकेट, वाट पथुमाराम, वाट सीताराम, वाट महाधातु आदि विहारहरूमा नेपाली श्रामणेरहरू थपिंदै गए । उपर्युक्त श्रामणेरहरू - श्रामणेर सुशोभन र श्रामणेर अगानन्द जस्तै स्थानीय विहारहरूमा स्थानीय विहारहरूकै विहाराधिपति महास्थविरहरूको उपाध्यायत्वमा उपसम्पन्न पनि हुँदै गए ।

सोमदेच फा ञाणसंवर महास्थविरले तेस्रोपटक नेपालको यात्रा २३–३० नवम्बर १९८५ मा सम्पन्न गर्नुभएको थियो । विशेषत: यस यात्रा दुवै देशको कृतज्ञतास्वरूप भएको थियो । नेपालले थाइलैण्डका फा ञाणसंवर महास्थविरबाट नेपाली भिक्षु-श्रामणेरहरू–लाई बुद्धधर्म अध्ययन गर्ने सुअवसर दिनुभएकोमा कृतज्ञतास्वरूप अखिल नेपाल भिक्षु महासंघकै तर्फबाट उहाँलाई निम्तो दिइएको थियो त थाइलैण्डले पनि नेपालपुत्र शाक्यमुनि बुद्धको धर्मले थाइदेश र थाइ जनतालाई गरेको उपकारको स्मरणस्वरूप फा ञाणसंवर महास्थविरले आफ्नो ७३ औं जन्मदिनको उपलक्ष्यमा ७३ जना नेपाली शाक्यपुत्रहरू–लाइ प्रव्रज्या दिने लक्ष्य राखी २३ नवम्बर १९८५ अर्थात ८ मंसिर २०४२ का दिन काठमाडौं आइपुग्नुभएको थियो ।

उहाँको लक्ष्यअनुरूप २४ नवम्बर १९८५ का दिन कीर्तिपुर-स्थित नगरमण्डप श्रीकीर्तिविहारमा नेपाल अधिराज्यका ७३ जना शाक्य कुलपुत्रहरूलाई प्रव्रज्या दिनुभयो । ती नव प्रव्रजितहरूलाई



Downloaded from http://dhamma.digital

धर्मोपदेश-उपदेश दिनुको साथै तिनीहरूलाई साथ लिई उहाँले भिक्षाटन पनि गर्नुभएको थियो ।

११ मंसिर २०४२ का दिन सोमदेच् फ्रा ञाणसंवर महास्थविरको सम्मानमा काठमाडौंको बुद्धविहार, भृकुटीमण्डपमा विभिन्न बौद्धमघसंस्थाहरूको संयुक्त आयोजनामा एक भव्य स्वागतसमारोहको आयोजना गरिएको थियो । त्यस स्वागतसमारोहको आयोजक संस्थाहरूमा नेपाल बौद्ध समाज, धर्मकीर्ति बौद्धअध्ययन गोष्ठी, अखिल नेपाल हिमाली बौद्धसंघ, अखिल नेपाल महायान बौद्धसंघ, नेपाल बौद्ध महिलासंघ, युवा बौद्ध समूह र धर्मोदय सभा पनि सम्मिलित थिए ।

सोमदेच् फ्रा ञाणसंवर महास्थविर २७ नवम्बर १९८५ (१२ मंसिर २०४२) का दिन तथागतको जन्मस्थान लुम्बिनीमा जानु भइ प्रातिमोक्ष देशना गर्नुभएको थियो । यसको भोलिपल्ट लुम्बिनी-गुरुयोजना अन्तर्गत निर्माण हुने सांस्कृतिक क्षेत्र (Culture centre) को निर्माण क्रमको प्रथम शिलान्यास गरी वृक्षारोपण गर्नुभयो । लुम्बिनीबाट कपिलवस्तु र निग्लिहवा पनि जानुभएको थियो ।

१४ मंसिर २०४२ का दिन आनन्दकुटी विहारगुठीद्वारा स्थानीय आनन्दकुटी विहारमा अभिनन्दनपत्र समर्पण र बिदाई समारोहको आयोजना गरिएको थियो । नेपालका राजगुरु जुनानाथ पण्डितको सभापतित्वमा सम्पन्न त्यस समारोहमा परमपूज्य ञाणसंवर महास्थविरमा बडागुरुज्यू जुनानाथ पण्डितद्वारा अभिनन्दनपत्र एवं आनन्दकुटी विहारगुठी, अखिल नेपाल भिक्षु महासंघ, आनन्दकुटी दायकसभा र हिन्दूधर्म सेवा समन्वय समितिको तर्फबाट पनि उपहार प्रदान गरिएको थियो ।



Downloaded from http://dhamma.digital

सोमदेच् फा ञाणसंवर महास्थविरले तेस्रोपटक नेपालयात्रा गर्नुभएको ४ वर्षपछि २१ अप्रिल १९८९ का दिन थाइराजा र रानीको विशिष्ट राजगुरुको पदबाट विभूषितभई "सोमदेच् फा संघराज सकलमहासंघपरिणायक" हुनुभयो ।

परमपूज्य राजगुरु सोमदेच् फा ञाणसंवर महास्थविर "सकल महासंघपरिणायक" हुनुभएको ६ वर्षपछि १८ नवम्बर १९९५ का दिन चौथोपटक नेपाल आगमन गर्नुभयो । विशेषत. उहाँको यस आगमन कीर्तिपुरमा निर्मित "थाइकीर्ति आगन्तुक भवन"को समुद्घाटन र लुम्बिनीमा लुम्बिनीगुरुयोजनाअन्तर्गत अन्तर्राष्ट्रिय विहारक्षेत्र (Monastic Zone) मा निर्माण हुन लागेको "Wat Thai Lumbini" को शिलान्यासको निमित्त थियो । यस पुण्यकार्य उहाँले "थाइकीर्ति आगन्तुक भवन" को समुद्घाटन आगमनको दिन र "वाट थाई लुम्बिनी" को शिलान्यास १९ नवम्बर १९९५ का दिन सम्पन्न गर्नुभएको थियो ।

उपर्युक्त दुइटै पुण्यकार्य सम्पन्न गरी परमपूज्य राजगुरु १९ औं संघराज सोमदेच् फा ञाणसंवर सकलमहासंघपरिणायक महास्थविर २० नवम्बर १९९५ का दिन सकुशल थाइलैण्ड फर्कनुभएको थियो ।

यसको ३ वर्षपछि पुनः उहाँ पाँचौपटकको नेपाल आगमनको रूपमा भारतस्थित बुद्धको संवेजनीय स्थलहरूमा बुद्धगया र सारनाथको अवलोकन एवं पूजा पश्चात् उत्तर-प्रदेशमै अवस्थित बुद्धको अन्य संवेजनीयस्थल कुशीनगरमा निर्मित "थाई बुद्ध विहार" को समुद्घाटन गरी २२ फरवरी १९९९ का दिन लुम्बिनी - नेपालमा आइपुग्नुभएको थियो ।



Downloaded from http://dhamma.digital

उक्त दिन बुद्धको जन्मस्थल लुम्बिनीमा पनि निर्माण भईरहेको "थाई बुद्धविहार" (Wat Thai Lumbini) को निरीक्षण गरी उहाँ काठमाडौं आइपुग्नुभयो र कीर्तिपुरको श्रीकीर्ति विहारस्थित 'थाइकीर्ति भवन" मा रहनुभयो।

२३ फरवरी १९९९ अर्थात ११ फागुण २०५५ का दिन उहाँको सम्मानमा नेपालका ३९ वटा बौद्ध संघसंस्थाहरू सम्मिलित एक संयुक्त अभिनन्दन कमिटिको तर्फबाट उहाँले बुद्ध शासन स्थिरताको निमित्त गर्नुभएको योगदानको कदरस्वरूप उहाँको दीर्घायु एवं सुस्वास्थ्यको कामना गर्दै तत्कालीन युवा खेलकूद तथा संस्कृति मन्त्री पूर्ण बहादुर खड्काको प्रमुख उपस्थितिमा नेपालका संघनायक भिक्षु अनिरुद्ध महास्थविरले सो अभिनन्दन पत्र चढाउनुभएको थियो। सोमदेच् फा ञाणसंवर सकल महासंघपरिणायक महास्थविर उक्त दिन मैं थाइलैण्ड फर्कनुभएको थियो।

हाल ८८ वर्षमा रहनुभएका सोमदेच फा सकलमहासंघ परिणायक महास्थविरले हाल सम्ममा गर्नुभएका केही उल्लेखनीय कार्य एवं कृतिहरू:–

१) सन् १९६१ मा वाट बोवरनिवेसका पाँचौ विहाराधिपति फा ञाणमुनि (सुवचथेर) को निधनपछि उहाँ (फा ञाणसंवर) "वाट बोवरनिवेस" का छैठौं बिहाराधिपति हुनुभएको थियो जुनबेला उहाँ "फा धम्मवराबोर्न" पदमा थिए। उहाँ विहाराधिपति हुनासाथै बिहारको पुन: निर्माण कार्यमा लाग्नुभयो। उहाँले १०० वर्ष पुरानो उपोषथागारलाई नयाँ ढङ्गबाट संगमरमर (Marble) ले भित्ता र बाहिरको फलेक छापेर सजाएका थिए साथै अन्य



Downloaded from http://dhamma.digital

भवनहरूको पनि मर्मत-सम्भार गराएका थिए । वाट बोवरनिवेस विहारलाई अनेक किसिमका हरियाली बोट बिरुवाहरू लगाई बढी स्वच्छ, सफा, हराभरा गरी विहारलाई आकर्षक एवं शान्त वातावरणको रूप ल्याइदिएका थिए ।

२) थाई जनताहरूको आवश्यकता र चाहनाअनुरूप उहाँले आफ्नै संरक्षकत्वमा कैयौं स्थानहरूमा विद्यालय, महाविद्यालय र अस्पतालहरूको पनि निर्माण गरिदिएका थिए । बैङ्ककस्थित २४ तल्लाको चुलालङ्कर्न अस्पतालको निर्माण, भिक्षुहरू एवं सर्वसाधारण जनताहरूको निमित्त उहाँको प्रमुख उदारताको नमूना हो ।

३) बुद्धधर्मको व्यापक प्रचार - प्रसारको निमित्त उहाँ विदेश गएर धर्मप्रचार गर्ने धर्मदूत भिक्षुहरूको प्रशिक्षण संस्थाको अध्यक्ष भई एशिया, यूरोप, अमेरिका, अष्ट्रेलिया आदि महादेशहरूमा पुग्नुभई बुद्धधर्मको महानताबारे व्याख्यान दिँदै आएका थिए । विदेशमा धर्मदूत भिक्षुहरू पठाउने क्रममा नेपाली भिक्षु सुशोभनलाई उहाँले अष्ट्रेलिया पठाउनु भएको यहाँ स्मरणीय हुन आउँछ ।

४) सोमदेच् फा ञाणसंवर महास्थविर– युवावस्था (युवक भिक्षु) को उमेरदेखि समथ र विपश्यना ध्यान गर्नमा तल्लीन हुनुहुन्थ्यो । उहाँ बराबर शहर बाहिर रहेका विविध ध्यानकेन्द्रहरूमा गई २/३ महिनासम्म पनि रही ध्यानको अभ्यास गरेर बस्नुहुन्थ्यो । पछि उहाँको धर्मको कार्यभार बढ्दै आएको कारण उहाँ जङ्गलस्थित ध्यानकेन्द्रहरूमा जान सक्नुभएन । त्यसको पूर्तिस्वरूप उहाँले शहरमै आफ्नो निवासस्थान नजदिक जंगलकै जस्तो वातावरण तयार गर्न लगाई ध्यानकेन्द्रको निर्माण गर्नुभएको थियो ।



Downloaded from http://dhamma.digital

५) पाली, संस्कृतको अतिरिक्त चीनिया, फ्रेन्च, जर्मन, अंग्रेजी आदि कैयौं भाषाका ज्ञाता हुनुभएका सोमदेच् फ्रा ञाणसंवर महास्थविरले बुद्धको शिक्षा र ध्यानाभ्याससम्बन्धी कैयौं ग्रन्थहरू लेख्नुभएको थियो ।

## - फ्रा ञाणसंवर महास्थविरका केही कृतिहरू -

१) बुद्धधर्मको मूल सिद्धान्त (Principal of Buddhism)
२) बुद्धको ४५ वर्ष (45 years of the Buddha)
३) सोह्र प्रश्नहरू (16 questions)
४) जागरूक हुनको निमित्त मार्गदर्शन (A guide to Awareness)
५) बौद्ध विश्वास (Faith in Buddhism)

## – सन्दर्भ –


१) H.H. Somdet Phra Nyanasamvara
(Suvaddhana Mahathera)
– Wat Bovoranives Vihara
Bangkok 10200 Thailand – 2534

२) सन्ध्या टाइम्स – तंसा पौ, १० कछलागा १११६ (१ मंसिर २०५२)

३) बुलेटिन – अखिल नेपाल भिक्षु महासंघ
वर्ष–२, अंक–७, (कार्तिक पूर्णिमा, २०५२)

४) पूज्य ञाणसंवर महास्थविरया दर्शन – भिक्षु सुदर्शन
'धर्मकीर्ति', वर्ष – ३, अंक – ६, (मंसिर, २०४२)


आनन्द भूमि
वर्ष – २४, अंक – ६
(आश्विन, २०५३)



Downloaded from http://dhamma.digital

# डा. भिक्षु धर्मरत्न

भारतमा बुद्ध-धर्मका पुनरूद्धारक हुनुभएका अनागारिक धर्मपालका सद्धर्मिक कार्यहरूलाई सुचारूरूप दिनुभएका केही सिंहली भिक्षुहरूमा डा. भिक्षु धर्मरत्न पनि एक प्रमुख हुनुहुन्छ ।

उहाँको जन्म श्रीलंकाको दक्षिण भूभागस्थित उरुवेल (Uruwela) नामक ठाउँमा २३ नवम्बर १९१७ का दिन भएको थियो । उहाँका पिता भी के. अप्पुहामि (V. K Appuhamy) र माता एम्. दिस्सानायक (M. Dissanayake) बरोबर मालिगतेना (Maligatena) स्थित बौद्धआश्रममा जाने गर्दथे । अत: बालक डब्ल्यू. के. जयसेकर (डा. भिक्षु धर्मरत्नको गृहस्थ नाम) पनि त्यस आश्रमका सुप्रसिद्ध एवं ख्यातिप्राप्त भिक्षु मनिकदिवेल देवानन्द महास्थविर (Ven. Manikdiwela Devananda Mahathera) को स्पष्ट धर्मव्याख्यान सुनी प्रभावित हुँदै जानुभएको थियो ।

एक दिन एम्. देवानन्द महास्थविरले बालक जयसेकरको प्रतिभाबाट परिचित भइसकेपछि त्यसताका (सन् १९२५) स्थापित फोस्टर श्रामणेर विद्यालय (Foster Buddhist Seminary) मा उसलाई पनि भर्ना गर्ने मनसाय राखी माता-पितासित अनुमति माग्नुभएको थियो ।



Downloaded from http://dhamma.digital



डा. भिक्षु धर्मरत्न
(सन् १९१७-८५)

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

जयसेकरका माता-पिताले पनि खुसीसाथ अनुमति दिइसकेपछि भर्त्तेर बुट्पिटिया सरकारी स्कूल (Butpitiya Government School) बाट प्राथमिक शिक्षा उत्तीर्ण गरिसकेका डब्ल्यू. के. जय–सेकरलाई एम. देवानन्द महास्थविरले फोस्टर श्रामणेर विद्यालयमा प्रवेश दिलाउनुभयो । यसरी डब्ल्यू. के. जयसेकर सन् १९२८ मा देवानन्द महास्थविरको आचार्यत्वमा "श्रामणेर धम्मरत्तन (धर्मरत्न)" भई "फोस्टर श्रामणेर विद्यालय" का एक शिक्षार्थी हुनुभएको थियो ।

स्मरणीय छ, फोस्टर श्रामणेर विद्यालय (Foster Buddhist Seminary)– अनागारिक धर्मपालले विशेषत: भारतमा बुद्ध–धर्म प्रचार प्रसारार्थ धर्मदूत भिक्षुहरू वृद्धि गर्दै लंजाने अभिप्रायले सन् १९३५ मा कँण्डी (Kandy) मा स्थापना गर्नुभएको थियो ।

यस "फोस्टर श्रामणेर विद्यालय"को पहिलो समूहमा १० जना श्रामणेरहरू थिए । तिनीहरूमा सबभन्दा जेष्ठ श्रामणेर संघरत्न (पछि भिक्षु संघरत्न नायक महास्थविर) थियो भने सबभन्दा कनिष्ठ श्रामणेर धर्मरत्न हुनुहुन्थ्यो । ती श्रामणेरहरूलाई कँण्डीमा राखी केही वर्ष शिक्षा दीक्षा दिइसकेपछि अनागारिक धर्मपालले उहाँहरूलाई भारतीय भाषाबाट प्रशिक्षण प्राप्त गराउन सन् १९२९ मा बंगालको बोलपुर स्थित विश्वकवि रवीन्द्रनाथ टैगोर (सन् १८६१–१९४१) द्वारा संचालित "शान्ति–निकेतन" मा पठाउनुभएको थियो । त्यसबेला ती श्रामणेरहरूका साथ आचार्यको रूपमा डी. शासनश्री महास्थविर (सन् १८९९–१९६६) लाई पनि अनागारिक धर्मपालले भारत पठा–उनुभएको थियो ।



Downloaded from http://dhamma.digital

गुरुदेव रवीन्द्रनाथ टैगोरद्वारा स्थापित "शान्ति निकेतन"मा एक-डेढ वर्ष अध्ययन गराइसकेपछि ती श्रामणेरहरूलाई सारनाथ पुऱ्याउनुभएको थियो किनकि त्यसबेलासम्ममा सारनाथमा "मूलगन्ध-कुटी-विहार"को निर्माणकार्य पनि पूरा भइसकेको थियो र "अन्तर्राष्ट्रिय बौद्धसंस्थान" नामक एक शिक्षण संस्था पनि स्थापना भइसकेको थियो ।

त्यसबेला ती श्रामणेरहरूलाई शिक्षा दिनेहरूमा शासनश्री महास्थविरको अतिरिक्त एच. धम्मालोक नायक महास्थविरका साथ जर्मनका बौद्धविद्वान् अनागारिक बी. गोविन्द (Anagarika B. Govinda) पनि थिए जसले ती श्रामणेरहरूलाई पाश्चमी दर्शन-सम्बन्धी अध्ययन गराउँथे ।

२९ अप्रिल १९३३ का दिन भिक्षु देवमित धर्मपाल (पहिले अनागारिक धर्मपाल) को निधनपश्चात् ती शिक्षणसंस्था लामो समयसम्म सुचारुरूपले संचालन हुन सकेन । तसर्थ ती श्रामणेरहरूमा उरुवेल धर्मरत्नले विशेषरूपमा आफ्नो अध्ययनलाई अगाडि बढाउने अभिप्रायले सारनाथ छोडी कलकत्ता जानुभयो ।

कलकत्तामा उहाँले कलकत्ता विश्वविद्यालयको तर्फबाट संचालित मैट्रिक शिक्षा (परीक्षा) दिनुभई प्रथम श्रेणीमा उत्तीर्ण हुनुभयो । त्यसपछि क्रमश: उहाँले उत्तर-प्रदेशको बोर्डबाट इन्टरमेडियट्मा पनि प्रथम श्रेणीमा पास गर्नुभयो र स्नातकको निम्ति पुन: कलकत्ताको रिप्पन कलेज (Rippen College) मा भर्ना हुनुभयो । उहाँले पाली र दर्शन विषय लिनुभएको थियो । उहाँले स्नातक तह (बी. ए.)मा पनि प्रथम श्रेणीमा उत्तीर्ण गर्नुभएको थियो ।



Downloaded from http://dhamma.digital

बी. ए. पश्चात् भिक्षु धर्मरत्नले सन् १९५०–५१ मा दर्शनविषयमा बनारस हिन्दू विश्वविद्यालयबाट एम. ए. पनि उत्तीर्ण गरिसक्नुभएको थियो ।

भिक्षु धर्मरत्न एम. ए. उत्तीर्ण हुनासाथ विशेषतः "महाबोधि सभा" का आजीवन प्रधानमन्त्री ब्रह्मचारी देवप्रिय वलिसिन्हा (सन् १९०४–६८) को अनुरोधमा सारनाथ जानुभयो र त्यहाँ रही सद्धर्मिक कार्यहरू शुरूगर्नुभएको थियो । उहाँ "महाबोधि" अंग्रेजी पत्रिकाको सम्पादक मण्डलमा समावेश हुनुको साथै हिन्दी "धर्मदूत" पत्रिकाको पनि सम्पादक हुनुभएको थियो । उहाँले १० वर्ष जति यी दुवै पत्रिकाको सम्पादक भार वहन गर्नुभएको थियो । उहाँले पालीसाहित्यमा अवस्थित बौद्धसाहित्यलाई पनि धराधर हिन्दीमा अनुवाद गर्दै लग्नुभएको थियो साथै अंग्रेजी र हिन्दीमा कैयौं मौलिक ग्रन्थहरू पनि लेख्दै जानुभयो ।

उहाँले पालीग्रन्थ थेरगाथा, सुत्तनिपात, खुद्दकपाठ, वुत्तोदयलाई हिन्दीमा अनुवाद गर्नुभएको थियो त "विशुद्धिमार्गको रूपरेखा" उहाँको मौलिक कृत्ति हुन् ।

यस्तै The Buddha and caste system, A study of Patisambhidamagga, An Introduction to Visuddhimagga र The Budnha and His message उहाँका अंग्रेजी मौलिक कृतिहरू हुन् ।

सन् १९५१ को नवम्बर महीनामा बुद्धका अग्रश्रावक सारिपुत्त र मौद्गल्ययान महास्थविरको अस्थिधातु यूरोपबाट भारत ल्याइसकेपछि विभिन्न देश-देशावर एवं प्रदेशहरूको आगमन अन्तर्गत ६ नवम्बर



Downloaded from http://dhamma.digital

१९५१ (२० कार्तिक २००८) का दिन नेपालमा पनि ल्याइएको थियो । त्यसबेला भिक्षु धर्मरत्न पनि धातुका साथ आउनुभएका "महाबोधि सभा" का प्रतिनिधिमण्डलमा समाविष्ट थिए । २० कार्तिक देखि ७ मंसिर २००८ सम्म पूरा दुई हप्ता नेपालमा रहेको त्यस अस्थि-धातु जहाँ-जहाँ प्रदर्शन भएको थियो, त्यहाँ-त्यहाँ भिक्षु धर्मरत्न पनि पुग्नुभएको थियो ।

त्यस धातु आगमनको बेला अन्य दुइटा ऐतिहासिक कार्य पनि नेपालमा सम्पन्नभएको थियो, ती हुन-

१) १० नवम्बर १९५१ वा २४ कार्तिक २००८ का दिन श्री ५ त्रिभुवन लगायत राजपरिवारका सम्पूर्ण सदस्यहरू सम्मिलित भई भिक्षु महासंघलाई भोजन एवं अन्य दान-प्रदान गरिएको थियो । श्रीलंकाका सुप्रसिद्ध वजिरारामवासी भिक्षु नारद महास्थविर (सन् १८९८-१९८३) को तर्फबाट दानानुमोदन गरिएको त्यस दिनको पुण्यकार्यको शुरूमा राजा एवं रानी लगायत सम्पूर्ण राजपरिवारका सदस्यहरूले पञ्चशील ग्रहण गरिबक्सेको थियो । नेपाल, भारत, श्रीलंका, बर्मा, कम्बोडिया, र इङ्गलैण्डका भिक्षुहरू सम्मिलित त्यस दिनको शुभकार्यमा भिक्षु नारद महास्थविरले श्री ५ त्रिभुवनलाई सम्राट् अशोक को बारेमा केही उपदेश दिनुभएको थियो ।

२) १४ नवम्बर १९५१ वा २८ कार्तिक २००८ का दिन अनागारिका धर्मचारी (वि. सं. १९५५-२०३४) द्वारा निर्मित स्वयम्भू, किन्डोलस्थित "महापरिनिर्वाण मूर्ति" अनागारिकाराम वा उपासिका-रामको समुद्घाटन तत्कालीन श्री ५ युवराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवको तर्फबाट सुसम्पन्न भएको थियो ।



Downloaded from http://dhamma.digital

यी दुई शुभकार्यका अतिरिक्त अन्य विभिन्न क्रियाकलापहरूमा पनि सहभागी भई भिक्षु धर्मरत्न अस्थिधातुका साथ महाबोधि सभाका अन्य प्रतिनिधिहरूसित सकुशल भारत फर्कनुभएको थियो ।

यसको केही वर्षपछि सन् १९५६ मा २५०० औं बुद्ध-जयन्तीको अवसरमा नवनालन्दा महाविहार (नालन्दा पाली प्रतिष्ठान) को संयोजकत्वमा बिहार प्रदेशले केन्द्रीय सरकारसित सहयोग लिई सारा-पाली त्रिपिटक साहित्य देवनागरीलिपिमा सम्पादन गरी प्रकाशित गर्ने योजना बनाइएको थियो जुन योजनालाई साकार पार्न प्रधान सम्पादकको भूमिका निभाउनुभएका भिक्षु जगदीश काश्यप (सन् १९०८–७६) ले भिक्षु धर्मरत्नलाई पनि सहयोगको निमित्त आग्रह गर्नुभएको थियो जसअनुसार भिक्षु धर्मरत्न नालन्दा जानुभई भिक्षु जगदीश काश्यपलाई पर्याप्त रूपमा मदत गर्नुभएको थियो ।

त्यसबेलासम्ममा भिक्षु धर्मरत्नले पीएच. डी. (Ph. D.) उपाधिको निमित्त शोधग्रन्थ पनि तयार गरिसक्नुभएको थियो । उहाँको शोधग्रन्थको विषय थियो– पालीनिकाय र आचार्य नागार्जुनको माध्यमिक निकायमा अनित्यताको तुलनात्मक अध्ययन (A Comparative Study of the Anatta Doctrine in Pali Nikayas and that of the Madhyamika system of Nagarjun)। उहाँको शोधविषयका परीक्षकहरू हुनुहुन्छ- क्यानाडाका प्रोफेसर ए. के. वार्डर (A. K. Warder) र श्रीलंकाका प्रोफेसर के. एन. जयतिलक (K. N. Jayatilake) ।

यसरी उहाँहरू दुइजनाको परीक्षण (सूत्रधार) पश्चात् भिक्षु उरुवेल धर्मरत्नलाई कलकत्ता विश्वविद्यालयले "विद्यावारिधि"



Downloaded from http://dhamma.digital

(पी. एच्. डी.) को उपाधि प्रदान गरेको थियो ।

३ अगस्त १९६८ का दिन महाबोधि सभाका आजीवन प्रधानमन्त्री ब्रह्माचारी देवप्रिय वलिसिन्हाको निधनपश्चात् पुनः एक-पटक डा. भिक्षु धर्मरत्नको ध्यान सद्धर्मको प्रचार-प्रसारमा तीव्रता ल्याउनुभयो । उहाँले महाबोधि सभाको अंग्रेजी मासिक पत्र "The Maha Bodhi" को सम्पादन कार्यभार आफ्नो काँधमा पुनः लिनु भयो र भारतीय महाबोधि सभाको संयुक्त सचिव (मन्त्री) नियुक्त हुनुभयो ।

उहाँको दक्षताबाट सुपरिचित भई नवनालन्दा महाविहारका प्रबन्धक (Director) द्वारा उहाँलाई पाली एवं बौद्धदर्शनसम्बन्धी व्याख्यान दिलाउन निम्त्यायो र डा. भिक्षु धर्मरत्न विशेषतः सन् १९७१-७२ देखि नवनालन्दा महाविहारमा रही उपर्युक्त विषयमा विद्यार्थीहरूलाई व्याख्यान (Lecture) दिँदै आउनुभएको थियो । पछि आएर त्यस विषयमै उहाँ प्रोफेसर नियुक्त हुनुभएको थियो । उहाँलाई पुनः त्यस विषयमा दिल्ली, लखनऊ, बनारस, शान्तिनिकेतन अझ कोलम्बो (श्रीलंका) सम्मको विश्वविद्यालयका परीक्षक नियुक्त गरिएको थियो । पछि उहाँलाई नवनालन्दा महाविहारले "डी लिट्" को उपाधि पनि प्रदान गरेको थियो ।

डा. भिक्षु ऊ. धर्मरत्नले शैक्षिक क्षेत्रमा मात्र योगदान गर्नुभएको थिएन सुप्रसिद्ध ध्यानगुरु आचार्य सत्यनारायण गोयन्का (जन्म-सन् १९२४) द्वारा संचालित विपस्सना ध्यानशिविरको पनि बेजोडरूपमा प्रचार प्रसार गरी ध्यानगुरुलाई टेवा दिँदै आउनुभएको थियो । त्यसै सन्दर्भमा धेरै पटक उहाँले श्रीलकाको यात्रा गर्दै



Downloaded from http://dhamma.digital

रहनुभएको थियो ।

नवनालन्दा महाविहारबाट अवकाश ( Retire ) प्राप्त गरिसकेपछि पुन: उहाँले आफ्ना गुरुवर जो निधन भइसकेका थिए- हरूको सद्धर्म प्रचार प्रसार गर्ने आकांक्षालाई साकार पार्ने श्रीलङ्का र भारतमा मात्र होइन अमेरिका, क्यानाडा, रुस र जापान आदि देश- हरूमा समेत पटक पटक जानुभई बुद्ध-धर्मको व्याख्यान र विपस्सना ध्यान शिविरको संचालनार्थ जानुभएको थियो ।

सन् १९८३ मा एन. जिनरत्न नायक महास्थविरको निधन पश्चात ऊ धर्मरत्न महाबोधि सभाको निर्विरोध प्रधानमन्त्री नियुक्त हुनुभएको थियो तर उहाँ आफ्नो अस्वस्थताको कारण यस पदमा अधिक रहनुभएन उहाँले सन् १९८४ मा आफूले वहन गर्दै आएको "महाबोधि सभा" को प्रधान सचिव पदबाट राजिनामा दिनुभयो र उहाँ शान्तिपूर्ण रूपमा रहन कुशिनगर जानुभयो । उहाँलाई त्यहीं रोगले च्याप्यो । अत: उहाँ स्थानीय महाबोधिसभाका संचालक (In- Charge) भिक्षु बुलथ सिंगल पञ्ञाराम स्थविर ( Ven Bulath Singala Pannarama Thera ) को सल्लाहअनुरूप स्वास्थ्यकोप्रचारका निमित्त लखनऊ पुग्नुभयो ।

त्यसैसाल (सन् १९८४ को मध्य) यस पंक्तिका लेखक विशेषकारणवश नेपालगंज गएको थियो । नेपालगंजमा आफ्नो कार्य सिद्धिनासाथ बाटैमा परेको (त्यसबेला भारत हुँदै नेपालगंज पुग्नुपर्ने) श्रावस्ती (सहेठ-महेठ) जहाँ भगवान् बुद्धले २५ वटा वर्षावास बिताउनु भएको स्थान जेतवन महाविहारको भग्नावशेष हेर्ने उत्कट अभिलाषाले १६ जुलाई १९८४ तदनुसार १ श्रावण २०४१ का दिन "प्राचीन



Downloaded from http://dhamma.digital

अनाथपिण्डिक- जेतवन महाविहार" बोर्ड राखिएको ठाउँमा रातको १० बजे ओर्लेको थियो ।

अन्जान एवं बिजुलीबत्ती पनि नरहेको ठाउँमा एक्कासी राती मोटरबाट ओर्लेको कारण गन्तव्य स्थान "श्रीलंकारामयबिहार" नाघी अगाडि पुगिसकेको थियो । एक वृद्धसित सोधपूछ गरिसकेपछि मात्र आफू अगाडि पुगिसकेको थाहापायो । अतः त्यहाँबाट फर्की "श्रीलङ्का-रामयबिहार" पत्ता लगाई बिहारभित्र गइयो । त्यहाँ दुइजना भिक्षुको दर्शन प्राप्त गरियो । भोलिपल्ट (१७ जुलाई १९८४ का दिन) बिहान चियापानको बेला उहाँहरूलाई परिचित गर्ने मौका प्राप्त गरियो । उहाँहरू हुनुहुन्छ– डा. भिक्षु उरुवेल धर्मरत्न र लखनऊ विश्वविद्या-लयका अन्य एक प्राध्यापक भिक्षु के. चन्द्ररत्न ।

यस पंक्तिका लेखकलाई त्यस दिनको स्मृति बिर्सेर बिर्सन-नसकिने भएको छ । उहाँहरू भिक्षुद्वय केही दिनको निमित्त लखनऊबाट श्रावस्ती आउनुभई उक्त श्रीलङ्कारामयबिहारमा रहँदै आउनुभएको थियो । लेखकलाई उहाँहरूको एउटा खबर (Message) त्यसदिन रिसालदार पार्क, लखनऊस्थित बुद्धबिहारका प्रमुख भिक्षु गलगेदर प्रज्ञानन्द (प्रव्रजित-वैशाखपूर्णिमा, १९४२) कहाँ पनि पुर्‍याउने मौका प्राप्त भएको थियो ।

यसरी डा. भिक्षु धर्मरत्न र चन्द्ररत्नको स्मृति (दर्शन) लिएर आएको ठीक वर्षदिनपछि "आनन्दभूमि" वर्ष–१३, अंक–५ मा डा. भिक्षु धर्मरत्नको निधनको समाचार हेर्नुपर्दा आश्चर्य लाग्यो जसमा (बौद्ध गतिबिधि) उल्लेख गरिएको थियो–



Downloaded from http://dhamma.digital

"अनलाञ्च, द्वितीया (११०५), लण्डन—

श्रीलङ्कानिवासी भारतया महाबोधिसभाया महासचिव, महाबोधिपत्रिकाया सम्पादक, नालन्दा विश्वविद्यालयया बौद्धदर्शन विभागया महाचार्य उरुवेल डा. धम्मरतन (धर्मरत्न) स्थविर लण्डनय् परलोक जुल। मिलनसार, मृदुभाषी व धर्मदूतया ज्याय् संलग्न जुले अनागारिक धर्मपालया अन्तिम शिष्य वस्पोलयात आनन्दकुटीविहार-गुठीया परिवारं निर्वाण कामना याःगु दु।"

अतिविधि पुनः एकपटक स्पष्ट गरौं— यस समयावधि (जुलाई १९८४–८५) भित्रमा डा. भिक्षु धर्मरत्नलाई लखनऊ एवं भारतका अन्य अस्पतालबाट निको पार्न सम्भव देखिन नआएपछि के. चन्द्ररत्न महास्थविर स्वयंले उहाँको पूर्ण स्वास्थ्योपचारको निमित्त लण्डन पुऱ्याउनुभएको थियो।

१० जून १९८५ का दिन उपचारार्थ लन्दन पुग्नुभएका डा. भिक्षु धर्मरत्न कयौं मित्रहरू एवं लन्दन बौद्धविहारका प्रमुख भिक्षु सद्धातिस्स महास्थविरको विशेष अनुकम्पाबाट अति विशिष्ट डाक्टर-हरूको व्यवस्थित उपचार गरेतापनि पनि उहाँलाई निको पार्न (बचाउन) सकेन र उहाँले २० जुलाई १९८५ का दिन सदाको निमित्त आफ्नो जीवन परित्याग गर्नुभयो। उहाँको शवलाई अन्तिम क्रिया (दाहसंस्कार)को निमित्त श्रीलङ्का पुऱ्याइयो।

उहाँको स्मृतिमा महाबोधिसभाले सन् १९८५ को जुलाई सेप्टेम्बर महिनाको "The Maha Bodhi" अंग्रेजी मासिक पत्रिका उहाँको स्मृति अंकको रूपमा प्रकाशित गरिएको थियो। त्यस



Downloaded from http://dhamma.digital

अंकमा त्यसताकाका महाबोधिसभाका प्रधान सचिव भदन्त मापलगम विपुलसार महास्थविर (Ven. Mapalagama wipulasara Mahathera) ले आफ्नो लेख (Article) मा उल्लेख गर्नुभएको थियो–

"...... He was a great writer and exponent of Dhamma in simple language. He has many books to his credit in English and Hindi. He had also translated a number of Buddhists books into Hindi........."

"...... The devotees, Scholars and friends will ever remember this soft spoken Buddha Puttra as a great scholar......"

अर्थात,

"......... उहाँ एक सरल भाषामा सुप्रसिद्ध लेखक एवं धर्मोपदेशक हुनुहुन्छ। उहाँका कयौं अंग्रेजी र हिन्दी किताबहरूबाट उहाँको ख्याति रहनगएको थियो। उहाँले कयौं बौद्धग्रन्थ (पालिसाहित्यका) हरू हिन्दीमा अनुवाद पनि गर्नुभएको छ।......"

"...... उहाँ जस्ता मृदुभाषी बुद्धपुत्र–विद्वानलाई कुनैपनि श्रद्धावान्, विद्वान् र मित्रहरूले कहिल्यै बिर्सन सकिँदैन......।"



Downloaded from http://dhamma.digital

## – सन्दर्भ –

१) The Maha Bhodhi Centenary Volume
   – Ven. M. WiPulsara Mahathera - Editor
   – The Maha Bodhi Society of India.
   Bankim Chatterjee street, Calcutta

२) "The Maha Bodhi"– Volume 60, No. 2
   (February, 1952)

३) "आनन्द भूमि" – वर्ष–१३, अंक–५
   (भाद्र, २०४२)

'आनन्द भूमि'
वर्ष–२१, अंक – ७, ८
(कार्तिक, मार्ग २०५०)

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# मणिहर्ष साहू

नेपालमा उद्योगव्यवसायको अतिरिक्त बुद्धधर्म र नेपालभाषाको समुत्थानकार्यमा विशेष योगदान दिनुभएका व्यक्तिहरूमा साहू मणिहर्ष-ज्योति पनि एक प्रमुख व्यक्ति हुनुहुन्छ ।

उहाँको जन्म ५ दिसेम्बर १९१७ तदनुसार ७ कछलाथ्व १०३८ ने.सं. का दिन कान्तिपुरको केलटोलस्थित त.खाछेँमा पिता भाजुरत्न कंसाकार र माता ज्ञानमाया कंसाकारको ज्येष्ठ सुपुत्रको रूपमा भएको थियो ।

अफशोच ! भाजुरत्न साहू (वि. सं. १९४०-२०१३) को ज्येष्ठ पत्नी ज्ञानमाया कंसाकारको तर्फबाट ३ पुत्रीपछि एक पुत्र (मणिहर्ष) पाएको वर्षदिन नबित्दै श्रीमती ज्ञानमाया कंसाकारको निधन भयो । अत· बालक मणिहर्ष बाल्यकालदेखि नै मातृविहीन थिए यद्यपि केही वर्षमै उहाँले सानोआमा पाउनुभयो । संयोगको कुरा ! सानीआमाको नाम पनि ज्ञानमाया नै थियो ।

मणिहर्ष ५ वर्षको उमेर हुँदा तत्कालीन एक विद्वान् सिद्धिहर्ष वज्राचार्यकहाँ (घण्टाघर पाठशालामा) भर्ना गराए । उहाँकहाँ अक्षराम्भमात्र गर्न पाइयो कारण पिता भाजुरत्न कंसाकारले कालिम्पोङमा नै पुत्रलाई झिकाई त्यहाँको स्कूलमा भर्ना गरे । मणिहर्ष



Downloaded from http://dhamma.digital



मणिहर्ष साहू
(सन् १९१७-९३)

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

ज्योतिले कालिम्पोङ्गमा मेट्रिक शिक्षा उत्तीर्ण गरी उच्च शिक्षाको निमित्त कलकत्ता आनुभयो ।

कलकत्ता विश्वविद्यालयबाट बी० कम०सम्म अध्ययन (उत्तीर्ण) गरिएको समयावधिभित्रमा मणिहर्ष ज्योतिले थुप्रै उल्लेखनीय कार्य गरिसकेको थियो जसमा प्रमुखतः –

१) स्कूली शिक्षाको बेलामै मणिहर्षज्योति (७/८ वर्षको उमेरमै) कलकत्ता पुगिसकेका थिए । कलकत्तामा उहाँले त्यसबेलाका सुप्रसिद्ध ल्हासासाहू धर्ममान तुलाधर (वि. सं. १९१८ – ९४) को कोठीमा रहेर उनै साहूकहाँ काम गर्ने मानिसहरूलाई भात पकाई खुवाउने जस्ता कार्यमा पनि लागिसकेका थिए ।

२) त्यसैताका मणिहर्ष ज्योतिको सम्पर्क कलकत्तामा भारतमा बुद्धधर्म पुनरुद्धार गर्न आउनुभएका अनागारिक धर्मपाल (सन् १८६४-१९३३) सित घनिष्ठ भइसकेका धर्मतमान वैद्यसित भयो जसको फलस्वरूप मणिहर्षज्योतिले सानै उमेरदेखि धर्मतमान वैद्य वा धर्मादित्य धर्माचार्यले स्वीकार्दै आएको स्थविरवाद बुद्धधर्ममा आफू स्वयम् प्रभावित भई यस स्थविरवाद बुद्धधर्मको उत्थान र संरक्षणको निमित्त यथेष्ट आर्थिक सहयोग गर्दै आउनुभएको थियो ।

त्यसबखत धर्मादित्य धर्माचार्यले कलकत्ताको धर्मराजिक विहारमा २७ देखि २९ दिसम्बर १९२८ (बु. सं. २४७२) सम्म "अखिल भारतीय बौद्ध महासम्मेलन" (The All India Buddhist Conference) सम्पन्न गरिएको थियो सो सम्मेलनको अध्यक्षता "भारतीय बौद्ध सङ्घ"का अध्यक्ष "शिवचरणलाल (सन् १८८०–१९३०) लाई नियुक्त गरिएको थियो त अन्य सम्पूर्ण कार्यभार



Downloaded from http://dhamma.digital

(महासचिव पद) धर्मादित्य धर्माचार्यले गर्नुभएको थियो। त्यही अवसरमा धर्मादित्य धर्माचार्यलाई छत्राभिषेक समारोह पनि सम्पन्न गरिएको थियो सो समारोहमा सो छत्र समाउने सौभाग्य भरखर १२ वर्षका बालक मणिहर्षज्योतिलाई मिलेको थियो।

३) वि. सं. १९७४ साल (मणिहर्ष जन्मेकै साल) मा कान्तिपुरको केलटोलमा ऐतिहासिक भीषण अग्निकाण्ड भएको थियो। सो काण्डमा मणिहर्षका बुबा भाजुरत्न कंसाकार र ठूलोबुबा कुलरत्न कंसाकारले चलाईआएका पसलहरु एवं पसलमा बिक्रीको लागि राखिएका जम्मै कपडाहरू र काँचा धागाहरु स्वाहा भएको थियो जसको कारणले गर्दा उहाँहरुले कान्तिपुरमा रही व्यापार अडिग राख्न मुश्किल हुन गएको कारण भाजुरत्न साहूले दूधेबालक मणिहर्षलाई दाजु कुलरत्न कंसाकारको जिम्मा लगाई व्यवसायको खोजीमा कालिम्पोङ्ग जानुभएको थियो। त्यहाँ भाँडाकुँडाको पसल थापी बसेको थियो। सर्वप्रथम त तमाखु बेच्ने कार्य शुरुगरिएको उहाँको व्यवसायपछि बिस्तारै बिस्तारै भाँडा बर्तन बिक्रीमा लाग्दै आएपछि स्थिति सुधार हुँदै आएको थियो र श्रीमतीका साथ पुत्र मणिहर्षलाई पनि कालिम्पोङ्गमै झिकाए। उमेर बढ्दै आएपछि मणिहर्ष ज्योतिले आफ्नो अध्ययनको साथसाथै पिताको कार्यमा पनि सघाउँदै आए जसको फलस्वरूप १६ वर्षको उमेरमा नै उहाँ आफ्नो बुबा र ठूलोबुबाले (अग्निकाण्डपश्चात्) लिएको ऋण तिर्न काठमाडौं आउन सक्षम भए।

संयोगको कुरा, त्यसैताका (माघ, १९९० वि. सं. – जनवरी, १९३४ ई.) नेपालमा महाभूकम्प हुन गएको थियो। तैपनि



Downloaded from http://dhamma.digital

यहाँबाट मणिहर्ष ज्योति सकुशल कालिम्पोङ्ग फर्केर अध्ययन जारी राख्न कलकत्ता पनि पुगे ।

४) त्यसबेला भारतमा महात्मा गान्धी (सन् १८६९–१९४८) को आह्वानमा भारत स्वतन्त्रताको लागि आन्दोलन चलिरहेको थियो । यस स्वतन्त्रता आन्दोलन [संग्राम] मा विद्यार्थी मणिहर्षज्योतिले पनि भाग लिएका थिए । उहाँ गान्धीको विचार धाराबाट प्रभावित भएको फलस्वरूप लवाई–खवाईमा पनि गान्धीकै अनुसरण गरी सादा वस्त्र [खद्दरको कुर्ता पायजामा वा धोती] लगाउने र शाकाहारी भएका थिए ।

५) भारतमा स्वतन्त्रता संग्राम चलिएअनुरूप नेपालमा पनि राणा–शासनको विरुद्ध नेपाली जनताहरू लागिरहेका थिए । राणा-निरकुंशतन्त्रबाट मुक्त हुन देशका कयौं जनताहरूले शहादत हुनु परेको थियो त कयौं व्यक्तिहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा देशबाट निर्वासित पनि हुनुपरेको थियो । यस्तै राणा शासकहरूको आदेशबाट देशबाट निर्वासित हुनु परेका व्यक्तिहरूमा बौद्ध भिक्षुहरू पनि समाविष्ट थिए । राणा चन्द्रशम्शेरको पालामा महायानी भिक्षुहरू देशबाट निर्वासित हुनुपरेको थियो त राणा जुद्धशम्शेरको पालामा स्थविरवादी भिक्षु-हरूले देशबाट निर्वासित हुनुपरेको थियो । यसपटकको निर्वासनमा समाविष्ट भिक्षुहरूलाई भाजुरत्न साहू एवं उहाँको सुपुत्र मणिहर्षज्योतिले कालिम्पोङ्ग, कलकत्ता, कुशीनगर आदि ठाउँमा पुगी ती भिक्षु एवं श्रामणेरहरूलाई आश्रय दिएका थिए ।

निर्वासित भएका भिक्षु एवं श्रामणेरहरू, भारतका विभिन्न ठाउँहरूमा रहेका नेपाली भिक्षुहरू एवं भारतस्थित देशी एवं विदेशी



Downloaded from http://dhamma.digital

भिक्षुहरू सारनाथमा एकत्र भेला भई नेपालमा बुद्धधर्म पुन: प्रचार प्रसार गराउने हेतु ३१ नवम्बर १९४४ का दिन "धर्मोदय सभा" को स्थापना गरिएको थियो । यस सभाको कार्यकारिणी पदाधिकारीहरूमा सिर्फ मणिहर्षज्योति एकजना मात्र गृहस्थ व्यक्ति थिए । उहाँलाई कोषाध्यक्ष पद सुम्पेको थियो जुन पदमा उहाँले प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा कोषाध्यक्षको कार्यभार पूरापूर वहन गर्नुभएको थियो ।

विशेषत: यसै सभाको प्रयास (विशेषतः भिक्षु अमृतानन्द) बाट नेपालबाट निष्कासित भिक्षुहरूलाई स्वदेश फर्कन पाउने आदेश श्री ३ पद्मशम्शेरबाट प्राप्त गरिएको थियो । यसको ठीक ४ वर्षपछि नेपालको तर्फबाट अन्तर्राष्ट्रिय क्षेत्रमा शायद सर्वप्रथम स्वतन्त्ररूपमा नेपाली जनताले प्रतिनिधित्व गरेको सम्मेलन "विश्व बौद्ध भ्रातृत्व सङ्घ" (The World Fellowship of Buddhist) को प्रथम विश्व बौद्ध सम्मेलन थियो जुन सम्मेलन सन् १९५० मा श्रीलङ्काको राजधानी कोलम्बोमा सम्पन्न गरिएको थियो । यस सम्मेलनमा प्रतिनिधित्व गर्नुभएका व्यक्तिहरू हुनुहुन्छ– भिक्षु अमृतानन्द र साहू मणिहर्षज्योति कंसाकार ।

यस सङ्घले शुरूमा २/२ वर्षको फरक गरी विश्व बौद्ध सम्मेलनहरू सम्पन्न गर्दै आएको थियो । यस सङ्घले सन् १९९० (४दशक) को अवधिभित्रमा १७ औं विश्व बौद्ध सम्मेलन सम्पन्न गरिएको थियो जसमा चौथो र पन्ध्रौं विश्व बौद्ध सम्मेलन सन् १९५६ र १९८६ (वि सं. २०१३ र २०४३) मा नेपालको राजधानी काठमाडौं-मा भव्यरूपमा सम्पन्न गरिएको थियो । सो सम्मेलन सम्पन्न गर्नमा साहू मणिहर्षज्योतिले निकै योगदान पुऱ्याउनुभएको थियो । यसको सफल-



Downloaded from http://dhamma.digital

ातको प्रमुख कारण उहाँ स्वयम् विश्व बौद्ध भ्रातृत्व संङ्घका अधिकांश ठाउँहरूमा सम्पन्न सम्मेलनहरूमा प्रतिनिधित्व गरी आइसकेका अनुभव व्यक्ति हुनाको कारण थियो ।

नेपालमा चतुर्थ र पन्ध्रौं विश्व बौद्ध सम्मेलन सम्पन्न गर्ने आयोजना साहू मणिहर्षज्योति सम्मिलित "धर्मोदय सभा" द्वारा गरिएको थियो । आफू "धर्मोदय सभा"को एक संस्थापक कोषाध्यक्षको नाताले उहाँमा उक्त सभाप्रति विशेष श्रद्धा हुनु स्वाभाविकै थियो । अत: त्यस सभाद्वारा हुने जुनसुकै कार्यमा पनि उहाँले खुल्ला हृदयले टेवा दिँदै आएको कुरा स्थापनाकालदेखिका विभिन्न क्रियाकलापको रिपोर्टबाट स्पष्ट झल्किन्छ । धर्मोदय सभाको एक प्रमुख कार्य हो— "धर्मोदय" मासिक पत्रिकाको प्रकाशन । यस पत्रिकाले बुद्धधर्म र नेपालभाषाको सेवा १३ वर्षसम्म अटूटरूपमा गरेको थियो । शुरूमा कालिम्पोङ्ग र पछि कलकत्ताबाट प्रकाशित यस पत्रिका प्रकाशनार्थ प्राय: सम्पूर्ण व्यवस्था साहू मणिहर्षज्योति परिवारले वहन गरेको थियो । साथै उक्त पत्रिकाका प्रधान सम्पादक भिक्षु महानाम "कोविद" (वि. सं. १९७४ – २०५२) लगायत सहायक सम्पादक, अन्तरङ्ग सम्पादक, व्यवस्थापक आदि सम्पूर्णलाई ज्योति परिवारले नै आर्थिक सघाउ पुऱ्याएको कुरा तत्कालीन उक्त पत्रिकाका पदाधिकारीहरूबाट नै स्पष्ट गरिएको हामी पाउँछौं ।

यसप्रकार साहू मणिहर्षज्योतिले बुद्धधर्मको साथै नेपालका विशेष नागरिक [नेवार] हरूको मातृभाषा नेपालभाषाको उत्थान र समुन्नत कार्यमा पनि त्यसबेलादेखि ( कालिम्पोङ्ग, कलकत्तामा रहेदेखि ) नै विशेष ध्यान दिँदै आउनुभएको कुरा यस क्षेत्रमा [illegible]



Downloaded from http://dhamma.digital

सम्पूर्ण व्यक्तिहरूलाई थाहा भएकै कुरा हो ।

विशेषतः २००७ सालको प्रजातन्त्रपश्चात् स्थायीरूपमा नेपालमा बसोबास गर्न आउनुभएका साहू मणिहर्षज्योतिले केही दशकको अवधिमा नेपालका विभिन्न सङ्घ संस्थाहरूमा सम्मिलित भई निकै समाजसेवा कार्य गर्नुभएको थियो । उहाँ व्यापार व्यवसायमा ज्योति ग्रुपका अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासङ्घका उपाध्यक्ष, औद्योगिक जाँच कमिशनका अध्यक्ष, नेपाल हिमालपार वाणिज्य सङ्घका संस्थापक, नेपाल राष्ट्र बैंक सञ्चालक समितिका सदस्य, नेपाल औद्योगिक विकास निगम सञ्चालक समितिका सदस्य थिए भने धार्मिक संस्थाहरूमा धर्मोदय सभाका संस्थापक कोषाध्यक्ष र उपाध्यक्ष, सनातन धर्मसेवा समितिका सदस्य, लुम्बिनी विकास कोषका कोषाध्यक्ष, विश्व बौद्ध भ्रातृत्व सङ्घका उपाध्यक्ष र नेपाल विपश्यनाकेन्द्र (धर्मशृङ्ग) का ट्रष्टी थिए । यस्तै सामाजिक सेवा क्षेत्रमा वीर अस्पताल विकास समितिका अध्यक्ष, नेपाल आँखा अस्पतालका कोषाध्यक्ष, परोपकार संस्था सञ्चालक समितिका वरिष्ठ सदस्य, नेपाल कुष्ठरोग निवारण सङ्घका कोषाध्यक्ष, रोटरी क्लब काठमाडौंका अध्यक्ष, श्री ५ त्रिभुवन स्मारक समितिका कोषाध्यक्ष, सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्को कोषाध्यक्ष थिए भने शिक्षा एवं साहित्यक्षेत्रमा नेपालभाषा एकेडेमीका कोषाध्यक्ष, त्रिभुवन विश्वविद्यालय सभाका सभासद् थिए । त्यस्तै सांस्कृतिक क्षेत्रमा नेपाल चीन सांस्कृतिक परिषद्का अध्यक्ष थिए ।

यस्ता महान् व्यक्तिसित सम्पर्क राखी बोलचाल गर्न पाउनु पनि सौभाग्यको कुरा हो । त्यस सौभाग्य यस पंक्तिका लेखकलाई पनि



Downloaded from http://dhamma.digital

पाएको थियो । सर्वप्रथम २०४८ सालको पौष महिनामा धरानमा सम्पन्न "धर्मोदय सभा" को तेस्रो राष्ट्रिय बौद्ध सम्मेलनमा सो अवसर पाएको थियो त अन्तिम पटक १७ आश्विन २०४९ [फूलपाती] का दिन जमल-स्थित उहाँको भवनमा आफ्नो "भिक्खूत्रयी" (राहुल सांकृत्यायन, आनन्द कौसल्यायन र जगदीश काश्यपको जीवनी) पुस्तकको निमित्त "दुई शब्द" लेखिदिनुहुनु अनुरोध गर्न पुगेका थिएँ । उहाँले आफ्नो अस्व-स्थताको कारण अस्वीकार गर्नुभयो । हो पनि, उहाँ त्यसताका भवनको पहिलो तलाको बैठकमा भित्तास्थित टेबुलमा शिर अडेस लिई बसिरहनुभएको थियो । अत: उहाँलाई आफूले लेखेको उहाँको पिता "भाजुरत्न साहू" को जीवनी एकपटक देखाई [सरसरती पूरा हेर्नुभएको थियो], त्यसबेलासम्ममा प्रकाशित आफ्नो अन्तिम पुस्तक "पियदस्सि पं. जवाहरलाल नेहरू" २ प्रति प्रदान गरी फर्केको थिएँ ।

अफसोच ! यसको ३ महिनापछि उहाँले आफ्नो जीवन बैंकक [थाइलैण्ड] को समितिभेज अस्पतालमा परित्याग गरेको खबर सर्वप्रथम आफ्नो दाजु भिक्षु धम्मशोभनको तर्फबाट सुन्दा केही समय स्तब्ध भएँ, दिन थियो ⇒ १ माघ २०४९ तद्नुसार १६ जनवरी १९९३ ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital

## – सन्दर्भ –

१) मणिहर्षज्योति स्मृतिग्रन्थ–

सम्पादक – फणीन्द्ररत्न वज्राचार्य

– नेपालभाषा परिषद्

नरदेवी तुछे, काठमाडौं – वि.सं. २०५१

२) मणिहर्ष लुमन्ति त्या – "नेपाल" ऋतुपौ

दँ – ४३, थ्यँल्या ६६ (शरद, ने.सं. १११४)

"धर्मचक्षु"

वर्ष – २, अंक – १

(जेष्ठ, २०५४)



Dhamma.Digital
Downloaded from http://dhamma.digital



भिक्षु अमृतानन्द महास्थविर
(सन् १९१८-९०)

Downloaded from http://dhamma.digital

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# आचार्य
# भिक्षु अमृतानन्द महास्थविर

नेपालमा स्थविरवाद बुद्धधर्म पुनरूत्थान गर्नमा अग्रणी भूमिका निभाउनुभएका व्यक्तिहरूमा आचार्य भिक्षु अमृतानन्द महास्थविर पनि एक प्रमुख हुनुहुन्छ ।

उहाँको जन्म लुम्बिनी अञ्चलको पाल्पातानसेनस्थित भीमसेन टोलमा वि. सं. १९७५ को पौष महिनामा भएको थियो । उहाँको पिता हीराकाजी शाक्य र माता टीकामाया शाक्य थिए । उहाँहरूले आफ्नो जेठो पुत्रलाई "लालकाजी शाक्य" नामकरण गरेका थिए ।

लालकाजी शाक्यलाई ७ वर्षको उमेरमा पिता हीराकाजी शाक्यले चूडाकर्म गराउन पाटनको हिरण्यवर्ण महाविहार (क्वा: बहाल) मा ल्याएका थिए । त्यसताका एक वृद्ध गुभाजू (वज्राचार्य) को मुखबाट लालकाजी शाक्यले यी शब्दहरू सुनेका थिए—

"हिजोआज भित्तामा चित्रित गरेका भिक्षुहरूमात्र छन्, सजीव भिक्षुहरू कहाँ छन् र ?"

हो पनि, त्यसताकासम्ममा नेपालमा न त कोही महायानी भिक्षु (घेलुं) थिए न त कोही थेरवादी । वि. सं. १९८१ सालमा



Downloaded from http://dhamma.digital

नेपाल आगमन गर्नुभएका तिब्बतको अन्दो (खाम्)का क्यान्छया लामाको उपदेश सुनी प्रभावित हुनुभएका ५ जना घ्येलुंहरू पनि शायद केही महीनापछि मात्र कान्तिपुरमा देखा पर्न आएको हुन सक्छ ।

लालकाजी शाक्यले आफ्नो जीवनमा सबभन्दा पहिले सजीव भिक्षुको दर्शन सन् १९३५ (वि. सं. १९९२ को बैशाख महिनातिर) मा तथागतको परिनिर्वाणस्थल कुशीनगरमा पाएको थियो । उहाँले त्यसैबेला भगवान् बुद्धको निर्वाणमूर्ति भएको मन्दिरमा गई "आउँदो वर्षमा प्रव्रजित हुनेछु" भनी मनमनै प्रतिज्ञा गरेका थिए असअनुसार एक सालपछि पहिलेजस्तै उहाँ तानसेनबाट कसैलाई थाहै नदिईकन आफ्नो गर्भवती स्त्रीलाई समेत थाहा नदिई कुशीनगर पुगे । तर उहाँलाई खोज्न उहाँका काका मोतीकाजी शाक्य (लुम्बिनीस्थित भिक्षु विमला-नन्दका पिता) कुशीनगर आइपुगे ।

अफशोचको कुरा ! लालकाजी शाक्य १० वर्षको उमेरमा माता-पिता एवं बाजेको समेत निधन हुन गएको कारण शायद उहाँलाई विरक्तभाव आएको हुनुपर्छ जसको कारण उहाँ बरोबर घरबाट भागी यताउता डुल्न जान्थे । त्यही प्रसङ्गअनुरूप वि. सं. १९९१ मा तानसेनबाट भागी कलकत्ता पुग्नुभएका उहाँ हिउँदे मौसममा आफ्ना आफन्तहरू रहेको ठाउँ नेपालको पूर्वाञ्चलस्थित भोजपुरमा पुग्नुभएको थियो । त्यहाँ आफ्नो प्रमुख नातेदार कुलधन शाक्य (दिवंगत संघनायक भिक्षु शाक्यानन्द महास्थविर एव हाल उपसंघनायक भिक्षु सुबोधानन्द महास्थविरका पिता) कहाँ केही महिना रही वि. सं. १९९२ साल (बु. सं. २४७९) को बैशाखपूर्णिमा कुशीनगरमा हेर्न हेतु कुलधन शाक्यले आफ्ना एक छिमेकी सिद्धिराज शाक्य र पुत्र फूलराज शाक्य



Downloaded from http://dhamma.digital

(भावी भिक्षु सुबोधानन्द–प्रव्रजित वि सं. १९९६) बौद्ध तीर्थयात्रा गर्न आएकाहरूका साथ लालकाजी शाक्य पनि आउनुभएको थियो । त्यसै बेला उहाँले कुशीनगरमा पहिलोपल्ट सजीव भिक्षुको दर्शन पाउनुभएको थियो । उहाँहरू तीर्थयात्रा सम्पन्न गरी लालकाजी शाक्यलाई तानसेन छाडी भोजपुर फर्केका थिए । लालकाजी शाक्यलाई तानसेन छाड्न आउनुभएका विशेषत: कुलधन शाक्यले मोतीकाजी शाक्यलाई लालकाजी शाक्यको स्वभावलाई बदल्न विवाह गरिदिनुपर्ने सल्लाह दिएर आउनुभएको थियो । उहाँको यस रायलाई सही ठानी काका मोतीकाजी शाक्यले टोल छिमेकीकी छोरी हरिमाया (भावी अनागारिका सघमित्रा) सित लालकाजी शाक्यको विवाह गरिदिएको थियो । यो वि. सं. १९९२ सालको कुरा हो ।

विवाह भयो, तर लालकाजी शाक्यको स्वभाव बदलेन, उहाँ वि. सं. १९९३ को शुरूमा घरबाट फेरि भागे । कुशीनगर पुगी आफ्नो इच्छा ऊ. चन्द्रमणि महास्थविर (सन् १८७६–१९७२) समक्ष व्यक्त गरे । तत्काल उहाँले प्रव्रजित गर्नुभएन । अत: लालकाजी शाक्य गोरखपुर र बनारसमा केही समय घुमफिर गरी रहे । उहाँलाई खोज्न आउनुभएका काका मोतीकाजी शाक्यले उहाँको एक पत्र गोरखपुरमा प्राप्त गरे । जुन पत्रमा आफू श्रामणेर बन्ने अठोट गरिसकेको कुरा उल्लेख गरिएको थियो । त्यस पत्र बोकेरसाथै मोतीकाजी शाक्यले भतिजाको आशा मारी तानसेन फर्केका थिए । पछि अन्य एक पत्रद्वारा पनि श्रामणेर बन्ने स्वीकृति पठाए ।

यसप्रकार घरबाट अनुमति प्राप्त गरी लालकाजी शाक्य २ अगस्ट १९३६ का दिन ऊ. चन्द्रमणि महास्थविरको आचार्यत्वमा



Downloaded from http://dhamma.digital

प्रव्रजित भई "श्रामणेर अमृतानन्द" हुनुभयो । उहाँलाई श्रामणेर गरिसकेपछि ऊ चन्द्रमणि महास्थविरले श्रामणेर अमृतानन्दलाई नेपालका आफ्नै एक शिष्य भिक्षु महाप्रज्ञाकहाँ, कालिम्पोङ पठाइदिए । यसप्रकार श्रामणेर अमृतानन्द ऊ. चन्द्रमणि महास्थविरको आश्रयमा रहेको केही महीनापछि भिक्षु महाप्रज्ञाको आश्रयमा रही अध्ययन-मनन गर्ने मौका पाउनुभएको थियो ।

कालिम्पोङको तिर्पाई डाँडामा अवस्थित "प्रज्ञाचैत्य महाविहार"मा भिक्षु महाप्रज्ञाका साथ केही समय बिताइसकेपछि श्रामणेर अमृतानन्दले पुनः एकपटक भोजपुरमा आफ्ना आफन्तहरूकहाँ जाने विचार गर्नुभयो । अतः उहाँ गुरु भिक्षु महाप्रज्ञासित अनुमति लिई वि. सं. १९९३ सालको मंसिरको पहिलो हप्तामा दार्जिलिङ्गमा व्यापार गर्न आउनुभएका भोजपुरका जीतबहादुर साहूका साथ इलामको बाटो हुँदै भोजपुर प्रस्थान गर्नुभएको थियो ।

श्रामणेर अमृतानन्द भोजपुर पुग्नुभएको ३ हप्तापछि भिक्षु महाप्रज्ञा पनि दार्जिलिङ्गमा व्यापारका निम्ति आउनुभएका भोजपुरका साहू खड्गबहादुर उदासका साथ भोजपुर आइपुगे ।

श्रामणेर अमृतानन्द र गुरुवर भिक्षु महाप्रज्ञाको भोजपुर आगमनबाट भोजपुरमा उहाँहरुको प्रवचनले त्यहाँका परम्परागत बुद्ध धर्मावलम्बीहरूलें बुद्धधर्मबारे निकै ज्ञान हासिल गरे । त्यहाँका उपासकोपासिकाहरुको श्रद्धाको कदर गरी एउटा बुद्धमूर्ति बनाउने कुरा भिक्षु महाप्रज्ञाले उठाउनासाथै तुरुन्तै आवश्यक सामान बटुली काम शुरू गरिएको थियो । दुबै भिक्षुहरूबाट धर्मप्रचारमा आलोपालो गर्दै मूर्ति बनाउने कार्य हुँदै गयो । बल १८ दिनमा सो बुद्धमूर्ति तयार



Downloaded from http://dhamma.digital

भएपछि वि. सं. १९९३ साल, पौष ३० गतेका दिन भव्य रथयात्रा गरी पहिलेदेखि धर्मस्थलको रूपमा रहँदै आएको गुम्बामा प्रतिस्थापित गरी गुम्बाको नाम पनि भिक्षु महाप्रज्ञाले नै "श्री शाक्यमुनि विहार" राख्नुभएको थियो।

यसको भोलिपल्ट १ माघ १९९३ का दिन विहारमा धुप्रै भक्तजनहरू धर्मश्रवणको साथै दानप्रदानको निमित्त आइरहेको थियो। टीक, त्यसै बेला भोजपुर जिल्लाका बडाहाकिम गरूडध्वज केही कर्मचारी र सिपाहीहरू साथ लिई विहारमा आउनुभयो। निज, श्री ३ चन्द्रशम्शेर (शासनकाल-सन् १९०१-२९) को पालामा सिंहदरबारमा आठपहरिया छँदा महाप्रज्ञालगायत अन्य ४ जना च्येलुंहरूलाई देश निकाला गरेको घटनासँग परिचित व्यक्ति थिए।

भिक्षु महाप्रज्ञालाई देख्नासाथ केही सवाल-जवाफ गरियो। त्यसबेला नै निष्कासित गरिएका व्यक्ति पुनः देशभित्र आएको, नयाँ धर्म (स्थविरवाद) प्रचार गरेको, हिन्दू- बौद्ध भएको, प्रश बुद्धमूर्ति समेत निर्माण गरेको आदि आरोप लगाई उहाँको साथै उहाँको विशेष मद्दतगार (प्रमुख सहयोगी) हुनुभएका श्रामणेर अमृतानन्दलाई पनि साथै लगी ३ महीनासम्म भोजपुर जेलमा राखिएको थियो।

भोजपुर जेलमा ३ महीना राखिसकेपछि उहाँहरूलाई चैत्र मसान्तका दिन २ जना पुलिसहरू साथ लगाई धनकुटा जेलमा चलान गरीदिएको थियो। धनकुटा जेलमा एक महीना बिताई पुनः उहाँहरू-लाई २ जना पुलिसहरू साथ लगाई नेपालको सिमाना पारी जोगबनी स्टेशन पुऱ्याए।



Downloaded from http://dhamma.digital

यसप्रकार भिक्षु महाप्रज्ञा र श्रामणेर अमृतानन्द विशेषत: बुद्धधर्म प्रचार गरेको अभियोगमा ३ महीना भोजपुर र एकमहीना धनकुटा जेलमा रहिसकेपछि बल्ल मुक्त भई जोगवनीबाट कटिहार-सिलीगुडी हुँदै कालिम्पोङको प्रज्ञाचैत्य महाविहारमा पुग्नुभयो ।

वि. सं. १९९४ सालको शुरू (सन् १९३७ को मध्य) मा श्रामणेर अमृतानन्द पाली साहित्य अध्ययनार्थ बर्मा जानुभयो । बर्माको माथिल्लो भाग मोर्लमिनमा अवस्थित "टाउँपोक च्याउँ" नामक विहारमा केही महीना रहनुभयो । त्यसताका सो विहारमा दिवंगत संघनायक भिक्षु शाक्यानन्द महास्थविर र हाल संघनायक हुनुभएका भिक्षु अनिरूद्ध महास्थविर पाली साहित्य अध्ययनार्थ रहँदै थिए । तर श्रामणेर अमृतानन्दलाई त्यस ठाउँ (मोल्मिन्) उपयुक्त (खानाको प्रतिकूलताका कारण) नहुनाको कारण उहाँ त्यहाँबाट श्रीलंका जानुभयो ।

श्रामणेर अमृतानन्द श्रीलंका पुग्नुभई सर्वप्रथम केलनियास्थित विद्यालंकार परिवेणमा केही महीना रहे । त्यसपछि कोलम्बोको प्रसिद्ध वजिराराममा जानुभयो । उहाँले वजिरारामका प्रमुख आचार्य सिरिपेलेन वजिरञाण महास्थविरको छत्रछायाँमा रही पाली साहित्य अध्ययन गर्दै लगे ।

उहाँ श्रीलंकामा पुग्नुभएको अढाई वर्षपछि गृहस्थको बेलादेखि नै मितेदार हुनुभएका कुलराज शाक्य जो वि सं. १९९६ सालको वैशाख पूर्णिमाको दिन कुशीनगरमा ऊ. चन्द्रमणि महास्थविरको आचार्यत्वमा प्रव्रजित भई श्रामणेर सुबोधानन्द हुनुभएका थिए लाई निरन्तर पत्र व्यवहार गर्दै आएको फलस्वरूप संगै उपसम्पन्न हुन श्रीलंका बोलाइयो ।



Downloaded from http://dhamma.digital

त्यसताका (कार्तिक, वि. सं. १९९६) श्रामणेर सुबोधानन्द कालिम्पोङ्को प्रज्ञाचैत्य विहारमा भिक्षु महाप्रज्ञासाथ साथ रहँदै थिए। श्रामणेर अमृतानन्दको पत्र पाउनासाथ श्रामणेर सुबोधानन्द गुरूवर भिक्षु महाप्रज्ञासित अनुमति लिई कलकत्ताबाट मण्डपम्‌कैम्प–धनुष्कोटी–तलैमन्नार हुँदै कोलम्बोको वजिराराममा पुग्नुभयो।

श्रामणेर सुबोधानन्द श्रीलंका पुग्नुभएको दुई-अढाई महीनापछि श्रामणेर अमृतानन्दले विहाराधिपति पेलेन वजिरञाण महास्थविर–समक्ष उपसम्पन्न हुने कुरा उठाउनुभयो जसअनुसार उहाँहरू दुवै जना वजिरञाण महास्थविरको उपाध्यायत्वमा २५ जनवरी १९४० अर्थात १२ माघ १९९६ का दिन कोलम्बोको रत्‌मलाने धर्मकन्दा–राम विहारको सीमागृहमा उपसम्पन्न भई भिक्षु अमृतानन्द र भिक्षु सुबोधानन्द हुनुभएको थियो।

भिक्षु अमृतानन्द उपसम्पन्न हुनुभएको झण्डै ३ वर्षपछि सन् १९४२ को अन्त (आश्विन, १९९९ साल) तिर कान्तिपुरको स्वयम्भूस्थित किन्डोल विहारमा आइपुग्नुभएका थियो। त्यसबेला उहाँ भरखर २४/२५ वर्षका नवयुवक भिक्षु थिए जो श्रीलंकाबाट अध्ययन गरी फर्कनुभएको कारण पनि जनमानसमा उहाँ एव उहाँको उपदेशको प्रभाव पर्न गएको थियो त्यसमा पनि उहाँ ऊ. चन्द्रमणि महा–स्थविर र भिक्षु महाप्रज्ञा जस्ता धर्मकथिक गुरुहरूको आश्रयमा रही वाक्‌शक्ति प्राप्त गरिसकेका व्यक्ति थिए।

यी विभिन्न कारणहरूबाट उहाँ एवं उहाँको धर्मोपदेशको प्रभाव त्यसताका प्रायः सम्पूर्ण श्रद्धालुहरूलाई अमित छापको रूपमा पर्न गएको थियो। त्यसमा पनि सोही सालको कार्तिक महीनाभर



Downloaded from http://dhamma.digital

स्वयम्भूपर्वतस्थानमा विहान-बिहान उहाँले विशेषत: विश्वन्तर जातकको धर्मदेशना गर्नुभएको थियो । धर्मदेशना समाप्तिको अवसरमा कार्तिक पूर्णिमाका दिन उहाँले सिर्फ ४/५ जना भिक्षु- श्रामणेरहरू-द्वारा अहोरात्र महापरित्राण पाठ सम्पन्न गर्नुभएको थियो । महा-परित्राणको समाप्तिपछि भोलिपल्ट विहान पनि बडो भव्यरूपमा असंख्य श्रद्धालुहरूको उपस्थितिमा बुद्धपूजा एवं दानादि कार्य सम्पन्न भएको थियो । यसै बेलादेखि विशेषत: काठमाडौं उपत्यकाका श्रद्धालु-हरूका ध्यान बुद्धधर्मप्रति केन्द्रित हुँदै आएको थियो ।

तर, अफशोच ! यसको डेढ वर्षपछि नै षडयन्त्रकारीहरूको उजूरीबाट राणा प्रधानमन्त्री जुद्धशम्शेर (शासनकाल, सन् १९३२-४५) को सरकारले भरखर-भरखर मात्र कान्तिपुरमा देखिन आएका ८ जना भिक्षु एवं श्रामणेरहरूलाई १५ श्रावण २००१ अर्थात ३० जुलाई १९४४ का दिन देशबाट निर्वासित गरियो ।

वर्षावासकालभित्र निर्वासित गरिएका ती भिक्षु एवं श्रामणेर-हरूले भारतका विभिन्न ठाउँहरूमा जसो तसो गरी वर्षावासकाल बिताइसकेपछि प्राय: उहाँहरू कार्तिक (नोभेम्बर १९४४) महीनामा सारनाथमा जम्मा भए उहाँहरू एवं भारतस्थित देशविदेशका भिक्षु-हरूका बीच नेपाल सरकारले गरेको अन्यायबारे बृहत् छलफल गर्‍ने जसको फलस्वरूप नेपालमा पुन: बुद्धधर्म भित्र्याउने आशयले "धर्मोदय सभा"को स्थापना भयो । संस्थापक अध्यक्षमा भिक्षु ऊ. चन्द्रमणि महास्थविर नियुक्त हुनुभयो । उपाध्यक्षमा- भदन्त आनन्द कौशल्यायन, सचिव- भिक्षु अमृतानन्द, संयुक्त सचिव- भिक्षु महानाम, कोषाध्यक्ष- मणिहर्षज्योति कंसाकार र अन्य सदस्यहरूमा भिक्षु ऊ. कित्तिमा



Downloaded from http://dhamma.digital

महास्थविर, भिक्षु धर्मालोक स्थविर, भिक्षु महाप्रज्ञा स्थविर र भिक्षु सुबोधानन्द नियुक्त गरियो ।

यस सभाले कार्यान्वयन स्वरूप विशेषतः सचिव पदमा रहनुभएका भिक्षु अमृतानन्दले भारतमा जति पनि बौद्ध संस्थाहरू थिए ती सबैसंग नेपालबाट भिक्षुहरू निस्कासित गरिएको बारेमा नेपाल सरकारको विरोध गर्नका निम्ति अपिल गरे । श्रीलंका, बर्मा, थाइ-ल्याण्ड आदि थेरवादी बौद्ध देशहरूलाई पनि पत्र पठाए ।

विशेषतः यस सन्दर्भमा भिक्षु अमृतानन्द सन् १९४५ मा श्रीलंका जानुभयो । उहाँ आफ्नो गुरुकहाँ जानुभयो र गुरुका प्रमुख शिष्य भिक्षु नारद महास्थविर (सन् १८९८–१९८३) को नेतृत्वमा आफूसहित ५ जनाको एक शिष्टमण्डल नेपाल ल्याउन सफल भए ।

त्यस शिष्टमण्डलको तर्फबाट विशेषतः भिक्षु अमृतानन्दकै प्रयासबाट नेपालबाट निस्कासित भिक्षुहरू स्वदेश फर्कने मौका पाए जसमा सर्वप्रथम निस्कासित भिक्षुहरूमा वृद्ध भिक्षु धर्मालोक स्थविर (त्यसताका ५६ वर्ष) लाई भित्र्याउने अनुमति श्री ३ पद्मशम्शेर (शासनकाल सन् १९४५ – ४८) ले दिएको थियो । भिक्षु धर्मालोक कालिम्पोङबाट काठमाडौंका स्वयम्भूस्थित आनन्दकुटी विहारमा आइ-पुग्नुभएको बेला उहाँका आँखामा प्रीतिमय आँशु भरिएको थियो र कृतज्ञतास्वरूप भिक्षु अमृतानन्दलाई भन्नुभएको थियो– "अमृतानन्द ! तपाईले निभिसकेको बत्तीलाई फेरि बालिदिनुभयो ।"

त्यस बेलादेखि सन् १९७९ (वि. सं. २०३६) सम्ममा भिक्षु नारद महास्थविरले ६ पटकसम्म नेपाल यात्रा गर्नु भई नेपालमा स्थवि-रवाद बुद्ध धर्मको व्यापक प्रचार प्रसारमा निकै योगदान दिनुभएको



Downloaded from http://dhamma.digital

थियो । निस्कासित भिक्षुहरूलाई फर्काउने हेतु आएको शिष्ट मण्डलको प्रमुख नेतृत्व गर्नु, अनुराधापुरस्थित बोधिवृक्षको बिरुवा ल्याई आनन्द–कुटीमा रोप्न लगाउनु, बुद्धको पवित्र अस्थिधातु ल्याई आनन्दकुटी विहारमा लंकाराम चैत्य निर्माण गराई प्रतिस्थापित गराउनु, कान्ति–पुरको यट्खा बहालमा अभूतपूर्व रूपमा नागरिक अभिनन्दन समारोह गराउन हेतु हुनुभएको आदि कैयौ भिक्षु नारद महास्थविरका उल्लेख–नीय देनहरू हुन् । यी सब कार्य भिक्षु नारद महास्थविरको भिक्षु अमृतानन्दसित घनिष्ट सम्पर्क हुन आएको फलस्वरूप सम्भव भएको हो ।

सन् १९५१ को फरवरीको अन्तिम हप्ता (फागुन, २००७ वि. सं.) मा कोलम्बो वजिरारामवासी मद्दिहे पञ्ञासिह र ञानरतन महास्थविर नेपाल आगमन गर्नुभएको थियो । त्यसबेला उहाँहरूले श्री ५ त्रिभुवनलाई नारायणहिटी दरबारमा भेट गर्न जानुभएको थियो । उहाँहरूको साथ भिक्षु अमृतानन्द पनि जानुभएको थियो । भेटको सुअवसरमा उहाँहरूले मौसुफ सरकारको सु–स्वास्थ्यको कामना गरी परित्राण पाठ गर्नुभएको थियो । परित्राण पाठपछि मौसुफ सरकारको बाहुलिमा भिक्षु अमृतानन्दले परित्राण सूत्र बाँधदिएका थियो । त्यस बेलादेखि मौसुफ सरकारसग भिक्षु अमृतानन्दको सौहार्दपूर्ण मैत्री सम्बन्ध उहाँको अन्तिम जीवनकाल (श्री ५ त्रिभूवनको स्वर्गारोहण- ३० फागुन २०११ वि. सं.) सम्म पनि रहेको थियो । त्यस अवधिभित्रमा भिक्षु अमृतानन्दको प्रेरणाबाट श्री ५ त्रिभूवनले विशेषतः निम्न पुण्यकार्यहरू गर्ने सुअवसर प्राप्त गरिबक्सेको थियो । यथा —

१) बुद्धका अग्रश्रावक सारिपुत्र र महामोद्गल्यायन महास्थविरहरूको पवित्र अस्थिधातु नेपाल आगमन गराउन मौसुफकै अध्यक्षतामा



Downloaded from http://dhamma.digital

स्वागत समिति तयार गर्ने को थियो । मौसुफले नै ६ नवम्बर १९५१ का दिन गौचरणमा अस्थिधातु रहेको सुवर्णमय चैत्य श्रद्धाका साथ आफ्नो हातमा जिम्मा लिइबक्सेको ।

२) २४ कार्तिक २००८ का दिन अग्रश्रावक अस्थिधातुका साथ आउनु भएका देश विदेशका भिक्षुमहासंघलाई नारायणहिटी राजदरबार भित्र भोजन गराइबक्सेको ।

३) वि. स. २००८ सालको वैशाख पूर्णिमाका दिन (७ जेष्ठ, २४९५ बु. स) मौसुफ सरकार आनन्दकुटी विहारमा सवारी होइबक्सी वैशाख पूर्णिमाका दिन सार्वजनिक छुट्टीको घोषणा गरिबक्सेको ।

४) सन् १९५१ (वि. सं. २००८) देखि श्री ५ को जन्मोत्सवमा भिक्षु महासंघद्वारा महापरित्राण पाठ गराउने चलन शुभारम्भ गरिबक्सेको, सन् १९५१ मा श्री ५ त्रिभूवनले राजदरबार भित्रै महापरित्राण पाठ गराइबक्सेको ।

५) सन् १९५६ (वि. सं. २०१३) मा विश्व बौद्ध भ्रातृत्व संघ (The World Fellowship of Buddhist) को चतुर्थ विश्व बौद्ध सम्मेलन नेपालमा सम्पन्न गर्नको निम्ति सन् १९५४ मा बर्मामा भएको तेस्रो विश्व बौद्ध सम्मेलनमा प्रस्ताव पठाइबक्सेको ।

अफशोच ! १३ मार्च १९५५ मा श्री ५ त्रिभुवन स्वर्गारोहरण होईबक्सेको कारण नेपालमा सन् १९५६ को नोभेम्बर महीनामा सम्पन्न भएको चतुर्थ विश्व बौद्ध सम्मेलनमा उहाँको स्थानमा श्री ५ महेन्द्रले अध्यक्षता ग्रहण गरिबक्सेको थियो ।

स्मरणीय छ, सन् १९५० मा विश्व बौद्ध भ्रातृत्व संघको स्थापना प्रो. गुणपाल पियसेन मल्लालशेकर (सन् १८९९-१९७३) ले



Downloaded from http://dhamma.digital

गर्नुभएको थियो। संघको स्थापना सालदेखि नै विश्व बौद्ध सम्मेलन पनि शुभारम्भ भएको थियो।

प्रथम विश्व बौद्ध सम्मेलन, जुन सन १९५० मा श्रीलंकामा सम्पन्न भएको थियो देखि भिक्षु अमृतानन्दले प्रत्येक सम्मेलनहरूमा भाग लिंदै आउनुभएको थियो। नेपालमा सम्पन्न भएको चतुर्थ विश्व बौद्ध सम्मेलनको आयोजना यद्यपि "धर्मोदय सभा"को आयोजनामा भएको थियो तैपनि उहाँको विद्वताले आफ्नै स्थान ओगटेको थियो। यसैको फलस्वरूप सम्मेलनको समाप्तिपछिदेखि भिक्षु अमृतानन्दलाई देश-विदेशमा भ्रमण गर्न आमन्त्रण गरियो जसअनुसार सर्वप्रथम उहाँ इटालीका प्रो. जोसेफ टुच्चीको निमन्त्रणामा ३१ डिसेम्बर १९५६ का दिन रोम प्रस्थान गर्नुभयो। उहाँ इटालीको साथै यूरोपका अधिकांश मुलुकहरूमा पुगी नेपालको परिचय दिंदै जानुभयो। यात्राको दौरान-मा उहाँ २४-३० नोभेम्बर १९५८ मा थाइल्याण्डको राजधानी बैंककमा सम्पन्न पञ्चम विश्व बौद्ध सम्मेलनमा पनि नेपालको प्रतिनिधि भई सहभागी हुनुभएको थियो। सम्मेलनपश्चात दक्षिणपूर्व एशियाका अन्य केही मुलुकहरूमा पनि भ्रमण गरी २२ डिसेम्बर १९५८ का दिन उहाँ स्वदेश फर्कनुभएको थियो।

त्यसपश्चात भावी जीवनमा उहाँले गर्नुभएको भ्रमण कार्य-हरूको पनि एकपटक स्मरण गरौं —

सन् १९५९ — चीन, भियतनाम, मंगोलिया, रूस आदि।

सन् १९६० — भेनिसमा सम्पन्न विश्व धर्म सम्मेलनमा सहभागी।

सन् १९६२ — मास्को (रूस), पोल्याण्ड, चेकोस्लाभाकिया, हंगेरी, बुल्गेरिया, युगोस्लाभिया, अस्ट्रेलिया, पूर्व जर्मनी,



Downloaded from http://dhamma.digital

इरान, इराक, पाकिस्तान आदि ।

सन् १९६५ – हेलसिन्की (फिनल्याण्ड) मा सम्पन्न विश्व धर्म सम्मेलनमा सहभागी ।

सन् १९६६ – कैरो (इजिप्ट) मा सम्पन्न विश्व शान्ति सम्मेलनमा सहभागी । इजरायली सरकारको निमन्त्रणामा तेल अभिभको भ्रमण ।

सन् १९७० – मंगोलिया, जापान, दक्षिण कोरिया, अफगानिस्तान–बामियान ।

सन् १९८३ – अतिशा दिपंकर श्रीज्ञानको १००० औं जन्मोत्सव जुन ढाका (बंगलादेश) मा सम्पन्नभएको थियो मा सहभागी हुनुभएको ।

अब याद गरौं- उहाँको विद्वताको कदर स्वरूप देश विदेशबाट उहाँलाई दिएको मानपदवीहरू–

१) नेपाल शासनसोभण श्री धर्मरक्षित वशालकार – सन् १९५५, श्रीलंकाको कोलम्बोस्थित अमरपुर निकायबाट ।

२) "गार्डेन" – सन् १९५९, मंगोलियाका बौद्धहरूबाट ।

३) 'गोरखा दक्षिणबाहु' – सन् १९६८, नेपाल सरकार (श्री ५ महेन्द्र) बाट ।

४) 'साहित्य चक्रवर्ती'- सन् १९७६, बुद्धिष्ट एकेडेमी अफ सिलोनबाट ।

५) 'विद्यावारिधि' – सन् १९७९, नालन्दा पाली महाविद्यालयबाट ।

६) 'त्रिपिटक विशारद् शासन जोतक' – सन् १९८४, श्रीलंकाको तीनै (श्याम निकाय, अमरपुर निकाय र रामञ्ञ निकाय) बाट ।

भिक्षु अमृतानन्दले वि. सं. २००८ सालको मंसिर (डिसेम्बर,



Downloaded from http://dhamma.digital

१९५१ ई.) महीनामा आनन्दकुटी विहारमा 'अखिल नेपाल भिक्षु महासंघ' को स्थापना गर्नुभएको थियो । यस्तै सन् १९५२ मा उहाँले 'आनन्दकुटी विद्यापीठ' नामक स्कूल पनि स्थापना गर्नु भयो ।

वि. सं. २०२९ (सन् १९७३) मा उहाँले आनन्दकुटी विहारको हेरचाह, संरक्षण र बुद्ध धर्मको प्रचार प्रसारका साथै विहारमा बस्ने भिक्षुहरूको निम्ति भोजन आदिको व्यवस्था गर्न "आनन्दकुटी विहार गुठी' को स्थापना गर्नुभएको थियो । यसै विहार गुठीको तर्फबाट उहाँको बुद्धकालीन ग्रन्थहरू मात्र धराधर प्रकाशित भएको थिएन वि. सं. २०३० सालको वैशाख महीनादेखि 'आनन्दभूमि' बौद्ध मासिक पत्रिका पनि अद्यावधिसम्म प्रकाशित गर्दै आएको सर्वेलाई थाहा भएकै कुरा हो ।

भिक्षु अमृतानन्द महास्थविर र बुद्धकालीन ग्रन्थ एक आपसमा पर्यायवाची शब्द जस्तै हुन गएको छ । उहाँले झण्डै दुई दशकसम्म एउटै कोठामा रही बुद्धकालीन ब्राह्मण, गृहस्थी, राजपरिवार, परिव्राजक, महिला, श्रावक, श्राविका, ब्रह्मादिदेव, प्रेतकथा, विमानकथा आदि प्रसंग्र पात्रहरूलाई संकलन गरी क्रमिक रूपमा छुट्याई सर्वप्रथम बुद्धकालीन ब्राम्हणदेखि लेखन कार्य शुरूगर्नुभएको थियो । जसअनुसार बुद्धकालीन ब्राम्हण-३ भाग, गृहस्थीहरू-३ भाग, राजपरिवार-३ भाग, परिव्राजक-३ भाग, महिलाहरू-२ भाग, श्रावक चरित -६ भाग, श्राविका चरित-१ भाग, ब्रम्हादिदेव-३ भाग र प्रेतकथा र विमानकथा-१/१ भाग गरी प्रकाशन गर्नुभएको छ । यसप्रकार भिक्षु अमृतानन्द महास्थविरको सत्प्रयासबाट नेपाली जनसमुदायलाई बुद्धधर्म अध्ययन गर्न एकदम सजिलो र रोचक रूपमा (बौद्ध साहित्य



Downloaded from http://dhamma.digital

नेपाली साहित्यमा) उपलब्ध गराई ठूलो सेवा गर्नुभएको छ ।

भिक्षु अमृतानन्द महास्थविरले वि सं. २० ३ सालको जेष्ठ महीनामा आफू प्रव्रजित भएको ३० औं वर्ष र उपसम्पन्न भएको २५ औं (रजत वर्ष) वर्ष पुगेको अवसर लिई आनन्दकुटी विहारमा महापरित्राण पाठ एवं अन्य दानदि कार्य गर्नुभएको थियो । त्यस बेला श्रीलंकाबाट नारद महास्थविर पनि निमन्त्रित हुनुभएको थियो ।

यस्तै गरी भिक्षु अमृतानन्द महास्थविरले आफू प्रव्रजित भएको ५४ औं र उपसम्पन्न भएको ५० औं वर्ष (स्वर्ण उत्सव) पुगेको अवसर लिई वि स. २०४७ सालको आश्विन १८ र १९ गते (४–५ अक्टोबर, १९९०) दुई दिन बडो भव्य रूपमा विभिन्न कार्यक्रम राखी अझ अभूतपूर्व रूपमा ऐतिहासिक संगायना देशना समेत गर्ने प्रबन्ध गर्नुभएको थियो । यस अवसरमा गरिने सगायना धर्मदशना र विशिष्ट प्रकारको दान–प्रदान (५०० प्रकारका वस्तु) को विषयमा ४ भाद्र २०४७ का दिन बेलुकी ९. बजेसम्म आनन्दकुटीविहारवासी भिक्षुहरूसँग छलफल गर्दै शयन गर्न जानुभएका उहाँ रातको कुन प्रहरमा हृदयगति बन्द भई निधन हुनुभयो त्यो कसैलाई थाहा भएन सो हाल ५ भाद्र २०४७ का दिन विहान मात्र थाहा पाईयो ।

स्मरणीय छ, भिक्षु अमृतानन्द महास्थविरको अन्तिम भाषण ३० जून १९९० अर्थात १६ असार २०४७ का दिन काठमाडौंको खुल्ला-मञ्चमा दिनुभएको थियो । त्यसबेला उहाँले धर्मनिरपेक्षताको माग राख्दै निस्केको शान्ति पदयात्राको अवसानमा नेपालमा हिन्दू धर्मको एकाधिपत्यताले गर्दा विगत ३० वर्षका इतिहास (पञ्चायती व्यवस्था)



Downloaded from http://dhamma.digital

मा हिन्दू-धर्मको नाममा धेरै अमानवीय अन्याय, दुराचार, दबाब तथा भय र त्रासहरू भएको कुरा स्पष्ट परिदिनुभएको थियो । उहाँले त्यस बेला नेपालको संविधान धर्मनिरपेक्ष हुनु पर्ने अत्यावश्यक भएको बारेमा विशाल जनसमूहमा बोल्नुभएको थियो । तर पछि आएर उहाँ एवं प्राय: सम्पूर्ण नेपाली जनताको आशाविपरीत नेपालको संविधानमा हिन्दू अधिराज्य उल्लेख यथावत् गरियो नै । केही दरबारिया ब्राम्हणहरूको हातमा लगाम रहेको यस देशका जनताको केही न केही रकम चाहेर नचाहेर पनि हिन्दू-धर्मको प्रचार-प्रसारमा लगाउन बाध्य छन् ।

लाख अफशोच ! नेपाललाई विश्वमा शायद सबभन्दा बढी चिनारी दिने भिक्षु अमृतानन्द महास्थविर जानु भयो– उहाँको अनित्य देह दुई दिन आनन्दकुटी विहारमा अन्तिम दर्शनका निम्ति राखिएको थियो । ६ भाद्र २०४७ का दिन उहाँको शवयात्रामा बौद्धजगत्का अत्याधिक नर–नारी, व्यापारी, मजदुर, विद्यार्थी एवं राजनैतिक व्यक्तिहरूद्वारा श्रद्धाका साथ सम्मिलित भई उहाँ प्रति श्रद्धाञ्जली अर्पण गरिएको थियो ।

उहाँको अनित्य देहको अन्तिम संस्कार उहाँको प्रमुख शिष्य भिक्षु अश्वघोषद्वारा बौद्ध परम्परा अनुसार दागबत्ती दिई गरिएको थियो । चिता प्रज्वलित भएको केही घण्टामै आचार्य भिक्षु अमृतानन्द महास्थविरको भौतिक देह यस संसारबाट सदाको निम्ति विलिन भयो ।

卐 卐 卐



Downloaded from http://dhamma.digital

# – सन्दर्भ –

१) नेपालमा थेरवाद बुद्ध धर्मको संक्षिप्त इतिहास
– भिक्षु अमृतानन्द महास्थविर
आनन्दकुटी विहार गुठी
आनन्दकुटी विहार, स्वयम्भू – २५२५

२) आत्मकथा – मोतीकाजी शाक्य
– लेखक स्वयं
भीमसेन टोल– ३, तानसेन

३) Amritanjali – A Homage
– Anandakuti Vihar Trust
Kathmandu – 1992

४) अमृताञ्जली विशेषांक – 'आनन्दभूमि', वर्ष – १८, अंक – ६
(आश्विन, २०४७)

'आनन्द भूमि'
वर्ष – २६, अंक – १
(वैशाख, २०५५)



Dhamma.Digital
Downloaded from http://dhamma.digital

# भिक्षु संघरक्षित महास्थविर

आधुनिक युगमा विश्वमा बुद्धधर्म व्यापक रूपमा प्रचार-प्रसार गर्नमा विशेष भूमिका निभाएका व्यक्तिहरूमा भिक्षु संघरक्षित महास्थविर पनि प्रमुख हुनुहुन्छ ।

उहाँको जन्म २६ अगस्त १९२५ का दिन लण्डनको एक सम्पन्न परिवारमा भएको थियो । ८ वर्षको बाल्यावस्थामामै आफ्नो अस्वस्थताको कारण स्कूल जान नपाएका उहाँले स्वाध्ययनबाट नै ज्ञानवृद्धि गर्दै लगेका थिए । उहाँले विशेषतः पश्चिमी साहित्य एवं कलामा अध्ययन गर्दै लगेका थिए ।

सन् १९३९ देखि दोस्रो विश्वयुद्ध शुरु हुनासाथ सन् १९४० मा उहाँ पनि परिवारका साथ देशको पश्चिमी भू-भागमा रहन जान बाध्य भएका थिए । त्यहाँ पनि उहाँले आफ्नो अध्ययन यूरोपको प्राचीन र आधुनिक साहित्य तर्फ लाग्नुभएको थियो । यसै अन्तर्गत उहाँले आफ्नो अध्ययन पश्चिमी साहित्यबाट पूर्वेली साहित्यमा पनि राख्नुभयो । उहाँले आफ्नो अध्ययन सिर्फ साहित्यको अध्ययनमा मात्र सीमित नगरी पूर्वेली धर्महरूमा पनि दिलचस्पी राख्दै जानुभएको थियो ।



Downloaded from http://dhamma.digital



भिक्षु संघरक्षित महास्थविर

(जन्म:- सन् १९२५)

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

साहित्यको अध्ययन अन्तर्गत एक दिन उहाँले रसियन महिला मैडम ब्लाभट्स्की (Madame Blavatsky) को दुई खण्ड भएको "Isis Unveiled" नामक ग्रन्थ पुरा दुई पटक अध्ययन गरिसकेपछि निश्चित गर्नुभयो कि अब उहाँ कहिल्यै क्रिश्चियन हुने छैन। स्मरणीय छ, मैडम ब्लाभट्स्की "The Theosophical Society, New York' का एक सह-संस्थापक थिए। प्रमुख संस्थापक अमेरिकाका हेनरी स्टील अल्कोट (H. S Olcott) थिए जो भावी बौद्ध झण्डाका आविष्कारक थिए।

यस जीवनीका चरित्र नायक हुनुभएका Dennis Ling Wood ले १७/१८ वर्षको उमेरभित्रमै पूर्वको धर्म अध्ययन अन्तर्गत बुद्धधर्मसित पनि परिचित भइसकेका थिए। यसमा उहाँलाई विशेष सहयोग "Buddhist society of London" का सदस्यहरूले दिएका थिए। ती सदस्यहरूमा Clare cameron (क्लार केमेरोन) र Arnold Price (अर्नाल्ड प्रिस) प्रमुख थिए। Clare cameron लण्डन बौद्ध संघको पत्रिका "The Middle Way" का सम्पादक थिए त Arnold Price पनि एक लेखक थिए।

यस प्रकार भावी एक बौद्ध धर्मदूत Dennis Lingwood ले स्वदेशमा रहनुभएको बेलामै बुद्ध-धर्मका विशेष महत्वका कुराहरू अवगत गरिसकेका थिए। त्यसमा पनि जब उहाँ लण्डनको संचार विभागमा कार्यरत थिए तब पनि उहाँले बुद्ध धर्मका केही ग्रन्थहरू अध्ययन गर्ने सुअवसर पाउनुभएको थियो। ती ग्रन्थहरूको अध्ययन पश्चात् उहाँले आफूलाई पूरा बौद्ध धर्ममा समर्पित गर्नुभएको थियो। उहाँको चित्रकलामा पनि विशेष दिलचस्पी भएको फलस्वरूप



Downloaded from http://dhamma.digital

त्यसै अन्तर्गत लागेबापत उहाँ २३ अगस्त १९४४ (आफ्नो १९ औं जन्म दिनको ३ दिन अगाडि) का दिन ब्रिटिश सेनाका एक कर्मचारी भई बम्बई आउने मौका प्राप्त गर्नुभएको थियो।

बम्बईबाट उहाँ दिल्लीस्थित नवनिर्मित सैनिक प्रधान कार्यालयमा पुग्नु भयो र दुई महिना जति दिल्लीको दर्शनीय स्थलहरूको अवलोकन पश्चात् मात्र आफ्नो कार्यमा लाग्नुभयो। दिल्लीबाट उहाँ पुनः श्रीलंकामा सरुवा (Transfer) हुनुभयो।

श्रीलंकामा, उहाँले आफ्नो सम्पर्क सिर्फ बौद्ध विहारहरूमा मात्र सीमित गर्नुभएको थिएन कोलम्बो स्थित 'रामकृष्ण मिशन' मा पनि सम्पर्क राख्नुभएको थियो।

त्यसताका ७ महीनाको श्रीलंका निवासकालमा उहाँले सैनिक कार्यको अतिरिक्त विशेषतः "रामकृष्ण मिशन" का अनेक स्वामीहरूसित सम्पर्क राखी कलकत्ता आउनुभएको थियो। कलकत्तामा उहाँले "रामकृष्ण मिशन" को प्रमुख केन्द्र "बेलर मठ" को अवलोकन पूर्णरूपमा गर्नुभएको थियो।

उहाँले कलकत्तामा तत्कालीन केही प्रतिष्ठित बौद्ध विद्वानहरूसित पनि भेटवार्ता गर्नुभएको थियो। तिनीहरूमा विशेषतः डा. वेणीमाधव बरुआ, डा. नलिनाक्ष दत्त, डा. कालिदास नाग आदि प्रमुख थिए। उहाँहरूको साथै 'महाबोधि सभाको प्रमुख कार्यालय "धर्मराजिक विहार" मा पनि उहाँ पटक-पटक जानु भई बुद्धधर्मको विस्तृत अध्ययन पनि गर्दै आउनुभएको थियो। यस्तैमा नवम्बर १९४५ मा उहाँको सैनिक समूहलाई सिंगापुर प्रस्थान गर्नुपर्ने आदेश आयो। यस अवधिभित्रमा ६ अगस्त १९४५ का दिन जापानको



Downloaded from http://dhamma.digital

नागासाकी र हिरोशिमामा बम विस्फोट भईसकेपछि मात्र दोश्रो विश्वयुद्धको अन्त भएको थियो । यसैं अन्तर्गत आफ्नो अन्तिम सैनिक जीवन उहाँले सिंगापुरमा बिताउनुभएको थियो ।

सिंगापुरमा आफ्नो सैनिक कार्य सिध्याई Dennis Lingwood पुनः भारत फर्कनु भयो र आफ्नो जीवन भारतमैं बिताउने निश्चय गर्नुभयो । उहाँले परिव्राजक रूप लिई भारतका विभिन्न प्रदेशहरूमा यात्रा गर्दै रहनुभयो ।

स्मरणीय छ, उहाँको घुमक्कडी जीवनमा केही अन्य प्रतिष्ठित धार्मिक व्यक्तित्वहरूले पनि प्रभावित पारेको थियो । तिनमा एक थिइन् – माँ आनन्दमाई · देहरादूनमा आफ्नो प्रमुख आश्रम रहेकी उनीलाई भेटन उहाँहरू एक समूह नै अहमदाबादबाट त्यहाँ जानु भएको थियो । बुद्ध-धर्म प्रति विशेष सहानुभूति भएकी माँ आनन्द-माईको आश्रममा रही अनेक ध्यानाभ्यासको अनुभव पनि गर्नुभएको थियो । माँ आनन्दमाईको आश्रममा रही हिन्दूधर्मका अनेको साहित्य-हरू पनि अध्ययन मनन गरिसकेपछि उहाँ एवं उहाँका एक परम मित्र रवीन्द्र कुमार बनर्जी जो माँ आनन्दमाईको तर्फबाट 'सत्यप्रिय" नामका परिव्राजक र Dennis Lingwood पनि उनै माँ आनन्द माईको तर्फबाट "धर्मप्रिय" नामक परिव्राजक भइसकेका थिए दुवै अन्तमा बुद्ध-धर्मको विस्तृत अध्ययनको निमित्त श्रीलंका जान दिल्लीबाट १७ अगस्त १९४७ का दिन मद्रास जानुभएको थियो । मद्रासमा उहाँहरू मिलापुरस्थित "रामकृष्णमठ" मा रहनु भयो । यहाँ D. Lingwood आठ महीना अगाडि मात्र एक अंग्रेज युवकको रूपमा पुग्नुभएको थियो त अहिले एक परिव्राजकको रूपमा ।



Downloaded from http://dhamma.digital

उहाँहरू मद्रासमा रहनुभएको बेला अड्यार स्थित "The Theosophical Society" को प्रधान कार्यालयको पनि एकपटक अवलोकन गर्न जानुभएको थियो। मद्रासबाट उहाँहरू धनुष्कोटी पुग्नुभयो। तर अफशोच! उहाँहरूलाई श्रीलंका भूमिमा पाइलो हाल्न रोक लगाइयो, उहाँहरूलाई प्रवेशाज्ञा प्राप्त नै भएन कारण उहाँहरूमा राहदानी (Identity Card) थिएन। यो नियम भारतका स्वतन्त्रता पछि देखि मात्र लागु गरिएको थियो। यो खबर उहाँहरूलाई थाहा थिएन। अतः उहाँहरू धनुष्कोटीबाट मण्डपन् मै फर्कनुभयो। त्यहाँबाट मदुराईका केही धार्मिक स्थलहरूको अवलोकन पश्चात पूरा दक्षिणमा अवस्थित केप कमोरिन (Cape comorin) मा जानुभयो। त्यहाँ रही सुप्रसिद्ध कन्याकुमारी मन्दिरको अवलोकन पछि उहाँहरू त्रिवेन्द्रम् आइपुगे। त्रिवेन्द्रम, नागेरकोइल, केप कमोरिन आदि ठाउँमा गरी उहाँहरूले पूरा वर्ष दिन परिव्राजक जीवन बिताई 'बंगलोर' आइपुग्नुभयो।

बंगलोरमा केही हप्ता रही उहाँहरू बम्बई आइपुग्नुभयो र बम्बईबाट कन्हेरी गुफाको अवलोकन पश्चात चाँडो भन्दा चाँडो सारनाथ आइपुग्ने उहाँहरूको मनसायअनुरूप सन् १९४९ को जून महीनामा वाराणसी पुग्नुभयो। वाराणसीमा पनि उहाँहरू 'रामकृष्ण मिशन" को एक शाखामा रहनुभएको थियो।

उहाँहरूको ३ वर्षको परिव्राजक जीवन पश्चात यसको निष्कर्षमा उहाँहरूले मानवताको लागि बुद्ध-धर्मको व्यापक प्रचार प्रसार गर्ने आशयले सारनाथ पुगी बौद्ध भिक्षु हुन आतुर भएका थिए। यसको निम्ति सारनाथमा रहँदै आउनुभएका भिक्षु धर्मरक्षितले



Downloaded from http://dhamma.digital

उहाँहरूलाई यस सम्बन्धी काशी-हिन्दू विश्वविद्यालयमा पाली र बौद्ध दर्शनशास्त्र अध्यापन कार्य गर्दै आउनुभएका बौद्ध विद्वान भिक्षु जगदीश काश्यप (सन १९०८–७६) सग सरसल्लाह लिन सल्लाह दिए। अतः उहाँहरू दुबै जना (धर्मप्रिय र सत्यप्रिय) भिक्षु जगदीश काश्यपलाई भेट्न काशी–हिन्दू विश्वविद्यालयमा पुगे।

धर्मप्रिय परिव्राजकले भिक्षु जगदीश काश्यपलाई सन १९४४ मा श्रीलंकाको केलनियास्थित विद्यालंकार परिवेणमा देखिसकेका थिए। उहाँ (भिक्षु जगदीश काश्यप) तब "त्रिपिटकाचार्य" उपाधि हासिल गर्न श्रीलंका आउनुभएको थियो। यहाँ पनि पुनः उही भिक्षुसँग प्रव्रजित हुन सरसल्लाह लिन पाएबाट धर्मप्रिय परिव्राजक निकै खुशी भए।

भिक्षु जगदीश काश्यपले उहाँहरूलाई तथागतको परिनिर्वाण–स्थल कुशीनगरमा गई त्यहाँ स्थित भारतमा रहँदै आउनुभएका अतिज्येष्ठ थेरवादी भिक्षु ऊ. चन्द्रमणि महास्थविर (सन् १८७६-१९७२) को हातबाट प्रव्रजित हुन सल्लाह दिए साथै एक परिचय पत्र पनि लेखिदिए। अतः ती दुबै परिव्राजक सारनाथ एवं बनारसबाट घुमक्कड जीवन अनुरूप पैदलै ८ दिन बिताई कुशीनगर पुग्नुभयो।

कुशीनगरमा १२ मई १९४९ (बु सं. २४९३ को बैशाख पूर्णिमा) का दिन उहाँहरू दुबै जना ऊ. चन्द्रमणि महास्थविरको आचार्यत्वमा प्रव्रजित भई सत्यप्रिय परिव्राजक "श्रामणेर बुद्धरक्षित" र धर्मप्रिय परिव्राजक "श्रामणेर धर्मरक्षित" नामबाट प्रव्रजित भए। तर भिक्षु ऊ. चन्द्रमणि महास्थविरका "धर्मरक्षित" नामका अन्य एक शिष्य भिक्षु भइसकेको कारण उहाँ (भिक्षु धर्मरक्षित) कै विशेष



Downloaded from http://dhamma.digital

अनुरोध एवं सुझावबाट धर्मप्रिय परिव्राजकको नाम "श्रामणेर संघरक्षित" को रूपमा बदलिए ।

दुबै नवप्रव्रजित श्रामणेरहरू कुशीनगरमा केही हप्ता रहिसके-पछि भिक्षु ऊ. चन्द्रमणि महास्थविरको ७३ औं जन्मोत्सवको दिनमा नै गुरुवरसित अनुमति लिई तथागतको जन्मस्थान "लुम्बिनी" को अवलोकनको निमित्त कुशीनगर छोडे । कुशीनगरबाट पैदलै लुम्बिनी आउनलागेका उहाँहरू दुई दिन पछि नौतनवास्थित "लुम्बिनी विश्राम शाला" मा पुगे । त्यहाँ भिक्षु श्रीनिवास नायक महास्थविर (सन् १८९४-१९६८) ले उहाँहरूलाई आवश्यक प्रबन्ध गरिदिए । त्यहाँ दुई दिन रहनुभएको बेला अन्य सहयात्रीहरू ३ जना पनि समावेश भए । तिनीहरू थिए- ब्रम्हचारी मुनीन्द्र, अरूणचन्द्र र ऊ. थङ्ग ऊङ्ग नामका एक बर्मी । उहाँहरू पाँचै जना लुम्बिनी पुगी त्यहाँस्थित प्राचीन अवशेषहरू अवलोकन गरी नौतनवामै फर्के तब श्रामणेर बुद्धरक्षित र संघरक्षित बुटवल आइपुगे । बुटवलमा दुई दिन रही त्यहाँस्थित नेवार बौद्ध समुदायका उपासकोपासिकाहरूको आतिथ्य प्राप्त गरी केही दिन पश्चात् पुन: नेवार बौद्ध समुदाय रहेको ठाउँ तानसेन पुगे । उहाँहरू सीधा आनन्द विहारमा पुगी ऊ. चन्द्रमणि महास्थविरका एक ज्येष्ठ नेपाली शिष्य भिक्षु शाक्यानन्द महास्थविर (वि. सं. १९६६-२०५४) समक्ष पुगे । भिक्षु शाक्यानन्द महास्थविरले उहाँहरूलाई आवश्यक प्रबन्ध गरिदिए ।

महीना दिन जतिको तानसेन निवासकालमा उहाँहरूले त्यहाँ स्थित प्राय: सम्पूर्ण जनसमुदायहरूलाई अमित छाप छोडेर जानुभएको थियो त भिक्षु शाक्यानन्द, अनगारिका सुशीला एवं तानसेनवासीहरूले



Downloaded from http://dhamma.digital

उहाँहरूलाई गरेको आतिथ्य सदा स्मरणीय रहेको कुरा भिक्षु संघरक्षितले आफ्नो यात्रा विवरण ग्रन्थ "The Thousandpetalled Lotus" मा उल्लेख गरिराख्नुभएको छ ।

तानसेनबाट बनारस फर्कनुभएका उहाँहरू मध्ये श्रामणेर बुद्धरक्षित श्रीलंका जान कलकत्ता प्रस्थान गर्नुभयो त श्रामणेर संघरक्षित काशी हिन्दू विश्वविद्यालयमा पुगी त्यहाँस्थित "बुद्ध-कुटी" मा गई भिक्षु जगदीश काश्यपको सान्निध्यमा रही विशेषत: पाली, अभिधम्म र तर्कशास्त्र (Logic) को गहन अध्ययन गर्नमा लाग्नुभयो ।

सन् १९५० को जनवरी पश्चात् भिक्षु जगदीश काश्यपले काशी हिन्दू विश्वविद्यालयमा अध्यापक पदबाट अवकास लिने मनशाय लिई केही दिनको बिदा लिई श्रामणेर संघरक्षितलाई साथ लिई विहार प्रदेशमा अवस्थित केही बौद्ध पुनीत स्थलहरूको अवलोकनको निमित्त प्रस्थान गर्नुभयो ।

उहाँहरूको यात्रा भारतको एक प्राचीन नगर पाटलीपुत्र (हाल पटना) बाट शुरू भयो । उहाँहरू विहारशरीफ पुग्नु भई त्यहाँबाट दीपनगर जानुभयो र दीपनगरबाट नालन्दा । नालन्दाको प्राचीन विश्वविद्यालयको भग्नावशेषको अवलोकन पश्चात् उहाँहरू "सारिचक" नामक गाउँमा जानुभएको थियो जुन गाउँलाई सारिपुत्रको जन्मस्थान मानिन्छ, अत: ती ठाउँमा भिक्षु जगदीश काश्यपले दुइ ठाउँमा व्याख्यान पनि दिनुभएको थियो ।

त्यहाँबाट उहाँहरू राजगृह, गृद्धकूटपर्वत आदिको अवलोकन पश्चात् कालिम्पोङ्ग शहरमा जानुभएको थियो । कालिम्पोङ्गमा



Downloaded from http://dhamma.digital

हप्ता दिन जति रही भिक्षु जगदीश काश्यप विहार प्रदेशमा फर्कनु भयो र श्रामणेर संघरक्षित श्रामणेर १४ वर्षसम्मको निमित्त कालिम्पोङ्गमै रहनुभयो ।

यस अवधिभित्रमा श्रामणेर संघरक्षित सन् १९५० को अन्तमा बर्मी भिक्षु ऊ. कविन्दको उपाध्यायत्वमा उपसम्पन्न पनि हुनु भयो । यसै बेलादेखि नै उहाँले महाबोधि सभाबाट प्रकाशित अंग्रेजी पत्रिका "The Mahabodhi" को सह-सम्पादक भई १४ वर्षसम्म अटूट धर्मसेवा गर्नुभएको थियो ।

यस अवधिभित्रमै उहाँ महाबोधि सभाको एक प्रतिनिधि, महाबोधि सभा, कालिम्पोङ्ग शाखाका सभापतिको रूपमा सन् १९५१ को नवम्बर महीनामा बुद्धका अग्रश्रावक अस्थिधातुका साथ नेपाल आगमन गर्नुभएको थियो । त्यसबेला उहाँ उपत्यकाका प्राचीन चैत्य, मन्दिर, विहार एवं त्यहाँ स्थित मूर्तिहरू जुन विशेषतः मल्लकालमा नेवार शिल्पकारहरूले बनाएका थिए देखि निकै प्रभावित भएका थिए ।

उहाँले सन् १९४८ – ४९ देखि भारतका कानुनमन्त्री एवं संविधान निर्माता बाबासाहेब डा. अम्बेडकर (सन् १८९१–१९५६) को नाम सुन्दै आएको थियो । डा. अम्बेडकरले हिन्दू धर्म सुधारका निमित्त 'हिन्दु कोड बिल' नामक एक मस्यौदा लोक सभामा पेश गरेको बेला देखि भिक्षु संघरक्षित उहाँको कार्य एवं व्यक्तित्वबाट प्रभावित भई पछि उहाँका एक मित्र एवं सल्लाहकारसम्म पनि बनेका थिए । सन् १९५६ को दिसम्बर महीनामा बाबासाहेब डा. अम्बेडकरको देहान्त पश्चात उहाँको व्यक्तित्व, उहाँको नव बौद्धदीक्षित कार्य, अछूतो-



Downloaded from http://dhamma.digital

द्वार आदिको विषयलाई लिएर ४ दिनमा ३५ वटा जनसभामा भिक्षु संघरक्षितले सम्बोधन गर्नुभएको थियो ।

भिक्षु संघरक्षितले विशेषत: भारतको पश्चिम बंगाल-कालिम्पोङ्मा रही धेरै बौद्ध साहित्य निर्माण कार्य गर्नुभएको थियो साथै केही वर्ष "Stepping Stones" नामक अंग्रेजी बौद्ध मासिक पत्रिका पनि सम्पादन गरी "तरूण बौद्ध समिति" (Young Men's Buddhist Association, Kalimpong) बाट प्रकाशन गर्दै आएको थियो । त्यहाँ रही उहाँले स्थविरवादको साथै बुद्ध-धर्मका महायान एवं वज्रयान पक्षमा पनि यथेष्ट अध्ययन मनन गर्नुभएको थियो । अत: उहाँले कालिम्पोङ्मा निर्मित आफ्नो विहारको नाम नै "त्रियानवर्धन विहार" राख्नुभएको थियो ।

पूरा दुई दशकको भारत निवासकालपछि सन् १९६४ मा भिक्षु संघरक्षित "English Sangha Trust" र "Buddhist Society of London" को निमन्त्रणामा इङ्गलैण्ड फर्कनुभयो र सन् १९६७ मा "Western Buddhist Order" नामक एक संस्था आफूले पनि स्थापना गर्नुभयो । यसै संस्थाको तर्फबाट उहाँले इङ्गलैण्डमा बुद्धधर्मको प्रचार-प्रसार गर्दै आइरहनुभएको छ ।

हाल ७५ वर्षमा रहनुभएका भिक्षु संघरक्षित महास्थविर हाल इङ्गलैण्डको नरफोक (Norfolk) स्थित Naroan Norwich को बुद्ध विहारमा रहँदै हुनुहुन्छ ।

★ ★ ★



Downloaded from http://dhamma.digital

# — सन्दर्भ —

१) अन्धकार मे ज्योति ( Flame in Darkneess)

— भिक्षु संघरक्षित महास्थविर

हिन्दी अनुवादक — कँवल भारती

— त्रिरत्न ग्रन्थमाला

धर्मचक्र प्रवर्तन महाविहार, दापोडी, पूणे

२) The Thousand Petalled Lotus.

— Maha Sthavira Sangharakhita

— Heinemann - London

३) The Maha Bodhi - Vol. 60, No. 2

(Feb, 1952)

"आनन्द भूमि"

वर्ष — २७, अंक — ५/६

(श्रावण, भाद्र २०५६)

Dhamma.Digital



Downloaded from http://dhamma.digital



डा. विद्यावती 'मालविका'
(सन् १९३०-७६/७७)

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# डा. विद्यावती "मालविका"

भारतका केही सुप्रसिद्ध बौद्ध लेखकहरूमा डा. विद्यावती "मालविका" पनि एक प्रमुख व्यक्ति हुनुहुन्छ ।

उहाँको जन्म मध्यभारतको मालवा (उज्जैन) स्थित अर्जुनवा नामक गाउँमा १४ अप्रिल १९३० का दिन भएको थियो ।

उहाँका पिता ठाकुर श्यामचरणसिंह मध्यभारतका सुप्रसिद्ध बुद्धधर्म प्रचारक थिए जो आफ्नै गाउँका एक मिडिल स्कूलका प्रधानाध्यापक थिए । विद्यावतीकी माता सुमित्रादेवी अमोला पनि एक आदर्श महिला थिइन् । विवाहअगाडि केही शिक्षा-दीक्षा नपाए पनि विवाहपश्चात् शिक्षित हुँदै आएकी सुमित्रादेवीको बारेमा योग्यपुत्री विद्यावती उल्लेख गर्नुहुन्छ–

"विवाहोपरान्त सुमित्राने घरपर ही लिखना पढना सीखा और बौद्ध धर्मके मुख्य सिद्धान्तोंको सुनने समझने लगी । व्यर्थके उपवासव्रत सब उन्होंने छोड दिये । पर्दा और उच्चजातीयताका कृत्रिम घमण्ड भी उनसे न रहा । सच्ची सहचरी की भाँति उन्होंने धर्म–प्रचारक मे अपने पतिका साथ दिया । उनके ही साहस श्रम और कर्तव्यशीलताका परिणाम था कि ठाकुर श्यामचरणसिंह कठिनाइयों में भी सदा आगे बढते रहे ।"



Downloaded from http://dhamma.digital

ठाकुर श्यामचरणसिंह दम्पतीको बारेमा योग्य पुत्रीले मात्र यसरी उल्लेख गर्नुभएको थिएन "धर्मदूत" मासिक पत्रिका (सन् १९३५ देखि सारनाथबाट प्रकाशित) का एक लेखक श्री कमलसिंह "सरोज"ले पनि ठाकुर श्यामचरणसिंहको बारेमा उल्लेख गर्नुहुन्छ–

"आजकल मध्ये भारतमे बौद्ध–धर्मकी कुछ प्रगति दिखाई दे रही है और बौद्धोकी ही क्या, अन्य धर्मावलम्बीयोंकी भी श्रद्धा भगवान बुद्ध के प्रति दृढ होती जा रही है। यह मध्य भारतके धर्म–प्रचारक ठाकुर श्यामचरणसिंह के श्रमका फल है। उनकी योग्य सन्तान (विद्यावती) भी इस कार्य मे लेखनी, वाणी एवं अपने पवित्र आचरण से संलग्न है।"

यस प्रकार विद्यावती 'बालविका' योग्य माता - पिताका एक सुपुत्री हुनुहुन्थ्यो। जसको फलस्वरूप धर्म एवं विद्यामा पनि बाल्य–कालदेखि नै बुद्ध–धर्मबाट परिचित हुने मौका प्राप्तभएको थियो। अत: उहाँले पनि सानै उमेरदेखि बुद्ध–धर्म सम्बन्धी कविता, कहानी र विभिन्न लेखहरू लेखी विशेषत: "धर्मदूत" पत्रिकामा प्रकाशित गर्दै रहेको कुरा उहाँ स्वयंले उल्लेख गर्नु भएको छ–

"एक दीर्घकाल से सारनाथ से प्रकाशित होनेवाले मासिक पत्र "धर्मदूत" मे मेरी कविताएं, कहानियाँ और लेख प्रकाशित होते रहे हैं। बौद्ध–धर्म सम्बन्धी पुरातत्वके सम्बन्धमे लिखने की प्रेरणा प्राप्त कर मैंने एक लेख–माला बौद्ध–कला–कृतियों के सम्बन्ध मे प्रारम्भ की। लेखो के प्रकाशित होते रहने से मेरा उत्साह सदा बना रहा। श्रद्धेय भिक्षु धर्मरक्षित जीने अपरिचित होते हुए भी मेरे उत्साह वृद्धि मे सहायता की।"



Downloaded from http://dhamma.digital

सुश्री विद्यावती 'मालविका' ले आफ्नो शैक्षिक योग्यतामा बी ए, एम. ए., 'साहित्यरत्न' मात्र होइन सन् १९६४ मा "हिन्दी सन्त साहित्य पर बौद्ध–धर्मका प्रभाव" नामक शोध–प्रबन्ध लेखेबापत आगरा विश्वविद्यालयबाट पी-एच. डी. (डक्टरेट–विद्यावारिधि) डिग्री पनि प्राप्त गर्नुभएको थियो। यसमा उहाँलाई "मीरा पुरस्कार" को रूपमा रू. ५००।– (त्यसताका) पनि प्रदान गरेको थियो।

डा. विद्यावती मालविकाले हरेक क्षेत्रमा कलम चलाउनु भएको थियो, जस्तो–

१) कविता– उहाँले कविताको क्षेत्रमा सर्वप्रथम पुस्तिकाको रूपमा 'बुद्ध अर्चना' प्रकाशित गर्नुभएको थियो जुन महाबोधि सभा, सारनाथले सन् १९५१ मा प्रकाशित गरेको थियो। यस कविता संग्रह नै उहाँको पहिलो पुस्तक थियो। यसपछि उहाँको दोश्रो कविता संग्रह "पूर्णिमा" – सन् १९५५ मा पहिलो संस्करणको रूपमा प्रकाशित भयो। "पूर्णिमा" विद्यावती 'मालविका' को तेश्रो पुस्तक थियो। "पूर्णिमा" पश्चात "कामना" कविता संग्रह पनि उहाँले प्रकाशित गर्नुभएको थियो।

२) कहानी– सुश्री विद्यावती 'मालविका' को पहिलो 'कहानीसंग्रह' पुस्तक थियो– "श्रद्धा के फूल"। सन् १९५२ (बु. सं. २४९५) मा पहिलो संस्करणको रूपमा प्रकाशित यस पुस्तकको भूमिकामा कहानीका पात्रहरूको सम्बन्धमा 'मालविका' ले उल्लेख गर्नुभएको छ –

"संसारसे दूर न भाग, कर्मशील रह जीवनको धन्य बनानेवाले इस कल्याणकारी पथ पर अनेक व्यक्ति आये और विलिन हो



Downloaded from http://dhamma.digital

गये, किन्तु उनकी चमक उस आलोक तक पहुँच, उसे और प्रज्वलित करनेकी प्रेरणा करती हैं।"

विद्यावती 'मालविका' को अन्य कहानी संग्रह थियो– "नारी हृदय"।

यसप्रकार उहाँले कविता, कहानी एवं विभिन्न लेखहरू लेख्नमा मात्र आफ्नो कलम चलाउनुभएको थिएन बुद्ध एवं बुद्ध–जीवनी सम्बन्धमा कयौं चित्रकलाहरू पनि चित्राङ्कन गर्नुभएको थियो। ती चित्रहरूमा कयौं "धर्मदूत" मासिक पत्रिकाको मुखपृष्ठमा छापिएका थिए। यसैको नमूनास्वरूप हामीले उहाँको "बुद्ध चरितावली" नामक पुस्तक अवलोकन गरिसकेपछि प्रष्ट हुन्छ। २५०० औं बुद्धजयन्तीको शुभअवसरमा विशेषतः बौद्ध-साहित्यको रूपमा तथागतको जीवनसम्बन्धी ५६ वटा चित्रहरू आफैले बनाई त्यसको परिचय सरल भाषामा कविताको रूपमा मात्र होइन गद्यरूपमा पनि दिई सो पुस्तक "मोतिलाल बनारसीदास, बाराणसी" बाट सन् १९५६ मा प्रकाशित गराइएको थियो।

सुश्री विद्यावती मालविकाको लेखनीबाट "अर्चना" नामक एकाङ्की संग्रह, "आदर्श बौद्ध महिलायें" नामक जीवनी संग्रह, "बौद्ध कलाकृतियाँ" नामक पुरातात्विक लेख सग्रह एवं "सौन्दर्य और साधिकायें "नामक पुस्तकहरू पनि लेखी प्रकाशित गर्नुभएको थियो। यी पुस्तकहरूमा "अर्चना" ले मध्यप्रदेश सरकारबाट प्रथम पुरस्कार प्राप्त गरेको थियो त "आदर्श-बौद्ध महिलायें" नामक पुस्तकले उत्तर प्रदेश सरकारबाट उहाँ पुरस्कृत हुनुभएको थियो।



Downloaded from http://dhamma.digital

हर्षको कुरा हो, यस पुस्तकको अनुवाद नेपाल भाषामा पनि भइसकेको छ जुन अनुवाद अनागारिका माधवीले गर्नुभई यशोधरा बौद्ध विद्यालय (संस्थापक स्वयं) को तर्फबाट "आदर्श बौद्ध महिलापिं" को रूपमा बु सं. २५०३ मा नै प्रकाशित गरिएको थियो ।

माथि उल्लिखित सम्पूर्ण पुस्तकहरू (१० वटा जति) सुश्री विद्यावती मालविकाले आफ्नो जीवनको प्रथम चरण (विवाहअगाडि अर्थात सन् १९६३/६४ अगाडि) मा नै लेखी प्रकाशन समेत गर्न सफल हुनुभएको थियो ।

## – डा. विद्यावती 'मालविका'का कृतिहरू –

१) बुद्ध-अर्चना

२) श्रद्धा के फूल

३) पूर्णिमा

४) कामना

५) बौद्ध कलाकृतियाँ

६) आदर्श बौद्ध महिलायें

७) नारी हृदय

८) सौन्दर्य और साधिकायें

९) बुद्धचरितावली (बुद्ध – चित्रावली)

१०) अर्चना

११) भगवान् गौतम बुद्ध

१२) हिन्दी सन्त साहित्य पर बौद्ध धर्मका प्रभाव ।

△ △ △



Dhamma.Digital
Downloaded from http://dhamma.digital

# — सन्दर्भ —


१) बुद्ध की देन – भदन्त शासनश्री महास्थविर

– सारनाथ प्रकाशन

सारनाथ - बु सं. २५०३

२) ठाकुर श्यामचरणसिंह – श्री कमलसिंह "सरोज"

'धर्मदूत' वर्ष – १६, अंक – १२

३) सुमित्रादेवी अमोला – सुश्री विद्यावती "मालविका"

धर्मदूत, वर्ष – २४, अंक – ३-४

४) डा. विद्यावती मालविकाका पुस्तक - पुस्तिकाहरू


"आनन्द भूमि"

वर्ष – २१, अंक – १३

(बैसाख, २०५१)



Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# लेखकका प्रकाशित पुस्तकहरू

१) नेपालको इतिहासमा कलंकित घटना

२) भिक्षु धर्मालोक महास्थविर　३) बाबासाहेब डा. अम्बेडकर

४) बौद्धजगत्का स्मरणीय व्यक्तिहरू – पहिलो भाग

५) अनागारिका धम्मावती

६) ‘पियदस्सि’ पं. जवाहरलाल नेहरू

७) भिक्खुत्रयी (राहुल सां, आनन्द कौ. र जगदीश का)

८) भिक्षु ऊ चन्द्रमणि महास्थविर　९) महान् उपन्यासकार प्रेमचन्द

१०) जीवनयात्रा मे दार्शनिक दृष्टियाँ (डा. भदन्त शान्तिका लेख प्रस्तुत)

११) बौद्ध ऋषि महाप्रज्ञा

१२) मनू म्हसिकेगु गय् ? (भिक्षु अश्वघोषका लेख सम्पादन)

१३) भिक्षु ऊ कित्तिमा महास्थविर

१४) वे बुद्ध के चरणचिन्ह पर चले थे (सन्तनिहालसिंहका लेख प्रस्तुत)

१५) भिक्षु विवेकानन्द महास्थविर व वसपोलया रचना संग्रह

१६) बौद्धजगत्का स्मरणीय व्यक्तिहरू – दोस्रो भाग

१७) एक व्यक्तित्व – श्री भुवनलाल प्रधान

१८) स्वतन्त्रतासेनानी – धर्मरत्न “यमि”

१९) भिक्षु निचिदात्सु फूजी

२०) भिक्षु मेधंकर स्थविर व वसपोलया रचना संग्रह

२१) मानसिक शान्ति (प्रो. लालजीराम शुक्लका लेख सम्पादन)

२२) संघनायक भिक्षु अनिरुद्ध महास्थविर

२३) थेरवाद और महायान मे भेद (राहुल सां. का लेख प्रस्तुत)

२४) बौद्धजगत्का स्मरणीय व्यक्तिहरू – तेस्रो भाग

Downloaded from http://dhamma.digital